# नागरिक शास्त्र
## कक्षा १०

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
२०७६

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

प्रथम संस्करण : वि.स. २०७६

मुद्रक : जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानोठिमी, भक्तपुर

मूल्य : रु.

ISBN : 978-9937-

पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट अभिलेखबद्ध गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

# हाम्रो भनाइ

शिक्षालाई उद्देश्यमूलक, व्यावहारिक, समसामयिक र रोजगारमूलक बनाउन विभिन्न समयमा पाठ्यक्रम, पाठ्यपुस्तक विकास तथा परिमार्जन गर्ने कार्यलाई निरन्तरता दिइँदै आएको छ । विद्यार्थीमा राष्ट्र, राष्ट्रिय एकता र लोकतान्त्रिक संस्कारको भावना पैदा गराई नैतिकवान्, अनुशासित र स्वावलम्बी, सिर्जनशील, चिन्तनशील भई समावेशी समाज निर्माणमा योगदान दिन सक्ने, भाषिक तथा गणितीय सिपका साथै विज्ञान, सूचना तथा सञ्चार प्रविधि, वातावरण, स्वास्थ्य र जनसङ्ख्यासम्बन्धी ज्ञान र जीवनोपयोगी सिपको विकास गराउनु जरुरी छ । उनीहरूमा कला र सौन्दर्य, मानवीय मूल्य मान्यता, आदर्श र वैशिष्ट्यहरूको संरक्षण तथा संवर्धनप्रतिको भाव जगाउन आवश्यक छ । समतामूलक समाजको निर्माणमा सहयोग पुऱ्याउन उनीहरूमा विभिन्न जातजाति, लिङ्ग, अपाङ्गता, भाषा, धर्म, संस्कृति र क्षेत्रप्रति समभाव जगाउनु र मानव अधिकार तथा समाजिक मूल्य मान्यताप्रति सचेत भई जिम्मेवारीपूर्ण आचरणको विकास गराउनु पनि आजको आवश्यकता बनेको छ । माध्यमिक शिक्षा (कक्षा ९-१०) को नागरिक शास्त्र विषयको पाठ्यक्रमलाई मूल आधार मानी शिक्षासम्बन्धी विभिन्न आयोगका सुझाव, शिक्षक, विद्यार्थी तथा अभिभावकलगायत शिक्षासँग सम्बद्ध विभिन्न व्यक्ति सम्मिलित गोष्ठी र अन्तरक्रियाबाट प्राप्त पृष्ठपोषण समेतलाई समेटी यो पाठ्यपुस्तक तयार पारिएको हो ।

यस पाठ्यपुस्तकको लेखन डा. रामकृष्ण तिवारी, डा. विदुरप्रसाद फुयाल, श्री नानीराम सापकोटाद्वारा भएको हो । यस पाठ्यपुस्तकलाई  यो स्वरूपमा ल्याउने कार्यमा केन्द्रका महानिर्देशक डा. लेखनाथ पौडेल, निर्देशकद्वय प्रेम भट्टराई, श्री गणेशप्रसाद भट्टराईगायतका महानुभावहरूको विशेष योगदान रहेको छ । यस पाठ्यपुस्तकको विषयवस्तु सम्पादन श्री सरस्वती भट्टराईबाट, भाषा सम्पादन श्री टुकराज अधिकारी, श्री चिनाकुमारी निरौलाबाट र लेआउट डिजाइन श्री खडोस सुनुवारबाट भएको हो । यस पाठ्यपुस्तकको विकास तथा परिमार्जन कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ ।

पाठ्यपुस्तकलाई शिक्षण सिकाइको महत्त्वपूर्ण साधनका रूपमा लिइन्छ । यसबाट विद्यार्थीले पाठ्यक्रमद्वारा लक्षित सक्षमता हासिल गर्न मदत पुग्ने अपेक्षा गरिएको छ । यस पाठ्यपुस्तकलाई सकेसम्म क्रियाकलापमुखी र रुचिकर बनाउने प्रयत्न गरिएको छ । पाठ्यपुस्तकलाई अझै परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत महत्त्वपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

वि. सं. २०७६

## विषयसूची


| एकाइ | शीर्षक | पृष्ठसङ्ख्या |
|---|---|---|
| एकाइ - १ : | नागरिक शास्त्र | १ |
| पाठ - १ | नागरिक शिक्षाको अवधारणा, प्रक्रिया, उद्देश्य, महत्त्व र सिद्धान्त | १ |
| पाठ - २ | नागरिकका कर्तव्य र अधिकारहरू | ९ |
| पाठ - ३ | असल नागरिकका मूल्य र मान्यताहरू | १८ |
| पाठ - ४ | असल नागरिकको भूमिका | २१ |
| एकाइ- २ : | सरकार | २५ |
| पाठ - १ | सरकारको अर्थ | २५ |
| पाठ - २ | सरकारका अङ्गहरू | २९ |
| पाठ - ३ | शासकीय स्वरूप | ३२ |
| पाठ - ४ | शक्तिपृथकीकरण, नियन्त्रण र सन्तुलन | ३५ |
| एकाइ- ३ : | संविधान | ३८ |
| पाठ - १ | नेपालको संविधान निर्माण प्रक्रिया | ३८ |
| पाठ - २ | नेपालको संविधानका प्रमुख विशेषता र कार्यान्वयनका चुनौती | ४१ |
| एकाइ- ४ : | प्रादेशिक तह र सङ्घीय तह | ४७ |
| पाठ - १ | प्रादेशिक र सङ्घीय तह | ४७ |
| पाठ - २ | प्रादेशिक तहको सरकार | ५० |
| पाठ - ३ | सङ्घीय तहको सरकार | ५६ |
| पाठ - ४ | शासनको स्वरूप र अधिकारको विभाजन | ६३ |
| एकाइ- ५ : | कानुन र कानुनी उपचार प्रक्रिया | ७१ |
| पाठ - १ | नेपालमा कानुनी उपचार | ७१ |
| पाठ -२ | स्थानीय, प्रादेशिक र सङ्घीय व्यवस्थामा न्यायपालिका | ७४ |
| पाठ -३ | कानुनी उपचारमा देखिएका समस्या तथा समाधानका उपायहरू | ७८ |
| एकाइ - ६ : | निर्वाचन पद्धति | ८० |

| | |
|---|---|
| पाठ - १  जनमत र यसका आवश्यक सर्तहरू | ८० |
| पाठ - २  जनमतका आयमहरू | ८३ |
| पाठ - ३  नेपालको जनमत सङ्ग्रह २०३६ | ८७ |
| एकाइ - सात : लोकतन्त्र र मानव अधिकार | ९० |
| पाठ - १  सार्वभौमसत्ता | ९० |
| पाठ - २  स्वतन्त्रता | ९३ |
| पाठ - ३  समानता | ९६ |
| पाठ - ४  मानव अधिकार | ९९ |
| पाठ - ५  नेपालमा मानव अधिकारसम्बद्ध संस्थाहरू र तिनको योगदान | १०२ |
| पाठ - ६  समावेशिता | १०५ |
| एकाइ - आठ : राजनीतिक दल | १०८ |
| पाठ - १  नेपालको संविधानमा राजनीतिक दलसम्बन्धी व्यवस्था | १०८ |
| पाठ - २  लोकतन्त्र र राजनीतिक दल | ११२ |
| एकाइ -  नौ : अन्तर्राष्ट्रिय सङ्गठनहरू | ११६ |
| पाठ - १  सार्कको भूमिका | ११६ |
| पाठ - २  युरोपेली सङ्घ, आसियान र बिमस्टेक | १२२ |
| पाठ - ३  संयुक्त राष्ट्रसङ्घ र यसका अङ्गहरू | १२९ |
| पाठ - ४  अन्तर्राष्ट्रिय शान्ति स्थापनामा नेपालको भूमिका | १३७ |
| एका- दश : प्रयोगात्मक कार्य | १३९ |
| पाठ - १  समुदायमा मानव अधिकारको अवस्था | १३९ |
| पाठ - २  शासन सञ्चालन प्रक्रिया | १४३ |
| पाठ - ३  समसामयिक विषयवस्तु | १४५ |
| पाठ - ४  स्थानीय सङ्घ संस्थाहरूबाट भएका योगदान | १४७ |
| पाठ - ५  परियोजना कार्य | १४९ |
| पाठ - ६  अवलोकन र प्रतिवेदन | १५१ |

एकाइ
१

# नागरिक शास्त्र
# (Civics)

## पाठ १ नागरिक शिक्षाको अवधारणा, प्रक्रिया, उद्देश्य, महत्त्व र सिद्धान्त
## (Concept, Process, Objectives, Importance and Principles of Civic Education)

**परिचय**

नागरिक शिक्षा भनेको नागरिकको स्वशासनको शिक्षा हो । नागरिक शिक्षाले नागरिकमा कर्तव्यको बोध गराउनुका साथसाथै अधिकारप्रति सचेत गराउँछ । नागरिक शिक्षाले नागरिकलाई विवेकशील बनाउँछ । नागरिक शिक्षाले नागरिकलाई असल नागरिक हुन अभिप्रेरित गर्दछ । यस पाठमा नागरिक शिक्षाको अवधारणा, प्रक्रिया, उद्देश्य, महत्त्व र सिद्धान्तलाई उल्लेख गरिएको छ :

१. **नागरिक शिक्षाको अवधारण (Concept of Civic Education)**

नागरिक भनेका कुनै पनि सार्वभौम सत्ता सम्पन्न मुलुकमा बसोवास गर्ने मानिस हुन् । नागरिकलाई त्यस मुलुकको कानुनअनुसार सम्पूर्ण अधिकार प्राप्त हुन्छ । नागरिकता प्राप्तिका लागि मुलुकै पिच्छे फरक फरक मापदण्ड हुन सक्दछन् ।

मार्गरेट एस. ब्रान्सन (Margaret S. Branson, 1998) का अनुसार- "नागरिक शिक्षाले स्वशासनको शिक्षालाई बुझाउँछ । नागरिक शिक्षाले आफ्नै शासनका लागि सक्रिय रूपमा भाग लिन सिकाउँछ । नागरिकहरूलाई अरुको आज्ञा, आदेशलाई चुपचाप स्वीकार नगरी आफ्नो स्वविवेकले त्यसमा भाग लिन सिकाउने शिक्षा नै नागरिक शिक्षा हो ।" यसरी हेर्दा प्रजातान्त्रिक समाजमा प्रत्येक नागरिक स्वशासन चाहन्छन् । उनीहरू आफ्ना हक अधिकारप्रति सचेत रहन्छन् । यस अर्थमा प्रत्येक नागरिक प्रजातान्त्रिक समाजको सदस्यका रूपमा रहन चाहन्छन् । यस प्रकारको चेतना नागरिकको राजनीतिप्रतिको सक्रिय सहभागिताबाट मात्र प्राप्त हुन सक्छ । यस प्रकारको सहभागिताले नागरिकमा अरुको आज्ञा आदेश चुपचाप सहने वा स्वीकार्ने मात्र नभई अरूको आदेशप्रति आफ्नो समालोचनात्मक दृष्टिकोण प्रस्तुत गर्नुलाई सङ्केत गर्दछ । नागरिक शिक्षा भनेको देशको संवैधानिक व्यवस्था, प्रजातन्त्रका मूल्य, मान्यता र धारणाहरूको सम्बन्धमा ज्ञान दिने शिक्षा हो ।

नागरिक शिक्षाले नागरिकको दायित्व र नागरिक उत्तरदायित्वको ज्ञान दिन्छ । नागरिक शिक्षाले मुलुकका राजनीतिक व्यवस्था र त्यसप्रति नागरिकको सहभागिताको सम्बन्धमा जानकारी गराउँछ । वास्तवमा नागरिक शिक्षाले प्रजातन्त्र, समानता, राज्यको नागरिक प्रतिको दायित्व, नागरिकका मौलिक हक र कर्तव्य प्रति सचेत गराउँछ । पारदर्शी शासन व्यवस्था, सूचनाको अधिकार, स्वतन्त्र, निष्पक्ष, भयरहित एवम् विश्वसनीय निर्वाचन तथा पेसागत हक हितका सवालहरूमा सचेत गराउँछ । यसले प्रजातन्त्र खुला तथा स्वतन्त्र समाजको मानवीय मूल्य र मान्यतालाई सफल बनाउँछ ।



नागरिक शिक्षाले लोकतान्त्रिक समाजमा नागरिक र सरकारबिचको पुलको काम गर्दछ । नागरिक शिक्षाले सार्वजनिक रूपमा जिम्मेवारी निभाउँदा पालना गर्नुपर्ने कुराको जानकारी दिन्छ । नागरिक शिक्षाले मतदानमा भाग लिने, जनप्रतिनिधिको सही रूपमा छनोट गर्ने, राज्यद्वारा निर्मित कानुनको इमानदारीपूर्वक पालना गर्ने ज्ञान दिन्छ । नागरिक शिक्षाले राज्यलाई आवश्यक पर्दा सहयोग गर्ने, अरुको अधिकारको सम्मान गर्ने र समसामयिक घटनाप्रति सुसूचित हुने ज्ञान दिन्छ । नागरिक शिक्षाको अध्ययनले सबैप्रति सद्भाव राख्ने, घर परिवार, समाज र आफूप्रति उत्तरदायी भई शान्त र स्वस्थ वातावरण निर्माणमा जुट्न नागरिकलाई सामर्थ्यवान बनाउँछ ।

नागरिक शिक्षा निरन्तर चलिरहने प्रक्रिया हो । नागरिक शिक्षाका लागि उमेरको हद हुँदैन । जुनसुकै उमेर समूहको व्यक्तिले पनि औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट नागरिक शिक्षा प्राप्त गर्न सक्छन् । नागरिक शिक्षाको अध्ययनले राजनीतिक सामाजिकीकरणको प्रक्रियाद्वारा व्यक्तिलाई समाज र राज्यप्रति जवाफदेही बनाउँछ ।

## २. नागरिक शिक्षाको प्रक्रिया (Process of Civic Education)

नागरिक शिक्षा मानिसको जीवनपर्यन्त शिक्षा हो । मानिसले नागरिक शिक्षाको ज्ञान औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट हासिल गरिरहेको हुन्छ । नागरिक शिक्षामा सैद्धान्तिक ज्ञानका साथै व्यावहारिक ज्ञान पनि भएकाले यसलाई विभिन्न शिक्षण सिकाइ प्रक्रियाद्वारा हासिल गर्न सकिन्छ ।

## ३. नागरिक शिक्षाको उद्देश्य (Objectives of Civic Education)

नागरिक शिक्षाको उद्देश्य आदर्श नागरिक तयार गर्नु हो । नागरिक शिक्षा एक गतिशील प्रक्रिया हो । नागरिकमा आउने समयसापेक्ष चेतनाले यसको गतिशीलतालाई तीव्रता प्रदान गरेको हुन्छ । नागरिक शिक्षाले नागरिकको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, वैज्ञानिक पक्षलाई समेत समेटेको हुन्छ । यो बहुपक्षीय हुन्छ । मानव सभ्यताको निरन्तर विकास र समृद्धिका लागि मानिसमा समयानुसारको परिवर्तन आवश्यक हुन्छ । नागरिक शिक्षाले नागरिकको चाहना र आकाङ्क्षाको सम्बोधन गर्दछ । नागरिक शिक्षाले समयानुसार हुने परिवर्तनप्रति नागरिकलाई आत्मसात गराउन मदत गर्दछ । नागरिक शिक्षाले आदर्श नागरिक निर्माण गर्दछ । आदर्श नागरिकको माध्यमबाट नै आदर्श समाज र आदर्श राज्यको निर्माण हुन्छ । यसरी हेर्दा चेतनशील, साहसी, संस्कारयुक्त, समभाव, प्रजातान्त्रिक संस्कारले युक्त र देशभक्त नागरिक तयार गर्नु नै नागरिक शिक्षाको उद्देश्य हो । असल तथा आदर्श नागरिक बनाउनका लागि नागरिक शिक्षाका उद्देश्यहरूलाई देहायबमोजिम उल्लेख गरिएको छ :

### (क) नागरिक चेतना (Civic Awareness)

नागरिक शिक्षाले नागरिकलाई राजनीतिक प्रणालीबारे ज्ञान दिलाउँछ । यसले नागरिकले चुनेका प्रतिनिधिले सरकारको नेतृत्व गर्ने कुरा नागरिकलाई जानकारी गराउँछ । नागरिक शिक्षाको अध्ययनबाट नागरिकमा आउने चेतनाले नै मानिस विवेकशील बन्छ । विवेकशील नागरिकले समाज र राष्ट्रलाई समयानुसार अगाडि बढाउँछ । नेपालमा लोकतन्त्रको स्थायित्वका लागि पनि नागरिक शिक्षा आवश्यक छ । यसको अध्ययनले नागरिकमा नागरिक चेतनाको विकास हुन्छ । नागरिक शिक्षाले नै नागरिकलाई अधिकारप्रति सचेत, कर्तव्यप्रति संवेदनशील, प्रतिपक्षप्रति सहिष्णु र शान्तिबारे ज्ञान दिलाई नागरिकमा चेतना जगाउँछ ।

### (ख) राष्ट्र निर्माण (Nation Building)

राष्ट्र भन्नाले समान आकाङ्क्षा र एकताको भावना भएका जनता भन्ने बुझिन्छ । राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रही एकताको सूत्रमा आबद्ध सबै जनाता बसोवास गर्ने भूभाग राष्ट्र हो । देशको अक्षुणता कायम राखी सुखी र समृद्ध मुलुकको निर्माण नै राष्ट्रनिर्माण हो । यस अर्थमा नेपालभित्र बस्ने सबै नेपाली हुन । उनीहरूलाई राष्ट्र निर्माणको मूलप्रवाहमा प्रवाहीकरण गर्ने र राष्ट्र निर्माणमा प्रेरित गर्ने नागरिक शिक्षाको उद्देश्य हो ।

### (ग) विश्वबन्धुत्वको भावना (Ideas of World friendship)

विश्वभरिका सबै मानिसहरू दाजुभाइ/दिदिबहिनी हुन् भनेर हेर्ने दृष्टिकोण नै विश्वबन्धुत्व हो । विश्वबन्धुत्वको भावनाले राज्यको सीमालाई पार गर्दै विश्व नागरिकको भावना जागृत गराउँछ । अहिलेको सूचना र प्रविधिको विकासले विश्वलाई साँघुरो बनाई विश्वग्रामको अवस्था सिर्जना हुन पुगेको छ । आआफ्ना मुलुकका

नागरिकलाई विश्वबन्धुत्वको पाठ पढाउनु र तदनुरूपको आचरणतर्फ नागरिकहरूलाई प्रेरित गर्नु नागरिक शिक्षाको उद्देश्य हो ।

### (घ) सहिष्णुता (Tolerance)

सहिष्णुता भनेको सहनशीलता हो । सहिष्णुताको कारणले मानिस समाजमा घुलमिल भएर रहन सक्छ । सहिष्णुताको बन्धन टुट्नु भनेको मानिसबिचको आपसी सम्बन्ध कायम गराउने सङ्गठित संरचना नै ध्वस्त हुनु हो । सहिष्णुताले मानव समाजलाई एकताबद्ध गराउन सक्दछ । यसर्थ नागरिकबिचको सामाजिक, भाषिक, धार्मिक, जातीय आदि पक्षमा सहिष्णुताको अभिवृद्धि गर्नु नागरिक शिक्षाको उद्देश्य हो ।

### (ङ) देशभक्ति (Patriotism)

देशभक्ति भनेको नागरिकले देशप्रति गर्ने माया, त्याग, समर्पण र बलिदान हो । देशका लागि बलिदान गर्न तत्पर हुने तथा देशको सार्वभौम सत्ता स्वाधीनता र अखण्डतालाई जोगाउनका निम्ति सक्रिय रहने भावना नै देशभक्ति हो । नागरिकको पहिचान देशसँग जोडिएको हुन्छ । 'जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी' अर्थात जन्मदिने आमा र मातृभूमि स्वर्गभन्दा ठुला हुन् भन्ने भावना प्रत्येक नागरिकमा हुनुपर्दछ । आफ्नो देशलाई मुटुमा राखेर देशको स्वतन्त्रतालाई बचाउँनु नै देशभक्ति हो । यसरी देशभक्तिको ज्ञान नागरिक शिक्षाले दिने हुँदा देशभक्ति नागरिक शिक्षाको उद्देश्य हो ।

### (च) राष्ट्रिय विकास (National Development)

देशको समग्र विकास नै राष्ट्रिय विकास हो । विकास निरन्तर चलिरहने प्रक्रिया हो । राजनीतिक रूपमा लोकतान्त्रिक व्यवस्था अवलम्बन गर्नु राष्ट्रिय विकास हो । यसै गरी जनतालाई स्वावलम्बी बनाई स्वशासनको माध्यमबाट स्रोतको परिचालन गर्नु पनि राष्ट्रिय विकास हो । राष्ट्रिय विकासमा देखिएका अवरोधहरूलाई समयमा नै पहिचान गरी समाधान गर्नु राष्ट्रिय विकासको उद्देश्य हो ।

**राष्ट्रिय विकासका लक्ष्यलाई सर्कलभित्र शब्द/चित्रको माध्यमबाट देखाउने**

## ४. नागरिक शिक्षाको महत्त्व (Importance of Civic Education)

नागरिक शिक्षाले प्रत्येक नागरिकलाई सार्वजनिक विषयहरूको नीति निर्माणमा पहुँच र सहभागी गराउनमा अभिप्रेरित गर्दछ । नागरिक शिक्षाको महत्त्वलाई बुँदागत रूपमा देहायबमोजिम उल्लेख गरिएको छ :

१. आफ्नो अधिकारप्रति सचेत र कर्तव्यप्रति निष्ठावान नागरिक तयार गर्नु

५. नागरिकमा सामूहिक समझदारी कायम गर्न सक्ने भावनाको विकास गर्नु

६. आफ्नो क्षमता, गुण तथा कुशलताप्रति विश्वास आर्जन गर्न सक्षम नागरिक तयार पार्नु

७. नागरिकमा लोकतान्त्रिक आदर्श एवम् संस्कारको विकास गर्नु

८. व्यक्ति, समाज, समुदायका बिचमा रहेका सीमा, दायित्व, उत्तरदायित्व र कर्तव्य बोध गराई प्रत्येक व्यक्तिलाई समाज, समुदाय र राष्ट्रप्रति जिम्मेवार र उत्तरदायी बनाउनु

९. राष्ट्रिय एकता एवम् देश र नागरिक प्रतिको भावनात्मक सम्बन्धलाई मजबुत बनाउनु

१०. आम नागरिकहरूलाई मानव अधिकार, बहुदलीय शासन प्रणाली, कानुनको शासन आदिको सम्बन्धमा आवश्यक ज्ञान प्रदान गर्नु

११. सरकारले आम नागरिकका लागि गर्ने आर्थिक, सामाजिक र प्रशासनिक क्रियाकलापहरूको बारेमा सुसूचित गर्नु

१२. देशको शासन व्यवस्था, नागरिकको सहभागिता र अपनत्व, संविधान, कानुन, सरकारका अङ्गहरूको कार्यहरू र अन्तरसम्बन्धको बारेमा आवश्यक ज्ञान प्रदान गर्नु

१३. सुशासन, पारदर्शिता र लोककल्याणकारी राज्यको दायित्वप्रति आवश्यक ज्ञान प्रदान गर्नु

१४. आफूलाई उपलब्ध समय समाजोपयोगी कार्यमा लगाउन सक्ने क्षमतावान नागरिक तयार गर्नु

## ५. नागरिक शिक्षाको सिद्धान्त (Principle of Civic education)

नागरिक शिक्षा नागरिकको चेतनाको स्तर कस्तो छ भन्ने कुरामा आधारित हुन्छ । नागरिक शिक्षाले 'म को हु ? र मेरो कर्तव्य के हो ?' भन्ने कुराको बोध गराउँछ । नागरिक शिक्षाले आफू, आफू जन्मेको स्थान र त्यसको महत्त्व बोध गराउँछ । नागरिक शिक्षाले आफू जन्मेको परिवेश र विश्व परिवेशलाई समेत बुझ्ने र बुझाउने कार्य गर्दछ । नागरिक शिक्षाको अध्ययनको निमित्त केही विद्वान्हरूले तय गरेका सिद्धान्तहरू छन् । यिनै सिद्धान्तको आधारमा नागरिक शिक्षालाई बुझ्न थप मदत पुग्दछ ।

आजको समाज दिन प्रतिदिन जटिल बन्दै गएको छ । वर्तमान समाजको बनावटको आधार क्रमशः बदलिँदै गएको छ । यही आधारमा नागरिक शिक्षाले नागरिकलाई स्वशासन प्रक्रियाबारे जानकारी गराउँछ । नागरिक शिक्षाको सम्बन्धमा मार्गरेट एस. ब्रान्सन (Margaret S. Branson) को भनाइमा "नागरिक शिक्षा भनेको स्वशासन (Self-government) को शिक्षा हो । प्रजातन्त्रमा स्व-शासन भनेको नागरिकहरू सक्रिय भई शासनमा सहभागी हुनु हो ।" (Civic education in a democracy is education in self government. Democratic self government means that citizens are actively involved in their own governance) । यस प्रकारको स्वशासनले समाजमा राजनीतिक सहभागितालाई बृद्धि गर्न मदत पुर्‍याउँछ ।

यसै गरी चार्ल्स एन. क्वीग्ली (Charles N. Quigley)का अनुसार नागरिक शिक्षा नागरिक चेतनाको रूपमा विश्व परिवेशमा हालसम्म स्थापित भएका नौ प्रवृति (Nine Trends) मा आधारित रहेको पाइन्छ । अहिलेसम्मको अध्ययनमा नागरिक शिक्षाका प्रवृतिहरू देहायअनुसार छन् ।

१. प्रवृति १ : ज्ञान, सिप र सद्गुण (Trend 1: Civic knowledge, Civic skills and Civic

virtue) पहिलो प्रवृतिमा नागरिक ज्ञान, नागरिक सिप र नागरिक सद्‌गुणबारेमा नागरिकलाई जानकारी गराउनु हो ।

२. **प्रवृति २ : मौलिक विचारलाई व्यवस्थित रूपमा सिकाउनु** (Trend 2: Systematic teaching of fundamental ideas or core concepts) दोस्रो प्रवृतिमा नागरिक शिक्षाको मौलिक विचारका सम्बन्धमा नागरिकलाई व्यवस्थित रूपमा सिकाउनु हो ।

३. **प्रवृति ३ : घटनाबारे विश्लेषण** (Trend 3 : Analysis of case studies) तेस्रो प्रवृतिमा शिक्षकद्वारा विद्यार्थीहरूबिच घटनाबारे विश्लेषण गर्ने मौलिक धारणाको कक्षाकोठामा प्रयोग गर्नु हो ।

४. **प्रवृत्ति ४ : निर्णय क्षमताको वृद्धि गराउनु** (Trend 4: Development of decision-making skills) चौथो प्रवृतिमा शिक्षकद्वारा प्रयोग गरिने राजनीतिक र कानुनी घटनाबारेका छलफलले विद्यार्थीमा अरुभन्दा उपयुक्त निर्णय गर्ने क्षमताको वृद्धि हुन जानु

५. **प्रवृति ५ : सरकार र नागरिकका बारेमा अन्तर्राष्ट्रिय रूपमा तुलना गर्नु** (Trend 5: Comparative and international analysis of government and citizenship) पाँचौँ प्रवृतिमा सरकार र नागरिकका संवैधानिक प्रजातन्त्रकाका विश्वव्यापी रूपमा उठेका आवाजहरूले तुलनात्मक रूपमा सरकार र नागरिकबिच सिक्ने र सिकाउने पद्धतिमा रुची जगाउँछ ।

६. **प्रवृति ६ : सहभागी भई गरिने अध्ययनको माध्यमबाट सहभागी सिप र नागरिक सद्‌गुणको विकास गराउनु** (Trend 6: Development of participatory skills and civic virtues through cooperative learning activities) छैटौँ प्रवृतिमा शिक्षकले विद्यार्थीहरूलाई सानो सानो समूहमा आपसमा सहभागी गराई गरिने क्रियाकलापले विद्यार्थीमा सहभागी सिप र नागरिक सद्‌गुणको विकास गराउँछ । यसले विद्यार्थीबिचमा सामूहिक उद्देश्य प्राप्त गर्न सहयोग गर्दछ । यस प्रक्रियाद्वारा विद्यार्थीमा नेतृत्व विकास, द्वन्द्व समाधान, सम्झौता, वार्ता र रचनात्मक आलोचना गर्ने सिपको विकास गराउँछ । यस्ले विद्यार्थीमा सहनशीलता र विश्वास जस्ता सद्‌गुणको विकास गराउँछ ।

७. **प्रवृति ७ : साहित्यको प्रयोगबाट नागरिक सद्‌गुण सिकाउनु** (Trend 7: The use of literature to teach civic virtue) सातौँ प्रवृतिमा नागरिक शिक्षाले ऐतिहासिक र काल्पनिक बनावटलाई मान्यता दिन्छ । विद्यार्थीमा नाटकको माध्यमबाट नागरिक सद्‌गुणका सम्बन्धमा अभिनय गर्ने सिपको विकास हुन जान्छ । यस्तो सिकाइ विद्यार्थीका लागि अभिनय ढाँचा सिक्नका लागि बढी सान्दर्भिक हुन जान्छ । यस प्रकारका नागरिक सद्‌गुणसम्बन्धी क्रियाकलापले नागरिकलाई नैतिकवान बन्न सहयोग पुग्दछ । यसबाट विद्यार्थीहरू देशको माया गर्ने, परिवारको माया गर्ने, आपसमा हास्ने, खुसी हुने र स्वस्थ वातावरणप्रति सजग हुने गर्दछन् ।

८. **प्रवृति ८ : नागरिक ज्ञान, सिप र सद्‌गुणको सक्रिय सिकाइ** (Trend 8: Active learning of civic knowledge, skills and virtues) आठौँ प्रवृतिमा नागरिक ज्ञान, सिप र सद्‌गुणको सक्रिय सिकाइ भन्नुको अर्थ घटनाक्रमको जानकारी प्राप्त गर्नु, घटनाको विश्लेषण गर्नु, निर्णय क्षमताको विकास गर्नु र सामूहिक छलफल गर्नु हो । यस प्रकारको सक्रिय बौद्धिक सिकाइले नै उच्चस्तरको सफलता प्राप्त हुन्छ ।

९. **प्रवृति ९ : नागरिक ज्ञान, सिप र सद्गुणको शिक्षण सिकाइ प्रक्रिया र विषयसूची** (Trend 9: The conjoining of content and process in teaching and learning of civic knowledge, skills and virtues) नवौँ प्रवृतिमा पाठ्यक्रम र कक्षाकोठाको विकासमा नागरिक सद्गुण र सिपलाई नागरिक ज्ञानको विषयबाट अलग गर्न सकिँदैन । यदि सिकारु (विद्यार्थीहरू) ले सार्वजनिक चासोका विषयहरूमा आलोचनात्मक रूपमा सोच्ने र प्रभावपूर्ण रूपमा काम गर्ने हो भने त्यस्ता समस्याहरू जुन उनीहरूका चासोका विषय छन् तिनको पूर्णउत्तरदायी भएर समाधान निकाल्न सक्दछन् । यही ज्ञानात्मक सिपको माध्यमबाट नै विद्यार्थीले सार्वजनिक चासोका विषयमा समाधान दिन सक्छन् ।

यस प्रकार नागरिक शिक्षाको ज्ञान र सिपको विषय र सिकाइका सम्बन्धमा ज्ञानका क्षेत्रलाई जोड्ने आधारहरूलाई उल्लेख गरिएको छ । नागरिक शिक्षा नौ प्रवृतिबाट निर्देशित छ । यी नौ प्रवृति नै नागरिक शिक्षाका सिद्धान्त हुन् । उपर्युक्त ब्रान्सनको नागरिक शिक्षाको धारणा र क्वीग्लीको नौ प्रवृतिलाई नागरिक शिक्षाको सिद्धान्तको रूपमा लिएको छ ।

## अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**
   - (क) नागरिक शिक्षाले नागरिकमा के को बोध गराउँछ ?
   - (ख) एम. एस. ब्रान्सनका अनुसार नागरिक शिक्षा भनेको के हो ?
   - (ग) नागरिक शिक्षाको मुख्य उद्देश्य के हो ?
   - (घ) नागरिक शिक्षालाई किन जीवनपर्यन्त चलिरहने शिक्षा भनिन्छ ?
   - (ङ) सहिष्णुता भनेको के हो ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**
   - (क) "नागरिक शिक्षा भनेको स्वशासनको शिक्षा हो" । पुष्टि गर्नुहोस् ।
   - (ख) राष्ट्रिय विकास केलाई भनिन्छ ? चर्चा गर्नुहोस् ।
   - (ग) देशभक्तिको भावना भन्नाले के बुझ्नुहुन्छ ? देशभक्तिको भावना उत्पन्न गराउने कुनै दुईओटा उपायहरू लेख्नुहोस् ?
   - (घ) नागरिक शिक्षाका कुनै आठओटा महत्त्वको सूची बनाउनुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**
   - (क) नागरिक शिक्षाको महत्त्वको चर्चा गर्नुहोस् ।
   - (ख) चार्ल्स एन. क्विग्लीका अनुसार नागरिक शिक्षाका कुनै चारओटा प्रवृत्तिहरूको विवेचना गर्नुहोस् ।

## क्रियाकलाप

१. कक्षामा रहेका विद्यार्थीहरू पाँच पाँचजनाको समूहमा विभाजित भई चार्ल्स एन. क्विग्लीका अनुसार नागरिक शिक्षाका प्रवृतिहरूको बारेमा छलफल गरी महत्त्वपूर्ण बुदाहरूको सूची तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. कक्षामा रहेका विद्यार्थीहरू समूह बनाई समुदायमा गई समुदायको विकासमा नागरिकहरूको कस्तो योगदान रहेको छ भन्ने विषयमा नागरिक अगुवासँग सोध्नुहोस् र प्राप्त उत्तरका आधारमा प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. नागरिक शिक्षाको महत्त्व सम्बन्धमा गीत/कविता/छोटो संवाद तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

# पाठ २ नागरिकका कर्तव्य र अधिकारहरू
## (Duties and Rights of the Citizens)

### परिचय (Introduction)

मानिस समाजमा बस्न रुचाउने प्राणी हो । समाजमा रहने मानिसहरूका विभिन्न उद्देश्यहरू हुन्छन् । मानिसले आफ्ना उद्देश्य प्राप्ति गर्ने इच्छा राख्दछन् । मानिसले आफ्नो उद्देश्य प्राप्त गर्दा अरुको अधिकारमा बाधा नपुऱ्याई आफ्नो अधिकारको पनि संरक्षण होस् भन्ने सोच्नुपर्दछ । अरुको अधिकारको सम्मान र आफ्नो अधिकारको उपभोग गर्ने विषयको ज्ञान नागरिक शास्त्रबाट प्राप्त हुन्छ ।

मानिसका अधिकार र कर्तव्य एक अर्कामा अन्योन्याश्रित रूपमा जोडिएका हुन्छन् । मानिसको कर्तव्यसँगै अधिकार पनि जोडिएर रहेको हुन्छ । मानिसले सर्वप्रथम आफ्नो कर्तव्य पूरा गरेपछि समाजप्रतिको कर्तव्य पनि पूरा गर्नुपर्दछ । त्यसपछि मात्र मानिसले अधिकारको माग गर्नुपर्दछ । यसरी हेर्दा अधिकार र कर्तव्य सँगसँगै रहन्छन् । मानिसले अधिकार र कर्तव्य दुबैलाई समान दृष्टिकोणले हेर्नुपर्दछ । अधिकार र कर्तव्यलाई राम्रोसँग बुझेर त्यसै अनुरूप आफ्नो व्यवहार गर्ने मानिस नै समाजमा असल नागरिक बन्न सक्दछ । नागरिकको कर्तव्य र अधिकारलाई देहायअनुसार उल्लेख गरिएको छ :

### १. नागरिकको कर्तव्य (Duties of Citizen)

मानिस समाजमा बस्छ । उसले आफ्नो अधिकारको उपभोग गर्दा अरुको अधिकार हनन् गर्नु हुँदैन । उसले अधिकारलाई भन्दा कर्तव्यलाई महत्त्व दिन सक्नुपर्दछ । मानिसको अधिकारलाई भन्दा मानिसले जीवनभर कर्तव्यको पालना गरेर नै अधिकारको सही सदुपयोग गर्न सक्छ । नागरिक शास्त्रले नागरिकलाई अधिकारको साथै कर्तव्य पालन गर्नमा जोड दिएको हुन्छ ।

मानिसले आफ्नो जीवन सुखपूर्वक व्यतीत गर्न चाहन्छ । यसका निमित्त मानिसले कर्तव्य पालन गर्नुको साथसाथै अधिकारको उपयोग गर्न जान्नुपर्दछ । मानिसले आफ्नो कर्तव्य र अरु प्रतिको दायित्व निभाएपछि उसलाई आफ्नो अधिकार प्राप्त गर्ने अवसर प्राप्त हुन्छ । मानिसलाई आफ्नो परिवार, समाज र राज्यप्रतिको कर्तव्यबारे ज्ञान हुनुपर्दछ । कर्तव्यलाई दुई भागमा विभाजन गरिएको छ :

(क) नैतिक कर्तव्य (ख) कानुनी कर्तव्य

#### (क) नैतिक कर्तव्य (Moral Duties)

नागरिकले नैतिक रूपमा पालना गर्नुपर्ने कर्तव्यलाई नैतिक कर्तव्य भनिन्छ । नैतिक कर्तव्य पूरा नगर्ने मानिसलाई राज्यद्वारा दण्ड दिन नसकेपनि समाजले उस्लाई नैतिक दण्ड दिन सक्छ । मानिसले आफूप्रतिको कर्तव्य निभाएपछि परिवारप्रति, समाजप्रति र विश्वप्रतिको कर्तव्य निभाउन सक्षम हुन्छ । नैतिक कर्तव्यलाई निम्नानुसार उल्लेख गरिएको छ :

(अ) आफ्ना आमाबाबु, गुरुजन तथा मान्यजनको आज्ञापालन गर्नु

(आ) आफूभन्दा ठुला र जेष्ठ नागरिक प्रति आदर सम्मान गर्नु

(इ) आफुभन्दा साना व्यक्तिसँग स्नेहपूर्ण व्यवहार गर्नु

(ई) असहाय, दीन दु:खी मानिसप्रति दया र सहयोग गर्नु

**(ख) कानुनी कर्तव्य (Legal Duties)**

नागरिकले कानुनी रूपमा पालना गर्नुपर्ने कर्तव्यलाई कानुनी कर्तव्य भनिन्छ । कानुनी कर्तव्यको मुख्य आधार कानुन नै हुन्छ । कुनै पनि मानिसले अरुलाई हानि पुऱ्याउँछ भने ऊ राज्यद्वारा दिइने दण्डको भागी हुनुपर्दछ । प्रत्येक नागरिकले आफ्ना कानुनी कर्तव्य पूरा गरेमा एउटा आदर्श समाज निर्माण हुन सक्छ । नागरिकका कानुनी कर्तव्यबारेमा संविधानमा नै उल्लेख गर्ने गरिएको पनि पाइन्छ । मानिसले निभाउनु पर्ने कानुनी कर्तव्यहरू निम्नानुसार उल्लेख गरिएको छ :

(अ) अरुको जीवनमा चोट नपुऱ्याउनु

(आ) अरुको मान प्रतिष्ठामा प्रतिकूल असर नपार्नु

(इ) राष्ट्रियताको रक्षा गर्नु

(ई) संविधान र कानुनको पालना गर्नु

(उ) राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु र

(ऊ) सार्वजनिक सम्पतिको सुरक्षा र संरक्षण गर्नु

(ए) कर तिर्नु

(ऐ) मतदान कार्यमा सहयोग गर्नु

## २. नागरिकको अधिकार (Rights of Citizen)

**अधिकारको अर्थ (Meaning of Rights)**

राजनीतिक विचारक हलैन्ड (Holland) ले दिएको परिभाषा अनुसार- "अधिकार भनेको एउटा मानिसको मतको माध्यम र समाजको शक्तिद्वारा अर्को मानिसको कार्यलाई प्रभाव पार्नु हो ।" (Rights are one man's capacity in influencing the acts of anothers by means of the opinion and force of the society) । राजनीति शास्त्री लास्की (Laski) को भनाइमा "अधिकार सामाजिक जीवनका ती अवस्था हुन् जुनबिना कुनै पनि मानिसले आफ्नो उच्चतम उन्नति प्राप्त गर्न सक्दैन ।" (Rights are those conditions of social life without which no man can seek to be himself at his best.) राजनीतिक विचारक अस्टिन (Austin) का अनुसार- "अधिकारको अर्थ एउटा मानिसमा रहेको त्यो क्षमता हो जसले अरु मानिसबाट बलपूर्वक विशेष प्रकारको आफ्नो काम गराउन सक्छ ।" (Rights means one man's capacity of enacting from another or others acts of forbearances.) राजनीतिक

विचारक विले (Widle) का शब्दमा- "विशेष कार्य गर्ने स्वतन्त्रताको उचित माग गर्नु अधिकार हो ।" (Rights are a reasonable claim of freedom in the exercise of certain activities.) राजनीतिक विद्वानका उपर्युक्त परिभाषाबाट व्यक्तिको व्यक्तित्व विकासको आधार अधिकार हो भन्ने कुरा प्रष्ट हुन्छ ।

## (क) अधिकारको वर्गीकरण (Classification of Rights)

अधिकारलाई तीन भागमा विभाजन गरिएको छ -

१. नागरिक अधिकार २. राजनीतिक अधिकार ३. आर्थिक अधिकार

### १. नागरिक अधिकार (Civil Rights)

नागरिक अधिकार मानिसको जन्मसिद्ध अधिकार हो । प्रत्येक देशका नागरिकले जन्मको आधारमा अधिकार प्राप्त गर्दछन् । नागरिक अधिकारलाई सामाजिक अधिकार पनि भनिन्छ । नागरिक अधिकारलाई देहायअनुसार उल्लेख गर्न सकिन्छ -

### १.१. जीवनको अधिकार (Right to Life)

मानिसले उसको जीवनको रक्षा गर्न पाउनु सर्वश्रेष्ठ अधिकार हो । यही आधारमा हेर्दा राज्यको पहिलो कर्तव्य नै नागरिकको जीवनको रक्षा गर्नु हो । एउटा मानिसमाथि परिवारको जीवन आश्रित हुन्छ । नागरिकले ती सबैलाई सहयोग गर्नुपर्दछ । यसैले जीवनको रक्षा गर्नु प्रत्येक नागरिकको अधिकार हो ।

### १.२. पारिवारिक जीवनको अधिकार (Right to Family)

मानिसले आना परिवारका सबै सदस्यसँग मिलेर स्वतन्त्रतापूर्व जीवन व्यतित गर्न पाउनु व्यक्तिको पारिवारिक जीवनको अधिकार हो । आना परिवारका सदस्यले इच्छाअनुसार लगाउन खान पाउनु र आना केटाकेटीहरूले उनीहरूको इच्छाअनुसारको शिक्षा पाउनु पनि नागरिक अधिकारको विषय हो । सामाजिक भलाइको दृष्टिबाट पारिवारिक जीवनलाई सुखमय राख्नका लागि मानिस जुन काम गर्ने इच्छा गर्दछ त्यो काम गर्ने अधिकार उसलाई हुनुपर्दछ ।

### १.३. शिक्षाको अधिकार (Right to Education)

मानिसले आफूलाई इच्छा लागेको शिक्षा प्राप्त गरी आफूलाई शिक्षित र ज्ञानी बनाउँन चाहन्छ । शिक्षाबिना मानिसले कुनै पनि कुराको ज्ञान आर्जन गर्न कठिन हुन जान्छ । यसैले मानिसले आफूलाई इच्छा लागेको विषयमा अध्ययन गर्न पाउनु उसको शिक्षाको अधिकार हो ।

### १.४. व्यक्तिगत स्वतन्त्रताको अधिकार (Right to Personal Freedom)

प्रत्येक व्यक्ति स्वतन्त्रतापूर्वक बाँच्न चाहन्छ । व्यक्तिले स्वतन्त्रतापूर्वक बाँच्न पाउनु उसको नैसर्गिक अधिकार हो । मानिसको स्वतन्त्रतालाई कुनै पनि अवस्थामा अपहरण गरिनु हुँदैन । व्यक्तिले स्वतन्त्रतापूर्वक घुमफिर गर्न, सम्पत्ति आर्जन गर्न र सुखमय जीवन बिताउन पाउनु व्यक्तिको स्वतन्त्रताको अधिकार हो ।

### १.५. समानताको अधिकार (Right to Equality)

सबै मानिस कानुनको दृष्टिमा समान हुन्छन् । कुनै पनि मानिसलाई धर्म, वर्ण, जाति, लिङ्ग, भाषा, क्षेत्रको आधारमा भेदभाव गरिनु हुँदैन । शिक्षा, स्वास्थ्य तथा रोजगारीमा समान रूपमा अवसर पाउनु मानिसको समानताको अधिकार हो ।

### १.६. धार्मिक अधिकार (Right to Religion)

मानिसले आफ्नो परापूर्वदेखि मानिआएको धार्मिक कार्य गर्न पाउनु धार्मिक अधिकार हो । मानिसले भौतिक आवश्यकतालाई पूरा गर्नुको साथै आध्यात्मिक सन्तुष्टि पनि लिन चाहन्छ । मानिसलाई आध्यात्मिक सन्तुष्टि धार्मिक रूपमा गरिने क्रियाकलापबाट प्राप्त हुन सक्छन् । समाजका हरेक व्यक्तिले आनो रीति तथा चलनअनुसार गरिआएका धार्मिक कार्यद्वारा आफ्नो आध्यात्मिक सन्तुष्टि लिन्छन् । यसैले हरेक नागरिकलाई आफ्नो सनातनदेखि मानिआएको धर्म मान्ने पूर्ण अधिकार छ । तर एकले मानी आएको धर्मले अरुको धार्मिक भावनामा चोट पुऱ्याउनु हुँदैन । यही कुरालाई मध्यनजर राखी नेपालको संविधान (२०७२) को भाग ३ को धारा २६ मा धार्मिक स्वतन्त्रताको हक उल्लेख गरिएको छ जसमा “प्रत्येक व्यक्तिले परम्पराको मर्यादा राखी सनातनदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन र आफ्नो धार्मिक कार्य गर्न पाउने धार्मिक स्वतन्त्रताको हक प्रदान गरिएको छ ।”

### १.७. सांस्कृतिक अधिकार (Cultural Rights)

प्रत्येक नागरिकलाई परापूर्वदेखि आफूले मानी आएको संस्कृतिको पालना र रक्षा गर्ने अधिकार छ । प्रत्येक नागरिकलाई आफ्नो जन्मदेखि मृत्युसम्मका संस्कारहरू र आफ्ना सांस्कृतिक चाड पर्व मनाउने अधिकार छ । साथै देशका सांस्कृतिक धरोहरहरूको रेखदेख, संरक्षण र जगेर्ना गरी अरुबाट अतिक्रमण हुन नदिनु नागरिकको कर्तव्य र अधिकार पनि हो ।

### १.८. विचार अभिव्यक्तिको स्वतन्त्रता (Freedom of Thoughts and Expression)

प्रजातान्त्रिक शासन प्रणालीमा विचार अभिव्यक्तिको स्वतन्त्रतालाई महत्त्वपूर्ण मानिन्छ । मानिसलाई स्वतन्त्र रूपमा आफ्नो विचार व्यक्त गर्ने चेतना सामाजिक सञ्जाल, पुस्तक, समाचारपत्र र सार्वजनिक सभाबाट प्राप्त हुन्छ । समाचारपत्र र सञ्चार माध्यमले जनतामा राजनीतिक चेतना वृद्धि गरी सरकारका त्रुटि औँल्याउन र सुझाव दिन सक्ने बनाउँछ । भाषण र लेखबाट नागरिकहरूले समसामयिक विषयमा अभिव्यक्त भएका विचार जान्न सक्दछन् । यसरी नागरिकमा प्राप्त भएको चेतनाको अपहरण कहीँबाट पनि गरिनु हुँदैन । यो नागरिकको विचार अभिव्यक्तिको स्वतन्त्रता हो । नेपालको संविधान (२०७२) को भाग ३ को धारा १७ को उपधारा २ (क) मा “सबै नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता हुने छ” भनी उल्लेख गरिएको छ । यस प्रकारले हरेक राज्यको नागरिकहरूलाई विचार अभिव्यक्तिको स्वतन्त्रता दिइएको हुन्छ जुन प्रजातन्त्रको सफलताका लागि आवश्यक छ ।

### १.९. सङ्गठनको स्वतन्त्रता (Right toFreedom of Association)

मानिस समुदायमा बस्न रुचाउने प्राणी हो । मानिसले समाजमा मिलेर बस्नका लागि आफ्ना आवश्यकता पूर्ति गर्नका लागि आपसी सहमतिमा सङ्गठनको निर्माण गरेको हुन्छ । यही सङ्गठन गर्ने अधिकारअन्तर्गत नै मानिसले विभिन्न राजनीतिक दल गठन गरेका हुन्छन् । नेपालको संविधान (२०७२) को भाग ३ को धारा १७ मा "राजनीतिक दल तथा सङ्घसंस्था खोल्ने स्वतन्त्रताको हक हुने छ" भनी उल्लेख गरिएको छ । यस प्रकार नेपाली नागरिकलाई संविधानअनुरूप नै सङ्घ सस्था खोल्न सबैलाई स्वतन्त्राता प्राप्त छ ।

### १.१०. न्यायको अधिकार (Right to Justice)

आजको प्रजातान्त्रिक समाजले कानुनको शासनलाई सर्वोपरी मान्दछ । मानव विकासको क्रमसँगै धनी र गरिब तथा बलियो र निर्बल सबैलाई कानुनसमक्ष समान मानियो । कानुनको दृष्टिमा सबै समान छन् । कानुनभन्दा माथि कोही पनि हुनुहुँदैन भन्ने मान्यता स्थापित गरियो । यसैको फलस्वरूप सबैले समान रूपमा न्याय पाउनुपर्दछ भन्ने मान्यता स्थापित हुन पुग्यो । सबै नागरिकले समान रूपमा न्याय पाउनु नागरिकको न्यायको अधिकार हो ।

### १.११. घुमफिर गर्ने स्वतन्त्रता (Right toFreedom of movement)

मानिस स्वतन्त्रपूर्वक आफूलाई मन लागेको ठाउँमा घुमफिर गर्न चाहन्छ । मानिसले स्वतन्त्रतापूर्वक घुमफिर गर्न पाउनुपर्दछ । मानिस शिक्षा आर्जन गर्न, व्यवसाय गर्न, जीविकोपार्जन गर्न र मनोरञ्जनका लागि एक ठाउँबाट अर्को ठाउँमा वा एक देशबाट अर्को देशमा जाने गर्दछन् । मानिसमा घुमफिरका माध्यमबाट पारस्परिक सहयोग, सद्भाव तथा विश्वबन्धुत्वको भावनाको विकास हुन्छ । यसैलै मानिसले घुमफिर तथा मनोरञ्जन गर्ने स्वतन्त्रता नागरिकको घुमफिर तथा मनोरञ्जन गर्ने स्वतन्त्रताको अधिकार हो ।

### १.१२. व्यक्तिगत सम्मानको रक्षाको अधिकार (Right to Reputation)

हरेक मानिस आफ्नो स्वाभिमान तथा इज्जतपूर्वक बाँच्न चाहन्छ । मानिस आफ्नो परिवारलाई सुखपूर्वक राख्न चाहन्छ । कसैलाई पनि अरुको इज्जत, मान र प्रतिष्ठामा आँच पुऱ्याउने अधिकार हुँदैन । यदि कसैले पनि अरुलाई अनाहकमा गाली गर्ने र दोष लगाउने गर्दछ भने उसले आफ्नो अपमानको न्यायिक उपचारको अवलम्बन गर्न सक्दछ । यसरी सम्मानपूर्वक बाँच्न पाउनु प्रत्येक नागरिकको व्यक्तिगत सम्मान रक्षाको अधिकार हो ।

## २. राजनीतिक अधिकार (Political Rights)

राजनीतिक अधिकार भनेको राजनीतिक क्रियाकलापमा भाग लिन पाउने अधिकार हो । राजनीतिक अधिकार प्राप्त गरेपछि नै नागरिकले मतदानमा भाग लिने, आफ्ना जन प्रतिनिधिहरूको छनोट गर्ने अधिकार पाउँछ । राजनीतिक अधिकारले नै नागरिकको राजनीतिक सहभागिता वृद्धि हुन जान्छ । राजनीतिक अधिकारलाई देहायअनुसार विभाजित गर्न सकिन्छ :

### २.१ मतदानको अधिकार (Right to Vote)

लोकतान्त्रिक व्यवस्थामा मतदान गर्नु नागरिकको कर्तव्य हो । आफूलाई मन परेको उम्मेदवारलाई मत दिई छान्न पाउनु प्रत्येक नागरिकको अधिकार हो । प्रजातान्त्रिक मुलुकमा उमेर पुगेका सबै नागरिकलाई नेतृत्व छान्नका लागि मतदानको अधिकार प्राप्त हुन्छ । नेतृत्व छान्ने प्रक्रियाद्वारा नागरिकहरू अप्रत्यक्ष रूपमा शासन व्यवस्थामा भाग लिन पुग्छन् । बिना भेदभाव सबैलाई नेतृत्व छान्नका लागि मत दिन पाउने अधिकार नागरिकको मतदानको अधिकार हो ।

### २.२ निर्वाचित हुने अधिकार (Right to be elected)

प्रत्येक नागरिकलाई प्रजातान्त्रिक शासनमा हुने आवधिक निर्वाचनमा उमेदवारका रूपमा खडा भई निर्वाचित हुने अधिकार हुन्छ । उदाहरणका लागि नेपालको स्थानीय गाउँपालिका/नगरपालिका सभादेखि सङ्घीय संसद्को सदस्यमा कुनै पनि नागरिकलाई बिना भेदभाव निर्वाचित हुने अधिकारको व्यवस्था गरिएको छ । यस प्रकार निर्वाचनमा भाग लिई निर्वाचित हुने अधिकार नागरिकको निर्वाचनको अधिकार हो ।

### २.३ सरकारी रोजगार पाउने अधिकार (Right to Hold Public Office)

कुनै पनि देशको शासन व्यवस्थालाई सही रूपमा सञ्चालन गर्नका लागि धेरै सरकारी कर्मचारीहरूको आवश्यकता पर्दछ । यी सरकारी कर्मचारीहरू योग्यता तथा अनुभवका आधारमा विना भेदभाव सरकारी पदमा नियुक्ति गर्ने व्यवस्था गरिएको हुन्छ । योग्यताका आधारमा सरकारी जागिर पाउनु नागरिकको राजनीतिक अधिकार हो ।

## ३. आर्थिक अधिकार (Economic Rights)

आर्थिक अधिकार भनेको आर्थिक क्रियाकलापमा भाग लिन पाउने अधिकार हो । आर्थिक अधिकार प्राप्त गरेपछि नै नागरिकले आर्थिक क्रियाकलापमा भाग लिने र आफ्नो आर्थिक अवस्थामा सुधार गर्न सक्दछ । आर्थिक रूपमा नागरिकको सहभागिताले मानिसको आर्थिक जीवन सुखमय बन्दछ । आर्थिक अधिकारलाई देहायअनुसार उल्लेख गर्न सकिन्छ :

### ३.१ कामको अधिकार (Right to Work)

प्रत्येक नागरिकलाई काम गर्ने अवसर प्रदान गरिनु पर्दछ । सबै नागरिकलाई समान रूपमा रोजगारीका अवसर प्रदान गर्नु राज्यको दायित्व हो ।

### ३.२ पर्याप्त पारिश्रमिकको अधिकार (Right to Adequate Wages)

नागरिकले काम गर्ने समयको निश्चित घण्टा तोकिनु र सोहीअनुसार पारिश्रमिकको व्यवस्था हुनुपर्दछ । तोकिएभन्दा बढी समय काममा लगाएमा सोवापत छुट्टै पारिश्रमिकको व्यवस्था गरिनुपर्दछ ।

### ३.३ सम्पत्तिको अधिकार (Right to Property)

मानिसका आवश्यकता पूरा गर्नका लागि सम्पत्तिको आवश्यकता पर्दछ । सम्पत्तिविना मानिसले आफ्नो जीवनलाई सुखमय बनाउन सक्दैन । मानिसको गास, बास, कपडाका लागि सम्पतिको आवश्यकता पर्दछ । नागरिकले नोकरी वा व्यवसाय गरी धन कमाउन सक्दछ । नोकरी गर्ने वा अन्य व्यवसायमा लाग्ने भन्ने कुरा नागरिकको इच्छामा भर पर्दछ । नागरिकले आफ्नो इच्छानुसारको काम गरी सम्पत्ति आर्जन गर्नु र व्यक्तिगत सम्पत्ति राख्न पाउनु उसको सम्पत्तिको अधिकार हो ।

यसैले मानिसलाई सम्पत्ति आर्जन गरी जीवनलाई सुखमय बनाउन सम्पत्तिको हकको प्रावधान नेपालको संविधानमा पनि छ ।

### ३.४ आराम गर्ने र फुर्सद लिने अधिकार (Right to Rest and Laisure)

नागरिकले आफ्नो इच्छाअनुसार आराम गर्ने र फुर्सद लिन पाउनु उसको अधिकार हो । यसमा कसैले पनि हस्तक्षेप गर्नु हुँदैन ।

### ३.५ सामाजिक र आर्थिक सुरक्षाको अधिकार (Right to Social and Economic Security)

नागरिकले सामाजिक रूपमा सुरक्षित रहन पाउनुपर्दछ । नागरिकले आर्थिक उपार्जनका लागि समान अवसर पाउनुपर्दछ । सामाजिक र आर्थिक रूपमा उस्ले सुरक्षित अवस्था पाउनु नागरिकको सामाजिक र आर्थिक सुरक्षाको अधिकार हो ।

### ३.६ निश्चित समय काम गर्ने अधिकार (Right to Fixed Hours of Works)

नागरिकले काम गर्ने समयको निश्चित घण्टा तोकिनु पर्दछ । तोकिएभन्दा बढी समय काममा लगाएमा सोवापत छुट्टै पारिश्रमिकको व्यवस्था गरिनुपर्दछ । सामाजिक सुरक्षालाई पनि उचित सम्बोधन गरिनुपर्दछ । नागरिकले आर्थिक उपार्जनका लागि समान अवसर प्राप्त गर्नुपर्दछ । सामाजिक र आर्थिक रूपमा उसले सुरक्षित अवस्था पाउनु नागरिकको सामाजिक र आर्थिक सुरक्षाको अधिकार हो ।

### (ख) अधिकार र कर्तव्यको सम्बन्ध (Relationship between Rights and Duties)

नागरिकका अधिकार र कर्तव्यबिच अन्योन्याश्रित सम्बन्ध छ । नागरिकले निभाउनु पर्ने कर्तव्यहरू राज्यप्रति मात्र नभई परिवार, समाज देश र विश्वप्रति पनि छन् । अधिकार र कर्तव्यको यति घनिष्ठ सम्बन्ध छ कि एउटाको अभावमा अर्को निस्प्राण हुन पुग्दछ । अधिकार व्यक्तिको समाजसितको माग हो भने कर्तव्य समाजको व्यक्तिसितको माग हो । यसरी हेर्दा अधिकार र कर्तव्य एकै कुरा हुन् जसलाई दुई विचारले हेरिन्छ । अधिकार र कर्तव्य एउटा सिक्काका दुई पाटा हुन् । यसैले अधिकार र कर्तव्य दुवै एक अर्कामा निर्भर छन् । कर्तव्यबिनाको अधिकारको अस्तित्व नै हुँदैन । एउटा व्यक्तिको अधिकार अर्को व्यक्तिको कर्तव्य

हुन जान्छ । यदि व्यक्तिले अधिकारमाथि मात्र जोड दिन्छ र कर्तव्य निर्वाह गर्दैन भने त्यसको कुनै अस्तित्व रहँदैन ।

यसैगरी कर्तव्य पनि अधिकारमाथि निर्भर छ । मानिसमा यस्तो अधिकार होस् जसबाट उसले आनो शारीरिक र बौद्धिक विकास गरी कर्तव्यपालन गर्न योग्य बन्न सकोस् । यदि उसलाई यसप्रकारको अधिकार नै छैन भने उसमा कर्तव्य पालनको क्षमता पनि आउन सक्दैन । यसैले कर्तव्यको अस्तित्व अधिकारमाथि निर्भर छ र अधिकारको अस्तित्व कर्तव्य माथि निर्भर छ । तर समाजमा अधिकारमात्र माग गरियो र कर्तव्य निभाइएन भने सबैले अधिकारको मात्र माग गर्ने हुन्छन् र कर्तव्य निभाउने मानिस नै पाउन मुस्किल हुन्छ ।

## अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) कर्तव्य भनेको के हो ?

(ख) कर्तव्य कति किसिमका हुन्छन् ?

(ग) अधिकारलाई कति भागमा विभाजन गरिन्छ ?

(घ) नागरिक अधिकार भनेको के हो ?

(ङ) नागरिक अधिकारमध्ये कुनै दुईओटा अधिकार लेख्नुहोस् ।

(च) मत दिने र निर्वाचित हुने अधिकार कुन अधिकारमा पर्दछ ?

(छ) नैतिक कर्तव्य के लाई भनिन्छ ?

(ज) नागरिक कर्तव्य भनको के हो ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) कर्तव्य कति किसिमका छन् ? व्याख्या गर्नुहोस् ।

(ख) राजनीतिक अधिकारमा कुन कुन अधिकार पर्छन् ?

(ग) आर्थिक अधिकार भनेको कुन कुन अधिकार हुन् ? सूची बनाउनुहोस् ।

(घ) नागरिक अधिकारमध्ये कुनै आठओटाको सूची बनाउनुहोस् ।

(ङ) अधिकार र कर्तव्यबिचको सम्बन्धको विवेचना गर्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) "नेतृत्व छान्ने प्रक्रियाद्वारा नागरिकहरू अप्रत्यक्ष रूपमा शासन व्यवस्थामा भाग लिन पुग्छन्" पुष्टि गर्नुहोस् ।

(ख) राजनीतिक अधिकार र नागरिक अधिकारबिचको भिन्नता छुट्याउनुहोस् ।

## क्रियाकलाप

१. कक्षामा रहेका विद्यार्थीहरूले समूह बनाई अधिकार र कर्तव्यबिचको सम्बन्धको छलफल गर्नुहोस् र चार्ट बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. कक्षामा रहेका विद्यार्थीहरूलाई पाँच पाँचजनाको समूह बनाई समुदायमा गएर पछिल्लो सङ्घीय संसद् र प्रादेशिक संसद्को चुनावमा मतदान गरेका ६/६ जना पुरुष र महिला मतदातालाई भेटी मतदान गर्नुको कारण सोधी प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## पाठ ३ असल नागरिकका मूल्य र मान्यताहरू
## (Essential Elements of the Good Citizens)

### परिचय

कर्तव्य पालना गर्ने नागरिक असल नागरिक हुन् । असल नागरिकले सामाजिक कल्याण र समाज परिवर्तनमा भूमिका खेल्दछ । असल नागरिकले आफूलाई राष्ट्रको हितमा समर्पित गर्दछ । असल नागरिकमा देशको सेवा गर्ने इच्छा र तत्परता हुन्छ, यो नै असल नागरिकको गुण हो । समाज परिवर्तन र राष्ट्रको हितमा आफूलाई समर्पित गर्ने नागरिक नै असल नागरिक हो ।

### १. असल नागरिक (Good Citizen)

नागरिकले राज्यको सदस्यता पाएपछि नै सामाजिक र राजनीतिक अधिकार प्राप्त गर्दछ । राज्यको सदस्य भएपछि नै व्यक्तिको राज्यप्रतिको आदरभावमा वृद्धि हुन्छ । प्राचीनकालमा युनान र रोमका नगर राज्यहरूमा अधिकारलाई विशेष महत्त्व दिइन्थ्यो । अधिकार प्राप्त गर्ने मानिसलाई नै नागरिक भनिन्थ्यो । त्यस समयमा महिला र दासलाई अधिकार प्राप्त हुँदैनथ्यो । उनीहरूलाई शासन व्यवस्थामा सहभागी हुन अयोग्य मानिन्थ्यो । आजको अवस्था त्यस्तो छैन । आज महिलालाई पनि पुरुषसरह नै शासनमा भाग लिने अधिकार प्रदान गरिएको छ । अहिले सबैलाई समान रूपमा शासनमा सहभागी हुँने अवसर प्रदान गरिएको छ । देशको शासन व्यवस्थामा र विकास निर्माणमा समावेशिताको सिद्धान्त अङ्गीकार गरिएको छ । सेवाका अवसरमा समावेशी सिद्धान्तलाई अवलम्बन गरिएको छ । नागरिकको अधिकार र कर्तव्य दुवैमा उत्तिकै जोड दिइएको छ । आज अधिकार प्राप्तिका लागि कर्तव्य निर्वाह गर्नु पूर्वसर्त मानिन्छ र कर्तव्यपालनमा नै अधिकार निहित छ । प्रत्येक देशमा जन्मिएका नागरिकलाई जन्मसिद्ध नागरिकको रूपमा नागरिकता प्रदान गरिने व्यवस्था गरिएको हुन्छ ।

#### (क) असल नागरिकका गुणहरू (Elements of Good Citizen)

असल नागरिकका गुणहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**१. सामाजिक काम गर्नु**

नागरिकको पहिलो पाठशाला घर हो । घरबाट निस्केपछि नागरिक समाजको सम्पर्कमा पुग्दछ । नागरिकले समाजबाट धेरै कुरा सिक्दछ । यसरी समाजबाट धेरै ज्ञान हासिल गरेको नागरिकले समाजको विकास र उन्नतिमा ध्यान दिनुपर्दछ । नागरिकले समाजको विकासमा भाग लिनुले नै उसले समाजप्रतिको जिम्मेवारी निभाएको मानिन्छ । नागरिकले समाजको हितमा गर्ने सामाजिक कार्यले नागरिक र समाज दुवैको हित हुन जान्छ । नागरिक सामाजिक प्राणी भएकाले समाजको हित गर्नु नागरिकको कर्तव्य पनि हो । यसैले सामाजिक काम गर्नु नै असल नागरिकको गुण हो ।

## २. असल बानी व्यहोरा

नागरिकको बानी व्यहोरा सरल, सभ्य र शिष्ट हुनुपर्दछ । नागरिकले सबैलाई आदर गर्ने, सबैसँग घुलमिल हुने बानीको विकास गर्नुपर्दछ । नागरिकले अध्ययनशील हुनुको साथै स्वस्थ रहने बानी बसाल्नुपर्दछ । नागरिकले ज्ञान, सिर्जनशीलता र विनम्रताले आफूलाई समाजसामु चिनाउनुपर्दछ । नागरिकले समाजमा देखिने समस्याको समाधानमा उदाहरणीय काम गर्न ध्यान दिनुपर्दछ । नागरिकले सधैँ समाज र देशको सेवामा समर्पित हुने विचार राख्नु नै असल नागरिकको गुण हो ।

## ३. उदारता

नागरिकले आफूलाई सधैँ शिक्षित, विवेकवान्, संयमित र सहिष्णु बनाउनुपर्दछ । यी गुणहरूले नै नागरिकलाई महान र उदार बनाउँछ । नागरिकले सधैँ सबैको हितमा कार्य गरी आफूलाई परोपकारी काममा समर्पित गर्नुपर्दछ । नागरिकले समाजको हितमा काम गर्नुपर्दछ । नागरिकले व्यक्तिगत स्वार्थलाई त्याग गरेपछि मात्र उसमा उदार विचारको जन्म हुन् जान्छ । यस प्रकार उदार विचार प्रकट हुनु असल नागरिकको गुण हो ।

## ४. अनुशासन

अनुशासनले मानिसलाई सही समयमा सही काम गर्न र सही बाटोमा हिड्न मदत गर्दछ । आदर्श नागरिकको कर्तव्य भनेको उसले आफूलाई अनुशासनमा राख्नु र सत्य बोल्नु हो । यसले नागरिकलाई असल बन्नमा सहयोग गर्दछ र मानिसमा मृदुपना ल्याउँदछ । अनुशासनले नै नागरिकलाई सामाजिक मर्यादाभित्र रहन सहयोग गर्दछ । अनुशासनले नागरिकलाई विवेकवान र दूरदर्शी बनाउँछ । यही कारण अनुशासन असल नागरिकको गुण हो ।

## ५. कर्तव्य परायण

मानिस सामाजिक प्राणी भएकाले मानिसले निभाउनु पर्ने कर्तव्य धेरै छन् । नागरिक शिक्षाको अध्ययनले दैनिक रूपमा आइपर्ने समस्याहरूलाई समाधान गर्ने कुरा सिकाउँछ । नागरिकले आफ्नो परिवारको काम र छिमेकको काम एकैपटक गर्नुपर्ने भएमा पहिले छिमेकको काममा ध्यान दिनु नै उत्तम मानिन्छ । यसैले कर्तव्य परायणता नै असल नागरिकको गुण हो ।

## ६. मताधिकार

मत दिने अधिकार पाउनु नै मताधिकार हो । नागरिक शिक्षाको अध्ययनले नागरिकमा मतदानको ज्ञान गराउँछ । नागरिकले निर्वाचनमा स्वतन्त्रपूर्वक मताधिकारको प्रयोग गर्न पाउनुपर्दछ । सबै नागरिकहरूको चिन्तन असल व्यवहार भएको योग्य व्यक्तिले निर्वाचनमा जितोस् भन्ने हुन्छ । सही मानिस निर्वाचनमा चुनिए भने सकारात्मक प्रभाव पर्दछ । यस प्रकार नागरिकले उचित रूपमा मताधिकारको प्रयोग गर्नु नागरिकको अधिकार र कर्तव्य दुवै हो । यस किसिमको अनुकरणीय कामले नै समाजमा असल नागरिकको मूल्य र मान्यता कायम रहन्छ । यसर्थ सही रूपमा मताधिकारको प्रयोग गर्नु असल नागरिकको गुण हो ।

## अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) असल नागरिक भन्नाले कस्ता नागरिकलाई बुझाउँछ ?

(ख) प्राचीनकालमा युनान र रोमका नगर राज्यहरूमा शासनमा भाग लिन ककस्लाई रोक लगाइएको थियो ?

(ग) असल नागरिकका गुण कति किसिमका छन् ?

(घ) असल बानीव्यहोरा भनेको के हो ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) असल नागरिकको परिचय दिनुहोस् ।

(ख) असल नागरिकका गुण कुन कुन हुन् ? स्पष्ट गर्नुहोस् ।

(ग) अनुशासन नै असल नागरिकको गुण हो । पुष्टि गर्नुहोस् ।

(घ) मताधिकारको प्रयोग कसरी गर्नुपर्दछ ? विवेचना गर्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) असल नागरिकका गुणहरूको विवेचना गर्दै ती गुणहरू तपाईंमा विकास भए/नभएकामा आत्म समीक्षा गर्नुहोस् ।

(ख) असल नागरिक हुनुमा कर्तव्यको महत्त्व विश्लेषण गर्नुहोस् ।

## क्रियाकलाप

१. "मताधिकारको प्रयोग गरी योग्य उम्मेदवारलाई निर्वाचित गर्नु असल नागरिकको गुण हो" भन्ने विषयमा समूहमा छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. कक्षामा संयोजक छनोट गर्नका लागि मतदान प्रक्रिया सञ्चालन गर्नुहोस् ।

# पाठ ४ असल नागरिकको भूमिका
## (Role of Good Citizen)

### परिचय

नागरिक राज्यको सदस्य हो । नागरिकले प्राप्त गर्ने नागरिकता विभिन्न अधिकार प्राप्तिको आधार हो । राज्यको तर्फबाट सामाजिक, आर्थिक र राजनीतिक अधिकार प्राप्त गर्ने मानिसलाई नै नागरिक भन्ने गरिन्छ । समाजमा नागरिकको अत्यन्त महत्त्वपूर्ण स्थान रहेको हुन्छ । नागरिकबिनाको समाज परिकल्पना पनि गर्न सकिँदैन । मानव सभ्यताको इतिहासलाई हेर्ने हो भने नागरिकको चेतनाको विकासको फलस्वरूप नै मानव समाजको विकास भएको पाइन्छ । युनानी दार्शनिक सुकरातले नागरिक चेतनाको विषयमा चिन्तनको प्रारम्भ गरेका थिए । अङ्कुरण गराएको मानिन्छ । सुकरातको भनाइमा नागरिक एक चेतनशील प्राणी हो र ऊ सभ्य तथा सुसंस्कृत बन्दै आएको छ । मानव विकासमा नागरिकको महत्त्वपूर्ण स्थान रहेको छ । मानव सभ्यताको विकासमा नागरिकको भूमिकालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :-

### १. नागरिक समाजको निर्माण (Formation of the Civic Society)

परिवारहरू मिलेर समाज बन्दछ । राज्यको सदस्यता प्राप्त गरेको व्यक्तिलाई नागरिक भनिन्छ ।

नागरिकहरूको संलग्नतामा नागरिक समाजको निर्माण हुन्छ । नागरिकहरू बिस्तारै एक आपसमा मिलेर बस्न थाले । उनीहरूमा माया, स्नेह र सहयोगको भावनाको विकास हुन गयो । नागरिकहरू एक आपसमा सहिष्णु बन्न पुगे । मानिसहरूमा सहिष्णुताले गर्दा आपसमा दु:ख सुखमा साथ दिने र एकले अर्कालाई सहयोग गर्न थाले । यसरी आपसी सद्भावले नागरिक समाजको निर्माण हुन पुग्यो ।

नागरिक समाजले सभ्य समाजको निर्माणका लागि आफ्नो भनाइ सधैँ समाजको सामु राख्ने गर्दछ । नागरिक समाजले सरकारका सह्राहनीय कामको स्वागत र गलत कामको स्वस्थ आलोचना गर्ने गर्दछ । नागरिक समाजले नागरिकको हितमा सधैँ आवाज उठाइ रहन्छ । यसैको फलस्वरूप समाजमा एउटा सभ्य नागरिक समाजको निर्माण हुन पुग्दछ । यसरी नागरिक समाजको निर्माणमा नागरिकको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

### २. नागरिक सरकारको निर्माण (Formation of the Civic Government)

विश्वमा विभिन्न किसिमका सरकार बनेको पाइन्छ । मानव समाजको विकासको सुरुआत देखिनै फरक फरक ढाँचा (Model) का सरकारको निर्माण र सञ्चालन भइरहेका छन् ।

नागरिकको प्रत्यक्ष सहभागितामा निर्वाचित भएको सरकारलाई नागरिक सरकार भनिन्छ । नागरिक सरकारले प्रजातन्त्रको जगेर्ना, मानव अधिकारको संरक्षण, विधिको शासन अवलम्बन र देशको विकास गर्न सक्दछ । नागरिकको संलग्नताबिना नागरिक सरकारको निर्माण हुन सक्दैन । यसरी नागरिक सरकारको निर्माणमा

नागरिकको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

### ३. राजनीतिक दलको निर्माण

राजनीतिक विद्वान् गेटल (Gettle) को विचारमा "राजनीतिक दल एउटै विचारधाराका व्यक्तिहरूबाट सङ्गठित भएको हुन्छ र आफ्ना नीतिहरूलाई कार्यान्वयन गर्दछ ।" (Political party organized by the single ideology and implement their policies) । यसरी निर्माण हुन गएको राजनीतिक दलले आफ्ना नीतिहरू कार्यान्वयन गर्ने उद्देश्य लिएको हुन्छ । हाल राजनीतिक दलविनाको सरकारको परिकल्पना पनि गर्न सकिँदैन । राजनीतिक दलको अनुपस्थितिमा बन्ने सरकार तानाशाही हुन पुग्दछ । विश्व राजनीतिलाई हेर्दा प्रजातान्त्रिक सरकार हुनका लागि राजनीतिक दल र सरकार निर्माणमा उनीहरूको उपस्थितिलाई महत्त्वपूर्ण मानिन्छ । राजनीतिक दलको उपस्थितिबिना भएको निर्वाचन र त्यसपछि गठन हुने सरकारलाई अहिलेको विश्व जनमतले मान्यता दिँदैन । यसप्रकार राजनीतिलाई सही बाटोमा हिडाउँने राजनीतिक दलको निर्माण असल नागरिकबाट नै हुन सक्दछ । यसैले राजनीतिक दलको निर्माणमा नागरिकको महत्त्वपूर्ण भूमिका हुने गर्दछ ।

### ४. सुशासन

सुशासन भनेको जनताको सेवामा समर्पित असल सरकार हो । सुशासन हुनका लागि सरकार वैधानिक, उत्तरदायी, पारदर्शी र लोककल्याणकारी हुनुपर्दछ । सरकार जनताको सेवा र मानव विकासमा समर्पित हुनुपर्दछ । सुशासन भनेको नागरिकको स्वशासन हो । स्वशासन नागरिकहरूको सक्रिय रूपमा सहभागितामा हुने शासन हो । सुशासनमा नागरिकको महत्त्वपूर्ण भूमिका रहन्छ ।

### ५. सांस्कृतिक धरोहर

हाम्रा पूर्वजहरूले जतनसाथ आजसम्म जोगाएर राखिदिएका हाम्रा सभ्यता र सांस्कृतिक धरोहरहरूको रेखदेख, सम्भार र संरक्षण असल नागरिकले गर्न सक्दछन् । हाम्रो पूर्वीय सभ्यता र विश्व सम्पदाका रूपमा रहेका सांस्कृतिक धरोहरहरूलाई बुझ्ने, संरक्षण गर्ने र विश्वसामु त्यसको गरिमालाई चिनाउन असल नागरिकले नै सक्दछन् । यस अर्थमा सांस्कृतिक धरोहरका रूपमा रहेका हाम्रा सभ्यता, कला, संस्कृतिलाई असल नागरिकले अक्षुण राख्न सक्दछन् । सांस्कृतिक धरोहरको संरक्षण गर्नमा असल नागरिकको महत्त्वपूर्ण भूमिका रहेको छ ।



## ६. प्रजातन्त्र र विकास

विकासका लागि प्रजातन्त्र आवश्यक छ । विकास र प्रजातन्त्र सँगसँगै अगाडि बढछन् । अब्राहम लिङ्कनको भनाइमा "प्रजातन्त्र भनेको जनताले जनताका लागि जनताद्वारा गरिने शासन हो" । प्रजातन्त्रमा जनप्रतिनिधिहरूले निर्वाचित भएपछि उत्तरदायी भई पारदर्शी रूपमा शासन सञ्चालन गर्नुपर्छ । प्रजातन्त्रमा नै राजनीतिक व्यवस्थाले स्थायित्व प्राप्त गर्दछ । सरकारको स्थायित्वले राष्ट्रको विकासमा सघाउ पुग्दछ । प्रजातन्त्रको निरन्तरता र देशको विकासमा असल नागरिकको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ ।

### अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) नागरिकलाई एक चेतनशील प्राणीका रूपमा परिभाषित गर्ने व्यक्ति को हुन् ?

(ख) नागरिक समाजले कसको हितमा आवाज उठाउँछ ?

(ग) कसको संलग्नताविना नागरिक सरकारको निर्माण हुन सक्दैन ?

(घ) सरकार कसको सेवामा समर्पित हुनुपर्दछ ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) गेटलको भनाइअनुसार राजनीतिक दलको निर्माण कसरी हुन्छ ? उल्लेख गर्नुहोस् ।

(ख) सुशासन हुनका लागि कुन कुन कुरा हुनुपर्दछ ? सूची बनाउनुहोस् ।

(ग) नागरिक सरकार केलाई भनिन्छ ? स्पष्ट गर्नुहोस् ।

(घ) असल नागरिकले नै सांस्कृतिक धरोहरको संरक्षण गर्न सक्दछन् । स्पष्ट गर्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

१. "वर्तमान समयमा सरकार निर्माणमा राजनीतिक दलका भूमिका महत्त्वपूर्ण मानिन्छ" विवेचना गर्नुहास् ।

२. “प्रजातन्त्र भनेको जनताले जनताका लागि जनताद्वारा गरिने शासन हो” पुष्टि गर्नुहोस्

## क्रियाकलाप

१. शिक्षकको सहयोगमा स्थानीय तहमा भएका कुनै एक सांस्कृतिक धरोहरको अवलोकन गरी यसको संरक्षणका लागि ध्यान दिनुपर्ने कुराहरू समेटी एकाइ १० को ढाँचामा प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. विद्यार्थीहरूबिच पाँच पाँचजनाको समूह बनाई समाजमा असल नागरिकको भूमिका निर्वाह गर्न मानिसले कस्तो कार्य गर्नुपर्दछ भन्ने सम्बन्धमा छलफल गरी कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।

एकाइ
दुई

# सरकार
(Government)

## पाठ १ सरकारको अर्थ
(Meaning of the Government)

**परिचय (Introduction)**

सरकार भनेको त्यो संस्था हो, जसले मुलुकको व्यवस्थालाई सुचारु रूपले सञ्चालन गर्दछ । नेपालमा सङ्घीय लोकतान्त्रिक शासन व्यवस्थाअनुरूप स्थानीय, प्रदेश र सङ्घीय तहको सरकारहरू रहेका छन् । सबै सरकारको प्रमुख लक्ष्य सार्वजनिक व्यवस्था कायम गर्नु, नागरिकहरूको जीवनलाई सहज र सुखमय बनाउनु, नागरिकलाई आवश्यक सेवाहरू उपलव्ध गराउनु र नागरिकको आधारभूत स्वतन्त्रता र अधिकारहरूको संरक्षण गर्नु हो ।

राज्यका अन्य तीन तत्त्व जनसङ्ख्या, भूभाग र सार्वभौ सत्ता जस्तै सरकार पनि एक महत्त्वपूर्ण तत्त्व हो । सरकारले राज्यको इच्छालाई प्रतिनिधित्व गरी राज्यको नाममा काम गर्दछ । सरकारको अभावमा राज्यको कल्पना गर्न सकिँदैन । सरकारले नै राज्यको इच्छाको निर्धारण गर्छ, यसले राज्यको भावना व्यक्त गर्नुका साथै त्यसको कार्यान्वयनसमेत गर्दछ । विश्वका हरेक देशको सरकार तीन अङ्गी सिद्धान्त (Trinity Theory) मा आधारित छ । व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका सरकारका तीन अङ्ग हुन् । यी तीन अङगहरूबिच एक अर्कासँग घनिष्ट सम्बन्ध हुन्छ । सरकारको अङ्गहरूको बारेमा विद्वान जे.सी. जोहरी (J.C.Johari) भन्दछन् “व्यवस्थापिकाले कानुन निर्माण गर्छ, कार्यपालिकाले कानुनलाई लागु गर्छ र न्यायपालिकाले कानुनको व्याख्या गर्छ (The legislature makes laws, the executive enforces the laws and the judiciary interprets the laws.)” भनेका छन् ।

### १. सरकारका किसिम (Types of the Government)

सरकार भनेको त्यो संस्था हो, जसले मुलुकको शासन व्यवस्था सञ्चालन गर्दछ । राज्य अमूर्त संस्था हो । राज्यको मूर्तरूप भनेको सरकार हो । सरकार कस्तो किसिमको हुन्छ भन्ने थाहा पाउन सबैभन्दा पहिले देशको राजनीतिक प्रणाली (Political System) कुन प्रकारको छ भन्ने थाहा पाउनुपर्दछ । देशको राजनीतिक प्रणालीअनुसार सरकारको किसिम छुट्याउन सकिन्छ । ती हुन् :

**(क) राजतन्त्रात्मक सरकार (The monarchical form of Government)**

संसारमा सबैभन्दा पुरानो सरकारको स्वरूप राजतन्त्र हो । यसमा शासनको सर्वोच्च शक्ति एक व्यक्ति अथवा राजाको हातमा हुन्छ । शासन सत्ता वंशानुक्रमको आधारमा राजाको उत्तराधिकारीमा सर्दछ । प्राचीन कालदेखि प्रजातन्त्रको उदय हुनुभन्दा अगाडिसम्म राजामा असीमित शक्तिनिहित हुन्थ्यो । वर्तमान समयमा

राजतन्त्रलाई दुई किसिमले हेरिन्छ ।

पहिलो, कुनै किसिमको कानुनी बन्धन नभएको निरङ्कुश राजतन्त्र (Absolute Monarchy) हो । नेपालमा पञ्चायतकालको राजतन्त्रलाई यसको उदाहरणका रूपमा लिन सकिन्छ ।

राजतन्त्रको दोस्रो स्वरूप सीमित एवम् संवैधानिक राजतन्त्र (Limited or Constitutional Monarchy) हो । राज्यको प्रमुख हुने तर सरकार प्रमुख नहुने सीमित या वैधानिक राजतन्त्र हो । संवैधानिक राजतन्त्र भएको मुलुकमा शासन सञ्चालन राजाको नाममा जनताद्वारा निर्वाचित जन प्रतिनिधिहरूले गर्दछन् । बेलायत संवैधानिक राजतन्त्रको अभ्यास भएको सर्वोत्कृष्ट उदाहरण हो ।

**(ख) अध्यक्षात्मक सरकार (Presidential form of Government)**

सरकारको विभिन्न रूपहरूमध्ये अध्यक्षात्मक सरकार पनि एक हो । यसलाई राष्ट्रपतीय शासन प्रणाली भन्ने गरिन्छ । यसमा राष्ट्रपति राष्ट्रका वास्तविक कार्यकारी प्रमुख, राष्ट्रका अध्यक्ष तथा राज्य र सरकार दुवैका प्रमुख हुन्छन् । सर्वोच्च शासक सामान्यतया जनताद्वारा निर्वाचित हुन्छ । सर्वोच्च शासक आफ्ना कामकारवाहीका लागि व्यवस्थापिकाप्रति उत्तरदायी हुँदैन । संसदीय व्यवस्थामा जस्तो कार्यपालिकाका सदस्य व्यवस्थापिकाका सदस्य हुँदैनन् । राष्ट्रपतिले आफ्नो शासन सञ्चालनसम्बन्धी काममा सल्लाह र सहायताका लागि मन्त्रिमण्डलको व्यवस्था गरेको हुन्छ । यो मन्त्रिमण्डल पनि व्यवस्थापिका प्रति नभई राष्ट्रपतिप्रति उत्तरदायी हुन्छ । अध्यक्षात्मक सरकारको सर्वोत्कृष्ट उदाहरण संयुक्त राज्य अमेरिकाको शासन व्यवस्था हो ।

**(ग) संसदीय सरकार (Parliamentary form of Government)**

संसदीय सरकार भनेको कार्यपालिका व्यवस्थापिकाप्रति उत्तरदायी हुने व्यवस्था हो । संसदीय शासन प्रणालीलाई उत्तरदायी शासन, मन्त्रिमण्डलीय शासन, प्रधानमन्त्रीय शासनको रूपमा पनि हेरिन्छ । व्यवस्थापिकाले कार्यपालिका माथि नियन्त्रण र रेखदेख गर्दछ । यस्तो सरकारको निर्माण व्यवस्थापिकाबाट हुन्छ । प्रधानमन्त्री र मन्त्रीहरू व्यवस्थापिकाप्रति उत्तरदायी हुन्छन् । राजा वा राष्ट्रपति नाममात्रका राष्ट्र प्रमुख हुन्छन् । सरकार प्रमुख प्रधानमन्त्री हुन्छन् । आफ्नो नीति र कामहरूको निमित्त व्यवस्थापिका प्रति उत्तरदायी हुने सरकारलाई संसदीय सरकार भनिन्छ । यो सरकारमा शासन चलाउने अधिकार मन्त्रीमण्डलको हातमा हुने हुनाले यसलाई मन्त्रिमण्डलीय सरकार पनि भनिन्छ । बालिग मताधिकारको आधारमा संसदीय निर्वाचन हुन्छ । निर्वाचनमा राजनीतिक दलहरूले उम्मेदवार खडा गर्दछन् । निर्वाचित सदस्यहरूको बहुमतको आधारमा प्रधानमन्त्री चयन हुन्छ । शक्तिको प्रयोग प्रधानमन्त्रीले गर्दछन् । बेलायत, भारत, जापान, नेपाल संसदीय सरकार भएका देशहरूका उदाहरण हुन् ।

## २. एकात्मक सरकार (Unitary Government)

मुलुकको शासनको सारा शक्ति केन्द्रीय तहमा रहन्छ भने त्यो सरकारलाई एकात्मक सरकार भनिन्छ ।

यसमा प्रशासनिक सुविधाको निम्ति सिङ्गो मुलुकलाई विभिन्न जिल्ला, प्रान्त तथा क्षेत्र आदि स्थानीय एकाइहरूमा विभाजन गरिएको हुन्छ । यो सरकारमा राज्यको शासन कार्य सारा केन्द्रीय सरकारको अधीनमा हुन्छ । प्रान्तीय सरकार शासनमा सुविधा ल्याउनका निमित्त मात्र बनेको हुन्छ । तिनीहरूको भविष्य केन्द्रीय सरकारको विवेकपूर्ण इच्छामाथि निर्भर हुन्छ । केन्द्रीय सरकारको आवश्यकतानुसार कायम राख्न सक्ने र विघटन गर्न सक्ने अधिकार हुन्छ । अधिकारको स्रोत संविधान नभएर केन्द्रीय सरकार हुन्छ । जस्तो बेलायत, फ्रान्स र नेपालको पञ्चायती शासन व्यवस्था एकात्मक सरकारका उदाहरणहरू हुन् ।

### ३. सङ्घात्मक सरकार (Federal Government)

सङ्घात्मक शासन भनेको एकात्मक शासनको विपरीत व्यवस्था हो । यसमा शासनको सत्ता मुलुकको संविधानद्वारा नै केन्द्रीय र प्रान्तीय सरकारमा विभाजित गरिएको हुन्छ । केन्द्रीय सरकारले प्रान्तीय सरकारलाई दिएको अधिकार र शक्तिमाथि हस्तक्षेप गर्न, परिवर्तन गर्न वा समाप्त गर्न सक्दैन । सङ्घात्मक शासन व्यवस्था भएका मुलुकहरूलाई दुई किसिमले हेर्न सकिन्छ ।

(क) विभिन्न स्वतन्त्र अस्तित्वमा रहेका देशहरू मिलेर बनेको सङ्घीय व्यवस्था पहिलो हो । संयुक्त राज्य अमेरिका, स्वीजरल्यान्ड आदि यसका उदाहरण हुन् ।

(ख) देशभित्रका भूभागहरूलाई विभाजन गरेर प्रदेश वा प्रान्तहरू निर्माण गरी लागु गरिने दोस्रो सङ्घीय व्यवस्था हो । नेपाल, भारत, पाकिस्तान आदि मुलुकको सङ्घीयता यसका उदाहरण हुन् ।

एक देशमा दुई वा दुईभन्दा बढी सरकार रहेको राजनीतिक शासन व्यवस्थालाई सङ्घीय शासन व्यवस्था भनिन्छ । एकात्मक प्रणालीमा पनि तहगत सरकार हुन सक्दछन् तर फरक के छ भने एकात्मक प्रणालीका तहगत सरकार केन्द्रीय निकायका वैधानिक संरचना हुन्छन् भने सङ्घीयतामा ती तहको संवैधानिक स्वायत्तता हुन्छ । सङ्घीयतामा केन्द्र र त्योभन्दा तलका एकाइ संविधानले व्यवस्था गरेका क्षेत्राधिकार र अधिकारमा स्वतन्त्र हुन्छन् । सङ्घीय सरकार एकात्मक सरकारभन्दा बढी सहभागितामूलक र प्रतिनिधिमूलक हुन्छ । सङ्घीयतामा जनताको अपनत्व र स्वामित्व तुलनात्मक रूपमा बढी हुन्छ । सङ्घीयताले विविधतालाई एकतामा परिणत गर्दछ । भाषा, जाति, धर्म, संस्कृतिको जगेर्ना गर्छ । साझा मान्यतालाई संस्थागत अवलम्बन गर्दछ ।

## अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर लेख्नुहोस् :**

(क) सरकार भनेको के हो ?

(ख) सरकारका तीन अङ्ग के के हुन् ?

(ग) अध्यक्षात्मक सरकार भनेको के हो ?

(घ) एकात्मक सरकार भनेको के हो ?

(ङ) सङ्घात्मक सरकार लागु भएको कुनै दुई ओटा देशको नाम लेख्नुहोस् ।

(च) कुन सरकारमा शासनसत्ता वंशानुक्रमको आधारमा सर्दै जान्छ ?

(छ) संयुक्त राज्य अमेरिकामा कस्तो शासन व्यवस्था छ ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् :**

(क) सरकार कति किसिमका छन् ? सूची तयार पार्नुहोस् र कुनै एकको सङ्क्षेपमा व्याख्या गर्नुहोस् ।

(ख) संसदीय सरकार भनेको के हो ? छोटकारीमा लेख्नुहोस् ।

(ग) एकात्मक सरकार र सङ्घात्मक सरकारबिचको भिन्नता तीन बुँदामा लेख्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस् :**

(क) अध्यक्षात्मक सरकार र संसदीय सरकारबिचको भिन्नता विश्लेषण गर्नुहोस् ।

(ख) सङ्घात्मक सरकार भन्नाले कस्तो सरकारलाई जनाउँछ ? उदाहरणसहित व्याख्या गर्नुहोस् ।

# पाठ २ सरकारका अङ्गहरू
## (Organs of the Government)

### परिचय

सरकार भनेको राज्यको अत्यावश्यक तत्त्व हो, जसले राज्यको इच्छालाई प्रतिनिधित्व गर्दछ । सरकारको अभावमा राज्यको कल्पना गर्न सकिँदैन । सरकार राज्य सञ्चालन गर्ने अभिकर्ता (Agent) हो । सरकारले राज्यको इच्छाको निर्धारण गर्छ, व्यक्त गर्छ र कार्यान्वयन गर्छ । राज्यको अभिकर्ताका रूपमा रहेको सरकारले आफ्नो काम सुचारु रूपले सञ्चालन गर्न विभिन्न अङ्गको माध्यमबाट काम गर्दछ, ती अङ्गहरू भनेका व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका हुन् ।

### १. व्यवस्थापिका (Legislative)

व्यवस्थापिका सरकारका तीन अङ्गमध्ये पहिलो र सबैभन्दा महत्त्वपूर्ण अङ्ग हो । व्यवस्थापिकालाई विधायिका पनि भनिन्छ । विधायिकाले राज्य सञ्चालनका लागि आवश्यक पर्ने कानुन बनाउँछ । वास्तवमा कानुन वनाउने कार्य नै राज्यको सर्वोच्च कार्य हो । व्यवस्थापिकाको नाम संसारमा विभिन्न रहेको पाइन्छ । कतिपय देशहरूमा दुई सदनात्मक व्यवस्थापिका रहेको छ भने कुनै देशहरूमा एक सदनात्मक व्यवस्थापिका रहेको देखिन्छ । जस्तै : नेपाल, भारत, फ्रान्स, अमेरिका दुई सदनात्मक व्यवस्थापिका रहेका देशहरू हुन् । नेपालमा प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदनसहितको एक व्यवस्थापिका रहेको छ जसलाई सङ्घीय संसद् (Federal Parliament) भनिन्छ । भारतमा लोकसभा र राज्यसभा नामका दुई सदन मिलेर संसद् (Parliament) बनेको छ । प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदन मिलेर फ्रान्समा संसद् (Parliament) बनेको छ । अमेरिकामा प्रतिनिधि सभा र सिनेट गरी दुई सदनात्मक व्यवस्थापिका रहेको छ जसलाई काङ्ग्रेस (Congress) भनिन्छ । चीनमा राष्ट्रिय जन काङ्ग्रेस (National People's Congress) नामक एक सदनात्मक व्यवस्थापिका रहेको छ । व्यवस्थापिका भनेको जन प्रतिनिधिहरूको सभा हो । व्यवस्थापिका (विधायिका) सभाले गर्ने प्रमुख कार्यहरूमा कानुनको निर्माण गर्नु, बजेटमाथि नियन्त्रण गर्नु, कार्यपालिकामाथि नियन्त्रण गर्नु, राज्यको नीति तथा कार्यक्रममाथि छलफल गर्नु, परिमार्जन गर्नु, संशोधन गर्नु र स्वीकृत गर्नु जस्ता कार्यहरू गर्दछ ।

### २. कार्यपालिका (Executive)

कार्यपालिका भनेको सरकारको दोस्रो महत्त्वपूर्ण अङ्ग हो । कार्यपालिकाले कानुनको रूपमा अभिव्यक्त राज्यको इच्छालाई कार्यान्वयन गर्दछ । कार्यपालिकाका दुईओटा रूप हुन्छन् ।

(क) पहिलो, मुलुकको सर्वोच्च प्रशासक (Chief executive) देखि लिएर कार्यान्वयन तह (Operational level) को तल्लो प्रशासकीय कार्यापालिका (Administrative Executive) को रूप हो । नेपाल

सरकारका सचिवदेखि कार्यालय सहयोगीसम्मको प्रशासनिक संरचनालाई प्रशासनिक कार्यपालिका मानिन्छ ।

(ख) दोस्रो, निर्वाचित कार्यापालिका अर्थात् राजनीतिक कार्यपालिका (Political Executive) को रूप हो । राष्ट्रपति, प्रधानमन्त्री, मन्त्रिपरिषद् र सल्लाहकारहरूलाई निर्वाचित कार्यपालिका मानिन्छ ।

सरकारको कार्य सञ्चालन गर्ने यी दुई मुख्य रूप हुन् । यिनीहरूको प्रभाव र शक्ति व्यापक हुन्छ । कार्यपालिकाले गर्ने मुख्य कार्यहरूमा प्रशासनिक कार्य, सैनिक कार्य, व्यवस्थापिकासम्बन्धी कार्य, न्यायिक कार्य, कुटनीतिक कार्य, वित्तीय कार्य, सरकारी नीतिको तर्जुमा गर्ने कार्य, व्यवस्थापिकाद्वारा पारित कानुनको कार्यान्वयन गर्ने जस्ता कार्यहरू हुन् ।

### ३. न्यायपालिका (Judiciary)

न्यायपालिका सरकारका तीन अङ्गमध्ये तेस्रो तर अरु जस्तै महत्त्वपूर्ण अङ्ग हो । व्यवस्थापिकाले राज्यको इच्छालाई कानुनको रूप दिन्छ । कार्यपालिकाले ती कानुनलाई कार्यान्वयन गर्छ । न्यायपालिकाले आवश्यकतानुसार कानुनको व्याख्या गर्ने, न्यायिक पुनरावलोकन गर्ने, कानुनको उल्लङ्घन गर्नेलाई उचित दण्ड दिने गर्दछ । नेपालको न्यायसम्बन्धी अधिकार, संविधान, अन्य कानुन र न्यायका मान्य सिद्धान्तबमोजिम अदालत तथा न्यायिक निकायबाट हुन्छ । जस्तो : सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत र कानुनबमोजिम मुद्दा हेर्न स्थानीय स्तरमा न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपाय अवलम्बन गर्ने अन्य निकाय मार्फत न्यायपालिकाले न्याय सम्पादन गर्ने गर्दछ । न्यायपालिकाले गर्ने मुख्य कार्यहरूमा कानुनको व्याख्या गर्ने, कानुनलाई व्यवहारमा कार्यान्वयन गर्ने, आदेश वा सजाय गर्ने, कानुनको अभावमा वा विवादास्पद देखिएमा त्यस्तो कानुनको व्याख्या गर्न नजिर निर्माण गर्ने, संविधानद्वारा नागरिकको मौलिक हकको सुरक्षा गर्न असाधारण अधिकार क्षेत्रअर्न्तगत रिट (बन्दी प्रत्यक्षीकरण, परमादेश, प्रतिषेध, अधिकार पृच्छा र उत्प्रेषण) को आदेश जारी गर्ने, संविधान र संवैधानिक अधिकारको संरक्षण गर्ने, राज्य प्रमुख र कार्यपालिकालाई कानुनी सल्लाह दिने आदि कार्यहरू न्यायपालिकाले सम्पादन गर्दछ ।

### सरकारका अङ्गहरुबिचको अन्तरसम्बन्ध (Inter-Relationship Betwen Organs of Government)

सरकारका तीन अङ्गहरू व्यवस्थापिका, कार्यपालिका र न्यापालिकाबिच अन्तरसम्बन्ध रहेको हुन्छ । व्यवस्थापिकाले राज्य सञ्चालनका लागि आवश्यक कानुन निर्माण गर्दछ । कार्यपालिकाले व्यवस्थापिकाबाट निर्माण भएका कानुनको कार्यान्वयन गर्दछ । न्यायपालिकाले संविधानअनुसार कानुनको व्याख्या गर्दछ । त्यस्तै प्रधानमन्त्री र मन्त्रीहरू विधायिका प्रति उत्तरदायी हुने, न्यायधीश नियुक्तिमा सुनवाई गर्ने कार्य विधायिकाले गर्ने र अदालतले व्यवस्थापिकाले बनाएका कानुन असंवैधानिक घोषणा गर्नुका साथै सरकारका निर्णयको वैधता जाँच गर्नसक्ने भएकाले सरकारका तीन अङ्गहरूको अन्तरसम्बन्ध रहेको देखिन्छ । संसदीय व्यवस्थामा संसद्ले कार्यपालिकाको निर्माण गर्दछ । कार्यपालिका संसद् प्रति उत्तरदायी हुन्छ । कार्यपालिका र व्यवस्थापिकाबिच घनिष्ट सम्बन्ध हुन्छ ।

## अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर लेख्नुहोस् :**

(क) सरकारका अङ्ग भन्नाले के बुझिन्छ ?

(ख) कानुन बनाउने काम कसले गर्दछ ?

(ग) सरकारको कार्य सञ्चालन गर्ने अङ्ग कुन हो ?

(घ) न्यायपालिका भनेको के हो ?

(ङ) नेपालमा व्यवस्थापिका कति सदनात्मक छ ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् :**

(क) सरकारका अङ्गहरू के के हुन ? कुनै एकको सङ्क्षेपमा व्याख्या गर्नुहोस् ।

(ख) व्यवस्थापिकालाई 'कानुनको कारखाना' भनिन्छ, किन ? पुष्टि गर्नुहोस् ।

(ग) कार्यपालिकका मुख्य मुख्य कार्यहरू के के हुन ? बुँदागतरूपमा लेख्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस् :**

(क) न्यायपालिकाको कार्यहरू संङ्क्षेपमा वर्णन गर्नुहोस् ।

(ख) सरकारका अङ्गहरूबिचको अन्तरसम्बन्ध कस्तो रहन्छ ? विश्लेषण गर्नुहोस् ।

## क्रियाकलाप

१. कक्षा शिक्षकले कक्षाका विद्यार्थीहरूबिच तीन समूह बनाई सरकारका तीन अङ्गहरूलाई समूहमा विभाजन गरी छलफल गर्न लगाउने र अन्तमा समूहको नेतालाई प्रस्तुत गर्न लगाउनुहोस् ।

**पाठ ३**

# शासकीय स्वरूप
**(Form of Government)**

## परिचय (Introduction)

राज्यको शासकीय स्वरूप भनेको नै वास्तवमा सरकारको रूप हो । शासकीय स्वरूपको वर्गीकरण गर्ने सम्बन्धमा प्राचीनकालमा अरस्तु (Aristotle), मन्टेस्क्यू (Montesque) जस्ता विद्वानहरूले विभिन्न शासकीय स्वरूपबाट सरकारको वर्गीकरण गरेको पाइन्छ । जस्तो प्रजातन्त्र, राजतन्त्र र निरङ्कुशतन्त्र । यसरी प्रचीन मानव सभ्यताबाटै सुरु भएको सरकार र शासन प्रणाली हालसम्म आइपुग्दा विभिन्न स्वरूपमा देख्न सकिन्छ । कुनै राज्यले कस्तो शासन व्यवस्था अपनाउने भन्ने कुरा त्यस देशको भौगोलिक बनावट, ऐतिहासिक अनुभव, आर्थिक, सामाजिक, राजनीतिक र जनताको शक्तिमा भर पर्दछ । मुलुकको शासकीय अङ्गको स्वरूप तथा प्रकृति कस्तो हुने संविधानमा नै व्यवस्था हुन्छ । नेपालको संविधानअनुसार सङ्घीय कार्यपालिकाको शासकीय स्वरूप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली रहेको छ । विश्वमा विभिन्न प्रकारका कार्यकारिणी अर्थात शासकीय स्वरूपहरू प्रचलनमा रहेका छन् ।

### १. शासकीय स्वरूपहरू (Forms of Government)

प्रजातान्त्रिक व्यवस्था अवलम्बन गर्ने मुलुकहरूमा विभिन्न शासकीय स्वरूपहरू रहेका छन् । हाल प्रचलनमा रहेका तीन प्रकारका शासकीय स्वरूपलाई तल उल्लेख गरिएको छ ।

#### (क) संसदीय शासन प्रणाली (Parliamentary System of Government)

संसदीय शासन प्रणालीमा कार्यपालिका प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा व्यवस्थापिकाको समर्थनमाथि निर्भर रहन्छ । सरकारको समर्थन र विरोध, विश्वास वा अविश्वासको प्रस्ताव व्यवस्थापिकामार्फत व्यक्त हुन्छ । यस्तो शासन पद्धतिमा सामान्यतया राष्ट्र प्रमुख (Head of the State) र सरकार प्रमुख (Head of the Government) अलग अलग व्यक्ति हुन्छन् । नेपाल, भारत, बेलायत, जापान आदि संसदीय शासन प्रणाली भएका मुलुक हुन् । संसदीय व्यवस्थामा व्यवस्थापिका र कार्यपालिकाबिच घनिष्ट सम्बन्ध हुन्छ । संसद्मा बहुदल प्राप्त दलको नेता प्रधानमन्त्री नियुक्त हुन्छ ।

मुलुकको सम्पूर्ण कार्यकारी अधिकार निहित रहने प्रधानमन्त्री सरकार प्रमुख र नाम मात्रको राष्ट्रप्रमुखका रूपमा रहने व्यवस्था संसदीय शासन प्रणालीमा हुन्छ । संसदीय शासन प्रणाली अवलम्बन गर्ने विभिन्न मुलुकहरूमध्ये कुनैमा राष्ट्रप्रमुखको रूपमा संवैधानिक राजा र कुनैमा राष्ट्रपति रहेका छन् । उहाहरणका लागि बेलायत, जापानका राजा एवम् भारत र नेपालका राष्ट्रपति संवैधानिक राष्ट्र प्रमुख हुन् ।

### (ख) राष्ट्रिपतीय शासन प्रणाली (Presidential System of Government)

व्यवस्थापिका अर्थात संसद् प्रधान हुने प्रणालीलाई संसदीय प्रणाली भनिए जस्तै कार्यकारिणी प्रधान रहने प्रणालीलाई राष्ट्रिपतीय शासन प्रणाली भनिन्छ । यो प्रणालीमा सरकारप्रमुख र राष्ट्रप्रमुख एउटै व्यक्ति हुने गर्दछ । जनताद्वारा प्रत्यक्ष निर्वाचित वा निर्वाचक मण्डलबाट निर्वाचित हुने पद्धतिबाट राष्ट्रपति निर्वाचित हुन्छन् । निर्वाचित निर्वाचक मण्डलको राष्ट्रिय विधायिकासँग कुनै सम्बन्ध हुदैन । यस खालको निर्वाचन पद्धति अमेरिकाको राष्ट्रपतिको निर्वाचनमा अवलम्बन गरिएको छ । राष्ट्रपति व्यवस्थापिका प्रति प्रत्यक्ष रूपमा उत्तरदायी हुँदैन र संसद्को सदस्य पनि हुँदैन । कार्यपालिका र व्यवस्थापिकाले विशेष अवस्थामा बाहेक परस्परमा स्वतन्त्र रूपमा कार्य गर्दछन् । सामान्य अवस्थामा एक अङ्गमाथि अर्को अङ्गको नियन्त्रण रहेको हुँदैन । यस्तो प्रणालीमा मुलुकको सम्पूर्ण कार्यकारी शक्ति राष्ट्रपतिमा नै रहेको हुन्छ । विश्वका करिब ५५ ओटा देशहरूले पूर्ण रूपको राष्ट्रपतीय शासन प्रणालीको अवलम्बन गरेका छन् । संयुक्त राज्य अमेरिका राष्ट्रपतीय शासन प्रणालीको उदाहरण हो ।

### (ग) मिश्रित शासन प्रणाली (Mixed System of Government)

संसदीय र राष्ट्रपतीय प्रणालीको मिश्रित रूप नै मिश्रित शासन प्रणाली हो । राष्ट्रप्रमुख र सरकारप्रमुख दुवैले मुलुकको कार्यकारिणी अधिकार प्रयोग गर्ने पद्धतिलाई मिश्रित शासन प्रणाली (Mixed System of Government) भन्ने गरिन्छ । यस्तो शासन पद्धति अगाल्ने मुलुकहरूमा प्रत्यक्षरूपमा निर्वाचित राष्ट्रप्रमुख र संसद्को बहुमत प्राप्त व्यक्ति सरकारप्रमुख हुने गर्दछ । राष्ट्रप्रमुख प्रत्यक्ष रूपमा निर्वाचित हुने भएकाले स्वभाविक रूपमा सरकार प्रमुखको तुलनामा राष्ट्रप्रमुखको पद महत्त्वपूर्ण मानिन्छ । यो अमेरिकाको राष्ट्रपतीय पद्धति र बेलायतको संसदीय पद्धति दुवै गुणहरूलाई समेटी बिचको बाटो अवलम्बन गरिएको राजनीतिक प्रणाली हो । हाल फ्रान्स, श्रीलङ्का लगायत विश्वका ४१ ओटा मुलुकहरूले मिश्रित पद्धतिलाई अङ्गीगकार गरेका छन् ।

यस पद्धतिमा राष्ट्रप्रमुख र व्यवस्थापिकाको निर्वाचन स्वतन्त्र रूपमा अलग अलग हुन्छ । कार्यकारिणीको दुईओटा शक्तिमध्ये एउटा शक्ति अर्थात राष्ट्रप्रमुखको चयन र पदमुक्तिमा सामान्यतया व्यवस्थापिकाको कुनै भूमिका रहदैन भने अर्को शक्ति सरकार प्रमुखको चयन र पद मुक्तिमा व्यवस्थापिकाको समर्थनमा निर्भर गर्दछ । मिश्रित शासन प्रणाली (Mixed System of Government) दुई किसिमको हुन्छ ।

**प्रधानमन्त्री–राष्ट्रपतीय व्यवस्था :** प्रधानमन्त्री हटाउने सम्बन्धी स्वविवेकीय अधिकार राष्ट्रपतिलाई नभएको र व्यवस्थापिकाले अविश्वासको प्रस्तावको माध्यमद्वारा प्रधानमन्त्रीलाई हटाउन सक्ने एउटा व्यवस्था जसलाई प्रधानमन्त्री-राष्ट्रपतीय (Premier - Presidential) व्यवस्था भन्ने गरिन्छ । जस्तो : नेपाल, भारत, बेलायत आदि ।

**राष्ट्रपति–संसदीय व्यवस्था :** प्रधानमन्त्रीलाई राष्ट्रपतिले स्वविवेकीय अधिकारका माध्यमद्वारा हटाउन सक्ने र व्यवस्थापिकाले अविश्वासको प्रस्तावको माध्यमद्वारा प्रधानमन्त्रीलाई हटाउन नसक्ने अर्को व्यवस्थालाई राष्ट्रपति-संसदीय (President - Parliamentary) व्यवस्था भन्ने गरिन्छ । जस्तो : फ्रान्स ।

## अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर लेख्नुहोस् :**

(क) शासकीय स्वरूपहरू कति प्रकारका हुन्छन् ?

(ख) राष्ट्रपति वास्तविक कार्यकारिणी प्रमुख रहने शासन प्रणालीलाई कस्तो शासकीय प्रणाली भनिन्छ ?

(ग) नेपालमा कुन शासन प्रणाली छ ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् :**

(क) नेपालको शासकीय स्वरूप कस्तो छ ? वर्णन गर्नुहोस् ।

(ख) मिश्रित शासन प्रणाली भन्नाले कस्तो शासन प्रणालीलाई जनाउँछ ? व्याख्या गर्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस् :**

(क) संसदीय शासन प्रणाली र राष्ट्रपतीय शासन प्रणालीबिचको भिन्नता उल्लेख गर्नुहोस् ।

(ख) तीनओटा शासन प्रणालीमध्ये तपाईंको विचारमा कुन शासन प्रणाली उत्तम हुन्छ र किन ? व्याख्या गर्नुहोस् ।

# पाठ ४ शक्तिपृथकीकरण, नियन्त्रण र सन्तुलन
## (Theory of Separation of Power, Check and Balance)

**परिचय (Introduction)**

राज्यको शक्तिलाई व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकामा विभाजन गरी ती अङ्गबाट तोकिएको कार्य सञ्चालन गर्ने अवधारणालाई शक्ति पृथकीकरण (Theory of Separation of Power) भनिन्छ । सरकारले राज्यको नाममा कानुनको निर्माण, कानुनको कार्यान्वयन र कानुनको व्याख्या अर्थात् न्याय सम्पादन गर्ने काम गर्दछ । सरकारका तीन अङ्ग व्यवस्थापिका (Legislature), कार्यपालिका (Executive) र न्यायपालिका (Judiciary) मार्फत कार्य सम्पादन गर्दछ । सरकारले तीनै मुख्य अङ्गहरूलाई विशिष्ट र एक अर्काबाट अलग र स्वतन्त्र राखेको हुन्छ । एक अर्काबाट अलग राखेर गरिने शासनको सैद्धान्तिक आधार भनेको शक्ति पृथकीकरणको सिद्धान्त (Theory of Separation of Power) हो ।

**१. शक्ति पृथकीकरण (Theory of Separation of Power)**


शक्तिपृथकीकरण भनेको सरकारका तीन अङ्गहरू व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाबिच अधिकारको विभाजन हो । शक्तिको पृथक्कीकरणमा एउटा विभागले अर्को विभागको शक्ति र अधिकारका लागि नियन्त्रण र सन्तुलन (Checks and Balances) को काम गर्नुपर्दछ भन्ने मूल धारणा शक्ति पृथकीकरण हो । आधुनिक शक्ति पृथकीकरण सिद्धान्तका प्रणेता फ्रान्सिसी दार्शनिक मन्टेस्क्यू (Baron De Montesquieu (AD. 1689-1775)) हुन् । उनका अनुसार "व्यवस्थापिका र कार्यपालिकाको शक्ति एकै व्यक्ति वा व्यक्ति समूहको हातमा केन्द्रीकृत भयो भने कुनै प्रकारको स्वतन्त्रता रहँदैन" (When the legislative and executive power are united in the same person, or in the same body of maritrates, there can be no liberty) भनेका छन् ।

त्यस्तै ब्लाकस्टोन (Blackstone) का अनुसार "जहिले पनि कानुन बनाउने र त्यसलाई लागु गर्ने अधिकार जब एक व्यक्ति वा समुदायको हातमा सुम्पिइन्छ, त्यहाँ स्वतन्त्रता रहन सक्दैन" (When ever the right of making and enforcing the law is rested in the same man and or the same body of man, there can be no public liberty) भनेका छन् । जेफर्सन (Jafferson) का अनुसार "व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकासँग सम्बन्धित शक्ति एकै हातमा थुप्रिनु भनेको स्वेच्छाचारी निरङ्कुशता हो" (The accumulation of all powers-legislative, executive and judicary, in the same hand– is the very definition of tyranny) भनि परिभाषा गरेका छन् ।

**२. नियन्त्रण र सन्तुलन (Check and Balance)**

नियन्त्रण र सन्तुलन (Check and Balance) भनेको शक्ति पृथकीकरण सिद्धान्तसँगै प्रतिपादित भएको अर्को सिद्धान्त हो । यो सिद्धान्तले शक्ति विभाजनका व्यावहारिक पक्षहरूलाई औंल्याएको हुन्छ । पृथकीकरण

सिद्धान्तलाई अङ्गीकार गरेका हरेक मुलुकले आफ्ना संविधानमा नियन्त्रण र सन्तुलनको सिद्धान्तलाई समेटेको देखिन्छ । शक्ति पृथकीकरण सिद्धान्तअनुसार सरकारका तीन अङ्गलाई पूर्णत: छुट्याउन नसकिने हुँदा नियन्त्रण र सन्तुलनको सिद्धान्तलाई व्यावहारिक रूपमा लागु गर्नु आवश्यक भएको हो । शक्तिको पूर्ण पृथकीकरण सम्भव र व्यवहारिक पनि हुँदैन । प्रत्येक अङ्गले एक अर्कामाथि उचित मात्रामा नियन्त्रण राख्नुपर्दछ भन्ने यो सिद्धान्तको मान्यता हो । यो केन्द्रीकरणबाट हुने सिधै अधिकारको हस्तक्षेप र वितरण गरिएका अङ्गहरूले आनो अधिकार क्षेत्रभित्र सीमित नभई अर्काको अधिकार क्षेत्रमा हस्तक्षेप नगरोस् भन्नका लागि नियन्त्रण र सन्तुलनको सिद्धान्त लागु गरिएको हो । सरकारका तीन अङ्गहरूको नियन्त्रण र संन्तुलनलाई तलको चार्टबाट हेरौँ ।




प्रत्येक अङ्ग एकअर्काबाट स्वतन्त्र र पृथक हुनुपर्छ । व्यवस्थापिकाले कानुनको निर्माण गर्ने, कार्यपालिकाले त्यसलाई लागु गर्ने र न्यायपालिकाले त्यसको व्याख्या गर्ने र कानुनको उलङ्घन गर्नेलाई उचित किसिमको दण्डसजाय तोक्ने काम एक अर्काको क्षेत्राधिकार अतिक्रमण नहुने गरी गर्नुपर्छ । यो शक्तिको दुरुपयोग रोक्नका लागि एउटा शक्तिले अर्को शक्तिमाथि नियन्त्रण गर्न आवश्यक छ भन्ने मान्यतामा आधारित छ । यसको प्रयोग सबैभन्दा पहिला सन् १७८७ मा अमेरिकाको संविधानले गरेको थियो । शक्ति पृथकीकरणअनुसार कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकालाई छुट्टाछुट्टै अधिकार प्रदान गरे पनि राष्ट्रपतिले आनो अधिकारको दुरूपयोग गरेमा व्यवस्थापिकाले महाभियोगद्वारा नियन्त्रण गर्न सक्ने, व्यवस्थापिकाले संविधान विपरित कानुन बनाएमा न्यायपालिकाले यसलाई रोक्न सक्ने, न्यायपालिकाले राष्ट्रपतिको अधिकारको छानबिन गर्न सक्ने जस्ता नियन्त्रण र एकअर्काबिचमा सन्तुलनको व्यवस्था गरेको छ । नियन्त्रण र सन्तुलन (Check and Balance) सिद्धान्तले एकातिर अधिकार प्रदान गर्ने र अर्कोतिर अधिकारको दुरूपयोग नहोस् भनी त्यसलाई रोक्नका लागि अर्को अङ्गलाई अधिकार दिएर शक्ति सन्तुलन गर्न खोजिएको छ ।

संसदीय व्यवस्थाको अभ्यासमा रहेका भारत र नेपालका संविधानमा शक्ति पृथकीकरणको सिद्धान्तअनुसार नियन्त्रण र सन्तुलनको व्यावहारिक प्रयोग भएको देखिन्छ । जस्तै कार्यपालिकामाथि व्यवस्थापिकाको नियन्त्रण रहन्छ । व्यवस्थापिकामा बहुमत प्राप्त दल वा व्यक्तिले सरकार बनाउने र ऊ संसद्प्रति उत्तरदायी हुने गर्दछ भने न्यायपालिकाले कार्यपालिकाद्वारा नियम कानुन उलङ्घन गरेकालाई बदर गर्न सक्ने अधिकार

राख्दछ । त्यस्तै संसद्माथि नियन्त्रण गर्न कार्यपालिकाले संसद्लाई विघटन गर्न पाउने अधिकार रहन्छ भने न्यायपालिकालाई नियन्त्रण गर्न न्यायाधीशहरूमाथि महाभियोगद्वारा हटाउन सक्ने प्रावधान पनि संविधानमा गरिएको हुन्छ । यस्तै संसद्ले पारित गरेका ऐनहरूलाई संविधानविपरित भएमा त्यसलाई खारेज गर्ने अधिकार पनि न्यायलयलाई दिइएको हुन्छ । नियन्त्रण र सन्तुलन सिद्धान्तको सार भनेको शासनमा स्वच्छाचारिताको नियन्त्रण, कानुनी शासनको प्रबन्ध, नागरिक हक अधिकारको संरक्षण र मर्यादित शासकीय संस्कृतिको निर्माणको लागि बनाएको एउटा सिद्धान्त हो ।

## अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर लेख्नुहोस् :**

(क) शक्ति पृथक्कीकरणको सिद्धान्त भनेको के हो ?

(ख) शक्ति पृथकीकरण सिद्धान्तका प्रणेता को हुन् ?

(ग) नियन्त्रण र सन्तुलनको सिद्धान्त भनेको कस्तो सिद्धान्त हो ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् :**

(क) शक्ति पृथकीकरण सिद्धान्तको मूल अवधारणा के हो ? वर्णन गर्नुहोस् ।

(ख) राज्य सञ्चालनमा नियन्त्रण र सन्तुलन सिद्धान्त किन आवश्यक पर्छ ? पुष्टि गर्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस् :**

(क) शक्ति पृथकीकरण सिद्धान्त भन्नाले के बुझिन्छ ? यसका फाइदा र बेफाइदा उल्लेख गर्नुहोस् ।

(ग) राज्यको कार्यकारिणी, व्यवस्थापकीय र न्यायिक तीनओटै शक्ति एउटै व्यक्ति/संस्थाको अधिनस्थ भए राज्यको शासन प्रणाली कस्तो हुने थियो होला ? आनो विचार दिनुहोस् ।

एकाइ
३

# संविधान
(Constitution)

पाठ १

## नेपालको संविधान निर्माण प्रक्रिया
(Constitution Making Process of Nepal)

### परिचय (Introduction)

संविधान देशको मूल कानुन हो । वर्तमान समयमा संविधानबिनाको शासनको कल्पना पनि गर्न सकिँदैन । सरकारको शक्तिमा अङ्कुश लगाउन, नागरिकको मौलिक अधिकारको रक्षा गर्न र राज्यमा हुन सक्ने अस्थिरताबाट देशलाई जोगाई कानुनको शासन स्थापित गर्नका लागि संविधानको निर्माण हुन्छ । लिपिबद्ध गरिएका संविधानलाई लिखित संविधान भनिन्छ । नेपालमा लिखित संविधानको लिपिबद्ध गर्ने क्रममा हालसम्म भएका संविधान निर्माण प्रक्रिया निम्नलिखित छ :

**१. नेपाल सरकार वैधानिक कानुन, २००४**

नेपाल सरकार वैधानिक कानुन, २००४ निर्माण गर्नका निमित्त सिंह शमशेरको अध्यक्षतामा प्रशासनिक सुधार कमिटीको गठन भएको थियो । यस कमिटीका सदस्यहरूमा भारतीय कानुनविद् श्रीप्रकाश गुप्ता, रघुनाथ सिंह र डा.रामउग्र सिंह सदस्यका रूपमा नियुक्त भएका थिए । नेपालको तर्फबाट कृष्ण शम्शेर, गुञ्जमान सिंह र रुद्रराज सम्मिलित थिए । यस कमिटीको समयावधि वा कार्यकाल उल्लेख गरिएको थिएन । यस कमिटीले मस्यौदाको रूपमा रहेको सुझाव श्री ३ राणा प्रधानमन्त्रीमा पेस गरेको थियो । श्री ३ पद्म शमशेरबाट वि.स २००४ साल माघ, १३ गते नेपाली इतिहासमा प्रथम लिखित संविधान जारी भएको थियो । उक्त संविधानमा ६ भाग, ६८ धारा र फेरहिस्त 'क' समेत थियो । राष्ट्रसभा र भारदारी सभाको व्यवस्था थियो ।

**२. नेपालको अन्तरिम शासन विधान, २००७**

नेपालको अन्तरिम शासन विधान, २००७ निर्माण गर्नका निमित्त मस्यौदा निर्माण समितिको चयन भएको देखिँदैन । यसैगरी सदस्यहरूको नाम, मस्यौदा तयार गर्ने समयावधि र मस्यौदा प्रस्तुत को समक्ष गर्ने भन्ने बारेमा कुनै कुरा उल्लेख भएको देखिँदैन । नेपालको अन्तरिम शासन विधान, २००७ श्री ५ त्रिभुवनबाट मिति २००७ फागुन ७ मा जारी भई २००७ साल चैत्र २९ गतेदेखि लागु भएको थियो । यस संविधानमा ७ भाग, ७४ धारा र १ अनुसूची थिए । यो संविधान ६ पटकसम्म संशोधन भएको थियो ।

**३. नेपाल अधिराज्यको संविधान, २०१५**

नेपाल अधिराज्यको संविधान, २०१५ निर्माण गर्नका लागि भगवतीप्रसाद सिंहको अध्यक्षतामा ५ सदस्यीय संविधान मस्यौदा आयोगको गठन २०१४ साल चैत्र, ३ गते भएको थियो । संविधान मस्यौदा आयोगका सदस्यहरूमा होराप्रसाद जोशी, रामराज पन्त, सूर्यप्रसाद उपाध्याय र बेलायती कानुनविद् सर आइभर जेनिङ्स

सदस्यका रूपमा नियुक्त भएका थिए । समयावधि र मस्यौदा कसलाई पेस गर्ने भन्ने बारेमा उल्लेख भएको देखिँदैन । तत्कालीन मन्त्रिपरिषद्‌को राय लिई नेपाल अधिराज्यको संविधान, २०१५ श्री ५ महेन्द्रबाट २०१५ साल फागुन १ घोषणा भएको थियो । १० भाग र ७७ धारा रहेको यो संविधानले कार्यकारिणी अधिकार श्री ५ मा निहित गरेको थियो । महासभा र प्रतिनिधि सभा नामक दुई सदनात्मक व्यवस्थापिकाको व्यवस्था संविधानमा थियो ।

### ४. **नेपालको संविधान**, २०१९

नेपालको संविधान, २०१९ निर्माण गर्नका लागि ऋषिकेश शाहको अध्यक्षतामा संविधान मस्यौदा आयोगको गठन २०१९ वैशाख २६ गते भएको थियो । संविधान मस्यौदा आयोगकामा शम्भुप्रसाद ज्ञवाली, प्रकाशबहादुर खत्री, श्रीमती अङ्गुरबाबा जोशी, डम्बरनारायण यादव र कुलशेखर शर्मा सदस्यका रूपमा नियुक्त भएका थिए । कति समयमा संविधान मस्यौदा पूरा गर्ने भन्ने उल्लेख भएको देखिँदैन । संविधान मस्यौदा आयोगले संविधानको मस्यौदा श्री ५ मा पेस गरेको थियो । तत्कालीन मन्त्रिपरिषद्‌को राय लिई नेपालको संविधान, २०१९ श्री ५ महेन्द्रबाट २०१९ पौष १ गते घोषणा भएको थियो । यस संविधानमा २० भाग, ९७ धारा र ६ अनुसूची रहेको थियो । एक सदनात्मक व्यवस्थापिकाको रूपमा राष्ट्रिय सभाको व्यवस्था थियो ।

### ५. **नेपाल अधिराज्यको संविधान २०४७**

नेपाल अधिराज्यको संविधान २०४७ निर्माण गर्नका लागि विश्वनाथ उपाध्यायको अध्यक्षतामा संविधान सुधार सुझाव आयोगको गठन २०४७ जेष्ठ १६ भएको थियो । संविधान सुधार सुझाव आयोगको सदस्यहरूमा प्रधुम्नलाल राजभण्डारी, रमानन्दप्रसाद सिंह, लक्ष्मण अर्याल, मुकुन्द रेग्मी, दमननाथ ढुङ्गाना, निर्मल लामा, भरतमोहन अधिकारी र माधवकुमार नेपाल थिए । आयोगको सचिवमा सूर्यनाथ उपाध्याय नियुक्त भएका थिए । यो संविधान निर्माण गर्नका लागि तीन महिनाको समयावधि प्रदान गरिएको थियो । संविधानको मस्यौदा तीन महिनाभित्र श्री ५ मा पेस भएको थियो । तत्कालीन मन्त्रिमण्डलको सल्लाह र सम्मतिमा श्री ५ वीरेन्द्रबाट २०४७ कार्तिक २३ गते यो संविधान जारी भएको थियो । २३ भाग १३३ धारा र ३ अनुसूची रहेको यो संविधान नेपालको पाँचौँ संविधान हो । यसमा प्रतिनिधि सभा र राष्ट्रिय सभा नामक दुई सदनात्मक व्यवस्थापिकाको व्यवस्था गरिएको थियो ।

### ६. **नेपालको अन्तरिम संविधान २०६३**

नेपालको अन्तरिम संविधान, २०६३ पूर्वन्यायधीश लक्ष्मण अर्यालको संयोजकत्वमा अन्तरिम संविधान मस्यौदा समितिको गठन भएको थियो । अन्तरिम संविधान मस्यौदा समितिमा १६ सदस्य थिए । समयावधि तोकिएको थिएन । सरकार र माओवादीको ३ सदस्यीय वार्तादोली समक्ष पेस मस्यौदा संविधान २०६३ भाद्र १० मा पेस भएको थियो । माओवादी र सात राजनीतिक दल गरी आठ दलका नेताले हस्ताक्षर गरी तत्कालीन प्रतिनिधि सभाद्वारा पारित एवम् व्यवस्थापिका संसद्‌द्वारा अनुमोदित भई अन्तरिम संविधान, २०६३ मिति २०६३ माघ

१ गतेदेखि लागु भएको थियो । २५ भाग, १६७ धारा र ४ अनुसूची रहेको यस संविधानमा सार्वभौम सत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित रहेको थियो । यो धर्म निरपेक्षतालाई स्वीकार गर्नुको साथै सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्रति प्रतिबद्ध संविधान हो ।

**(च) नेपालको संविधान**

प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीअनुसार पहिलो संविधान सभाको मिति २०६४ साल चैत्र २८ गते भएको निर्वाचनमा ६०१ जना सदस्य निर्वाचित भएका थिए । पहिलो संविधान सभाको कार्यकाल २०६९ जेष्ठ १४ गनेसम्म रहेकोमा संविधान नबनाई अन्त्य भयो । दोस्रो संविधान सभाको चुनाव २०७० मङ्सिर ४ गते भयो । २०७२ भाद्र ३० गते संविधानको विधेयक संविधान सभाबाट दुई तिहाइभन्दा बढी मतले पारित भयो । संविधान सभाका सभासद्‌बाट हस्ताक्षर भएपछि अध्यक्ष सुवास नेम्वाङले संविधान सभाबाट पारित भएको प्रमाणित गरी राष्ट्रपति समक्ष पेस गर्नुभयो । राष्ट्रपति रामवरण यादवले संविधान सभामा आयोजित विशेष समारोहबिच हस्ताक्षर गरी प्रमाणीकरण गर्नुभयो । त्यसपछि २०७२ साल असोज ३ गते नेपालको संविधान जारी गरी नयाँ संविधान लागु भएको घोषणा गरिएको हो । ३५ भाग, ३०८ धारा र ९ अनुसूची रहेको यस संविधानले १३ ओटा संवैधानिक निकाय र सात प्रदेशको व्यवस्था गरेको छ ।

## अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) संविधान भनेको के हो ?

(ख) सरकारको शक्तिमा के ले अङ्कुश लगाउँछ ?

(ग) २००४ सालको संविधानको घोषणा कहिले भयो ?

(घ) २०१५ सालको संविधान सुझाव आयोगका अध्यक्ष को थिए ?

(ङ) नेपालको वर्तमान संविधान कहिले जारी भएको थियो ? पूरा मिति लेख्नुहोस् ।

(च) कस्तो संविधानलाई लिखित संविधान भनिन्छ ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) संविधानलाई किन मूल कानुन भनिन्छ ? प्रस्ट पार्नुहोस् ।

(ख) २०१५ सालको संविधान निर्माण प्रक्रिया ? उल्लेख गर्नुहोस् ।

३. **लामो उत्तर दिनुहोस् :**

(क) नेपालको वर्तमान संविधान कुन प्रक्रियाद्वारा घोषणा गरी लागु गरियो ? विवेचना गर्नुहोस् ।

## क्रियाकलाप

१. कक्षाका विद्यार्थीहरू चार समूहमा विभाजन भई नेपाल सरकार वैधानिक कानुन २००४, नेपाल अधिराज्यको संविधान २०४७ , अन्तरिम संविधान २०६३ र नेपालको वर्तमान संविधानको निर्माण प्रक्रियाको तुलना गरी चार्ट बनाउनुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

# पाठ २ नेपालको संविधानका प्रमुख विशेषता र कार्यान्वयनका चुनौती

**(Main Characteristics of the Constitution of Nepal and Challenges of Implementation)**

**परिचय**

नेपालको संवैधानिक इतिहासमा आजसम्ममा सात ओटा संविधानहरूको निर्माण भएको छ । नेपालमा सातओटा संविधानमध्ये नेपाल सरकार वैधानिक कानुन, २००४ बाहेक छओटा संविधानहरू मात्र लागु भएका छन् । सातओटा संविधानका आआफ्नै विशेषता रहेका छन् । सातओटै संविधानका विशेषताहरू र नेपालको संविधानको कार्यान्वयनमा देखिएका चुनौतीहरूलाई देहायानुसार उल्लेख गरिएको छ :

१. **नेपाल सरकार वैधानिक कानुन,** २००४

नेपाल सरकार वैधानिक कानुन, २००४ राणा प्रधानमन्त्री पद्म शमशेरले वि.सं. २००४ साल माघ १३ गते घोषणा गरेका थिए । यो संविधान निर्माण गर्न नेपालका तीन र भारतका तन जना गरी छ सदस्यीय मस्यौदा समिति गठन भएको थियो । यसलाई २००५ वैशाख १ गतेदेखि लागु हुने गरी घोषणा भएपनि यसको कार्यान्वयन भएन । यसमा ६ भाग, ६८ धारा र १ अनुसूची थिए । यस संविधानका प्रमुख विशेषताहरूलाई देहायानुसार उल्लेख गरिएको छ :

१. पहिलो लिखित संविधान
२. शक्तिको स्रोत ३ मा निहित
३. मौलिक हक र कर्तव्यको व्यवस्था
४. श्री ३ प्रति उत्तरदायी मन्त्रिपरिषद्
५. द्विसदनात्मक व्यवस्थापिका (राष्ट्रसभा र भारदारी सभा)
६. न्यायपालिकाको व्यवस्था
७. सङ्कटकालीन अधिकार श्री ३ मा निहित
८. सत्ता राणा परिवारमा सीमित
९. पाँच सदस्यीय मन्त्रिमण्डल र पदावधि ४ बर्ष
१०. स्थानिय निकायको व्यवस्था

२. **नेपालको अन्तरिम शासन विधान,** २००७

राजा त्रिभुवनले वैधानिक कानुन २००४ लाई खारेज गरी नेपालको अन्तरिम शासन विधान, २००७ लाई वि.सं. २००७ साल चैत्र २९ गते जारी भई लागु भएको थियो । यस संविधानमा ७ भाग, ७३ धारा र ३ अनुसूची थिए । यस संविधानका प्रमुख विशेषताहरूलाई देहायानुसार उल्लेख गरिएको छ :

१. पहिलो पटक संविधानमा राज्यका निर्देशक सिद्धान्तको व्यवस्था
२. राजाले घोषणा गरेको पहिलो संविधान र नेपालको दोस्रो संविधान
३. मौलिक हकको व्यवस्था

४. श्री ५ सहितको मन्त्रिपरिषद्को व्यवस्था
५. व्यवस्थापिका सल्लाहकार सभाको रूपमा
६. प्रधान न्यायालयको व्यवस्था
७. संवैधानिक आयोगको व्यवस्था
८. संविधानको स्रोत श्री ५
९. संविधान संशोधनको व्यवस्था
१०. त्रिपक्षीय सम्झौताबाट निर्माण भएको
११. छ पटक संसोधन भएको

(३) **नेपाल अधिराज्यको संविधान,** २०१५

वि.सं. २०१४ सालमा भगवतीप्रसाद सिंहको अध्यक्षतामा गठन भएको संविधान मस्यौदा कमिसनबाट तयार भएको संविधान श्री ५ महेन्द्रबाट २०१५ साल फागुन १ गते नेपाल अधिराज्यको संविधान, २०१५ घोषणा भई लागु भयो । यस संविधानलाई विगतका संविधानको तुलनामा बढी प्रजातान्त्रिक संविधान मानिन्छ । यस संविधानले बेलायती शासन प्रणालीअनुरूप संवैधानिक राजतन्त्र र संसदीय शासन प्रणालीलाई समेट्न खोजेको देखिन्छ । यस संविधानमा १० भाग, ७७ धारा र १० अनुसूची रहेका थिए । यस संविधानका प्रमुख विशेषताहरूलाई देहायअनुसार उल्लेख गरिएको छ :

१. राजाद्वारा घोषणा गरिएको संविधान
२. संसद्प्रति उत्तरदायी सरकार
३. मौलिक हकको व्यवस्था
४. मन्त्रिमण्डलको व्यवस्था
५. द्विसदनात्मक व्यवस्थापिका (महासभा र प्रतिनिधि सभा)
६. स्वतन्त्र न्यायपालिका
७. संवैधानिक आयोगको व्यवस्था
८. सार्वभौमसत्ता श्री ५ मा निहित
९. सङ्कटकालीन अधिकार श्री ५ मा निहित
१०. संविधान मूल कानुन
११. सङ्क्रमणकालीन व्यवस्था
१२. संविधान संशोधनको व्यवस्था
१३. देवनागरी लिपिको नेपाली भाषालाई प्रथम पटक राष्ट्रभाषाको मान्यता प्रदान

४. **नेपालको संविधान,** २०१९

२०१९ साल वैशाख २६ का दिन ऋषिकेश शाहको अध्यक्षतामा गठित छ सदस्यीय संविधान मस्यौदा आयोगद्वारा यो संविधानको मस्यौदा तयार पारिएको थियो । यही मस्यौदाका आधारमा श्री ५ महेन्द्रबाट २०१९ पौष १ का दिन नेपालको संविधान घोषणा भई लागु भएको थियो । यस संविधानमा २० भाग, ९७ धारा

र ६ अनुसूची थिए । यो संविधानमा पहिलो संशोधन २०२३ माघ १४, दोस्रो संशोधन २०३२ मङ्सिर २६ र तेस्रो संशोधन २०३७ पौष १ गते गरिएको थियो । यस संविधानका प्रमुख विशेषताहरूलाई देहायअनुसार उल्लेख गरिएको छ :

१. दलविहीन पञ्चायती व्यवस्था
२. मौलिक हक र कर्तव्यको व्यवस्था
३. मन्त्रिपरिषद्को व्यवस्था
४. कार्यकारिणी अधिकार श्री ५ बाट प्रयोग हुने
५. एक सदनात्मक व्यवस्थापिकाको रूपमा राष्ट्रिय पञ्चायतको व्यवस्था
६. न्यायपालिकाको व्यवस्था
७. संवैधानिक आयोगको व्यवस्था
८. सार्वभौमसत्ता श्री ५ मा निहित
९. सङ्कटकालीन अधिकार श्री ५ मा निहित
१०. हिन्दु अधिराज्यको घोषणा
११. राज्यका निर्देशक सिद्धान्तको व्यवस्था
१२. संविधान मूल कानुन
१३. संविधान संशोधनको व्यवस्था

### ५. **नेपाल अधिराज्यको संविधान,** २०४७

२०४६ सालको प्रथम जन आन्दोलनपछि जारी भएको यस संविधानमा प्रजातान्त्रीकरणको लहरसँगै विश्वमा स्थापित हुन पुगेका प्रजातन्त्रका मूल्य र मान्यतालाई बढी मात्रामा समेट्न खोजिएको थियो । संविधान निर्माणको क्रममा जनताको राय सुझाव लिई विश्वनाथ उपाध्यायको अध्यक्षतामा गठित ९ सदस्यीय संविधान सुधार सुझाव आयोगले तयार गरेको मस्यौदालाई तत्कालीन मन्त्रिपरिषद्को सल्लाह र सम्मतिअनुसार राजा वीरेन्द्रबाट २०४७ साल कात्तिक २३ गते घोषणा गरी लागु भयो । यस संविधानमा २३ भाग, १३३ धारा र ३ अनुसूची थिए । यस संविधानका प्रमुख विशेषताहरूलाई देहायअनुसार उल्लेख गरिएको छ :

१. संविधान देशको मूल कानुन
२. संवैधानिक राजतन्त्र
३. बहुदलीय प्रजातन्त्र
४. बालिग मताधिकार
५. संसदीय शासन प्रणाली
६. सार्वभौम सत्ता जनतामा
७. मन्त्रिपरिषद्को व्यवस्था
८. द्विसदनात्मक व्यवस्थापिका
९. स्वतन्त्र न्यायपालिका

१०. कानुनी राज्य
११. संविधान संशोधनको व्यवस्था
१२. राज्यका निर्देशक सिद्धान्तहरू
१३. आधारभूत मानव अधिकार
१४. मौलिक हकको व्यवस्था
१५. सङ्कटकालीन अधिकारको व्यवस्था
१६. संवैधानिक परिषद्को व्यवस्था
१७. संवैधानिक आयोगको व्यवस्था

६. **नेपालको अन्तरिम संविधान**, २०६३

२०६३ असार २ गतेका दिन सात राजनीतिक दल र माओवादीबिच अन्तरिम संविधान निर्माण गर्ने पक्षमा ८ बुँदे सहमतिपत्रमा हस्ताक्षर भयो । यसैबिच सरकार र माओवादी वार्ता टोलीले लक्ष्मणप्रसाद अर्यालको संयोजकत्वमा १६ सदस्यीय अन्तरिम संविधान मस्यौदा समितिको घोषणा गऱ्यो । यस मस्यौदा समितिले २०६३ भाद्र १० गते दुवै वार्ता टोलीसमक्ष मस्यौदा संविधान बुझायो । उक्त मस्यौदा संविधानमा आठ राजनीतिक दलले हस्ताक्षर गरी अन्तरिम संविधान, २०६३, २०६३ माघ १ गते तत्काल विद्यमान प्रतिनिधि सभाद्वारा पारित तथा व्यवस्थापिका संसद्द्वारा अनुमोदित भई सोही मितिदेखि लागु भयो । यस संविधानमा २५ भाग, १६७ धारा र ३ अनुसूची छन् । अन्तरिम संविधान, २०६३ को प्रमुख विशेषताहरूलाई देहायअनुसार उल्लेख गरिएको छ :

१. नेपाली जनताको नामबाट जारी गरिएको नेपालको पहिलो संविधान
२. सहमतिको दस्तावेज (सात राजनीतिक दल र ने.क.पा. माओवादीबिच)
३. संविधान मूल कानुन
४. मौलिक हकको व्यवस्था
५. संविधान सभाको व्यवस्था
६. कार्यकारी अधिकारप्राप्त राष्ट्रपति र मन्त्रिपरिषद्
७. एक सदनात्मक व्यवस्थापिका संसद्को व्यवस्था
८. स्वतन्त्र न्यायपालिका
९. सङ्कटकालीन अधिकार मन्त्रिपरिषद्मा
१०. नेपाल गणतन्त्रात्मक राज्य
११. संवैधानिक राजतन्त्र
१२. संविधानको स्रोत नेपाली जनता
१४. बहुदलीय लोकतान्त्रिक शासन प्रणाली
१५. राजाको भूमिकाको अन्त्य

१६.	राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूको व्यवस्था

१७.	संवैधानिक परिषद्को व्यवस्था

१५.	संवैधानिक आयोगको व्यवस्था

**७.	नेपालको संविधान**

दोस्रो संविधान सभाको निर्वाचन २०७० मंसिर ४ गते सम्पन्न भएको थियो । दोस्रो संविधान सभाबाट निर्माण गरिएको नेपालको संविधान, राष्ट्रपति रामवरण यादवले २०७२ साल असोज ३ संविधान सभा हलबाट घोषणा गरेका थिए । यो संविधान नेपालको संवैधानिक इतिहासमा सातौँ संविधानको रूपमा रह्यो । नेपालको संविधानको कार्यान्वयनसँगै नेपाल एकात्मक राज्यप्रणालीबाट सङ्घात्मक संसदीय शासन प्रणालीमा प्रवेश गरेको छ । यस संविधानमा ३५ भाग, ३०८ धारा र ९ अनुसूचीहरू रहेका छन् । नेपालको संविधानका प्रमुख विशेषताहरूलाई देहायअनुसार उल्लेख गरिएको छ :

१.	संविधान सभाबाट बनेको संविधान

२.	सार्वभौम सत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित

३.	गणतन्त्रात्मक संविधान

४.	संविधान मूल कानुन

५.	मौलिक हक र कर्तव्यको व्यवस्था

६.	कानुनको शासन

७.	राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व

८.	सङ्घीय कार्यपालिका

९.	सङ्घीय व्यवस्थापिका

१०.	स्वतन्त्र न्यायपालिका

११.	सङ्घीय लोकतान्त्रिक शासन प्रणाली

१२.	कानुनको शासन

१३.	समावेशिता

१४.	संसदीय सुनुवाइसम्बन्धी व्यवस्था

१५.	संवैधानिक आयोगहरूको व्यवस्था

१६.	नागरिकतासम्बन्धी व्यवस्था

## अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) लागु नभएको नेपालको संविधान कुन हो ?

(ख) नेपाल अधिराज्यको संविधान २०१५ मा सङ्कटकालको अधिकार कसमा थियो ?

(ग) नेपालको अन्तरिम शासन विधान २००७ मा कति धारा थिए ?

(घ) नेपालको संविधान २०१९ मा सार्वभौम सत्ता कसमा निहित थियो ?

(ङ) नेपालको संविधान र सङ्घीय कानुनले नेपालमा कति तहको सरकारको व्यवस्था गरेको छ ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) नेपाल सरकार वैधानिक कानुन २००४ का कुनै छओटा विशेषताहरूको सूची बनाउँनुहोस् ।

(ख) नेपाल अधिराज्यको संविधान २०१५ का कुनै छ विशेषताहरू लेख्नुहोस् ।

(ग) नेपालको संविधान, २०१९ का कुनै आठओटा विशेषताहरू लेख्नुहोस् ।

(घ) २०४७ सालको संविधान र २०७२ सालको संविधानको बिचमा कुनै पाँचओटा भिन्नताहरू छुट्याउनुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) अन्तरिम संविधान २०६३ र वर्तमान संविधानका विशेषताहरूको तुलनात्मक विश्लेषण गर्नुहोस् ।

## क्रियाकलाप

१. कक्षाका विद्यार्थीको ४ समूह बनाई नेपालको अन्तरिम शासन विधान, २००७ , नेपालको संविधान २०१९, नेपालको अधिराज्यको संविधान २०४७ र नेपालको संविधानका विशेषताहरूलाई तुलना गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

एकाइ
४

# स्थानीय, प्रादेशिक र सङ्घीय तह
**(Local, Provincial and Federal Level)**

## पाठ १ प्रादेशिक र सङ्घीय तह
**(Provincial and Federal Level)**


### परिचय

नेपालको संविधान २०७२ र सङ्घीय कानुनबमोजिम नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली लागु गरिएको छ । नेपालको संविधानअनुसार नेपालको शासनको स्वरूप सङ्घ, प्रदेश र स्थानीय तीन तहको हुने व्यवस्था छ । नेपालमा सङ्घीय शासन प्रणाली छ । नेपालको संविधानबमोजिम केन्द्रमा सङ्घीय तह, प्रदेशमा प्रादेशिक तह र स्थानीय तहको व्यवस्था छ । प्रादेशिक तह र सङ्घीय तहलाई देहायअनुसार उल्लेख गरिएको छ :

### १. प्रादेशिक तह (Provincial Level)

नेपालको संविधान २०७२ अनुसार सात प्रदेशको व्यवस्था गरिएको छ । प्रदेश तहमा प्रादेशिक तह हुने गरी राज्यको संरचना बनेको छ । प्रदेश सरकारले नेपालको संविधान तथा सङ्घीय कानुनबमोजिम नेपालको राज्य शक्तिको प्रयोग गर्ने व्यवस्था गरिएको छ । नेपालको संविधान र सङ्घीय शासन प्रणालीअनुसार प्रत्येक प्रदेशमा देहायबमोजिमका जिल्लाहरू रहने गरी सात प्रदेशको निर्माण गरिएको छ ।

| प्रदेश नं. | प्रादेशिक तहमा रहेका जिल्लाहरू |
|---|---|
| १. | १. ताप्लेजुङ २. पाँचथर ३. इलाम ४. झापा ५. सङ्खुवासभा ६. तेह्रथुम ७. धनकुटा ८. भोजपुर ९. खोटाङ १०. सोलुखुम्बु ११. ओखलढुङ्गा १२. उदयपुर १३. मोरङ १४. सुनसरी |
| २. | १. सप्तरी २. सिरहा ३. धनुषा ४. महोत्तरी ५. सर्लाही ६. रौतहट ७ बारा ८. पर्सा |
| ३. | १. दोलखा २. रामेछाप ३. सिन्धुली ४. काभ्रेपलाञ्चोक ५. सिन्धुपाल्चोक ६. रसुवा ७ नुवाकोट ८. धादिङ ९. चितवन १०. मकवानपुर ११. भक्तपुर १२. ललितपुर १३. काठमाडौँ |
| ४. | १. गोरखा २. लमजुङ ३. तनहुँ ४. कास्की ५. मनाङ ६. मुस्ताङ ७ पर्वत ८. स्याङ्जा ९.म्याग्दी गण्डकी प्रदेश १०.बाग्लुङ ११. नवलपरासी (बर्दघाट सुस्ता पूर्व) |
| ५. | १. नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) २. रूपन्देही ३. कपिलवस्तु ४. पाल्पा ५. अर्घाखाँची ६. गुल्मी ७ रुकुम (पूर्वी भाग) ८. रोल्पा ९. प्युठान १०. दाङ ११. बाँके १२. बर्दिया। |
| ६. | १.रुकुम (पश्चिम भाग) २. सल्यान ३. डोल्पा ४. जुम्ला ५. मुगु ६. हुम्ला ७ कालिकोट कर्णाली प्रदेश ८. जाजरकोट ९. दैलेख १०. सुर्खेत । |
| ७. | १.बाजुरा २. बझाङ ३. डोटी ४. अछाम ५. दार्चुला ६. बैतडी ७ दार्चुला ८. कञ्चनपुर । सुदूरपश्चिम ९. कैलाली |




नेपालको संविधानअनुसार सङ्घीय संरचनाअनुरूप प्रदेश तहको अधिकार नेपालको संविधानको अनुसूची ६,७ र ९ मा तोकेको छ । प्रदेश सरकारले आफूलाई तोकेको अधिकारको प्रयोग गर्दा नेपालको संविधान तथा प्रदेश कानुनमा व्यवस्था भएबमोजिम प्रयोग गर्न पाउने व्यवस्था गरिएको छ ।

नेपालको संविधान र सङ्घीय कानुनबमोजिम प्रदेश सभाले आफ्नो प्रदेश तहको कानुन बनाउन सक्ने र सङ्घीय कानुनले तोकेको समयमा आफ्नो तहका लागि आवश्यक बजेट बनाई पेस गर्न सक्ने व्यवस्था पनि गरिएको छ ।

### (ख) सङ्घीय तह (Federal level)

नेपालको संविधान (२०७२) र सङ्घीय कानुनबमोजिम नेपालको केन्द्रीय तहमा रहने सरकारलाई सङ्घीय सरकार भनिन्छ । सङ्घीय शासनको स्वरूप बहुदलीय प्रतिस्पर्धात्मक संसदीय शासन प्रणालीलाई अङ्गीकार गरिएको छ । सङ्घीय गणतन्त्रलाई अङ्गीकार गरी संसदीय शासन प्रणालीका आधारभूत सिद्धानतलाई अवलम्बन गरिएको छ ।

नेपालको संविधानबमोजिम नेपालमा राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग र दलको हुनुपर्ने व्यवस्था गरिएको छ । राष्ट्रपति नेपालको राष्ट्राध्यक्षको रूपमा रहन्छन् । केन्द्रीय तहको सरकारको रूपमा सङ्घीय सरकारलाई लिइएको छ ।

## अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) नेपालको शासन स्वरूप कति तहको रहेको छ ?

(ख) नेपालमा कुन शासन प्रणाली लागु गरिएको छ ?

(ग) नेपालको संविधानअनुसार नेपाललाई कति तहमा विभाजन गरिएको छ ?

(घ) नेपालमा राष्ट्राध्यक्षको रूपमा कस्लाई लिइन्छ ?

(ङ) प्रदेश नं. ६ लाई कुन नामले नामाकरण गरिएको छ ?

(च) क्षेत्रफलको हिसाबले सबभन्दा सानो र सबभन्दा ठुलो प्रदेश कुन कुन हुन् ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) प्रदेश नं १ मा कुन कुन जिल्लाहरू छन् ? सूची बनाउनुहोस् ।

(ख) प्रादेशिक सरकार र सङ्घीय सरकारका कुनै चार भिन्नता छुट्याउनुहोस् ।

३. **लामो उत्तर दिनुहोस् :**

(क) नेपालको नक्शा बनाई प्रादेशिक विभाजन देखाउनुहोस् ।

## क्रियाकलाप

१. कक्षाका विद्यार्थीहरू ७ समूह बनाई नेपालका सात प्रदेशमा पर्ने जिल्लाहरूसहितको नक्शा बनाई कक्षा कोठामा प्रस्तुत गर्नुहोस् । यो प्रश्न समूहगत क्रियाकलापमा उपयुक्त भएन परिवर्तन गर्ने

# पाठ २ प्रादेशिक तहको सरकार
## (Government of Provincial Level)

### परिचय

प्रदेश तहमा रहने प्रादेशिक कार्यपालिका नै प्रादेशिक सरकार हो । प्रदेशमा प्रादेशिक तहको सरकारले नेपालको संविधान तथा सङ्घीय कानुनबमोजिम नेपालको राज्यशक्तिको प्रयोग गर्ने व्यवस्था गरिएको छ । प्रदेश सरकारले नेपालको संविधान र सङ्घीय कानुनबमोजिम प्रदेशको सरकार सञ्चालन गर्दछ ।

### १. प्रादेशिक तहको कार्यपालिका

कार्यपालिकाको काम कानुन कार्यान्वयन गर्नु हो । प्रादेशिक सरकारको कार्यकारिणी अधिकारको प्रयोग प्रदेश मन्त्रिपरिषद्ले गर्दछ । प्रादेशिक मन्त्रिपरिषद् प्रदेश तहको कार्यपालिका हो । यस अर्थमा प्रादेशिक मन्त्रिपरिषद्ले प्रदेश सरकारको शासन सञ्चालन गर्दछ । प्रदेश कार्यपालिकाले सरकार सञ्चालन गर्दछ । नेपालको संविधान र सङ्घीय कानुन बमोजिम विधिवत रूपमा गठन भएको प्रादेशिक कार्यपालिकाका सम्बन्धमा देहायअनुसार उल्लेख गरिएको छ ।




#### (क) कार्यकारिणी अधिकार

प्रदेशको कार्यकारिणी अधिकार प्रादेशिक मन्त्रिपरिषद्मा रहन्छ । नेपालको संविधान र अन्य कानुनको अधीनमा रही प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा प्रदेश मन्त्रिपरिषद्मा रहने व्यवस्था गरिएको छ ।

#### (ख) प्रदेश मन्त्रिपरिषद्को अधिकार क्षेत्र

प्रदेश तहको मन्त्रिपरिषद्ले प्रदेशको अधिकार क्षेत्रभित्रको विषयमा कार्यकारिणी अधिकार प्रयोग गर्दछ ।

नेपालको संविधानमा सङ्घ र प्रदेशको साझा अधिकारको सूची छ । उक्त साझा सूचीमा उल्लिखित अधिकार क्षेत्रको प्रयोग गर्दा प्रदेश मन्त्रिपरिषद्ले नेपाल सरकारसँग समन्वय गर्नुपर्दछ ।

**(ग) प्रदेश प्रमुख**

प्रत्येक प्रदेशमा प्रदेशको प्रमुखको रूपमा एक जना प्रदेश प्रमुख रहन्छन् । नेपाल सरकारको प्रतिनिधिको रूपमा प्रदेश प्रमुख रहन्छन् । राष्ट्रपतिले नेपाल सरकार मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखको नियुक्ति गर्दछन् । प्रदेश प्रमुखको पदावधि पाँच वर्षको हुने छ । एउटै व्यक्ति एक पटकभन्दा बढी एकै प्रदेशमा प्रदेश प्रमुख हुन नसक्ने व्यवस्था छ । प्रदेश प्रमुखले संविधान र कानुनबमोजिम आफूलाई प्राप्त अधिकारको प्रयोग र कर्तव्यको पालना गर्नुपर्ने उल्लेख गरिएको छ । प्रदेश प्रमुखले तोकिएको कार्यबाहेक अन्य कार्य गर्दा प्रदेश मन्त्रिपरिषद्को सिफारिस र सम्मतिमा गर्ने व्यवस्था संविधानमा गरिएको छ ।

**(घ) प्रादेशिक तहको मन्त्रिपरिषद्**

प्रदेश मन्त्रिपरिषद्को प्रमुख मुख्यमन्त्री हुने व्यवस्था छ ।

प्रदेश मन्त्रिपरिषद्को गठनका सम्बन्धमा संविधानले देहायबमोजिम व्यवस्था गरेको छः

१. प्रदेश प्रमुखले प्रदेश सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्ने र निजको अध्यक्षतामा प्रदेश मन्त्रिपरिषद्को गठन हुने छ ।

२. प्रदेश सभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभाको सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गरी निजको अध्यक्षतामा मन्त्रिपरिषद् गठन गरिने छ ।

३. दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा पनि मुख्यमन्त्री नियुक्त हुन नसकेमा वा तोकिएको अवधिभित्र प्रदेश सभाको विश्वासको मत पाउन नसकेमा प्रदेश प्रमुखले प्रदेश सभामा सबैभन्दा बढी सदस्यहरू भएको दलको संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्ने र त्यस्तो मुख्यमन्त्रीले नियुक्त भएको तिस दिनभित्र विश्वासको मत लिनुपर्ने छ ।

४. सोबमोजिम नियुक्त मुख्यमन्त्रीले तोकिएको अवधिमा विश्वासको मत पाउन नसकेमा एकपटक पुनः प्रदेश सभाको बहुमत पाउन सक्ने सदस्यलाई मुख्यमन्त्री नियुक्त गर्न सकिने र निजले नियुक्त भएका मितिले तिस दिनभित्र प्रदेश सभाको विश्वासको मत लिनुपर्ने छ ।

यसरी नियुक्त भएको व्यक्तिले पनि तोकिएको अवधिभित्र प्रदेश सभाको विश्वासको मत पाउन नसकेमा मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखले प्रदेश सभा विघटन गरी छ महिनाभित्र अर्को प्रदेश सभाको निर्वाचनको मिति तोक्न सक्ने छ ।

**(ङ) प्रादेशिक तहको मन्त्रिपरिषद्को सङ्ख्या**

१. प्रदेशको मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश मन्त्रिपरिषद् गठन गर्दा प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा प्रदेश सभाका सदस्यमध्येबाट समावेशी सिद्धान्तबमोजिम मुख्यमन्त्रीसहित प्रदेश सभाका


कूल सदस्य सङ्ख्याको बिस प्रतिशतभन्दा बढी नहुने गरी प्रदेश मन्त्रिपरिषद् गठन गर्नुपर्ने व्यवस्था छ ।

२. प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा प्रदेश सभाको सदस्य नभएको कुनै व्यक्तिलााई मन्त्री, राज्यमन्त्री वा सहायक मन्त्री पदमा नियुक्त गर्न सक्छ । तर निजले छ महिना भित्र प्रदेश सभाको सदस्य हुनुपर्छ । अन्यथा त्यस्तो व्यक्ति तत्काल कायम रहेको प्रदेश सभाको अवधिभर मन्त्री बन्न पाउने छैन ।

३. प्रदेश सभाको निर्वाचनमा पराजित भएको व्यक्ति सो प्रदेश सभाको कार्यकालभर मन्त्री, राज्य मन्त्री वा सहायक मन्त्री बन्न नपाइने व्यवस्था रहेको छ ।

## २. प्रादेशिक व्यवस्थापिका

नेपालको संविधान,मा उल्लेख भएबमोजिम सङ्घीय कानुनअनुसार नेपालले सङ्घीय संसदीय शासन प्रणाली अङ्गीकार गरेको छ । प्रदेशभित्र बसोवास गर्ने मतदाताहरूले बालिग मताधिकारको आधारमा मतदानमा भाग लिई निर्वाचित जन प्रतिनिधिहरूबाट बन्ने प्रदेशको सभालाई नै प्रदेश सभा भनिन्छ । बालिग मताधिकारको आधारमा गठन भएको प्रादेशिक (प्रदेश) तहमा रहेको एक संसदीय प्रदेश सभा प्रादेशिक तहको महत्त्वपूर्ण अङ्ग हो । प्रदेशमा एकसदनात्मक व्यवस्थापिकाको व्यवस्था गरिएको छ जसलाई प्रदेश सभा भनिन्छ । प्रादेशिक व्यवस्थापिकाबारे निम्नानुसार उल्लेख गरिएको छ :



(क) **प्रादेशिक व्यवस्थापिकाको गठन**

प्रदेश सभाको गठन हुँदा देहायबमोजिमको सङ्ख्यामा सदस्यहरू रहन्छन् :

१. प्रदेश सभाबाट प्रतिनिधि सभामा प्रत्यक्ष निर्वाचनबाट निर्वाचित हुने सङख्याको दोब्बर हुन आउने सदस्य र

२. प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित सदस्य सङ्ख्यालाई साठी प्रतिशत मानी बाँकी चालिस प्रतिशतमा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने सदस्य रहन्छन् ।

(ख) **प्रादेशिक व्यवस्थापिकाको उम्मेदवारी**

१. समानुपातिक निर्वाचन प्रणालीअनुसार प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिबासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसङ्ख्यक समुदायसमेतबाट नेपालको संविधान र सङ्घीय कानुनमा उल्लेख भएबमोजिम बन्द सूचीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था छ ।

२. दलहरूले उम्मेदवारी दिँदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिई अपाङ्गता भएका व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्छ ।

३. प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित हुने कुल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था छ ।

४. प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित हुने सदस्यहरूमध्ये कुनै राजनीतिक दलको एक तिहाइ सदस्य महिला निर्वाचित नभएको अवस्थामा त्यस्तो राजनीतिक दलले समानुपातिक निर्वाचन प्रणालीअनुसार सदस्यको निर्वाचित गर्दा आफ्नो दलबाट प्रदेश सभामा निर्वाचित हुने कुल सदस्य सङ्ख्याको कम्तिमा एक तिहाइ महिला सदस्य हुने गरी निर्वाचित गर्नुपर्छ ।

५. प्रदेश सभाको हकमा पनि एउटै व्यक्ति एकभन्दा बढी निर्वाचन क्षेत्रमा एकै पटक उम्मेदवार हुन नपाउने व्यवस्था गरिएको छ ।

(ग) **प्रादेशिक व्यवस्थापिकाको कार्यकाल**

नेपालको संविधान र सङ्घीय कानुनबमोजिम अगावै विघटन भएकोमा बाहेक प्रदेश सभाको कार्यकाल पाँच वर्षको हुने छ । तर सम्बन्धित प्रदेशमा सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश लागु रहेको अवस्थामा प्रदेश ऐनबमोजिम प्रदेश सभाको कार्यकाल एक वर्षमा नबढ्ने गरी थप गर्न सकिने व्यवस्था छ ।

## ३. उच्च अदालत

प्रजातन्त्रको सुदृढीकरण न्यायपालिकाको स्वतन्त्रता र सक्षमतामा निर्भर गर्दछ । यही कुरालाई मध्यनजर राखेर नेपालको वर्तमान संविधानले स्वतन्त्र न्यायपालिकाको व्यवस्था गरेको छ । नागरिकका मौलिक हक अधिकारको संरक्षण गर्न र सरकारलाई कानुनी राज्यको अवधारणा अनुरूप कार्य गराउन लगाउने कार्य स्वतन्त्र र सक्षम न्यायलयले नै गर्न सक्दछ । यही मान्यतालाई वर्तमान संविधानले आत्मसात गरेको छ ।

नेपालको संविधान, (२०७२) मा उल्लेख भएबमोजिम प्रत्येक प्रदेशमा एक उच्च अदालत रहने छ । उच्च अदालतका सम्बन्धमा निम्नानुसार छ :

**(क) उच्च अदालतको अधिकार क्षेत्र**

उच्च अदालतको अधिकार क्षेत्रमा सुरु मुद्दा हेर्ने, पुनरावेदन सुन्ने र साधक जाँच्ने रहेका छन् । साथै रिट जारी गर्ने र नागरिक हक तथा सार्वजनिक सरोकारकाको प्रयोजनका लागि उच्च अदालतले बन्दी प्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेद, अधिकार पृच्छालगायत जुनसुकै आदेश जारी गर्न सक्ने छ ।




(ख) न्यायाधीशको नियुक्ति : उच्च अदालतका मुख्य न्यायाधीश तथा न्यायाधीशको नियुक्ति न्याय परिषद् को सिफारिसमा प्रधान न्यायाधीशबाट हुने व्यवस्था छ ।

(ग) पदावधि : उच्च अदालतका न्यायाधीशहरू ६३ वर्षको उमेरसम्म बहाल रहनेछन् ।

6

## अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) प्रदेश सभा के लाई भनिन्छ ?

(ख) प्रदेश प्रमुखको पदावधि कति वर्षको हुन्छ ?

(ग) मुख्यमन्त्रीको नियुक्ति को बाट हुन्छ ?

(घ) मुख्यमन्त्रीको नियुक्ति भएको कतिदिनभित्र विश्वासको मत लिनुपर्छ ?

(ङ) प्रदेश प्रमुख कस्को प्रतिनिधिको रूपमा नियुक्त हुन्छन् ?

(च) प्रदेश प्रमुखको नियुक्ति कसले गर्दछ ?

(छ) प्रादेशिक सरकारको कार्यकारिणी अधिकारको प्रयोग कस्ले गर्दछ ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) प्रदेश मन्त्रिपरिषद्को गठन कसरी हुन्छ ? स्पष्ट गर्नुहोस् ।

(ख) साझा सूचीमा रहेका अधिकार क्षेत्रको प्रयोग प्रदेश मन्त्रिपरिषद्ले कसरी गर्दछ ?

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) प्रादेशिक तहको कार्यपालिकाको कार्यहरूको व्याख्या गर्नुहोस् ।

(ख) उच्च अदालतको अधिकार क्षेत्रको विवेचना गर्नुहोस् ।

## क्रियाकलाप

१. विद्यार्थीहरूले आफ्नो क्षेत्रको प्रादेशिक तहको कार्यपालिका अङ्गबारे प्राथमिक/द्वित्तीय स्रोतको प्रयोग गरी एकाइ १० को ढाँचामा परियोजना कार्य गर्नुहोस् र प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।


# पाठ ३ सङ्घीय तहको सरकार
## (Government of Federal Level)

### परिचय

केन्द्रमा रहने सरकारलाई सङ्घीय सरकार भनिन्छ । सङ्घीय सरकारले नेपालको संविधान २०७२ र सङ्घीय कानुनबमोजिम नेपालको राज्यशक्तिको प्रयोग गर्ने व्यवस्था गरिएको छ । नेपालको संविधान बमोजिम नेपालले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई अङ्गिीकार गरेको छ । नेपाललाई सङ्घ, प्रदेश र स्थानीय तीन तहमा राज्यको पुनर्संरचना गरिएको छ । नेपालको संविधान र सङ्घीय कानुनबमोजिम नेपालको सङ्घीय सरकारमा राष्ट्रपति र मन्त्रिपरिषद्को संयुक्त रूपमा अबद्ध गरी शासन व्यवस्था सञ्चालन गर्ने व्यवस्था गरिएको छ । सङ्घीय सरकारमा सङ्घीय कार्यपालिका, सङ्घीय व्यवस्थापिका र न्यायपालिकाको व्यवस्था गरिएको छ । नेपालको संविधान र सङ्घीय कानुनबमोजिम विधिवत रूपमा गठन भएको सङ्घीय संरचनाको विभिन्न पक्षहरूलाई देहायअनुसार उल्लेख गरिएको छ :

### १. सङ्घीय कार्यपालिका

नेपालको केन्द्रमा रहने सङ्घीय सरकारलाई सङ्घीय कार्यपालिका भनिन्छ । सङ्घीय कार्यपालिकाको काम कानुन कार्यान्वयन गर्नु हो । सङ्घीय सरकारको कार्यकारिणी अधिकारको प्रयोग मन्त्रिपरिषद्ले गर्दछ । यस अर्थमा मन्त्रिपरिषद्ले सरकारको शासन सञ्चालनको काम गर्दछ । कार्यपालिकाले सरकारको सञ्चालन गर्दछ । नेपालको संविधान र सङ्घीय कानुनबमोजिम विधिवत रूपमा गठन भएको सङ्घीय कार्यपालिकाको देहायअनुसार उल्लेख गरिएको छ ।



**(क) सङ्घीय कार्यकारिणी अधिकार**

सङ्घीय मन्त्रिपरिषद्ले कार्य गर्ने अधिकार नै सङ्घीय कार्यकारिणी अधिकार हो । सङ्घीय कार्यकारिणी अधिकार सङ्घीय मन्त्रिपरिषद्मा रहन्छ । नेपालको संविधान र सङ्घीय कानुनको अधीनमा रही नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषद्मा रहने व्यवस्था छ ।

**(ख) सङ्घीय कार्यपालिकाको अधिकार क्षेत्र**

सङ्घीय मन्त्रिपरिषद्ले सङ्घको अधिकार क्षेत्रभित्रको विषयमा कार्यकारिणी अधिकार प्रयोग गर्दछ । सङ्घ र प्रदेशको साझा अधिकारको प्रयोग गर्दा नेपालको संविधान, सङ्घीय कानुन तथा प्रदेश कानुनबमोजिम गर्नुपर्दछ ।

**(ग) राष्ट्रपति र उपराष्ट्रपति**

नेपालमा एक राष्ट्रपति एक उपराष्ट्रपति रहनेछन् । राष्ट्रपति नेपालको राष्ट्राध्यक्ष हुनेछन् । राष्ट्रपतिको अनुपस्थितिमा राष्ट्रपतिबाट गरिने कार्यहरू उपराष्ट्रपतिबाट सम्पादन गरिने व्यवस्था छ । राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सङ्घीय संसद्का सदस्य र प्रदेश सभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डलको बहुमतबाट हुने व्यवस्था रहेको छ । निर्वाचित राष्ट्रपति र उपराष्ट्रपतिको पदावधि ५ वर्षको हुन्छ ।

**(१) सङ्घीय मन्त्रिपरिषद्**

१. सङ्घीय मन्त्रिपरिषद्को प्रमुख प्रधानमन्त्री हुने व्यवस्था छ ।

संविधानले सङ्घीय कार्यपालिकाको रूपमा मन्त्रिपरिषद्को गठन देहायबमोजिम हुने उल्लेख गरेको छ :

(क) राष्ट्रपतिले प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्रीमा नियुक्त गर्ने र निजको अध्यक्षतामा मन्त्रिपरिषद् गठन हुनेछ ।

(ख) यसरी मन्त्रिपरिषद् गठन गर्दा प्रतिनिधि सभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने व्यक्तिलाई राष्ट्रपतिले प्रधानमन्त्रीमा नियुक्त गर्ने छन् ।

(ग) दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा पनि प्रधानमन्त्री बन्न नसकेमा सबैभन्दा बढी सदस्यहरू भएका दलको संसदीय दलको नेतालाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्ने र यसरी नियुक्त भएका प्रधानपन्त्रीले तिस दिनभित्र प्रतिनिधि सभाबाट विश्वासको मत लिनुपर्ने छ ।

(घ) सोबमोजिम नियुक्त प्रधानमन्त्रीले प्रतिनिधि सभामा विश्वासको मत पाउन नसकेमा एक पटक पुनः बहुमतको समर्थन पाउन सक्ने प्रतिनिधि सभा सदस्यलाई प्रधानपन्त्रीमा नियुक्त गर्ने र निजले पनि नियुक्त भएको मितिले तिस दिनभित्र विश्वासको मत लिनुपर्ने छ ।

(ङ) यसरी नियुक्त प्रधानमन्त्रीले पनि तोकिएको अवधिमा विश्वासको मत लिन नसकेमा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधि सभाको विघटन गरी ६ महिनाभित्र अर्को निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्नुपर्ने छ ।

नेपालको संविधानबमोजिम मन्त्रिपरिषद् गठन गर्दा राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा सङ्घीय संसद्का सदस्यमध्येबाट समावेशी सिद्धान्तबमोजिम बढीमा पच्चिस जना मन्त्री रहने गरी मन्त्रिपरिषद् गठन गर्ने व्यवस्था छ ।

यसरी मन्त्रिपरिषद् गठन गर्दा राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा सङ्घीय संसद्को सदस्य नभएको कुनै व्यक्तिलाई उपप्रधानमन्त्री, मन्त्री, राज्य मन्त्री वा सहायक मन्त्री पदमा नियुक्त गर्न सक्छ । तर यसरी नियुक्त भएको व्यक्तिले छ महिनाभित्र सङ्घीय संसद्को सदस्यता प्राप्त गर्नुपर्छ । सोबमोजिम प्रतिनिधि सभाको सदस्यता प्राप्त गर्न नसकेमा त्यस्तो व्यक्ति तत्काल कायम रहेको प्रतिनिधि सभाको कार्यकालभर पुन: मन्त्री पदमा नियुक्त हुन पाउँदैन ।

(२) **सङ्घीय व्यवस्थापिका**

नेपालको सङ्घीय व्यवस्थापिका दुई सदनात्मक छ । नेपालमा व्यवस्थापिकालाई संसद् भनिन्छ । संसद्को तल्लो सदन प्रतिनिधि सभा हो भने माथिल्लो सदन राष्ट्रिय सभा हो । बालिग मताधिकारको आधारमा आम निर्वाचनद्वारा निर्वाचित प्रतिनिधिहरूबाट गठन भएको सङ्घीय संसद् नै व्यवस्थापिका हो । जननिर्वाचित प्रतिनिधिको उपस्थिति रहेको संसद्मा बहुमत प्राप्त दलको नेताको नेतृत्वमा सरकार गठन हुनु नै संसदीय प्रणाली हो । सङ्घीय संसद् द्विसदनात्मक व्यवस्थापिकाको रूपमा रहेको छ । नेपालमा प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदनसहितको एक सङ्घीय व्यवस्थापिकाको व्यवस्था गरिएको छ । यसलाई सङ्घीय संसद् भनिन्छ । जनसङ्ख्या र भौगोलिक आधारमा कायम गरिएको १६५ निर्वाचन क्षेत्र र देशलाई एक निर्वाचन क्षेत्र मानेर राजनीतिक दललाई मत दिने समानुपतिक निर्वाचन प्रणालीअनुसार भएको निर्वाचनमा निर्वाचित भएर आउने ११० जन प्रतिनिधहरूबाट बन्ने प्रतिनिधि सभा हो । राष्ट्रिय सभामा ५६ जना निर्वाचित र ३ जना मनोनित गरी ५९ जना सदस्य रहने व्यवस्था छ ।



(क) **सङ्घीय व्यवस्थापिकाको गठन**

सङ्घीय संसद्मा प्रतिनिधि सभा र राष्ट्रिय सभा रहन्छन् । जसको गठन देहायअनुसार हुनेछ :

१. **प्रतिनिधि सभाको गठन**

(क) जनसङ्ख्या र भौगोलिक आधारमा कायम भएको १६५ निर्वाचन क्षेत्रबाट प्रत्यक्ष निर्वाचित हुने १६५ सदस्य र

(ख) सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानेर राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणालीबमोजिम निर्वाचित हुने ११० सदस्य निर्वाचित भई प्रतिनिधि सभाको गठन हुन्छ ।

प्रतिनिधि सभामा प्रतिनिधि सभाका सदस्यहरूमध्येबाट निर्वाचित एक जना सभामुख र एक जना उपसभामुख हुन्छन् । सभामुखले प्रतिनिधि सभाको बैठकको अध्यक्षता गर्दछन् ।

२. **सङ्घीय राष्ट्रिय सभाको गठन**

१. **राष्ट्रिय सभामा देहायबमोजिम ५९ सदस्य रहन्छन्**

(अ) प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष, नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा सङ्घीय कानुनबमोजिम प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतको भार फरक हुने गरी प्रत्येक प्रदेशबाट कम्तीमा ३ जना महिला, एक जना दलित र एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यकसहित आठ जना गरी सात प्रदेशबाट निर्वाचित जम्मा ५६ जना र

(आ) नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित कम्तीमा एक जना महिलासहित तिन जना गरी जम्मा ५९ सदस्यीय राष्ट्रिय सभाको गठन हुन्छ ।

(ख) **सङ्घीय व्यवस्थापिकाको उम्मेदवारी**

१. समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि सङ्घीय कानुनबमोजिम राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा आर्थिक, शैक्षिक तथा सामाजिक रूपले पछि परेका महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्रसमेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था गरिएको छ ।

२. दलहरूले उम्मेदवारी दिँदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनुपर्ने साथै अपाङ्गता भएका व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्था गरिएको छ ।

३. एउटै व्यक्ति एकभन्दा बढी निर्वाचन क्षेत्रमा एकै पटक उम्मेदवार हुन नपाउने व्यवस्था गरिएको छ ।

४. प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित हुने कुल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था छ ।

५. प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित हुने सदस्यहरूमध्ये कुनै राजनीतिक दलको एक तिहाइ सदस्य महिला निर्वाचित नभएको अवस्थामा त्यस्तो राजनीतिक दलले समानुपातिक निर्वाचन प्रणालीअनुसार सदस्यको निर्वाचित गर्दा आफ्नो दलबाट सङ्घीय संसद्मा निर्वाचित हुने कुल सदस्य सङ्ख्याको

कम्तीमा एक तिहाइ महिला सदस्य हुने गरी निर्वाचित गर्नुपर्छ ।


(ग) **सङ्घीय व्यवस्थापिकाको कार्यकाल**

१. नेपालको संविधान र सङ्घीय कानुनबमोजिम अगावै विघटन भएकोमा बाहेक प्रतिनिधि सभाको अवधि पाँच वर्षको हुने छ । तर सङ्कटकालको अवधि लागु रहेको अवस्थामा एक वर्षमा नबढ्ने गरी सङ्घीय कानुनबमोजिम प्रतिनिधि सभाको समयावधि थप गर्न सकिने व्यवस्था गरिएको छ ।

२. नेपालको संविधानमा व्यवस्था भएअनुसार राष्ट्रिय सभा एउटा स्थायी सदन भएकाले यसका सदस्यहरू ६ वर्षका लागि निर्वाचित हुन्छन् । पहिलो पटकका लागि गोला प्रथाबाट एक तिहाइको दुई वर्ष, अर्को एक तिहाइको चार वर्ष र बाँकी एक तिहाइको छ वर्ष हुने गरी पदावधि कायम गरिएको छ ।

(३) **न्यायपालिका**

स्वतन्त्र न्यायपालिका नै प्रजातन्त्रको गहना हो । संविधानद्वारा प्रदान गरिएको नागरिकहरूको मौलिक हक तथा अन्य कानुनद्वारा प्रदान गरिएका कुनै निकायद्वारा हनन गरिदिएमा त्यस्तो हक प्रचलनका लागि न्यायपालिकाले आवश्यक उपचारको आदेश जारी गर्न सक्षम हुनुपर्दछ र त्यही सक्षमता नै न्यायपालिकाको वास्तविक स्वतन्त्रताको परिचायक हो ।



कानुनी राज्यको अवधारणालाई मूर्त रूप दिन कुनै पनि मुलुकमा स्वतन्त्र न्यायपालिकाको व्यवस्था गरिएको

हुन्छ । न्यायपालिकाले अन्यायमा परेका नागरिकलाई न्याय दिने कार्य गरी कानुनको संरक्षण गर्दछ । नेपालको न्यायसम्बन्धी अधिकार यो संविधान र न्यायका मान्य सिद्धान्तबमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग गरिने व्यवस्था छ । नेपालको संविधानले स्वतन्त्र, सक्षम न्यायपालिकाको परिकल्पना गरेको छ । न्यायपालिकाको संरचना, कार्यादेश न्यायाधीशको सङ्ख्याका विषयमा संविधानले व्यवस्था गरेको छ ।

नेपालमा सर्वोच्च अदालतको व्यवस्था गरिएको छ । यो अभिलेख अदालतको रूपमा रहेको छ । कानुनबमोजिम मुद्दा हेर्न स्थानीय स्तरमा न्यायिक निकाय तथा आवश्यकताअनुसार अन्य न्यायिक निकाय वा समिति गठन गर्न सकिने व्यवस्थासमेत संविधानले गरेको छ । यसै गरी कुनै खास किसिम र प्रकृतिका मुद्दाहरूको कारवाही र किनारा गर्न सङ्घीय कानुनबमोजिम अन्य विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधीकरणको स्थापना र गठन गर्न सकिने व्यवस्था गरेको छ । संविधानले नै न्यायाधीशको नियुक्ति, सरुवा, अनुशासनसम्बन्धी कारबाही, बर्खास्ती र न्याय प्रशासनसम्बन्धी अन्य विषयको सिफारिस गर्न वा परामर्श दिन न्यायपरिषद् रहने व्यवस्था गरेको छ । न्याय परिषद्मा प्रधानन्यायाधीश अध्यक्ष र सङ्घीय कानुन तथा न्यायमन्त्री, सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश, प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट नियुक्त एकजना कानुनविद् तथा नेपाल बार एशोसियसनको सिफारिसमा राष्ट्रपतिबाट नियुक्त कम्तीमा बिस वर्षको अनुभव प्राप्त वरिष्ठ अधिवक्ता वा अधिवक्ता सदस्य रहने व्यवस्था छ । सर्वोच्च अदालतमा प्रधानन्यायाधीशका अतिरिक्त बढीमा बिस जनासम्म न्यायाधीश रहने व्यवस्था छ । सर्वोच्च अदालतमा संविधान र कानुनको व्याख्या गर्ने अन्तिम अदालतको रूपमा रहेको छ । सर्वोच्च अदालतले संविधान वा कानुनको व्याख्या गरेको वा सो क्तममा स्थापित गरेको सिद्धान्त सबैले पालना गर्नुपर्ने व्यवस्था छ । नेपालको संविधानमा उल्लेख भएबमोजिम नेपालमा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत रहने व्यवस्था छ । सर्वोच्च अदालतका अधिकार क्षेत्र देहायानुसार रहेको छ :

**(क) सर्वोच्च अदालतको अधिकार क्षेत्र**

न्यायपालिकाको सबैभन्दा माथिल्लो तहमा सर्वोच्च अदालत रहेको छ । सर्वोच्च अदालतमा साधारण र असाधारण अधिकार क्षेत्र रहन्छन् ।

सर्वोच्च अदालतका साधारण अधिकार क्षेत्रअन्तर्गत रिट जारी गर्ने, कानुनबमोजिम सुरु मुद्दा हेर्ने, पुनरावेदन सुन्ने, आफ्नो फैसाला वा अन्तिम आदेशको पुनरावलोकन गर्ने, सादक जाँच्ने, मुद्दा दोहोऱ्याउने वा निवेदन सुन्ने अधिकार पर्दछन् ।

असाधारण अधिकार क्षेत्रअन्तर्गत सर्वोच्च अदालतले नागरिक हक तथा सार्वजनिक सरोकारको प्रयोजनका लागि बन्दी प्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषद्, अधिकारपृच्छा लगायत अन्य उपयुक्त आदेश जारी गर्न सक्छ । यसका साथै नेपालको सर्वोच्च अदालतलाई संसद्ले बनाएका कानुन संविधानसँग बाझिने भएमा त्यस्ता कानुन खारेज गर्न सक्ने न्यायिक पुनरावलोकन (Judicial Review) को अधिकार छ ।

२. **न्यायाधीशको नियुक्ति र पदावधि**

सर्वोच्च अदालतका प्रधान न्यायाधीशको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा र अन्य न्यायाधीशको नियुक्ति न्याय परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ । प्रधान न्यायाधीशको पदावधि नियुक्ति भएको मितिदेखि छ वर्ष हुन्छ । प्रधान न्यायाधीश र सर्वोच्च अदालतका अन्य न्यायाधीशहरूको उमेर ६५ वर्ष पूरा भएमा स्वत: अवकाश हुने व्यवस्था छ ।

## अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) सङ्घीय व्यवस्थापिकामा कति सदन हुन्छन् ? नाम लेख्नुहोस् ।

(ख) सङ्घीय मन्त्रिपरिषद्को तोकिएको सङ्ख्या कति हो ?

(ग) सङ्घीय संसद्मा कति प्रतिशत महिला प्रतिनिधित्व हुने व्यवस्था छ ?

(घ) सङ्घीय तहको कानुन कसले बनाउँछ ?

(ङ) सर्वोच्च अदालतका प्रधान न्यायाधीशको पदावधि कति वर्षको हुन्छ ?

(च) प्रधानमन्त्रीले नियुक्ति भएको कति दिनभित्र विश्वासको मत लिनुपर्छ ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) सङ्घीय मन्त्रिपरिषद्को गठन कसरी हुन्छ ? स्पष्ट गर्नुहोस् ।

(ख) सर्वोच्च अदालतको अधिकार क्षेत्रको चर्चा गर्नुहोस् ।

(ग) सङ्घीय कार्यपालिकाको अधिकार क्षेत्रभित्र के के पर्दछन् ?

(घ) राष्ट्रिय सभाको गठन विधि उल्लेख गर्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) सङ्घीय संसद्को गठन विधि उल्लेख गर्नुहोस् ।

(ख) सङ्घीय व्यवस्थापिकाको उम्मेदवारीसम्बन्धी व्यवस्था उल्लेख गर्नुहोस् ।

## क्रियाकलाप

१. प्राथमिक/द्वितीय स्रोतको आधारमा सङ्घीय तहको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका अङ्ग र अधिकार क्षेत्र तुलनात्मक अध्ययन गरी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

# पाठ ४ शासनको स्वरूप र अधिकारको विभाजन
## (Forms of Government and Division of Power)

### परिचय

नेपालको संविधानअनुसार नेपालले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई अवलम्बन गरेको छ । नेपालले प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणालीलाई अङ्गीकार गरेको छ । नेपालले स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र, निस्पक्ष तथा सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणालगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही राष्ट्र निर्माण गर्ने परिकल्पना गरेको छ । नेपालले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको राज्यको मूल संरचनामा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र यी तीन तहको सरकारले यस संविधान तथा कानुनबमोजिम नेपालको राज्यशक्तिको प्रयोग गर्ने व्यवस्था गरिएको छ । शासनको स्वरूप र अधिकारको विभाजन निम्नानुसार गरिएको छ :

### १. शासनको स्वरूप

नेपालको संविधान, २०७२ र सङ्घीय कानुनअनुसार नेपालको शासन स्वरूपलाई सङ्घीय, प्रादेशिक र स्थानीय गरी तीन तहमा विभाजन गरिएको छ । यी तीन तहबाट नेपालको शासन सञ्चालन हुन्छ । नेपालको शासनको स्वरूप निम्नानुसार रहेको छ :

#### (क) सङ्घीय लोकतान्त्रिक गणतन्त्र

नेपालको संविधानले राजतन्त्रको अन्त्य गरी सङघीय लोकतान्त्रिक गणतन्त्रलाई अङ्गीकार गरेको छ । देशमा एकात्मक राज्य प्रणालीको सट्टा सङ्घात्मक शासन प्रणालीलाई अवलम्बन गरिएको छ ।

#### (ख) राज्यको संरचना र शासकीय स्वरूप

यो संविधान संविधान सभाबाट बनेको पहिलो संविधान हो । जन प्रतिनिधिहरूद्वारा बनाइएको यस संविधानमा राज्यको स्वरूप सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको हुने व्यवस्था गरिएको छ । स्थानीय तहमा ७५३ स्थानीय निकायको व्यवस्था गरी ७५३ स्थानीय सरकार बनेका छन् । देशलाई ७ प्रदेशमा विभाजन गरी ७ प्रदेशमा नै प्रदेश सरकारको व्यवस्था छ । राज्यको स्वरूपअनुसार केन्द्रीय तहमा सङ्घीय सरकार छ ।

#### (ग) शासनको स्वरूप र अधिकारको विभाजन

नेपालको संविधानअनुसार संवैधानिक राष्ट्रपति र कार्यकारी प्रधानमन्त्रीको व्यवस्था गरिएको छ । शासनको स्वरूपमा संसदीय व्यवस्थालाई अवलम्बन गरिएको छ । सरकार बनेको दुई वर्षभित्र अविश्वासको प्रस्ताव ल्याउन नसक्ने र एउटा अविश्वासको प्रस्ताव ल्याएपछि १ वर्षसम्म अर्को प्रस्ताव ल्याउन नपाउने गरी सरकारलाई स्थायित्व दिने प्रयास गरिएको छ । समावेशी प्रतिनिधित्व र मिश्रित निर्वाचन प्रणालीलाई

अवलम्बन गरिएकाले शासनको स्वरूप प्रजातान्त्रिक चरित्रको छ । नेपालको संविधान र सङ्घीय कानुनअनुसार राज्यलाई स्थानीय, प्रदेश र सङ्घ गरी तीन तहमा विभाजन गरिएअनुसार नै तिनै तहको अधिकार र तीन तहबिचको साझा अधिकारको व्यवस्था गरिएको छ ।

**(घ) समावेशी प्रतिनिधित्व**

राष्ट्रपति र उपराष्ट्रपति, सभामुख र उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष र उपाध्यक्ष, प्रदेश सभाका सभामुख र उपसभामुख फरक फरक लिङ्ग र दलबाट हुनुपर्ने व्यवस्था गरी समावेशी प्रतिनिधित्वलाई स्वीकारिएको छ । साथै गाउँपालिकाको वडा समिति, गाउँपालिका, नगरपालिकाको वडा समिति, नगरपालिकामा महिला, दलित वा अल्पसङ्ख्यको अनिवार्य रूपमा प्रतिनिधित्वका लागि निश्चित कोटा छुट्याइएको छ । यसरी वर्तमान सङ्घीय शासन प्रणालीले समावेशी प्रतिनिधित्वलाई आत्मसात गरेको पाइन्छ ।

**(ङ) सार्वभौम सत्ता र राजकीय सत्ता जनतामा निहित**

नेपालको संविधानअनुसार नेपालको सार्वभौम सत्ता र राजकीय सत्ता नेपाली जनतामा रहेको छ । यस संविधानमा व्यवस्था भएबमोजिम यसको प्रयोग नेपाली जनताले आफ्ना जन प्रतिनिधिहरूमार्फत गर्ने छन् ।

**(च) गणतन्त्रात्मक संविधान**

नेपालमा शताब्दीयौँदेखि चलिआएको राजतन्त्रात्मक शासन प्रणालीको अन्त्य भएको छ । संविधान सभाबाट बनाई जारी भएको गणतन्त्रात्मक संविधानअनुसार नेपाली जनताको छोरा वा छोरी राष्ट्रप्रमुख हुने शासन व्यवस्था लागु भएको छ ।

**(छ) लिखित संविधान**

यो संविधान सभाबाट निर्माण भई घोषणा भएको गणतन्त्रात्मक लिखित संविधान हो । यस संविधानले बहुदलीय व्यवस्था र समावेशी सिद्धान्तलाई अङ्गीकार गरेको छ । यस संविधानमा ३५ भाग, ३०८ धारा र ९ अनुसूची रहेका छन् ।

**(ज) संविधान मूल कानुन**

यो संविधान नेपालको मूल कानुन हो र यस संविधानसँग बाझिने कानुन बाझिएको हदसम्म अमान्य हुनेछ भनी उल्लेख छ । यसरी नेपालको संविधानलाई देशको मूल कानुनको रूपमा स्वीकार गरिएको छ ।

**(झ) मौलिक हक र नागरिक कर्तव्यको व्यवस्था**

नेपालको संविधानको भाग ३ मा आफ्ना नागरिकहरूका लागि मौलिक हकहरूको स्पष्ट रूपमा चर्चा गरेको छ । कानुनबमोजिम बाहेक मौलिक हकहरूमा बन्देज लगाउन सकिँदैन । साथै नागरिकको कर्तव्यको पनि उल्लेख गरिएको छ । नागरिकलाई आफ्नो राष्ट्रप्रति, समाजप्रति र आफूप्रति निभाउनु पर्ने कर्तव्यको बोध गर्ने अवसर दिई नागरिकको राष्ट्रप्रेम, राष्ट्रियता, अनुशासन, नैतिकता र सहिष्णुतासम्बन्धी ज्ञान दिन खोजिएको छ । यिनै ज्ञान आर्जन गरेपछि व्यक्ति एउटा असल नागरिक बन्न सक्छ । यसबाट यो प्रष्ट हुन्छ नागरिकको

जीवनको सुरक्षा र व्यक्तित्वको विकासका लागि आवश्यक पर्ने सम्पूर्ण स्वतन्त्रताहरूको व्यवस्था यस संविधानले गर्ने कोशिस गरेको देखिन्छ । नागरिकहरूको स्वतन्त्रतालाई अक्षुण राख्नु यस सङ्घीय संविधानको मुख्य उद्देश्य हो ।

### (ञ) कानुनको शासन

कानुनको शासनको अर्थ देशमा कानुनको सर्वोच्चतालाई स्वीकार गर्नु हो । कानुनका अगाडि सबै समान हुनु नै कानुनको शासन हो । देशको शासन कुनै व्यक्तिको स्वेच्छामा नचली कानुनको आधारमा चल्नुपर्दछ भन्नु नै कानुनको शासन हो ।

कानुनको शासनको अर्थ कानुनको सर्वोच्चता हुनु हो । यसको अर्थ राज्यका प्रत्येक व्यक्ति कानुनको अधीनमा हुनु हो । यसको अर्थ प्रत्येक व्यक्तिले अनिवार्य रूपमा कानुनी कर्तव्य पालना गर्नु पर्छ र कोही पनि कानुनभन्दा माथि हुनुहुँदैन । यही कुरालाई मध्यनजर राखी नेपालमा सङ्घीय लोकतान्त्रिक शासन व्यवस्था सुरु गरिएको छ । यस शासन व्यवस्थामा जनताका छोरा छोरी देशको प्रमुख बन्न सक्ने अवसर प्रदान गरिएको छ । साथै राष्ट्राध्यक्ष पनि संवैधानिक हुने व्यवस्था गरिएको छ । राष्ट्रपतिले संविधानको पालन र संरक्षण गर्नु उनको कर्तव्य हुने संवैधानिक व्यवस्था गरिएको छ ।

### (ट) स्वतन्त्र न्यायपालिका

एकीकृत न्यायपालिकाको रूपमा केन्द्रमा सर्वोच्च अदालत, प्रदेशमा उच्च अदालत र तल्लो तहमा जिल्ला अदालतको व्यवस्था गरिएको छ । नागरिकका मौलिक हकको रक्षा गर्न र सार्वजनिक सरोकारका विषयमा उठेका प्रश्नका सम्बन्धमा स्वतन्त्र र निष्पक्ष न्याय प्रदान गर्नका लागि स्वतन्त्र न्यायपालिकाको व्यवस्था गरिएको छ ।

### (ठ) सङ्घीय संसद्का रूपमा दुई सदनात्मक व्यवस्थापिका

प्रतिनिधि सभा र राष्ट्रिय सभासहितको केन्द्रमा दुई सभा रहेको सङ्घीय संसद्को व्यवस्था गरिएको छ । यस प्रकारले सङ्घीय संसद्मा जनप्रिय जन प्रतिनिधिहरू र बौद्धिक खुराक दिन सक्ने प्रबुद्ध वर्गको समानुपातिक प्रतिनिधित्व गराई जन आकाङ्क्षाअनुरूपको कानुन निर्माण गर्ने अवस्था सिर्जना गरिएको छ । प्रदेशमा एक सदनात्मक प्रदेश सभाको व्यवस्था छ । यसबाट देशमा जन आकाङ्क्षाअनुरूपको शासन सञ्चालनमा बल मिल्ने आशा गर्न सकिन्छ ।

### (ड) धार्मिक स्वतन्त्रता

नेपालको संविधानअनुसार प्रत्येक व्यक्तिलाई आफ्नो आस्थाअनुसारको धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ । आफ्नो आस्थाअनुसारको धार्मिक कार्य गर्ने समान अवसर प्रदान गरिएको छ । यसरी धार्मिक स्वतन्त्रतालाई संविधानले आत्मसात गरेको छ ।

### (ढ) संवैधानिक आयोगहरूको व्यवस्था

मानव अधिकार आयोग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग र मुस्लिम आयोगलगायतका संवैधानिक आयोगको व्यवस्था गरी सबैलाई आर्थिक, सांस्कृतिक र सामाजिक अवसर प्राप्त गर्ने व्यवस्था गरिएको छ ।

**(ण) नागरिकतासम्बन्धी व्यवस्था**

नागरिकताका सम्बन्धमा कुनै पनि नेपालीलाई नागरिकताबाट वञ्चित नगरिने र आमाको नामबाट पनि नागरिकता दिने व्यवस्था गरिएको छ । नेपालमा प्रादेशिक पहिचानसहितको एकल सङ्घीय नागरिकताको व्यवस्था गरिएको छ ।

## २. अधिकारको विभाजन

नेपालको संविधान र सङ्घीय कानुनअनुसार सङ्घ र प्रदेशको अधिकारको सूची अनुसूची ५,६ र ७ मा उल्लेख गरेको छ । सङ्घको अधिकारको सूची अनुसूची ५ मा उल्लेख गरिएको छ । प्रदेशको अधिकारको सूची अनुसूची ६ मा उल्लेख गरिएको छ । साथै सङ्घ र प्रदेशको साझा अधिकारको सूची अनुसूची ७ मा उल्लेख गरिएको छ । नेपालको संविधानबमोजिम यी अधिकारहरू सङ्घले संविधान तथा सङ्घीय कानुनबमोजिम, प्रदेशले संविधान तथा प्रदेश कानुनबमोजिम प्रयोग गर्न पाउने व्यवस्था छ । त्यस्तै सङ्घ र प्रदेशको साझा अधिकारको प्रयोग गर्दा संविधान, सङ्घीय कानुन तथा प्रदेश कानुनबमोजिम गर्नुपर्ने व्यवस्था छ । नेपालको संविधान, (२०७२) अनुसार अधिकारको विभाजन निम्नानुसार छन् :

**अनुसूची–५**

(धारा ५७ को उपधारा (१) र धारा १०९ सँग सम्बन्धित)

**सङ्घको अधिकारको सूची**

| क्र.स. | विषयहरू |
|---|---|
| १. | रक्षा र सेनासम्बन्धी |
| (क) | राष्ट्रिय एकता र भौगोलिक अखण्डताको संरक्षण |
| (ख) | राष्ट्रिय सुरक्षासम्बन्धी |
| २ | युद्ध र प्रतिरक्षा |
| ३ | हातहतियार, खरखजाना कारखाना तथा उत्पादनसम्बन्धी |
| ४ | केन्द्रीय प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय गुप्तचर तथा अनुसन्धान,शान्ति सुरक्षा |
| ५ | केन्द्रीय योजना, केन्द्रीय बैङ्क, वित्तीय नीति, मुद्रा र बैङ्किङ, मौद्रिकनीति, विदेशी अनुदान, सहयोग र ऋण |
| ६ | परराष्ट्र तथा कूटनीतिक मामिला, अन्तर्राष्ट्रिय सम्बन्ध र संयुक्त राष्ट्रसङ्घसम्बन्धी |

| | |
|---|---|
| ७ | अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता, सुपुर्दगी, पारस्परिक कानुनी सहायता र अन्तर्राष्ट्रिय सीमा, अन्तर्राष्ट्रिय सीमा नदी, |
| ८ | दूरसञ्चार, रेडियो फ्रिक्वेन्सीको बाँडफाँड, रेडियो, टेलिभिजन र हुलाक |
| ९ | भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना |
| १० | सङ्घीय निजामती सेवा, न्याय सेवा र अन्य सरकारी सेवा |
| ११ | जलस्रोतको संरक्षण र बहुआयामिक उपयोगसम्बन्धी नीति र मापदण्ड |
| १२ | अन्तरदेशीय तथा अन्तरप्रदेश विद्युत प्रसारण लाइन |
| १३ | केन्द्रीय तथ्याङ्क (राष्ट्रिय र अन्तर्राष्ट्रिय मानक र गुणस्तर) |
| १४ | केन्द्रीय स्तरका ठुला विद्युत, सिँचाइ र अन्य आयोजना तथा परियोजना |
| १५ | केन्द्रीय विश्वविद्यालय, केन्द्रीयस्तरका प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन, केन्द्रीय पुस्तकालय |
| १६ | स्वास्थ्य नीति, स्वास्थ्य सेवा, स्वास्थ्य मापदण्ड, गुणस्तर र अनुगमन, राष्ट्रिय वा विशिष्ट सेवा प्रदायक अस्पताल, परम्परागत उपचार सेवा, सरुवा रोग नियन्त्रण |
| १७ | सङ्घीय संसद्, सङ्घीय कार्यपालिका, स्थानीय तहसम्बन्धी मामिला,विशेष संरचना |
| १८ | अन्तर्राष्ट्रिय व्यापार, विनिमय, बन्दरगाह, क्वारेन्टाइन |
| १९ | हवाई उड्डयन, अन्तर्राष्ट्रिय विमानस्थल |
| २० | राष्ट्रिय यातायात नीति, रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन |
| २१ | सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत तथा न्याय प्रशासनसम्बन्धी कानुन |
| २२ | नागरिकता, राहदानी, भिसा, अध्यागमन |
| २३ | आणविक ऊर्जा, वायुमण्डल र अन्तरिक्षसम्बन्धी |
| २४ | बौद्धिक सम्पत्ति (पेटेन्ट, डिजाइन, ट्रेडमार्क र प्रतिलिपि अधिकारसमेत) |
| २५ | नापतौल |
| २६ | खानी उत्खनन |
| २७ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वातावरण व्यवस्थापन, राष्ट्रिय निकुञ्ज,वन्यजन्तु आरक्ष तथा सिमसार क्षेत्र, राष्ट्रिय वन नीति, कार्बन सेवा |
| २८ | बीमा नीति, धितोपत्र, सहकारी नियमन |
| २९ | भूउपयोग नीति, बस्ती विकास नीति, पर्यटन नीति, वातावरण अनुकुलन |
| ३० | फौजदारी, देवानी कानुनको निर्माण |
| ३१ | सुरक्षित छापाखाना |

३२ सामाजिक सुरक्षा र गरिबी निवारण

३३ संवैधानिक निकायहरू, राष्ट्रिय महत्त्वका आयोगहरू

३४ पुरातात्विक महत्त्वका स्थान र प्राचीन स्मारक

३५ सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको सूचीमा वा साझा सूचीमा उल्लेख नभएको कुनै विषय तथा यो संविधान र सङ्घीय कानुनमा नतोकिएको विषय

## अनुसूची–६

(धारा ५७ को उपधारा (२), धारा १६२ को उपधारा (४), धारा १९७, धारा २३१ को उपधारा (३), धारा २३२ को उपधारा (७), धारा २७४ को उपधारा (४) र धारा २९६ को उपधारा (४) सँग सम्बन्धित)

### प्रदेशको अधिकारको सूची

| क्र.स. | विषयहरू |
|---|---|
| १. | प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा |
| २. | नेपाल राष्ट्र बैङ्कको नीतिअनुरूप वित्तीय संस्थाहरूको सञ्चालन, सहकारी संस्था, केन्द्रको सहमतिमा वैदेशिक अनुदान र सहयोग |
| ३. | रेडियो, एफ. एम, टेलिभिजन सञ्चालन |
| ४. | घर जग्गा रजिस्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना |
| ५. | प्रदेश निजामती सेवा र अन्य सरकारी सेवा |
| ६. | प्रदेश तथ्याङ्क |
| ७. | प्रदेश स्तरको विद्युत, सिँचाइ र खानेपानी सेवा, परिवहन |
| ८. | प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, सङ्ग्रहालय |
| ९. | स्वास्थ्य सेवा |
| १०. | प्रदेश सभा, प्रदेश मन्त्रिपरिषद्सम्बन्धी |
| ११. | प्रदेशभित्रको व्यापार |
| १२. | प्रदेश लोकमार्ग |
| १३. | प्रदेश अनुसन्धान ब्युरो |
| १४. | प्रदेश सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र अन्य आवश्यक विषय |
| १५. | प्रदेश लोक सेवा आयोग |
| १६. | भूमि व्यवस्थापन, जग्गाको अभिलेख |
| १७. | खानी अन्वेषण र व्यवस्थापन |

१८. भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग

१९. प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन

२०. कृषि तथा पशु विकास, कलकारखाना, औद्योगिकीकरण, व्यापार, व्यवसाय, यातायात,

२१. गुठी व्यवस्थापन

## अनुसूची–७

(धारा ५७ को उपधारा (३), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७ सँग सम्बन्धित)

### सङ्घ र प्रदेशको साझा अधिकारको सूची

क्र.स. विषयहरू

१. फौजदारी तथा देवानी कार्यविधि र प्रमाण र शपथ (कानुनी मान्यता, सार्वजनिक कार्य र अभिलेख र न्यायिक प्रक्रिया)

२. आवश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन

३. देशको सुरक्षासँग सम्बन्धित विषयमा निवारक नजरबन्द, कारागार तथा हिरासत व्यवस्थापन र शान्ति सुरक्षाको व्यवस्था

४. एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण

५. पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, लोपोन्मुख, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी कानुन

६. सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकारको सिर्जना

७. करार, सहकारी, साझेदारी र एजेन्सीसम्बन्धी

८. टाट पल्टेको र दामासाहीसम्बन्धी

९. औषधी र विषादि

१०. योजना, परिवार नियोजन र जनसङ्ख्या व्यवस्थापन

११. सामाजिक सुरक्षा र रोजगारी, ट्रेड युनियन, औद्योगिक विवादको समाधान, श्रमिकका हक, अधिकार र विवादसम्बन्धी कार्य

१२. कानुन व्यवसाय, लेखापरीक्षण, इन्जिनियरिङ, चिकित्सा, आयुर्वेद चिकित्सा, पशु चिकित्सा, आम्ची र अन्य पेसा

१३. प्रदेश सीमा नदी, जलमार्ग, वातावरण संरक्षण, जैविक विविधता

१४. सञ्चार माध्यमसम्बन्धी

१५. उद्योग तथा खनिज र भौतिक पूर्वाधार

१६. क्यासिनो, चिठ्ठा

१७. प्राकृतिक तथा गैर प्राकृतिक विपद पूर्व तयारी, उद्धार तथा राहत र पुनर्लाभ

१८. पर्यटन, खानेपानी तथा सरसफाइ

१९. चलचित्र, सिनेमा हल, खेलकुद

२०. बीमा व्यवसाय सञ्चालन र व्यवस्थापन

२१. गरिबी निवारण र औद्योगीकरण

२२. वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधि र मानव संसाधन विकास

२३. अन्तरप्रादेशिक रूपमा फैलिएको जङ्गल, हिमाल, वन संरक्षण क्षेत्र जल उपयोग

२४. भूमि नीति र सोसम्बन्धी कानुन

२५. रोजगारी र बेरोजगार सहायता

## अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) नेपालमा शासनको स्वरूपमा कुन व्यवस्थालाई स्वीकार गरिएको छ ?

(ख) प्रधान मन्त्रि विरुद्ध अविश्वासको प्रस्ताव ल्याउन कति समय पूरा हुनुपर्छ ?

(ग) नेपालमा सार्वभौम सत्ता र राजकीय सत्ता कसमा निहित छ ?

(घ) नेपालमा कुन शासन प्रणाली छ ?

(ङ) केन्द्रीय तहमा कुन सरकार छ ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) नेपालमा हाल कति तहका सरकार छन् ? कुनै एकको सङ्क्षेपमा चर्चा गर्नुहोस् ।

(ख) समावेशी प्रतिनिधित्व भनेको के हो ? उल्लेख गर्नुहोस् ।

३. **लामो उत्तर दिनुहोस् :**

(क) नेपालमा सङ्घीय सरकारको अधिकार क्षेत्रको सूची बनाउनुहोस् ।

(ख) कानुनको शासन भनेको के हो ? कानुनको शासनको महत्त्व विश्लेषण गर्नुहोस् ।

## क्रियाकलाप

१. कक्षामा रहेका विद्यार्थीहरूको समूह बनाई अनुसूची ५, ६ र ७ मध्ये एउटा समूहलाई एउटा अनुसूचीमा उल्लिखित अधिकार क्षेत्रको छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

एकाइ
५

# कानुन र कानुनी उपचार प्रक्रिया
# (Law and Legal Remedy Process)

पाठ १

## नेपालमा कानुनी उपचार
## (Legal Remedy in Nepal)

### १. नेपालमा कानुनी उपचार प्रक्रियाको विद्यमान अवस्था

मानवीय आचरण र व्यवहारलाई नियमित र व्यवस्थित गर्ने आचार संहितालाई नै कानुन भनिन्छ । कानुनलाई सारवान कानुन र कार्यविधि कानुन गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ । व्यक्तिका हक अधिकार परिभाषित गर्ने काम सारवान कानुनले गर्छ । सारवान कानुनले प्रत्याभूत गरेका अधिकारको प्रचलन गराउने काम कार्यविधि कानुनले गर्छ । उदाहरणका लागि गलत ठाउँमा गाडी पार्किङ गर्न नपाउनु सारवान कानुन हो भने पार्किङ गरेमा के आधारमा कसरी सजाय गर्ने भन्ने कार्यविधि कानुन हो ।

कानुनी उपचारको सोझो सम्बन्ध विशेषगरी कार्यविधि कानुनसँग भए तापनि सारवान कानुनसँग कुनै सम्बन्ध राख्दैन भन्न मिल्दैन । सारवान कानुन साध्य हो भने कार्यविधि कानुन साधन हो । सारवान कानुन उत्कृष्ट भए तापनि कार्यविधि कानुन प्रभावकारी छैन भने प्रतिफल प्राप्त हुन सक्दैन । त्यसैगरी कार्यविधि कानुन उत्कृष्ट भएतापनि सारवान कानुन जनभावनाअनुकूलको छैन भने त्यसको सार्थकता रहँदैन । तसर्थ सफल रूपमा न्याय प्राप्त गर्नका लागि सारवान र कार्यविधि कानुन दुवैको तालमेल हुनुपर्छ ।

नेपालको वर्तमान संविधानको धारा २० को उपधारा ९ मा प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ भनी व्यवस्था गरिएको छ । साथै धारा २० को उपधारा १० मा असमर्थ पक्षलाई कानुनबमोजिम निशुल्क कानुनी सहायता पाउने हक हुनेछ भन्ने व्यवस्था गरिएको छ । यसबाट के प्रष्ट हुन्छ भने नेपालको संविधानले व्यक्तिको कानुनी उपचारसम्बन्धी हकलाई ग्यारेन्टी गरेको छ । व्यक्तिलाई आघात परेका हक र अधिकारको प्रत्याभूतिका लागि स्वतन्त्र न्यायपालिकाको संरचना खडा गरिएको छ । त्यसैगरी अर्धन्यायिक निकायहरूले समेत न्याय प्रदायकको भूमिका निर्वाह गर्दै आएका छन् ।

नेपालमा वि.सं. १९१० देखि लिखित कानुनको इतिहास पाउन सकिन्छ । त्यसपश्चात् धेरै लिखित दस्तावेजका आधारमा न्याय र कानुनी व्यवस्था सञ्चालित छ । वि.सं. २०७५ भाद्र १ देखि नेपालको न्यायप्रणालीले ठुलो फड्को मारेको छ । यस दिनदेखि लागु हुने गरी एकैपटक पाँचओटा ऐनहरू लागु भएका छन् । विगत ५५ वर्षदेखि कार्यान्वयनमा रहेको मुलुकी ऐन, २०२० खारेज भएको छ । नेपालमा फौजदारी न्याय प्रशासन सञ्चालन गर्न मुलुकी फौजदारी कार्यविधि संहिता २०७४, मुलुकी फौजदारी संहिता २०७४ रहेका छन् । त्यसैगरी देवानी दायित्वको विषयमा व्यवस्थित गर्न मुलुकी देवानी संहिता २०७४ र मुलुकी देवानी कार्यविधि

संहिता २०७४ रहेका छन् । उल्लिखित ऐनको प्रावधानमा आधारित भई सर्वोच्च अदालत नियमावली, उच्च अदालत नियमावली र जिल्ला अदालत नियमावली कार्यान्वयनमा रहेका छन् ।

## २. नेपालमा कानुनी उपचारको अभ्यास



विद्यमान संविधान, ऐन, कानुन, नियमावली, सर्वोच्च अदालतले जारी गर्ने निर्देशिका समेतका आधारमा नेपालमा विद्यमान कानुनी व्यवस्थालाई देहायबमोजिम बुँदागत रूपमा प्रस्तुत गर्न सकिन्छ :

(क) संविधान प्रदत्त मौलिक हकउपर अनुचित बन्देज लगाइएको अवस्थामा वा संविधानसँग प्रतिकूल हुने गरी कुनै कानुन निर्माण भएमा सो बदर गरी पाउँ भनी कुनै पनि नेपाली नागरिकले सर्वोच्च अदालतमा रिटको माध्यमबाट प्रवेश गर्न सक्दछन् (धारा १३३) । यस्ता रिटअन्तर्गत बन्दी प्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिशेध, अधिकारपृच्छालगायत पर्दछन् ।

(ख) संविधानद्वारा प्रत्याभूत गरिएको मौलिक हकको प्रचलनका लागि वा सार्वजनिक सरोकारको कुनै विवादमा अन्तर्निहित कानुनी प्रश्नहरूको निरूपणका लागि कुनै पनि नेपाली नागरिकले उच्च अदालतमा रिटको माध्यमबाट प्रवेश गर्न सक्दछन् । (धारा १४४)

(ग) सुरु मुद्दा हेर्ने अधिकार सामान्यतया जिल्ला अदालतलाई हुनेछ । कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक सामान्यतया आनो जिल्लाभित्र घटेका घटनाको सम्बन्धमा सुरु मुद्दा हेर्ने अधिकार जिल्ला अदालतलाई हुनेछ । व्यक्तिले आफुलाई अन्याय परेको विषयमा जिल्ला अदालतमा फिरादपत्र (उजुरी) लिएर जानसक्छ ।

(घ) एउटा पक्षले पेस गरेको उजुरीको खण्डन गरी प्रतिउत्तर पेस गर्ने मौका अर्को पक्षले प्राप्त गर्ने छ । प्राकृतिक न्यायको सिद्धान्तको आधारमा दुवै पक्षको तथ्य प्रमाण बुझेपछि अदालतले आनो राय दिन्छ ।

जिल्ला अदालतले गरेको फैसला चित्त नबुझ्ने पक्षले उच्च अदालतमा पुनरावेदन गर्न सक्छ । यसरी एक तहले गरेको फैसला चित्त नबुझेमा माथिल्लो तहमा पुनरावेदन गर्न सकिन्छ । जिल्लाभित्रका अर्धन्यायिक निकाय जस्तै: मालपोत कार्यालयले गरेको निर्णय चित्त नबुझेमा जिल्ला अदालतमा पुनरावेदन गर्न सकिन्छ । सानातिना प्रकृतिका मुद्दा मामिलासम्बन्धी उजुरी गाउँ/नगरपालिकास्थित न्यायिक समिति समक्ष गर्न सकिन्छ । गाउँ/नगरपालिकाका उपाध्यक्ष/उपमेयरको संयोजकत्वमा ३ सदस्यीय न्यायिक समिति रहेको छ । फौजदारी अभियोगको सम्बन्धमा जोसुकैले सूचना पाउना साथ नजिकको प्रहरी कार्यालयमा जाहेरी (First Information Report) दर्ता गराउनुपर्छ । तत्पश्चात् प्रहरीले अनुसन्धान गरी सरकारी वकिल कार्यालयमार्फत अदालतमा अभियोग दायर हुन्छ ।

यस प्रकार नेपालको कानुनी उपचारसम्बन्धी प्रक्रिया प्राकृतिक न्यायको सिद्धान्तमा आधारित भई विभिन्न तहगत प्रणालीसँग सम्बन्धित छ । जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालत गरी तीन तहसम्म न्यायिक जाँच गर्न सकिन्छ । त्यसैगरी विशेष प्रकृतिका मुद्दाहरूको छुट्टै निरूपण गर्न विशेष प्रकृतिका अदालत र न्यायाधीकरण स्थापना गर्न संविधानले ढोका खुल्ला गरिदिएको छ ।

## अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् ।**

(क) कानुन भन्नाले के बुझिन्छ ?

(ख) सारवान कानुन र कार्यविधि कानुनको एउटा फरक लेख्नुहोस् ।

(ग) नेपालमा कहिलेदेखि लिखित कानुनको प्रयोग भयो ?

(घ) नेपालको मुलुकी ऐन २०२० कहिले खारेज भयो ?

(ङ) संविधानसँग बाझिएको कानुन खारेज गर्नु परेमा कुन अदालतमा मुद्दा हाल्नुपर्छ ?

(च) सुरुमा मुद्दा हेर्ने अधिकार साधारणतया कुन अदालतलाई हुन्छ ?

(छ) जिल्लास्थित अर्धन्यायिक निकायले दिएको न्याय चित्त नबुझेमा कहाँ पुनरावेदन गरिन्छ ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् ।**

(क) सफल रूपमा न्याय सम्पादन गर्नका लागि सारवान र कार्यविधि कानुन दुवैको तालमेल हुनुपर्छ, कसरी ?

(ख) कुनै एक निकायले गरेको न्याय चित्त नबुझेमा अर्को निकायमा पुनरावेदन गर्ने कस्तो प्रावधान रहेको छ ? लेख्नुहोस् ।

(ग) नेपालको कानुनी उपचार प्रक्रियाको विद्यमान अवस्था उल्लेख गर्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् ।**

(क) वि.सं. २०७५ भाद्र १ गतेदेखि नेपालको न्यायप्रणालीले ठुलो फड्को मारेको छ । पाठको आधारमा यसलाई पुष्टि गर्नुहोस् ।

(ख) साधारणतया नेपालमा कानुनी उपचारसम्बन्धी अभ्यास कस्तो छ ? विवेचना गर्नुहोस् ।

(ग) नेपालको कानुनी उपचारसम्बन्धी प्रक्रिया प्राकृतिक न्यायको सिद्धान्तमा आधारित भई विभिन्न तहगत प्रणालीसँग सम्बन्धित छ । यस भनाइलाई पुष्टि गर्नुहोस् ।

## क्रियाकलाप

१. तपाईंको परिवार, छिमेक वा समुदायमा घटेको कुनै घटनालाई लिएर न्यायिक वा अर्धन्यायिक निकायमा गरेको उजुरीदेखि फैसलासम्मको प्रक्रिया र परिणामलाई समेटेर कानुनी उपचारसम्बन्धी प्रतिवेदन तयार पार्नुहोस् ।

# पाठ २ स्थानीय, प्रादेशिक र सङ्घीय व्यवस्थामा न्यायपालिका (Local, Provincial and Federal Judicial System)

न्यायपालिका न्याय सम्पादन गर्ने कार्यका लागि स्थापना गरिएको महत्त्वपूर्ण संरचना हो । यसैमार्फत राज्यले जनताको नैसर्गिक हक अधिकार तथा स्वतन्त्रताको रक्षा गर्दछ । समाजमा व्यक्तिका ख्याति, सम्पत्ति, स्वाभिमान जस्ता अधिकारहरू हनन हुनबाट जोगाउनु न्यायपालिकाको कार्य हो । स्वतन्त्र न्यायपालिका स्वतन्त्रताको रक्षक हो । यसले वैयक्तिक स्वतन्त्रताको रक्षाका लागि कानुनको प्रशासन गर्ने, कानुनको व्याख्या गर्ने, विवाद निरूपण गर्ने, कानुनलाई वैधता दिने जस्ता कार्य न्यायपालिकाले गर्दछ । नेपालको संविधानअनुसार नेपालमा तीन प्रकारका अदालत रहेका छन् । यिनीहरू सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत हुन् । यीबाहेक खास प्रकारका मुद्दा हेर्न कानुनद्वारा छुट्टै अदालतको गठन गर्न सकिन्छ । जस्तैः श्रम अदालत, विशेष अदालत, प्रशासकीय अदालत, आदि । कतिपय प्रशासनिक निकायहरू र जन निर्वाचित संस्थाले पनि अर्धन्यायिक निकायको रूपमा कार्य गर्दछन् ।

नेपालको न्यायपालिकाको तीन तहका अदालतहरूको सङ्क्षिप्त विवरण यसप्रकार रहेको छ ।

१. **जिल्ला अदालत (District Court)**




प्रत्येक जिल्लामा एक जिल्ला अदालत रहेको छ । प्रदेश कानुनबमोजिम स्थापित स्थानीय स्तरका न्यायिक निकाय जिल्ला अदालत मातहत रहने व्यवस्था छ । यसले आनो मातहतका न्यायिक निकायहरूको निरीक्षण एवम् सुपरीवेक्षण गर्न र आवश्यक निर्देशन दिन सक्दछ । आनो अधिकार क्षेत्रभित्रका सम्पूर्ण मुद्दाको सुरु

कारवाही र किनारा गर्ने, बन्दी प्रत्यक्षीकरण निशेधाज्ञालगायत कानुनबमोजिमका निवेदन हेर्ने कार्य जिल्ला अदालतले गर्दछ । विभिन्न प्रशासनिक तथा अर्धन्यायिक निकायले दिएको न्याय चित्त नबुझेमा जिल्ला अदालतमा पुनरावेदन गर्न सकिन्छ । न्याय सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीमा रही कम्तीमा तनि बर्ष सेवा गरेको वा कानुनमा स्नातक गरी अधिवक्ताका रूपमा कम्तीमा आठ बर्ष वकालत गरेको व्यक्ति जिल्ला न्यायाधीशमा नियुक्त हुने व्यवस्था छ ।

त्यसैगरी स्थानीय निकायमा न्यायिक समिति गठन गर्ने व्यवस्था पनि छ । कानुनबमोजिम आनो अधिकार क्षेत्रभित्रका विवाद निरूपण गर्न प्रत्येक गाउँपालिकामा उपाध्यक्ष र प्रत्येक नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति रहने व्यवस्था छ । यस समितिको निर्णय चित्त नबुझेमा जिल्ला अदालतमा पुनरावेदन गर्न सकिन्छ ।

### २. उच्च अदालत (High Court)

नेपालको प्रत्येक प्रदेशअन्तर्गत एक उच्च अदालत रहेको छ । यस अदालतमा पनि सङ्घीय कानुनबमोजिम सुरु मुद्दा हेर्ने, पुनरावेदन सुन्ने र साधक जाँच्ने अधिकार रहेको छ । आना मातहतका अदालत वा न्यायिक निकायहरूबाट हुने न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा सङ्घीय कानुनबमोजिम अवहेलना कारवाही चलाइ सजाय गर्न सक्ने छ । यस अदालतले पनि सर्वोच्च अदालत जस्तै आदेशहरू जारी गर्न सक्दछ । उच्च अदालतमा मुख्य न्यायधीशको अतिरिक्त सङ्घीय कानुनमा व्यवस्था भएबमोजिम न्यायधीश रहनेछन् ।



### ३. सर्वोच्च अदालत (Supreme Court)




नेपालमा एक सर्वोच्च अदालत रहेको छ । यसलाई अभिलेख अदालत पनि भनिन्छ । सम्पूर्ण अदालत र न्यायिक निकायहरू यस मातहत रहन्छन् । संविधान र कानुनको अन्तिम व्याख्याताको रूपमा सर्वोच्च अदालत रहेको छ । सङ्घीय संसद्, प्रदेश सभा वा स्थानीय निकायले बनाएको कानुन संविधानसँग बाझिएमा सर्वोच्च अदालतले बदर घोषित गर्न सक्छ । यसका अधिकार क्षेत्र साधारण र असाधारण दुई प्रकारका छन् । साधारण अधिकार क्षेत्रअन्तर्गत सामान्य देवानी, फौजदारी विवाद निरूपण, कानुनको व्याख्या, सुरु मुद्दा हेर्ने र पुनरावेदन सुन्ने एवम् राज्यका अन्य अङ्गहरूबाट माग भएको कानुनी राय दिने जस्ता कार्यहरू पर्दछन् । असाधारण अधिकार क्षेत्रअन्तर्गत मौलिक हक हनन सम्बन्धी प्रश्न र कानुनको वैधता परीक्षणसम्बन्धी विषयहरू पर्दछन् । बन्दी प्रत्यक्षीकरण, परमादेश, प्रतिशेध, उत्प्रेषण र अधिकारपृच्छा जस्ता रिटहरू र विभिन्न किसिमका आदेश, पुर्जी जारी गरी जनताको अधिकार र स्वतन्त्रताको संरक्षकको रूपमा सर्वोच्च अदालत रहेको छ । सर्वोच्च अदालतमा विभिन्न तहका सरकारहरूको अधिकार क्षेत्रबिचको विवाद र निर्वाचनसम्बन्धी विवाद समाधान गर्न संवैधानिक इजलासको गठन गरिने प्रावधान छ । सर्वोच्च अदालतमा प्रधान न्यायाधीशका अतिरिक्त बढीमा बिस जना न्यायाधीश रहने व्यवस्था छ ।

## अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) नेपालमा कति तहका अदालत रहने व्यवस्था छ ?

(ख) कुन अदालतलाई अभिलेख अदालत भनिन्छ ?

(ग) सर्वोच्च अदालतमा प्रधान न्यायाधिशका अतिरिक्त कति जना न्यायाधीश हुने प्रावधान छ ?

(घ) स्थानीय निकायमा कसको संयोजकत्वमा कति सदस्यीय न्यायिक समिति गठन हुन्छ ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) सर्वोच्च अदालतको साधारण र असाधारण क्षेत्रअन्तर्गत पर्ने विषयहरू लेख्नुहोस् ।

(ख) उच्च अदालत र जिल्ला अदालतले सम्पादन गर्ने न्यायसम्बन्धी कार्यको तुलना गर्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) नेपालको न्यायपालिकाको तीन तहका अदालतको संरचना र कार्यहरूको विवेचना गर्नुहोस् ।

## क्रियाकलाप

१. कक्षामा तीनओटा समूह बनाइ सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतको संरचना, काम, कर्तव्य र अधिकारको छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

# पाठ ३ कानुनी उपचारमा देखिएका समस्या तथा समाधानका उपायहरू
## (Problems and Solutions of Legal Practices)

**परिचय**

कानुनको उपचारमा देशको सामाजिक आर्थिक अवस्था, राज्यको शासन व्यवस्था आदिले प्रभाव पारेको हुन्छ । अभाव, अज्ञानता, भोक, गरिबी र संस्कारले पनि कानुनी उपचारमा असर पार्दछ । सूचना र प्रविधिको प्रयोगले पनि कानुनी उपचारलाई अवसर र चुनौती दुवै दिएको हुन्छ । राज्यको सक्रियता बढ्दा कतिपय अवस्थामा विधिसम्मत निर्णय पनि अतिक्रमित हुन पुग्दछ । कानुनी उपचारले व्यक्तिको मौलिक हकको सुरक्षाको प्रत्याभूति गर्नुपर्दछ । अन्यथा कमजोर कानुनी उपचार भएको मानिन्छ ।

**समस्या**

कानुनी उपचारका लागि विभिन्न नीतिगत तथा कानुनी व्यवस्था हुँदाहुँदै पनि नेपालमा कानुनी उपचारमा विभिन्न समस्याहरू देख्न सकिन्छ । त्यस्ता समस्याहरू निम्नानुसार छन् :

१. सर्वसाधारणमा कानुनको पर्याप्त ज्ञान नहुनु
२. न्यायमा सर्वसाधारणको पहुँच कमजोर हुनु
३. कानुन पढाउने विद्यालय, कलेज, विश्वविद्यालय सर्वसुलभ नहुनु
४. परामर्श दिने र बहस गर्ने नाममा कानुन व्यावसायीहरू मुद्दामा प्रवेश गरी अनावश्यक चलखेल गर्नु
५. कानुन व्यवसायीको शुल्कको कुनै सीमा नहुनु
६. न्यायिक उपचारको काम परिणाममुखी भन्दा पनि प्रक्रियामुखी हुनु
७. मुद्दाको अन्तिम किनारा लाग्नलाई बर्सौं लाग्ने भएकाले अदालतप्रति जनविश्वास कम हुँदै जानु

**समाधानका उपायहरू**

कानुनको प्रभावकारी उपचारले कानुनी राज्यको प्रत्याभूति गर्दछ । यसले मानव अधिकार, सामाजिक न्याय तथा सुशासनलाई बढावा दिन्छ । वैयक्तिक स्वतन्त्रता, सुरक्षा र उपचारको पनि प्रत्याभूति गर्दछ । कानुनी उपचारले राज्यको नैतिक पक्ष र क्षमतालाई जाँच्ने काम गर्दछ । यो लोकतन्त्रको कडी पनि हो । कानुनी उपचारमा देखिएका समस्याहरूलाई समाधान गर्दै जान सकेको खण्डमा आगामी दिनमा कानुनी उपचारप्रति जनतामा विश्वास बढ्छ र न्यायालयको गरिमा उच्च रहन्छ । तल उल्लिखित उपायहरू अवलम्बन गरिएमा कानुनी उपचारमा देखिएका समस्याहरू समाधान गर्न सकिन्छ ।

१. जनतालाई दैनिक जीवनमा आइपर्ने कानुनी कुरालगायत मौलिक हकहरूको बारेमा व्यापक प्रचार प्रसार गर्नु जरुरी छ । नयाँ कानुनहरूको बारेमा जानकारी दिनुपर्दछ । उनीहरूलाई कानुनी रूपमा साक्षर र जागरुक बनाउनुपर्दछ । यसका लागि कानुनको अध्ययनलाई विद्यालय तहदेखि नै सहज र

सर्वसुलभ बनाउनुपर्दछ ।

२. अदालतलाई प्रभावकारी, कमजोर वर्गको पहुँच पुग्ने, कम लागत लाग्ने, पारदर्शी र सक्षम बनाउनुपर्दछ । वैकल्पिक न्याय प्रणालीलाई प्रयोगमा ल्याउनुपर्छ । जनतालाई शीघ्र न्याय र स्वच्छ न्याय दिनुपर्दछ ।

३. नियम, कानुन, विधिलाई समयसापेक्ष बनाउनुपर्दछ । सामाजिक परम्पराको मापदण्डलाई कानुनले विस्थापित गर्नुपर्दछ । यसका लागि नागरिक शिक्षा, सामाजिक अगुवा परिचालन, राजनीतिक स्रोत परिचालनमार्फत सचेतना वृद्धि गरिनुपर्दछ ।

४. राजनीतिक संस्कार र संस्कृतिमा सुधार गर्नुपर्दछ । नातावाद, कृपावाद, दलीय सामिप्यता, भ्रष्टाचारलाई न्यायालयबाट टाढा राख्नुपर्छ ।

५. अदालतले पनि नजिरहरूमा एकरूपता कायम गर्ने र फैसला कार्यान्वयनमा कडाइ गर्नुपर्दछ ।

६. कानुन व्यवसायीहरूले लिने शुल्कको नियमन गर्नु आवश्यक छ ।

## अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) कानुनी उपचारले व्यक्तिको कुन हकको सुरक्षाको प्रत्याभूति गर्नुपर्दछ ?

(ख) कानुनी उपचारले राज्यको कुन पक्षलाई जाँच्दछ ?

(ग) कानुन व्यवसायीले लिने शुल्क के गर्न आवश्यक छ ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) कानुनी उपचारमा देखिएका समस्याहरूको सुची बनाउनुहोस् ।

(ख) कानुनको प्रभावकारी कार्यान्वयनको महत्त्व प्रष्ट पार्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) नेपालमा कानुनी उपचारमा कस्ता समस्याहरू छन् , ती समस्याहरूको समाधान कसरी गर्न सकिन्छ विश्लेषण गर्नुहोस् ।

## क्रियाकलाप

आफ्नो विद्यालय नजिकैको कुनै न्यायिक वा अर्धन्यायिक निकायमा गएर कानुनी उपचार लिन आएका सेवाग्राहीले भोगेका समस्याहरू सङ्कलन गर्नुहोस् र यसका समाधानका उपायहरूका बारेमा शिक्षकको सहायतामा कक्षामा छलफल गर्नुहोस् ।

एकाइ
६

# निर्वाचन पद्धति
# (Election Procedure)

## पाठ १ जनमत र यसका आवश्यक सर्तहरू
## (public opinion and its necessary conditions)

### परिचय

जन भनेको नागरिक र मत भनेको विचार हो । जन र मत मिलेर बनेको जनमत शब्दले कुनै पनि देशमा बस्ने नागरिकहरूको इच्छा, चाहना वा अभिमतलाई जनाउँछ । जनमतलाई विभिन्न परिभाषाले अर्थ्याइन्छ । जनमत भनेको बहुसङ्ख्यक जनताको इच्छा, चाहना र कुनै विषयप्रतिको विचार हो । जनताको कुनै मुद्दाप्रतिको सामुदायिक अभिव्यक्ति हो । कुनै विषयमा जनताहरूले समग्रमा के विचार राख्दछन्, कस्तो दृष्टिकोण बनाउँछन् र त्यसमा उनीहरूको के विश्वास छ त्यो नै जनमत हो । जनमत बहुमत मात्र नभई लोक कल्याणकारी विचार हो । जनमतले जनताहरूको राजनीतिक सोच कतातिर ढल्केको छ ? उनीहरूको कुनै राजनीतिक दल, संस्था, सार्वजनिक व्यक्ति र कार्यक्रमप्रतिको दृष्टिकोण कस्तो छ, सो पक्षको बोध गराउँछ । राजनीतिक नेताहरूले जनमत बुझेर कार्यक्रमहरू अगाडि सार्छन् । जनमतले जनताको चाहनाबमोजिम सार्वजनिक नीतिहरू बनाउन पनि सहयोग गर्दछ । जनमत उमेर, लिङ्ग, आर्थिक स्थिति, जात, धर्मअनुसार फरक फरक हुनसक्छ । जनमत निर्माणलाई विभिन्न सञ्चार माध्यमहरूले पनि प्रभाव पार्दछन् । जनमतलाई विभिन्न विद्वानहरूले विभिन्न परिभाषा दिएका छन् ।



अमेरिकन परिभाषाअनुसार यसको मतलब सरकारको क्रियाकलापप्रतिको जन दृष्टिकोण नै जनमत हो । "The attitude of public specially as a factor in determining the action of the government."

ब्रिटिस परिभाषाअनुसार जनमतले सरकारको क्रियाकलापबाहेक सामाजिक र राजनीतिक क्रियाकलाप प्रतिको अभिमतलाई पनि बुझाउँछ । 'The opinion of the people specially as a force in determining

social and political action.'

समग्रमा कुनै सार्वजनिक विषयमा जनताको सामूहिक हितको दृष्टिकोण नै जनमत हो । राजनीति शास्त्रका विद्वानहरूले दिएका परिभाषा यहाँ उल्लेख गरिएको छ । डा. बेनीप्रसादका अनुसार सम्पूर्ण समाजको हितमा उन्मुख मत जनमत हो । के. योङका विचारमा जनताले एक निश्चित समयमा सामूहिक रूपमा प्रकट गरेको मत जनमत हो । लर्ड ब्राइसका विचारमा वास्तविक जनमत त्यो हो जुन निस्वार्थी र विवेकपूर्ण रूपमा अवलम्बित हुन्छ । कुनै जाति या वर्ग विशेषको भलाइमा मात्र आधारित नभएर सम्पूर्ण समाजको हितको भावनाले उत्प्रेरित भएको हुन्छ । लावेलको भनाइमा जनमत हुनका निम्ति बहुसङ्ख्यक र एउटै विचार जरुरत हुँदैन तर डर र त्रासबिना नै दृढविश्वासका साथ अल्पसङ्ख्यकले स्वीकृति गरेको मात्र पनि हुनसक्छ ।

माथिका परिभाषाहरूबाट जनमतले सार्वजनिक हितको भावना प्रकट गर्नुपर्ने, विवेकशील र निस्वार्थी भावनाले मत प्रकट गर्नुपर्ने, नैतिक र न्यायमा आधारित हुनुपर्ने तथा अल्पसङ्ख्यकको हितलाई समेत ध्यान दिनुपर्छ भन्ने निचोड निकाल्न सकिन्छ ।

**जनमतका लागि आवश्यक सर्तहरू**

जनमत निर्माणका लागि आस र त्रासको अन्त्य तथा विवेक र निस्वार्थता हुनुपर्छ । यसका स्रोतहरूमा सामाजिकीकरण, शिक्षा, अनुभव, राजनीतिक दल, नागरिक समाज, पेसागत सङ्गठनहरू, सञ्चार माध्यम र सरकार स्वयम् पनि पर्दछ । तथापि विभिन्न तत्त्वहरूले जनमत निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्दछन् । ती तत्त्वहरू निम्नानुसार छन् :

(क) **शिक्षा** : पहिलो महत्त्वपूर्ण तत्त्व शिक्षा हो । शिक्षाले चेतना पैदा गर्दछ । जनताले यसैमार्फत कुनै विषयप्रति विचार निर्माण गर्न सक्छन् । ठिक र बेठिक छुट्याउन सक्छन् । कुनै घटनाप्रति आनो विचार निर्माण गर्न सक्दछन् ।

(ख) **आर्थिक स्तर** : दोस्रो भूमिका खेल्ने तत्त्व जनताको आर्थिक स्तर हो । गरिब जनताहरू दैनिक हातमुख जोड्ने कुरामा व्यस्त हुन्छन् । उनीहरूमा परनिर्भरता हुन्छ । त्यसैले उनीहरूले राजनीतिक व्यवस्था, सामाजिक संरचनामा ध्यान दिन सक्दैनन् । त्यसकारण जनमत निर्माणमा जनताको आर्थिक स्थिति बढ्न जरुरी छ । अन्यथा जनमत निर्माणमा बाधा पुग्दछ ।

(ग) **एकता** : तेस्रो आवश्यक तत्त्वमा एकता पर्दछ । देशको उन्नति प्रगतिका लागि समग्रमा आधरभूत विषयमा राजनीतिक दलहरू, बुद्धिजीवि र जनता एकमत हुन जरुरी छ । उनीहरू समान आकाङ्क्षाबाट निर्देशित भएको हुनुपर्छ । अन्यथा असामञ्जस्य पैदा हुने र प्रगतिमा बाधा पुग्दछ । सार्वजनिक संस्थाहरू कमजोर हुन्छन् । राजनीतिक क्षमता कामयावी हुँदैन । त्यसैले सङ्कुचित भावनाको परित्याग गरी एकताबद्ध रूपमा जनताहरू सार्वजनिक भावनाले उत्प्रेरित हुनुपर्छ ।

(घ) **स्वतन्त्रता** : चौथो आवश्यक तत्त्व स्वतन्त्रता हो । स्वतन्त्रताबिना जनमत निर्माण हुन सक्दैन । विचार, राजनीतिक, वाक, प्रकाशन स्वतन्त्रता भएन भने जनमत निर्माण गर्न कठिन हुन्छ । अवसरमा समानता

हुनुपर्दछ । कमजोर वर्गले पनि आफ्नो विचार प्रस्ट राख्नसक्ने हुनुपर्छ ।

(ङ) **राजनीतिक दल :** सङ्गठित राजनीतिक दल जनमत निर्माणको लागि महत्त्वपूर्ण तत्त्व हो । यसले जनमत निर्माणमा सहयोग पुऱ्याउँछ । राजनीतिक दलले जनतालाई सचेत गर्दै ठुलाठुला राजनीतिक परिवर्तन गरेका छन् । राजनीतिक दलहरूले राजनीतिक र वैचारिक कार्यक्रमका साथै आर्थिक, सामाजिक मुद्दाहरू बोकेको हुनुपर्छ । पारदर्शी र प्रजातान्त्रिक संस्कारयुक्त दलले जनमत निर्माणमा सहयोग पुऱ्याउँछन् ।

अन्त्यमा तटस्थ सञ्चार जगत, कर्मचारीतन्त्र, नागरिक समाजले जनमत निर्माणमा सहयोग पुऱ्याउँछन् । यिनीहरूले बिना आग्रह पूर्वाग्रह तथ्य र सेवा प्रवाह गर्नुपर्दछ । कुनै दल वा समूहको पक्षपोषण गर्नुहुँदैन । लोकतान्त्रिक वातावरणले जनमत निर्माणमा सहयोग पुऱ्याउँछ ।

## अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**
   (क) जनमतको शाब्दिक अर्थ के हो ?
   (ख) लावेलको विचारमा जनमतका लागि के कुरा आवश्यक छ ?
   (ग) कस्तो राजनीतिक दलले जनमत निर्माणमा सहयोग पुऱ्याउँछ ?
   (घ) शिक्षा जनमत निर्माणको महत्त्वपूर्ण तत्त्व हुनुको कारण दिनुहोस् ।

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**
   (क) जनमतको परिचय दिनुहोस् ।
   (ख) जनमतका लागि आवश्यक सर्तहरूको सुची बनाउनुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**
   (क) जनमतका बारेमा विभिन्न विद्वानहरूले दिएको परिभाषा उल्लेख गर्दै आफ्नो विचार लेख्नुहोस् ।
   (ख) जनमतका आवश्यक सर्तहरूको छोटकरीमा वर्णन गर्नुहोस् ।

## क्रियाकलाप

१. जनमतका लागि आवश्यक सर्तहरूका विषयमा कक्षामा वक्तृत्वकला कार्यक्रम आयोजना गर्नुहोस् ।

| पाठ २ | जनमतका माध्यमहरू<br>(Agencies of public opinion) |
|---|---|

## परिचय

लोकतान्त्रिक व्यवस्थामा शासन प्रणालीको प्रमुख आधार जनमत हो । नेपालको संविधानले सार्वभौम सत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित रहेको कुरा उल्लेख गरेको छ । शासकले जनमतभन्दा बाहिर गएर शासन गर्न सक्दैन । लोकतान्त्रिक व्यवस्थाको सफलता जनताको स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा आफ्नो निर्णय आफैँ गर्न सक्ने कुरामा निर्भर रहन्छ । यस्तो निर्णय जनमतबाट नै प्राप्त हुन्छ । त्यसैले जनमतको निर्माण र अभिव्यक्ति स्वतन्त्रता लोकतान्त्रिक व्यवस्थामा जरुरी हुन्छ । हरेक समाजमा सार्वजनिक रायको निर्माण र अभिव्यक्तिमा धेरै व्यक्ति र संस्थाहरूले महत्त्वपूर्ण भूमिका खेल्छन् । ब्रासका अनुसार तीन प्रकारका व्यक्तिहरूले आम विचार, अभिव्यक्ति र सार्वजनिक रायको प्रचारमा महत्त्वपूर्ण योगदान गर्छन् ।

(क) पहिलो वर्गमा विधायकहरू, राजनीतिक व्यक्तिहरू, सार्वजनिक तहका नेतृत्वहरू र पत्रकारहरू पर्दछन् । उनीहरूले विभिन्न मञ्चहरूमा दिएका विचार र सञ्चार माध्यमहरूले सम्पादकीय तथा समाचारमा व्यक्त गरेका प्रस्तुतिहरूले जनमत निर्माणमा सहयोग पुऱ्याउँछ ।


(ख) दोस्रो वर्गमा सामाजिक र राजनीतिक जीवनका व्यक्तिहरू पर्दछन् । उनीहरूमा सामाजिक भावना रहेको हुन्छ । उनीहरूसँग सार्वजनिक सरोकारका विषयमा जानकारी हुन्छ । जसले सार्वजनिक विषयमा राय दिन र समाजलाई सत्मार्गमा डोऱ्याउन सक्छन् ।

(ग) तेस्रो वर्गमा पर्नेहरूले सार्वजनिक सभा, आन्दोलन, र प्रदर्शनमा भाग लिन्छन् । उनीहरू आफ्नो स्वविवेकभन्दा पनि त्यसैका आधारमा मत निर्माण गर्दछन् ।

### १. जनमत निर्माणका प्रमुख माध्यमहरू

### (क) सञ्चार माध्यम






पत्रपत्रिकाहरू जनमत निर्माणको महत्त्वपूर्ण माध्यम हुन् । यिनीहरूले सार्वजनिक विषयहरूको सम्पादकीय लेख, समाचार, समाचार विश्लेषणमार्फत विचारहरू बनाउँछन् । देशको राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक पक्षहरूको समाचार सम्प्रेषण गरी जनतालाई सुसूचित गराइरहेका हुन्छन् । यसले जनतालाई मत

निर्माण गर्न सहयोग पुऱ्याइरहेको हुन्छ । सरकार स्वयम्ले पनि पत्रपत्रिकामार्फत जनमत बुझी नीति निर्माण गर्दछन् । यसका साथै रेडियो, टिभीले समाचार, बहस कार्यक्रम आदि मार्फत विभिन्न विचारहरू सार्वजनिक गरिरहेका हुन्छन् । इन्टरनेटमार्फत छिनछिनमा विभिन्न गतिविधिहरूबारे मानिसहरूले जानकारी आदानप्रदान गरिरहेका हुन्छन् । धेरै मानिसले सामाजिक सञ्जालमार्फत आफ्नो मत सार्वजनिक गरिरहेका हुन्छन् । सूचना प्रविधिको यस युगमा विश्वको एक कुनामा घटेका घटना तुरुन्त अर्को ठाउँमा पुग्छन् । यी साधनहरूले जनमत निर्माण र परिवर्तन गर्न महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् ।

### (ख) व्यवस्थापिका

जनताका निर्वाचित प्रतिनिधिहरूद्वारा व्यवस्थापिका गठन गरिएको हुन्छ । हालको सङ्घीय व्यवस्थामा सङ्घ, प्रदेश र स्थानीय तीनै तहमा व्यवस्थापिका रहेको छ । सङ्घीय व्यवस्थापिकामा प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी दुई सदन रहेको छ । प्रदेश व्यवस्थापिकाअन्तर्गत प्रदेश सभा रहेको छ । त्यस्तै गाँउसभा र नगरसभाले स्थानीय तहको व्यवस्थापिकाको कार्य गर्दछन् । यी सभाहरूमा नीति निर्माण र समसामयिक विषयमा बहस, छलफल आदि हुन्छ, जसले जनमत निर्माणमा प्रशस्त सहयोग पुऱ्याउँछ ।

### (ग) सार्वजनिक सभा



हरेक लोकतान्त्रिक व्यवस्थामा व्यक्तिहरू सङ्गठन निर्माण गर्न, सभा सम्मेलन गर्न, प्रदर्शन गर्न र सार्वजनिक महत्त्व र चिन्ताका सबै मुद्दाहरूमा छलफल गर्न स्वतन्त्र हुन्छन् । यस्ता सार्वजनिक सभाहरूमा गरिने

भाषण, विचार आदान प्रदान आदिले जनतालाई जनमत निर्माणमा सहयोग गर्दछन् । शासन तथा प्रशासनमा बस्नेहरूले के कसरी सार्वजनिक हितका विषयहरूमा काम गरिरहेका छन् भन्नेबारे जनताले मत निर्माण गरिरहेका हुन्छन् ।

### (घ) राजनीतिक दल

राजनीतिक दलहरू राजनीतिक चेतनाका माध्यम हुन् । यिनीहरूले देशमा भएका विभिन्न गतिविधिहरू, सरकारका सफलता, असफलता तथा त्रुटिहरूका बारेमा जनताहरूलाई जानकारी प्रदान गर्दछन् । यिनीहरूले सार्वजनिक महत्त्वका समस्यालाई जनतासमक्ष ल्याउन सभा, आन्दोलन, प्रदर्शन गर्दछन् । सबै क्रियाकलापका माध्ययमबाट राजनीतिक दलले जनमत निर्माणमा भूमिका खेल्छन् ।

### (ङ) शैक्षिक संस्था

शैक्षिक संस्थामा विद्यार्थीहरूलाई शिक्षण गर्न पाठ्यक्रम तयार गरिएको हुन्छ जसको खास उद्देश्य रहेको हुन्छ । शिक्षकहरूले अध्यापनको क्रममा विचारहरू अभिव्यक्त गर्दछन् । विद्यालयमा विभिन्न बौद्धिक क्रियाकलाप, बैठक तथा सेमिनारहरू हुन्छन् । यस्ता कार्यक्रममा नेता, विद्वान, लेखक तथा अन्य सार्वजनिक व्यक्तिहरूको सार्थक उपस्थिति रहन्छ । उनीहरूका विचारले विद्यार्थी र शिक्षकको विचारलाई प्रभाव पार्छ । समग्रमा यी सबै माध्यमबाट जनमत निर्माणमा सहयोग पुग्ने गर्दछ ।

### (च) धार्मिक, सांस्कृतिक तथा अन्य संस्था

मानिस एक सामाजिक प्राणी हो । ऊ समाजमा एक्लै रहन सक्दैन । विभिन्न धार्मिक, सामाजिक, सामुदायिक तथा सांस्कृतिक संस्थामा आबद्ध रहेको हुन्छ । त्यसभित्र मानिस अन्तर्क्रिया गर्छ । सामूहिक हितको बारेमा विचार आदान प्रदान गर्दछ । यसै क्रममा जनमत निर्माण भइरहेको हुन्छ । यो एक महत्त्वपूर्ण जनमत निर्माणको माध्यम हो ।

### (छ) चुनाव

लोकतन्त्रमा चुनाव नियमित रूपमा आयोजित हुन्छ । राजनीतिक दलहरूले चुनावमा घोषणापत्रमार्फत जनता समक्ष आफ्ना नीति तथा कार्यक्रमहरू राख्दछन् । सभा समारोह, सञ्चार माध्यमबाट आफ्नो अभिव्यक्ति दिन्छन् । जनतालाई आकर्षण गर्न विभिन्न आश्वासनहरू दिन्छन् । यसबाट जनतालाई मत बनाउन सजिलो हुन्छ ।

यसबाहेक फिल्म, नाटकलगायत कला क्षेत्रले पनि जनमत निर्माणमा सहयोग पुऱ्याएको हुन्छ । जेष्ठ नागरिकका अनुभव, देशविदेशमा काम गरेका व्यक्तिका अनुभव, ख्यातिप्राप्त व्यक्ति, नागरिक समाजलगायतले पनि जनमत निर्माणमा सहयोग गरेका हुन्छन् ।

## अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) सङ्घीय व्यवस्थापिकाअन्तर्गत रहने दुई सदनहरूको नाम लेख्नुहोस् ।

(ख) ब्राइसका अनुसार आम विचार, अभिव्यक्ति र सार्वजनिक रायका प्रचारमा महत्त्वपूर्ण योगदान गर्ने व्यक्तिहरू कति प्रकारका हुन्छन् ?

(ग) जनमत निर्माणको कुनै एक आधुनिक माध्यम लेख्नुहोस् ।

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) ब्राइसका अनुसार जनमतका लागि महत्त्वपूर्ण भूमिका खेल्ने व्यक्तिहरूको कार्यको तुलना गर्नुहोस् ।

(ख) जनमतका माध्यमहरूको छोटकरीमा वर्णन गर्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) जनमतका माध्यमहरू उल्लेख गर्दै तपाईंलाई सशक्त लाग्ने माध्यम कुन हो र किन लेख्नुहोस् ।

## क्रियाकलाप

१. विद्यार्थीलाई तीन समूहमा बाँड्नुहोस र प्रत्येक समूहले कम्तीमा १० जना व्यक्तिसँग जनमत निर्माण कसरी गर्नुहुन्छ भन्ने सम्बन्धमा प्रश्नावली निर्माण गरी अन्तरवार्ता लिनुहोस् र प्राप्त नतिजा समेटेर प्रतिवेदन तयार गर्नुहोस् ।

# पाठ ३ नेपालको जनमत सङ्ग्रह २०३६
**(Nepalese Referendum 1979)**

**परिचय**

कुनै क्षेत्र वा देशका जनताको राजनीतिक वा सामाजिक वा अन्य कुनै महत्त्वपूर्ण प्रश्नहरूका बारेमा निर्णय वा विचार सङ्कलन गर्ने कार्यलाई जनमत सङ्ग्रह भनिन्छ । नेपालमा यस्तो जनमत सङ्ग्रह वि.सं. २०३७ साल वैशाख २० गते भएको थियो । जनमत सङ्ग्रहको विषय तत्काल कायम रहेको पञ्चायती व्यवस्था सुधार गर्ने वा बहुदलीय व्यवस्था स्थापना गर्ने भन्ने थियो ।

जनमत सङ्ग्रहको बारेमा वर्णन गर्नुअगि यहाँ केही राजनीतिक घटना उल्लेख गरिन्छ । वि.सं. २०१७ साल पुष १ गते तत्कालीन राजा महेन्द्रले विश्वेश्वरप्रसाद कोइरालाको प्रधानमन्त्रीत्वमा गठन भएको जन निर्वाचित सरकार विघटन गरी बहुदलीय संसदीय प्रजातान्त्रिक व्यवस्थाको सट्टा निर्दलीय पञ्चायती व्यवस्थाको स्थापना गरेका थिए । त्यसताका सक्रिय राजनीतिक दलहरूलाई प्रतिबन्ध लगाइयो । प्रतिबन्धित दलहरूले कहिले सशस्त्र आन्दोलन त कहिले विभिन्न विरोधका कार्यक्रमहरू भूमिगत रूपमा लिएर अगि बढिरहे । त्यसैबिच नयाँ शिक्षा ऐन २०२८ कार्यान्वयनमा आयो । यसले आधुनिक शिक्षाको आधार खडा गर्न महत्त्वपूर्ण भूमिका खेलेको भए पनि तत्कालीन समयमा यसका कतिपय विषयमा विद्यार्थीलगायत शिक्षासँग सरोकारवाला व्यक्तिहरूले यसको विरोध गरे । वि.सं. २०३२ सालमा यो आन्दोलन चर्किन पुग्यो । यसैबिच नेपालको संविधान २०१९ राजा महेन्द्रले जारी गरे । यसमा पहिलो पटक वि.सं. २०२३ मा र दोस्रो पटक वि.सं. २०३२ मा संसोधन भयो । दोस्रो संसोधनले गाउँफर्क अभियान, २०२४ लाई सुधारका नाममा संशोधन गऱ्यो । नेपालमा प्रजातान्त्रिक मूल्य, मान्यता, संस्कार र संस्थाहरू रहेनन् । प्रजातान्त्रिक चुनावको सट्टा पञ्चायती सिद्धान्तअनुरूप गाउँ फर्कको सिफारिसमा जन प्रतिनिधिहरू राष्ट्रिय पञ्चायतमा चुनिएर आए । स्वयम् पञ्चहरूको बिचमा पनि आपसी खिचातानी देखियो । बहुदलवादीहरूले राष्ट्रिय पञ्चायतभित्रै छिरेर व्यवस्थाको भन्डाफोर गर्ने नीति लिँदै थिए । त्यही समयमा अन्तर्राष्ट्रिय स्तरमा प्रजातान्त्रिक लहरहरू आइरहेको अवस्था थियो । देशभित्रका विभिन्न तह र तप्काका व्यक्तिहरू पनि पञ्चायती व्यवस्थाप्रति विश्वास र भरोसा गइरहेको थियो ।

वि.सं. २०३२ सालबाट सुरु भएको विद्यार्थी आन्दोलनले उचाइ लिँदै थियो । बहुदलीय व्यवस्था समर्थक नेपाली काङ्ग्रेस, कम्युनिष्ट पार्टीहरू तथा उनीहरूका भातृसंस्थाहरू पञ्चायत विरोधी अभियानमा लागिरहेका थिए । यसैबिच पाकिस्तानी प्रधानमन्त्री जुल्फीकर भुट्टोको तत्कालीन सैनिक शासकद्वारा दिएको फाँसीको विषयलाई लिएर काठमाडौँमा पाकिस्तानी राजदुतावास अगाडि विद्यार्थीद्वारा प्रदर्शन भयो । यसले अन्तत चर्को रूप लियो । विद्यार्थी सङ्गठनहरूले सङ्गठित रूपमा २५ बुँदे मागपत्र तत्कालीन सरकारलाई बुझाए । आन्दोलनमा धरपकडका क्रममा केहीको मृत्यु र धेरै सङ्ख्यामा आन्दोलनकारीहरू घाइते भए । तर आन्दोलन

रोकिएन । अन्ततः वि.सं. २०३६ साल जेठ १० गते तत्कालीन राजा वीरेन्द्रबाट शाही घोषणामार्फत तत्काल कायम रहेको पञ्चायती व्यवस्थामा सुधार गर्ने वा बहुदलीय व्यवस्था स्थापना गर्नेमध्ये एक रोज्न पाउने अधिकारसहितको जनमत सङ्ग्रहको घोषणा भयो । बहुदलवादीले विरोध गर्दै आएको राष्ट्रिय गाउँफर्क अभियान र स्वतन्त्र राष्ट्रवादी विद्यार्थी मण्डल विघटन गरियो ।

२१ वर्ष उमेर पुगेका बालिगहरूले मताधिकार पाउने गरी वि.सं. २०३७ साल वैशाख २० गते जनमत सङ्ग्रह सम्पन्न गर्ने मिति घोषणा गरियो । यसले प्रजातन्त्रवादीहरूलाई खुसी तुल्यायो । प्रजातन्त्र समर्थकहरू बहुदलीय व्यवस्थाको पक्षमा चुनाव प्रचारमा लागे । यसैबिच वि.सं. २०३६ साल पुष १ गते संविधान दिवसको दिन पारेर राजाबाट अर्को घोषणा भयो जसअनुसार जनमत सङ्ग्रहमा जस्तो परिणाम आए पनि चुनावबाट जनप्रतिनिधि छान्ने, व्यवस्थापिकाले प्रधानमन्त्री छान्ने र मन्त्रिपरिषद् व्यवस्थापिकाप्रति जवाफदेही हुने भनेर प्रजातन्त्रको झल्को दिन खोजियो । यसबाट पञ्चायतलाई प्रजातान्त्रीकरण गराउन खोजेको पनि बुझ्न सकिन्छ । चुनावका क्रममा राजकाज मुद्दा लागेकाहरू जेलबाट छुटे । उनीहरूलगायत प्रवासमा रहेका व्यक्तिहरू स्वदेशमा आई चुनावमा लागे । उक्त चुनाव तोकिएको मितिमा नै सम्पन्न भयो र राष्ट्रिय चुनाव आयोगका अध्यक्ष भगवतीप्रसाद सिंहद्वारा वि.सं. २०३७ साल जेठ १ गते निर्वाचनको परिणाम घोषणा भयो । परिणामअनुसार सुधारिएको पञ्चायती व्यवस्थाले ५४.८ प्रतिशत मतसहित बहुमत ल्यायो । उक्त परिणामलाई तलको तालिकामा देखाइएको छ :

| छनोट | प्राप्त मत | प्रतिशत | चुनाव सङ्केत |
|---|---|---|---|
| सुधारिएको पञ्चायती व्यवस्था | २४,३४,५२१ | ५४.८ | पहेँलो |
| बहुदलीय व्यवस्था | २०,०७,९६५ | ४५.२ | निलो |

जम्मा मतदाता सङ्ख्यामध्ये ६६.९ प्रतिशत व्यक्तिले मतदान गरेका थिए । पञ्चायत व्यवस्थाले सत्ता र शक्तिको दुरुपयोग गर्दै चुनावमा धाँधली गरेको आरोप बहुदलवादीहरूले लगाए पनि नेपाली काङ्ग्रेसका नेता विश्वेश्वर प्रसाद कोइरालालगायत नेताहरूले जनमत सङ्ग्रहको परिणामलाई स्वीकार्ने निर्णय गरे । स्वयम् राजाले पनि अल्पमतको कदर गर्दै शासन व्यवस्था अगाडि बढाउने घोषणा गरे । पञ्चायती व्यवस्थालाई जन अनुमोदित व्यवस्थाका रूपमा अगाडि बढाइयो । नेपालको संविधान २०१९ लाई तेस्रो संशोधन गर्नका लागि आयोग गठन भयो । संविधानको तेस्रो संसोधन जारी गरियो । राजाबाट अध्यादेशमार्फत सङ्गठन गर्ने, भेला र प्रदर्शन गर्ने, वाक् स्वतन्त्रतालगायत अधिकार प्रदान गर्ने भनिए पनि व्यवहारमा त्यस्तो देखिएन । अन्तत वि.सं. २०४६ सालमा जनआन्दोलनमार्फत प्रजातन्त्रको स्थापना भयो । तत्काल प्रजातान्त्रिक व्यवस्था स्थापना हुन नसके पनि वि.सं. २०३६ सालको जनमत सङ्ग्रहलाई महत्त्वपूर्ण राजनीतिक घटनाका रूपमा लिन सकिन्छ ।



**जनमत सङ्ग्रह (वि.सं.२०३६) को महत्त्व**

नेपालको जनमत सङ्ग्रहको महत्त्वलाई निम्नलिखित बुँदामा उल्लेख गर्न सकिन्छ :

१. जनताले आफ्नो अभिमत जाहेर गर्ने मौका पाए । प्रजातान्त्रिक अभ्यासले प्रश्रय पायो ।

२. बहुदलवादीहरूले १९ वर्षपछि खुला रूपमा सङ्गठन गर्ने, सभा सम्मेलन गर्ने, आफ्ना कार्यक्रमहरू जनतासमक्ष लाने मौका पाए । चुनावको परिणाम बहुदलवादीको पक्षमा नआए पनि उनीहरू कमजोर नभएको कुरा पुष्टि भयो ।

३. जनतामा चेतना पैदा भयो । यसैको बलले वि.सं. २०४६ सालको जनआन्दोलनलाई सफल बनाई प्रजातन्त्रको पुनर्स्थापना भयो । पञ्चायती चुनावहरूमा पनि बहुदलवादीहरूले चुनाव जिते ।

४. विद्यार्थीहरूले स्वतन्त्र विद्यार्थी युनियनको चुनावमा भाग लिने मौका पाए ।

५. विकेन्द्रीकरण, क्षेत्रीय विकास हुँदै जनतामा क्रमैसँग अधिकार प्राप्त हुने सङ्केत देखापर्‍यो ।

यसरी जनमत सङ्ग्रह नेपालको राजनीतिक विकासमा महत्त्वपूर्ण घटना साबित हुन पुग्यो ।

## अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) नेपालमा जनमत सङ्ग्रह कहिले भएको थियो ?

(ख) जनमत सङ्ग्रहमा जनतालाई छनोटका लागि दिइएका विकल्पहरू के के थिए ?

(ग) जनमत सङ्ग्रहको परिणाम लेख्नुहोस् ।

(घ) नेपालको संविधान २०१९ कतिपटक संशोधन भयो ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) जनमत सङ्ग्रह भनेको के हो, लेख्नुहोस् ।

(ख) नेपालमा जनमत सङ्ग्रह गर्नुपर्नाका कारणहरू उल्लेख गर्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् ।**

(क) नेपालको जनमत सङ्ग्रह २०३७ को विविध पक्षहरू केलाउनुहोस् ।

(ख) जनमत सङ्ग्रहको महत्त्वबारे चर्चा गर्नुहोस् ।

## क्रियाकलाप

१. विद्यार्थीलाई पोसाक अनिवार्य गर्नुहुन्छ कि हुँदैन ? विद्यालयमा हप्तामा एक दिन बिदा दिनु ठिक हो कि दुई दिन ? जस्ता विद्यालयसँग सम्बन्धित कुनै प्रश्न लिएर एकआपसमा छलफल र अन्त्यमा मत सङ्कलन गरी त्यसको प्रक्रिया र परिणामको विश्लेषण गर्दै कक्षामा प्रस्तुत गर्नुहोस् ।

एकाइ
७


# लोकतन्त्र र मानव अधिकार
## (Democracy and Human Rights)

पाठ १

## सार्वभौमसत्ता
### (Sovereignty)

**परिचय**

कुनै पनि राज्य निर्माणका लागि चारओटा तत्त्व आवश्यक मानिएको छ । ती तत्त्वहरू भूभाग, जनसङ्ख्या, सरकार र सार्वभौम सत्ता हुन् । सार्वभौम सत्ता राज्य निर्माणको महत्त्वपूर्ण तत्त्व हो । अन्य तत्त्वहरू अरू संस्थासँग पनि हुनसक्छ तर सार्वभौम सत्ता एकलौटी रूपमा राज्यसँग मात्र हुन्छ । सार्वभौम सत्ताबिनाको राज्य अस्तित्वमा नै हुँदैन । राज्यसँग आफ्ना जनताको सुरक्षा र नियन्त्रण गर्ने तथा अन्य राष्ट्रसँग व्यवहार गर्ने सर्वोच्च शक्ति रहेको हुन्छ । यसैलाई सार्वभौम सत्ता भनिन्छ । सार्वभौम सत्ताबाट नै राज्यले आफ्नो भूभागका जनताका विविध पक्षहरूको नियमन गर्दछ । सार्वभौम सत्ताको अर्थ आनो आन्तरिक तथा वैदेशिक नीति राष्ट्रहरूले आफैँ गर्न सकेको अवस्था पनि हो । यसका दुईओटा पक्ष छन् । पहिलो आन्तरिक सार्वभौम सत्ता हो जसअन्तर्गत राज्यको आफ्ना भूभागभित्र रहेका जनता, समूह र संस्थाहरूको नियमन गर्ने शक्ति बुझाउँछ । राज्यभित्रका सबै जनता सङ्घसंस्था राज्यको कानुनबमोजिम चल्दछन् । कानुनको उल्लङ्घन भएमा सजायको भागिदार हुन्छन् । दोस्रो बाह्य सार्वभौम सत्ता हो जसअन्तर्गत राज्य बाह्य नियन्त्रण र हस्तक्षेपबाट पूर्ण स्वतन्त्र हुन्छ । स्वतन्त्र राज्यको रूपमा अन्तर्राष्ट्रिय समुदायसँग प्रस्तुत हुन्छन् । आफ्ना नीतिहरू स्वतन्त्र रूपमा निर्माण गर्दछन् । सबै विषयमा अन्तर्राष्ट्रिय कानुन पनि बाध्यकारी हुँदैन । सार्वभौम सत्ता स्थायी, एकलौटी र पूर्णरूपमा सम्बन्धित राष्ट्रसँग रहेको हुन्छ । नेपालका प्रदेश, स्थानीय निकायलगायत सङ्घसंस्थाहरू नेपालको सार्वभौम सत्ताअन्तर्गत पर्दछन् ।




ल्याटिन भाषाको supernaus बाट अङ्ग्रेजीमा (सार्वभौम सत्ता) Sovereignty शब्दको उत्पति भएको

हो । यसको अर्थ सार्वभौम सत्ता वा सर्वोच्च शक्ति भन्ने हुन्छ । Bodin का अनुसार "Sovereignty is the supreme power over citizen and subjects unrestrained by law." अर्थात सार्वभौम सत्ता नागरिकहरूमाथिको त्यो सर्वोच्च शक्ति हो जुन नियन्त्रण हुँदैन । Burgess का अनुसार "It is original, absolute and unlimited power over the individual subject and overall associates of the subjects." अर्थात सार्वभौमसत्ता व्यक्ति तथा संस्थाहरूमाथि मौलिक, निरपेक्ष र असीमित शक्ति हो । माथिका परिभाषाहरूले सार्वभौम सत्ताबाट राज्यका नागरिकहरूमाथि नियन्त्रण गर्ने कुरालाई जोड गरेको पाइन्छ । लोकतन्त्रमा यस्तो नियन्त्रण गर्ने शक्ति जनताबाट अनुमोदित हुनुपर्छ । त्यसको प्रमुख स्रोत जनता हुन् । वि.सं. २०७२ मा जारी नेपालको संविधानमा नेपालको सार्वभौमिक र राजकीय सत्ता नेपाली जनतामा निहित हुने कुरा उल्लेख गरिएको छ । यसको प्रयोग संविधानबमोजिम हुने व्यवस्था छ ।

नेपालमा वि.सं. २००७ अगाडि १०४ वर्ष राणाशासन थियो । सबै निर्णय राणाहरूकै स्वविवेकमा हुन्थे । वि.सं. २००७ मा प्रजातन्त्रको स्थापना भए पनि सार्वभौम सत्ता राजामा निहित हुनपुग्यो । वि.सं. २०१५ को निर्वाचनपछि जन निर्वाचित सरकारमा सार्वभौम सत्ता प्राप्त भए पनि वि.सं. २०१७ को घटना र वि.सं. २०१९ को संविधानले सार्वभौम सत्ता राजामा निहित गरायो । वि.सं. २०४७ को प्रजातन्त्र पुनस्थापना र वि.सं. २०६२/६३ को राजनीतिक परिवर्तनपछि सार्वभौम सत्ता जनतामा निहित छ । फलस्वरूप जनताको प्रतिनिधि संसद्ले कानुन बनाउने र संसद्ले बनाएको मन्त्रिपरिषद्ले कानुनबमोजिम राज्य सञ्चालन गर्दछ ।

### सार्वभौम सत्ताका विशेषताहरू

सार्वभौम सत्ताका बारेमा स्पष्ट हुन यसका विशेषताहरूले सहयोग गर्दछन् जुन निम्नबमोजिम छन्:

**स्थायित्व** : सार्वभौम सत्ता स्थायी प्रकृतिको हुन्छ । राज्यको अस्थित्व र सार्वभौम सत्ता एकअर्काका परिपूरक हुन् । जबसम्म राज्य रहन्छ तबसम्म सार्वभौम सत्ता भएकै हुनुपर्छ ।

**सर्व प्रधानता** : सार्वभौम सत्ता कुनै राज्यको आन्तरिक र बाह्य दुवै रूपमा सर्वोच्च शक्तिका रूपमा रहन्छ । यो निरपेक्ष र असीमित हुन्छ ।

**व्यापकता** : राज्यका कुनै पनि अङ्गले गर्ने कार्य यसको सार्वभौम सत्ताको आधारमा गरेको हुन्छ, जस्तै: कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका वा कुनै तहका सरकारले गर्ने कार्य यसैमार्फत गरिन्छ ।

**अविभाज्यता** : राज्यका विभिन्न तहका सरकार वा अङ्गहरूलाई सार्वभौम सत्ता अलग अलग प्राप्त हुँदैन । सार्वभौम सत्ता विभाजित हुन सक्दैन ।

### सार्वभौम सत्ताको महत्त्व

सार्वभौम सत्ता कुनै पनि स्वतन्त्र राज्यको जीवन र आत्मा (life and soul of state) भनेर माथि नै चर्चा गरिसकियो । यसको महत्त्वलाई तलका बुँदाहरूले अझ प्रष्ट पार्दछ ।

१. सार्वभौम सत्ताबिनाको राज्य कल्पना गर्न सकिँदैन । सार्वभौम सत्ता भएन भने उक्त राज्य विघटन वा विलय भएको मानिन्छ ।

२. राज्यभित्र नियम कानुन निर्माण र कार्यान्वयन गर्न, शान्ति सुरक्षा र स्थिरताका लागि सार्वभौम सत्ता जरुरी छ ।

३. सार्वभौम सत्ताले कुनै राज्यको अन्तर्राष्ट्रिय समुदायमा पहिचान बनाउँछ । स्वतन्त्र रूपले अन्य राष्ट्रहरूसँग व्यवहार गर्नसक्छ ।

४. सार्वभौम सत्ता भएन भने राज्यका अन्य तीन तत्त्वहरू कामयावी हुँदैनन् । राज्य सञ्चालनका लागि आवश्यक शक्ति सार्वभौम सत्ताले दिन्छ ।

५. लोकतन्त्रमा सार्वभौम सत्ताको प्रयोग जनमतबमोजिम गर्नुपर्छ । त्यसैले सार्वभौम सत्ताको प्रयोग गर्दा जनताको कल्याणलाई ध्यान दिनुपर्छ । यसबाट सार्वभौम सत्ताको महत्त्व अझै प्रस्ट हुन्छ ।

## अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**
   (क) राज्य निर्माणका तत्त्वहरू कतिओटा हुन्छन् ?
   (ख) सार्वभौम सत्ता ल्याटिन भाषाको कुन शब्दबाट लिइएको हो र यसको अर्थ के हो ?
   (ग) वर्तमान नेपालको संविधानअनुसार सार्वभौम सत्ता कसमा निहित छ ?
   (घ) 'सार्वभौम सत्ता अविभाज्य हुन्छ' एक वाक्यमा प्रष्ट पार्नुहोस् ।

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**
   (क) Budin/Burgress ले दिएको सार्वभौम सत्ताका परिभाषा उल्लेख गर्नुहोस् ।
   (ख) सार्वभौम सत्ताको विशेषताहरू उल्लेख गर्नुहोस् ।
   (ग) सार्वभौम सत्ताको महत्त्वको सूची तयार गर्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**
   (क) राज्य निर्माणका विभिन्न तत्त्वहरूको सङ्क्षिप्तमा वर्णन गर्नुहोस् ।
   (ख) नेपालको सार्वभौम सत्ताको ऐतिहासिक विवेचना गर्नुहोस् ।
   (ग) सार्वभौम सत्ता कुनै पनि स्वतन्त्र राज्यको जीवन र आत्मा हो । यो भनाइलाई सार्वभौम सत्ताको महत्त्वका आधारमा पुष्टि गर्नुहोस् ।

## क्रियाकलाप

१. सार्वभौम सत्ता शीर्षकमा आधारित रहेर निबन्ध वा कविता प्रतियोगिता गर्नुहोस् ।

# पाठ २ स्वतन्त्रता (Liberty)

## परिचय

स्वतन्त्रता अङ्ग्रेजी शब्द Liberty को नेपाली अनुवाद हो । ल्याटिन भाषाको liber शब्दबाट अङ्ग्रेजीमा Liberty शब्दको उत्पत्ति भएको हो । यसको अर्थ सबै खालको अवरोधबाट मुक्त हुनु हो । यसको अर्थ मानिसले आफूले चाहेको कुरा गर्न पाउनु हो । यसले कुनै काम गर्दा हुने प्रतिबन्ध, हस्तक्षेप वा रोकावटको अपेक्षा गर्दैन तर पूर्ण रूपमा सबै रोकावटको अनुपस्थितिसहितको स्वतन्त्रता व्यवहारमा सम्भव हुदैन । अतः स्वतन्त्रताका आधारभूत सिद्धान्तअनुसार स्वतन्त्रता कानुनको सीमामा बाँधिएको हुन्छ । प्रोफेसर वार्करका अनुसार सबै खालको रोकावट नहुनुले स्वतन्त्रताको ग्यारेन्टी गर्दैन । देशको राजनीति र कानुनी पक्ष मिलेमा निश्चित तहसम्म मात्र स्वतन्त्रता सम्भव हुन्छ । स्वतन्त्रता भनेको व्यक्तिको आर्थिक स्वतन्त्रता स्रोतहरूमा पहुँच र न्यायमा पहुँच हो । स्वतन्त्रताले प्रत्येक व्यक्तिको व्यक्तित्व विकास गर्ने अवसर प्रदान गर्दछ ।

स्वतन्त्रताको मर्म आफ्नो स्वतन्त्रताको उपभोग गर्दा अर्कोलाई हानी नगर्नु हो । हामी अरूबाट जस्तो व्यवहारको अपेक्षा गर्छौं । आफूले पनि अरुलाई त्यस्तै व्यवहार देखाउनुपर्दछ । स्वतन्त्रताको सदुपयोग होसियारी साथ गर्नुपर्छ । यसको अभावमा अराजकता सिर्जना हुन्छ, जसले झैझगडा र अशान्ति निम्त्याउँछ । विश्वमा स्वतन्त्रताका लागि धेरै क्रान्तिहरू भएका छन् । नेपालमा राणाशासनको विरुद्ध भएको आन्दोलनका साथै लोकतान्त्रिक आन्दोलनहरू स्वतन्त्रताका लागि नै भएका हुन् । फ्रान्सको सन् १७८९ को क्रान्ति स्वतन्त्रतता, समानता र भातृत्वको नाराका साथ प्रजातन्त्रको स्थापना र निरङ्कुश व्यवस्थाको अन्त्यका लागि भएको थियो । हर्वर्ट स्पेन्सरका अनुसार "every man is free to do that which he wills, provided he infrings not the equal freedom of any other man." अर्थात् प्रत्येक व्यक्तिले आफ्नो स्वतन्त्रता प्रयोग गर्न सक्छ तर अर्को व्यक्तिको त्यस्तै स्वतन्त्रता उल्लङ्घन गर्नु हुँदैन ।



H.J. Laski का अनुसार "Liberty is the larger maintenance of that atmosphere in which men have the opportunity to be their best-selves." अर्थात स्वतन्त्रताले मानिसहरूको उच्चतम व्यक्तित्व हासिल गर्नमा उचित वातावरण प्रदान गर्दछ ।

स्वतन्त्रता विभिन्न प्रकारका हुन्छन्, जसअन्तर्गत :

१. **प्राकृतिक स्वतन्त्रता** : मानिसले आफ्नो चाहनाबमोजिम कार्य गर्न पाउने स्वतन्त्रता नै प्राकृतिक स्वतन्त्रता हो तर यो स्पष्ट परिभाषित छैन ।

२. **नागरिक स्वतन्त्रता** : प्रचलित ऐन कानुनबमोजिम व्यक्तिले प्रयोग गर्ने नागरिक स्वतन्त्रता हो ।

३. **राजनीतिक स्वतन्त्रता** : नागरिकले राजनीति र राज्यका क्रियाकलापमा भाग लिन पाउने राजनीतिक

स्वतन्त्रता हो ।

४. आर्थिक स्वतन्त्रता : व्यक्तिले आफ्नो जीविकोपार्जनका लागि स्वतन्त्रतापूर्वक आयआर्जन गर्न अवसर पाउने आर्थिक स्वतन्त्रता हो ।

५. राष्ट्रिय स्वतन्त्रता : कुनै पनि राज्यले आफ्नो बारेमा निर्णय गर्न स्वतन्त्र हुन पाउने राष्ट्रिय स्वतन्त्रता हो ।

६. व्यक्तिगत स्वतन्त्रता : कुनै पनि व्यक्तिले विना कुनै हस्तक्षेप जीवन जिउन पाउने व्यक्तिगत स्वतन्त्रता हो ।

**स्वतन्त्रता प्राप्तिका माध्यमहरू**

१. लोकतन्त्र

२. मौलिक हकसहितको संविधान

३. शक्तिपृथकीकरण

४. सक्षम स्थानीय सरकार

५. कानुनको शासन

६. स्वतन्त्र न्यायपालिका

**स्वतन्त्रताको महत्त्व**

नेपालको संविधानमा स्वतन्त्रताको हकलाई मौलिक हकका रूपमा स्वीकार गरिएको छ । यसअन्तर्गत विचार र अभिव्यक्ति, सङ्घसंस्था र दल खोल्ने, देशको कुनै पनि भागमा आवतजावत गर्ने, बसोवास गर्ने तथा पेसा, रोजगारी, उद्योग गर्ने स्वतन्त्रता कानुनबमोजिम प्रयोग गर्न पाउने उल्लेख छ । स्वतन्त्रताबिनाको जीवन कल्पना गर्न कठिन छ । यसका लागि नेपाली जनताहरूले पटक पटक राजनीतिक परिवर्तनका लागि आन्दोलनमा भाग लिएका छन् । यसले नै व्यक्तिको विकास, राष्ट्र निर्माण र राष्ट्रिय एकीकरणमा सहयोग गर्छ । यसको महत्त्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

(क) स्वतन्त्रताले आर्थिक उन्नतिलाई सहयोग गर्छ । व्यक्तिलाई जीविकोपार्जनका लागि अवसरहरू सिर्जना गर्छ । व्यक्तिलाई पेसा, रोजगारी, उद्योग गर्ने स्वतन्त्रता हुन्छ । स्रोतहरूमा पहुँच स्थापित हुन्छ जसले व्यक्ति उत्पादनशील बन्दछ । फलस्वरूप व्यक्ति र राष्ट्र आर्थिक रूपमा सम्पन्न हुन्छ ।

(ख) स्वतन्त्रताले समाजमा हुने द्वन्द्वलाई कम गर्दछ । व्यक्तिहरूले आफूले चाहेबमोजिमको आफ्नो विकास गर्न सकेमा उनीहरूको ध्यान त्यतैतर्फ जान्छ । राजनीतिक स्वतन्त्रताले मानिसलाई राजनीतिक क्रियाकलापमा भाग लिन सहयोग गर्दछ । सबै व्यक्तिले आफ्नो सामाजिक, सांस्कृतिक र धार्मिक पहिचान स्वतन्त्ररूपमा अभिव्यक्त गर्न पाउँदा झैझगडा सामाजिक द्वन्द्व र वैमनश्यता हुन पाउँदैन ।

(ग) स्वतन्त्रताले व्यक्तिहरूमा आम सन्तुष्टि पैदा गर्दछ । स्वभावत: मानिस स्वतन्त्रताको दुनियाँमा विचरण गर्न चाहने प्राणी हो । यसर्थ आर्थिक, नागरिक, व्यक्तिगत आदि स्वतन्त्रताले मानिसलाई सन्तुष्टि

दिन्छ । यसबाहेक आफ्नो राष्ट्र सार्वभौम र स्वतन्त्र छ भन्ने कुराले आम नागरिकलाई आफ्नो देश र सो देशको नागरिक भएकामा गर्व गर्न मदत गर्दछ ।

(घ) स्वतन्त्रताले व्यक्तिहरूबिचको सद्भाव बढाउँछ । समग्रमा व्यक्तिलाई मानवको रूपमा प्रस्फुटित गर्दछ ।

(च) स्वतन्त्रताले राष्ट्र निर्माणमा सहयोग गर्दछ । राष्ट्रप्रतिको अपनत्वको भावना जगाउँछ । व्यक्तिहरूमा राष्ट्रप्रेम विकास गर्दछ । हरेक व्यक्तिलाई राष्ट्रप्रति योगदान गर्नुपर्ने कुराको जिम्मेवारी महसुस गराउँछ ।

## अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) स्वतन्त्रता भनेको के हो ?

(ख) फ्रान्सको सन् १७८९ को राज्यक्तान्तिको नारा के थियो ?

(ग) नेपालमा भएका लोकतान्त्रिक आन्दोलनहरूको प्रमुख उद्देश्य के थियो ?

(घ) स्वतन्त्रताको आधारभूत सिद्धान्तअनुसार स्वतन्त्रता के को सीमामा बाँधिएको हुन्छ ?

(ङ) हर्बट स्पेन्सरको स्वतन्त्रतासम्बन्धी विचार उल्लेख गर्नुहोस् ।

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) स्वतन्त्रताको सङ्क्षिप्त परिचय दिनुहोस् ।

(ख) स्वतन्त्रता प्राप्तिका माध्यमहरूको सूची बनाउनुहोस् ।

(ग) स्वतन्त्रताका प्रकारहरू सङ्क्षिप्तमा उल्लेख गर्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) प्रत्येक व्यक्तिले आफ्नो स्वतन्त्रताको प्रयोग गर्न सक्छ तर अर्को व्यक्तिको त्यस्तै स्वतन्त्रता हनन गर्नुहुदैन । यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

(ख) स्वतन्त्रताबिनाको जीवन कल्पना गर्न सकिँदैन । तपाईं यो भनाइप्रति सहमत हुनुहुन्छ ? तर्क दिनुहोस् ।

(ग) स्वतन्त्रताको महत्त्वलाई उदाहरणसहित व्याख्या गर्नुहोस् ।

## क्रियाकलाप

१. नेपालको वर्तमान संविधानका मौलिक हकहरूमध्ये स्वतन्त्रताको हकलाई चार्ट बनाएर कक्षकोठामा प्रस्तुत गर्नुहोस् ।

# पाठ ३ समानता
## (Equality)

**परिचय**

अङ्ग्रेजीमा Equality भन्ने शब्द फ्रेन्च र ल्याटिन भाषाका aequalis, aequuus र aequalitas बाट आएको हो । यिनीहरूको अर्थ even, level र equal हुन्छ । अङ्ग्रेजी equality शब्दको नेपाली अनुवाद समानता हो ।

कतिपय अवस्थामा यसको अर्थ एकरूपता (uniformity), एकात्मकता (identity) र उस्तै (sameness) भन्ने लागे पनि त्यसले यस्तो समानता इङ्गित गर्न खोजेको होइन । समानताको अर्थ सबै व्यक्तिलाई कानुनी रूपमा समान व्यवहार हो । कानुनको दृष्टिमा कसैलाई विशेष उन्मुक्ति हुँदैन । त्यस्तो उन्मुक्ति दिएमा न्याय र तर्कसङ्गत हुनुपर्दछ । कुनै पनि नागरिकले आफूलाई अन्याय भएको अनुभूति गर्नु हुँदैन । प्रत्येक व्यक्तिप्रति राज्यको समान धारणा हुनुपर्छ । सबैलाई समान अवसर हुनुपर्छ र आधारभूत आवश्यकतामा सबै नागरिक उत्तिकै सन्तुष्ट हुनुपर्छ । D.D. Raphael sf cg';f/ "The first is equal consideration, second is equal opportunity and the final is equal satisfaction of basic needs."



समानताको अर्को अर्थ हरेक व्यक्तिलाई कानुनले उत्तिकै संरक्षण गर्नुपर्छ, विभेदको कुनै गुञ्जायस हुनुहुँदैन भन्ने पनि हो । कतिपयले आर्थिक अवसरमा समानता पनि भनेका छन् । समानता भने पनि निरपेक्ष समानता सम्भव हुँदैन । अन्याय र अप्राकृतिक असमानताको अन्त्यको अवस्थालाई समानताको रूपमा बुझ्नुपर्छ । Barker को शब्दमा "equality means equal rights for all people and abolition of all special rights and privileges." अर्थात् समानता भनेको प्रत्येक नागरिकलाई बराबर अधिकार भएको र कसैलाई पनि विशेष अधिकार र उन्मुक्ति नभएको अवस्था हो । हरेक व्यक्तिलाई उपयुक्त अवसर प्राप्त हुनु समानता हो ।

१. **समानताका प्रकार**

(क) **प्राकृतिक समानता :** कुनै व्यक्तिलाई उसको शारीरिक, मानसिक क्षमताको बाबजुद उत्तिकै बराबर व्यवहार गर्नु प्राकृतिक समानता हो ।

(ख) **सामाजिक समानता :** प्रत्येक व्यक्तिलाई बराबर अधिकार र अवसर दिई विकासमा बिना भेदभाव अवसर प्रदान गर्नु सामाजिक समानता हो ।

(ग) **नागरिक समानता** : कानुनको अगाडि सबैलाई समान व्यवहार गर्नु नागरिक समानता हो ।

(घ) **राजनीतिक समानता** : राजनीतिक क्रियाकलापमा सबैले समान रूपमा सहभागी हुन पाउनु राजनीतिक समानता हो ।

(ङ) **आर्थिक समानता** : ज्याला वा उत्प्रेरणा मात्र नभई जीवन यापनका लागि निष्पक्ष आर्थिक अवसर प्राप्त गर्नु आर्थिक समानता हो ।

नेपालको संविधानमा समानताको हकलाई मौलिक हकको रूपमा लिएको छ । सबै नागरिकलाई कानुनको दृष्टिमा समान मान्ने र कसैलाई पनि कानुनको संरक्षणबाट वञ्चित नगरिने कुरा उल्लेख छ । महिलालगायत विभिन्न कारणले पछाडि परेका वर्गलाई संरक्षण, सशक्तीकरण र विकास गर्ने उल्लेख छ । लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव नगर्ने र पैतृक सम्पत्तिमा सबै सन्तानको समान हक हुने कुरा उल्लेख छ । यसरी नेपालको संविधान (२०७२) ले समानताको हक सुनिश्चित गरेको देखिन्छ ।

## २. समानताको महत्त्व

समानता त्यस्तो साधन हो, जसले प्रत्येक व्यक्तिलाई विकास गर्ने अवसर प्रदान गर्दछ । यसले सामाजिक भेदभावको अन्त्य गर्दछ । व्यक्तिलाई समानरूपमा आर्थिक अवसर प्रदान गर्न जोड गर्दछ । कानुनको आधारमा हरेक व्यक्तिलाई बिना विभेद, बिना उन्मुक्ति समान व्यवहार गर्दछ । त्यसैले समानता लोकतन्त्रको मर्म हो । यसको महत्त्वलाई यसरी उल्लेख गर्न सकिन्छ :

(क) **नागरिकको विकास** : आधारभूत आवश्यकतामा समानता, आर्थिक अवसरमा समानता, सहभागितामा समानताबाट व्यक्तिले स्वतन्त्र अनुभव गर्दछ र स्वतन्त्रताले वैयक्तिक विकास गर्न सहयोग गर्दछ ।

(ख) **द्वन्द्वरहित समाज** : असमानता द्वन्द्वको स्रोत हो । यदि कानुनमा असमानता, उन्मुक्ति, वितरणमा असमानता, पहुँच तथा साधनस्रोत र न्यायमा असमानता भयो भने यसले द्वन्द्व सिर्जना गर्दछ । त्यसैले द्वन्द्वरहित समाज निर्माणका लागि समानता महत्त्वपूर्ण छ ।

(ग) **राष्ट्र निर्माण** : सबै जातजाति, लिङ्ग, वर्ण, भाषा तथा क्षेत्रका नागरिकहरूलाई उन्नति र विकास गर्ने समान अवसर प्राप्त भयो भने समाजमा मेलमिलाप कायम हुनुका साथै राष्ट्रप्रति अपनत्वको भावना जागृत हुन्छ । फलस्वरूप राष्ट्र निर्माण र राष्ट्रिय एकीकरणमा सहयोग पुग्दछ ।

(घ) **आर्थिक विकास** : आर्थिक अवसरहरूमा समानता भयो भने हरेक व्यक्ति उद्यमी बन्न सक्छ जसले राष्ट्रको आर्थिक विकासमा टेवा पुग्दछ । रोजगारी सिर्जना हुन्छ र आर्थिक सूचकाङ्कहरूमा सकारात्मक परिणाम देखिन्छ ।

(ङ) **सामाजिक सद्भाव र धार्मिक सहिष्णुता** : सबै नागरिकले आफ्नो सामाजिक र सांस्कृतिक विकास गर्दै सबै धर्ममा आस्था राख्नेहरूले समानताको प्रत्याभूति गरेमा मेलमिलाप, एकता तथा सामाजिक सद्भाव कायम भई धार्मिक सहिष्णुताको वातावरण बन्छ ।

(च) **लोकतन्त्रको सार्थकता** : नागरिकले आर्थिक समानता, सामाजिक समावेशिता, राजनीतिक

सहभागितालगायतका अवसरहरू पाएमा समावेशी लोकतन्त्रले सार्थकता पाउँछ । अन्यथा व्यवस्थाप्रति नै वितृष्णा पैदा हुने र राजनीतिक अस्थिरताको सम्भावना रहन्छ । यसले देशलाई उन्नतितर्फ लैजान बाधा पुऱ्याउँछ ।

(छ) **सुशासन** : कानुनको शासन, स्रोतहरूको समान वितरण, प्रभावकारी सार्वजनिक सेवा, शासनमा सर्वसाधारणको पहुँच आदि सुशासनका पक्षहरू हुन् । समानताले सुशासन अभिवृद्धि गर्दछ । यसले गर्दा विकास निर्माणका कार्यहरू सुचारु हुन्छन् ।

प्रत्येक नागरिकलाई समानताको अनुभूति दिनु लोकतान्त्रिक सरकारको कर्तव्य हो । वर्तमान संविधानको मर्म पनि समानताका माध्यमबाट नागरिकहरूको विकास गर्नु रहेको छ ।

## अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) कानुनको दृष्टिमा समानता भनेको के हो ?

(ख) नेपालको संविधानले समानताको हकलाई कस्तो हकअन्तर्गत राखेको छ ?

(ग) वार्करका अनुसार समानताको परिभाषा लेख्नुहोस् ।

(घ) राजनीतिक समानता भनेको के हो ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) समानताको परिचय दिनुहोस् ।

(ख) विभिन्न प्रकारका समानताहरू सङ्क्षेपमा उल्लेख गर्नुहोस् ।

(ग) डी.डी. राफेलको समानतासम्बन्धी मतको व्याख्या गर्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) समानता भनेको प्रत्येक नागरिकलाई बराबर अधिकार भएको र कसैलाई पनि विशेष अधिकार र उन्मुक्ति नभएको अवस्था हो । यो भनाइलाई उदाहरणसहित व्याख्या गर्नुहोस् ।

(ख) लोकतन्त्र र समानता भन्ने शीर्षकमा एउटा निबन्ध लेख्नुहोस् ।

(ग) समानताको महत्त्वलाई उदाहरणसहित प्रष्ट पार्नुहोस् ।

## क्रियाकलाप

१. नेपालको संविधानको अध्ययन गरी समानतासम्बन्धी भएका व्यवस्था खोजी कक्षाकोठामा छलफल गर्नुहोस् ।

## पाठ ४ मानव अधिकार (Human Rights)

### मानव अधिकारको विश्वव्यापी अवधारणा

मानिसलाई मानिसको रूपमा स्वतन्त्र रही मानवीय मर्यादा र आत्मसम्मानपूर्वक बाँच्न पाउने अधिकार नै मानव अधिकार हो । मानव जीवनलाई आत्मसम्मानपूर्वक बाँच्नका लागि समानता र स्वतन्त्रता एवम् गाँस, वास, कपास, स्वास्थ्य, शिक्षा, रोजगारीलगायत सामाजिक सुरक्षाका विविध अधिकारहरूको आवश्यकता हुन्छ । त्यसको समष्टिगत स्वरूप नै मानव अधिकार हो । मानव अधिकारहरू जन्मसिद्ध नैसर्गिक अधिकार हुन् । यसको दायरा फराकिलो छ । यो व्यापक र मानव जीवनसँग अविच्छिन्न रूपमा गाँसिएको हुन्छ । मानव अधिकारभित्र यति नै अधिकारहरू पर्दछन् भनेर सीमित गर्न सजिलो छैन । तापनि यससम्बन्धी केही भनाइहरू यहाँ उल्लेख गरिएको छ :

Vienna Declaration and Programme of Action 1993 का अनुसार "All human rights are universal, indivisible, interdependent and interrelated." अर्थात मानव अधिकार विश्वव्यापी, अविभाज्य र परस्पर अन्तर्निभर रहेको हुन्छ । मानव अधिकारका क्षेत्रमा सहभागिता, जवाफदेहिता, समानता, भेदभाव विहीनता, पारदर्शिता, प्रजातन्त्र र विधिको शासन जस्ता मूल्यहरू पनि विकास भएका छन् । प्रत्येक मानिसलाई जाति, भाषा, धर्म, लिङ्ग, अपागता, सामाजिक आर्थिक अवस्था र राष्ट्रिय सिमाना आदिका आधारमा भेदभाव नगरिकन व्यवहार गर्ने कार्य मानव अधिकारभित्र पर्दछ । मानव अधिकारसम्बन्धी अन्तर र्राष्ट्रिय महासन्धि र अनुबन्धले प्रत्याभूत गरेका अधिकारहरूलाई पनि राज्यले लागु गर्न सक्नुपर्दछ ।




मानव अधिकार आयोग ऐनले गरेको परिभाषाअनुसार मानव अधिकार भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानुनद्वारा प्रदान गरिएका अधिकार तथा नेपाल पक्ष भएको मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा निहित अधिकार भन्ने सम्झनुपर्छ भनिएको छ । मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले यी अधिकारहरूलाई नागरिक र राजनीतिक, सामाजिक सांस्कृतिक र आर्थिक अधिकारको रूपमा विकास गरेका छन् । महिला, बालबालिका, आदिवासी, जनजाति, सीमान्तकृत र पिछडिएको वर्गको हक अधिकारको रक्षालाई पनि मानव अधिकारको चासोका रूपमा समेट्ने प्रयास भएको छ ।

१. **मानव अधिकारको प्रकृति**

(क) विश्वव्यापी- सीमाविहीन

(ख) जन्मजात- अस्थित्वसँग स्वत: प्राप्त

(ग) अविभाज्य- अलग गर्न नसकिने

(घ) अहरणीय- वञ्चित गर्न नसकिने

(ङ) नैसर्गिक- कसैको कृपाबाट प्राप्त नभएको

मानव अधिकारका आधारभूत सिद्धान्तअन्तर्गत विश्वव्यापकता, अहरणीयता र मौलिकता पर्दछन् ।

२. **मानव अधिकारको विकासक्रम**

मानव अधिकारसम्बन्धी अवधारणाको विकासक्रम सन् १२१५ को बेलायतको म्याग्नाकार्टाबाट प्रारम्भ भएको मानिन्छ । म्याग्नाकार्टामा "हामी अधिकार न्याय कसैलाई बेच्ने छैनौँ, कसैलाई इन्कार गर्ने छैनौँ र कसैलाई ढिला गर्ने छैनौँ" भनी उद्घोष गरिएको थियो । अमेरिकी स्वतन्त्रता सङ्ग्रामका बेला सन् १७७६ मा जीवन, स्वतन्त्रता र सुखको खोजी गर्ने अधिकारलाई मानवबाट अलग गर्न नसकिने कुरा स्वीकार गरिएको थियो । फ्रान्सेली राज्यक्रान्ति पश्चात् जारी भएको मानव तथा नागरिकहरूको अधिकारसम्बन्धी घोषणा १७८९ ले जनताका अधिकारलाई सर्वोच्च रूपमा स्वीकार गऱ्यो । संयुक्त राष्ट्रसङ्घको बडापत्रको प्रस्तावनाले मौलिक मानव अधिकारप्रति, मानवीय मर्यादा र मूल्यप्रति, ठुला र साना राष्ट्र तथा नरनारीको हकप्रति आफ्नो धारणा स्पष्ट गरेको छ । धारा १ ले जाति, भाषा, लिङ्ग र धर्मका आधारमा भेदभाव नगरी सबैका लागि मौलिक हक एवम् मानव अधिकारप्रति संयुक्त राष्ट्रसङ्घ दृढ रहने कुरा उल्लेख छ । दोस्रो विश्वयुद्ध (सन् १९३९ देखि १९४५) ले धेरै जनधनको क्षतिका साथै मानिसहरू घाइते, टुहुरा, शरणार्थी र विस्थापित पनि भए । यसै क्रममा इलेनोर रुजवेल्टले संयुक्त राष्ट्रसङ्घको महासभामा मानव अधिकारसम्बन्धी दस्तावेज प्रस्तुत गरिन् । उक्त दस्तावेजलाई संयुक्त राष्ट्रसङ्घको साधारण सभाले सन् १९४८ डिसेम्बर १० मा मानव अधिकारको विश्वव्यापी घोषणापत्रका रूपमा अनुमोदन गरी जारी गरेको थियो । उक्त घोषणापत्रमा ३० धारा रहेका छन् । त्यसरी नै सन् १९६६ मा संयुक्त राष्ट्रसङ्घ नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी दुईओटा अनुबन्धहरू जारी गरेको थियो । त्यसैगरी महिला, बालअधिकारलगायतका विषयमा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरू पनि सम्पन्न भएका छन् ।

नेपालको परिप्रेक्षमा हेर्दा मानव अधिकारसम्बन्धी महासन्धि तथा प्रोटोकलहरू नेपालले अनुमोदन गरिसकेको छ । नेपालको संविधानले मौलिक हकको सूचीमा नयाँ हकहरू समावेश गरेको छ । त्यसैगरी संवैधानिक अङ्गका रूपमा राष्ट्रिय मानव अधिकार आयोग गठन गरेको छ । पछाडि परेका विभिन्न जातजाति तथा महिलाहरूको हकहितका लागि विभिन्न आयोगहरू गठन गर्ने संवैधानिक व्यवस्था रहेको छ ।

## अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) मानव अधिकार भन्नाले के बुझिन्छ ?

(ख) मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र कहिले जारी गरियो ?

(ग) मानव अधिकारसम्बन्धी घोषणापत्र सन् १९४८ मा कति धारा छन् ?

(घ) भियना डिक्लेरेसन एन्ड प्रोग्राम अफ एक्सन सन् १९९३ का अनुसार मानव अधिकारको प्रकृति कस्तो हुनुपर्दछ ?

(ङ) मानव अधिकार दिवस कहिले मनाइन्छ ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) मानव अधिकारको परिचय दिनुहोस् ।

(ख) मानव अधिकारको प्रकृतिहरूको सूची बनाउनुहोस् ।

(ग) नेपालमा मानव अधिकारसम्बन्धी भएका प्रयासहरू लेख्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) मानव अधिकारको विकासक्रम वर्णन गर्नुहोस् ।

(ख) मानव अधिकारको विश्वव्यापी अवधारणाको परिचय दिँदै नेपालमा मानव अधिकारको अवस्थाको चित्रण गर्नुहोस् ।

## क्रियाकलाप

१. अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी विकासक्रमका मुख्य मुख्य घटना समेटेर समय रेखामा प्रस्तुत गरी कक्षामा टाँस्नुहोस् ।

## पाठ ५ नेपालमा मानव अधिकारसम्बद्ध संस्थाहरू र तिनको योगदान
### (Human Rights Organizations in Nepal and their contributions)

**परिचय**

नेपालमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्गठनहरू मानव अधिकारको संरक्षण र प्रवर्धनमा लागेका छन् । ती सङ्गठनहरूका गतिविधिहरू प्रभावकारी रहेका छन् । त्यस्ता निकायहरूले मानव अधिकार उल्लङ्घनका घटनाका सम्बन्धमा चेतना अभिवृद्धि र खबरदारी गर्दछन् । अध्ययन अनुसन्धानलगायत मानव अधिकारका मूल्यमान्यताको प्रचारप्रसार गर्दछन् । कतिपय सङ्गठनहरूले बालबालिका, महिलालगायत पछाडि परेका वर्गको मानव अधिकार सम्बन्धमा क्रियाकलापहरू सञ्चालन गर्दै आएका छन् । यस्ता केही सङ्गठनहरूको योगदानको तल चर्चा गरिएको छ ।

**१. राष्ट्रिय मानव अधिकार आयोग (National Human Rights Commission)**

राष्ट्रिय मानव अधिकार आयोग नेपालको एक स्वतन्त्र संवैधानिक आयोग हो । यसको स्थापना वि.सं. २०५७ मा भएको हो । मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हो । यसको नारा सम्मान, समानता र न्याय हो । यसले मानव अधिकारको उल्लङ्घन सम्बन्धमा परेका उजुरीको छानबिन तथा अनुसन्धान गरी दोषीउपर कारबाहीको सिफारिस गर्ने, अदालतमा मुद्दा दायर गर्ने जस्ता कार्यहरू गर्दछ ।

**२. मानव अधिकारसम्बन्धी अन्य गैरसरकारी संस्थाहरू**

**(क) अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) (Informal Sector Service Center)**

अनौपचारिक क्षेत्र सेवा केन्द्र नेपालमा सन् १९८८ मा स्थापना भएको हो । स्थापनाकालदेखि नै यस संस्थाले मानव अधिकार र मौलिक हकका सम्बन्धमा कार्यहरू गर्दै आएको छ । मुख्यत: यसले अनौपचारिक सेवा क्षेत्रमा कार्य गर्ने मानिसहरूको मानव अधिकारको रक्षा गर्न भूमिका खेल्दै आएको छ । यस संस्थाले प्रत्येक वर्ष मानव अधिकार वर्ष पुस्तक प्रकाशित गर्दछ । यस केन्द्रले मानव अधिकारसँग सम्बन्धित खोजमूलक अनुसन्धान, उद्धार कार्य, प्रचारप्रसार कार्य र सचेतना कार्यक्रमहरू गर्दै आएको छ ।

### (ख) एम्नेस्टी इन्टरनेसनल (Amnesty International)

एम्नेस्टि इन्टरनेसनल सन् १९६१ मा बेलायतको लन्डनमा स्थापना भएको एक अन्तर्राष्ट्रिय संस्था हो । नेपालमा पनि यसको शाखा मानव अधिकार रक्षाका निम्ति सक्रिय छ । यो मानव अधिकार उल्लङ्घनका घटनालाई रोक्ने र पीडितहरूलाई न्याय दिन क्रियाशील छ । यस संस्थाले सन् १९७७ मा नोबेल शान्ति पुरस्कार र सन् १९७८ मा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार पुरस्कार प्राप्त गरेको थियो । उक्त पुरस्कार यातना विरुद्धको अभियान सञ्चालन गरेबापत पाएको हो ।

### (ग) मानव अधिकार शान्ति समाज (Human Rights Peace Society)

मानव अधिकार शान्ति समाज नेपालमा मानव अधिकार संरक्षणका लागि स्थापना गरिएको गैरसरकारी संस्था हो । सन् १९९६ जुन १ मा स्थापना भएको यो संस्था अहिंसा, शान्ति, मानव अधिकार र लोकतन्त्रको पक्षमा केन्द्रित भएर विविध क्रियाकलापहरू साथ अगाडि बढेको छ । नेपालको २०६२/६३ को लोकतान्त्रिक आन्दोलन र गणतन्त्र स्थापनाको लागि यस संस्थाले महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । मानव अधिकार र शान्तिको प्रवर्धन हुने संस्कृतिको विकास गर्नु यस संस्थाको अभियान रहेको छ । रक्तदान, वृक्षरोपणलगायत अन्य सामाजिक कार्यहरूमा समेत यसको सक्रियता देखिन्छ ।

मानव अधिकारका क्षेत्रमा काम गर्ने अन्य थुप्रै संस्थाहरू छन् । माइती नेपालले बेचिएका चेलीबेटीको उद्धार गर्ने र मानव बेचविखन विरुद्ध अभियान सञ्चालन गरेर महिलाको मानव अधिकारसम्बन्धी क्षेत्रमा कार्य गर्दछ । सिविन, सिविस जस्ता संस्थाले बालअधिकारको संरक्षण र बालश्रम विरुद्ध चेतना वृद्धिसम्बन्धी कार्यहरू गर्दछन् । संवैधानिक आयोगका रूपमा रहेका महिला, आदिवासी जनजाति, दलित, थारु, मुस्लिम, मधेशी आयोगहरूले पनि सम्बन्धित वर्गहरूको मानव अधिकार रक्षाका लागि कार्य गर्दछन् ।

## अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) नेपालमा मानव अधिकार आयोग कहिले गठन भयो ?

(ख) बालबालिकाको अधिकारसम्बन्धी कार्य गर्ने कुनै दुई संस्थाहरूको नाम लेख्नुहोस् ।

(ग) अनौपचारिक क्षेत्र सेवा केन्द्रको स्थापना कहिले भयो ?

(घ) एम्नेस्टी इन्टरनेसनलले नोवेल शान्ति पुरस्कार कहिले पायो ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) मानव अधिकार आयोगले गर्ने प्रमुख कार्यहरू उल्लेख गर्नुहोस् ।

(ख) एम्नेस्टी इन्टरनेसनलको योगदान लेख्नुहोस् ।

३. **तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) मानव अधिकारसम्बन्धी कार्य गर्ने कुनै ५ ओटा संस्थाहरू उल्लेख गरी तिनीहरूको योगदानको चर्चा गर्नुहोस् ।

## क्रियाकलाप

१. बालबालिकाको अधिकारसम्बन्धी कार्य गर्ने कुनै संस्थाको भ्रमण गर्नुहोस् र तोकिएको ढाँचामा परियोजना कार्यसम्बन्धी प्रतिवेदन तयार पार्नुहोस् ।

# पाठ ६ समावेशिता
## (Inclusiveness)

**परिचय**

समावेशिता शब्द पुरानो भए पनि यसको प्रयोगले चर्चा पाउन थालेको धेरै भएको छैन । राज्यका सबै क्षेत्र, वर्ग र समुदायका नागरिकले राज्य सञ्चालनका विभिन्न क्षेत्रमा समान रूपले सहभागी हुन सक्ने अवस्था नै समावेशिता हो । राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक र जातीय दृष्टिले फरक रहेका समाजका प्रत्येक व्यक्तिले राज्यका विभिन्न स्थानहरूमा समानुपातिक सहभागिताको अवसर पाउनुपर्छ भन्ने नै यसको आशय हो । नेपाली समाज विभिन्न जातजाति, धर्म, वर्ण र सामाजिक परम्परामा विभाजित छ । देशका कतिपय भागहरू भौगोलिक रूपले विकट छन् । बहुसङ्ख्यक जनताहरू राज्य सञ्चालनको पहुँचमा पुगेका छैनन् । फलस्वरूप समावेशिताको अवधारणाको औचित्य बढेको छ । समाजशास्त्रीय अवधारणाअनुसार "Social inclusion is affirmative action to change the circumstances and habits that leads to social exclusion." अर्थात सामाजिक बहिष्करणमा परेका व्यक्तिहरूको अवस्थामा परिवर्तन ल्याउन गरिएको सकारात्मक कार्य नै समावेशिता हो । सामाजिक वहिष्करणमा परेका वर्गहरूमा हालसम्म राज्य सञ्चालनको क्रियाकलापमा न्यून रूपमा सहभागी भएकाहरू पर्दछन् । नेपालमा महिला, पिछडिएको वर्ग र क्षेत्र, जनजाति, आदिवासी, अल्पसङ्ख्यक, दलितहरू वहिष्करणमा परेका वर्ग हुन् । देशको राजनीतिक, आर्थिक, प्रशासनिक, सामाजिकलगायतका क्षेत्रहरूमा यस्ता वर्गहरूको समानुपातिक प्रतिनिधित्वको वकालत गर्ने कार्य समावेशिताले गर्दछ । यसको लागि नीतिगत, कानुनी, संरचनागत र प्रक्रियागत सबै उपायहरूलाई प्रयोग गर्न जरुरी छ ।



नेपालको वर्तमान संविधानको प्रस्तावनामा नै पछाडि परेको वर्गलाई समानुपातिक रूपमा समावेश गर्ने उल्लेख गरिएको छ । त्यसैगरी पछाडि परेको वर्गलाई सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिमार्फत संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने उल्लेख छ ।

### १. समावेशीताको महत्त्व

राज्य सञ्चालनका विविध क्षेत्रमा समान अवसरबाट वञ्चित भएका नागरिकहरूका लागि राज्यले विशेष व्यवस्था गरेर समान रूपमा स्रोत, साधन र अवसरहरूमा पहुँच बढाउने माध्यमका रूपमा समावेशितालाई लिइएको छ । यसको महत्त्वलाई तलका केही बुँदाहरूमा प्रस्तुत गर्न सकिन्छ :

(क) विगतमा राज्यको ध्यान नपुगेर पछि परेको वर्गलाई उत्थानका लागि विशेष सहुलियत प्रदान गर्नु

(ख) समाजको कमजोर वर्गलाई विशेष संरक्षण गरी राज्यको मूलप्रवाहमा समेट्नु

(ग) जुन वर्गको जुन अनुपातमा जनसङ्ख्या छ, त्यही अनुपातमा अवसर प्रदान गर्नु र तथा संरक्षण दिनु

(घ) राज्यका सबै किसिमका स्रोत र साधनको पहुँच, प्राप्ति र उपभोगमा सामाजिक न्याय कायम गर्नु

(ङ) कमजोर वर्गलाई सशक्तीकरण गर्नु ।

## २. नेपालमा समावेशिताअन्तर्गत समेटिएका क्षेत्रहरू

समावेशिताको मूल ध्येय राज्य सञ्चालनका हरेक क्षेत्रमा महिलालगायत समाजमा पिछडिएका वर्गको क्षमता र सहभागिता अभिवृद्धि गर्ने हो । यसका लागि राजनीतिक, शैक्षिक, प्रशासनिक, आर्थिक, सामाजिक क्षेत्रमा सबै वर्गका जनताको संलग्नता हुन आवश्यक छ । नेपालको संवैधानिक तथा कानुनी व्यवस्थाले समेटेका क्षेत्रहरू देहायबमोजिम छन् :

(क) **राजनीतिक क्षेत्र :** नेपालको सङ्घीय तथा प्रादेशिक संसद्मा महिलालगायत पिछडिएको वर्गको अनिवार्य उपस्थितिको सङ्ख्या किटान गरिएको छ । राष्ट्रपति वा उपराष्ट्रपति, सभामुख वा उपसभामुख, गाउँ/नगरपालिका प्रमुख वा उपप्रमुख र वडा सदस्यलगायतका पदहरूमा महिलाको उपस्थिति अनिवार्य गरिएको छ । दलित, अपाङ्गता, मधेशी, जनजाति, पिछडिएको क्षेत्रको उपस्थितिको सङ्ख्या हरेक तह र तप्कामा संवैधानिक रूपमा सुनिश्चित गरिएको अवस्था छ ।

(ख) **शैक्षिक क्षेत्र :** समावेशिताले ओगट्ने अर्को प्रमुख क्षेत्र शैक्षिक क्षेत्र हो । यसले लक्षित वर्गलाई सशक्तीकरणमा जोड दिन्छ । प्रतिष्पर्धा गर्ने क्षमता अभिवृद्धि गर्छ । नेपालमा महिलालयागत पिछडिएको वर्गलाई शिक्षामा पहुँच पुर्याउन विभिन्न सहुलियत, प्रोत्साहन, सकारात्मक विभेद र आरक्षणको व्यवस्था छ ।

(ग) **प्रशासनिक क्षेत्र :** प्रशासनमा समावेशीकरण गरी महिला तथा अन्य वर्गलाई नीति निर्माणको तहमा पुर्‍याउन समावेशिता जरुरी छ । यसका लागि नेपालमा निजामति सेवा, विद्यालय, विश्वविद्यालय, संस्थान, सुरक्षा निकाय आदिमा प्रवेशका लागि आरक्षणको व्यवस्था छ ।

(घ) **आर्थिक क्षेत्र :** भूमिसुधार, प्रगतिशील कर प्रणाली, ब्याजदरमा विशेष छुट दिएर कमजोर वर्गलाई आर्थिक समावेशीकरण गर्ने कानुनी व्यवस्था रहेको छ ।

(ङ) **सामाजिक क्षेत्र :** नेपालमा सामाजिक सुरक्षाको व्यवस्था, सामाजिक सद्भाव र धर्म निरपेक्षता, रोजगारी सिर्जना गर्नुका साथै छुवाछुतलगायत सामाजिक विभेद र कुरीतिको अन्त्य गरी समतामूलक समाजको निर्माण गर्ने संवैधानिक प्रावधान रहेको छ ।

(च) **सङ्घीयता र स्थानीय स्वायत्त शासन :** नेपालमा सङ्घीय व्यवस्थामार्फत केन्द्रको अधिकारलाई प्रदेश र स्थानीय निकायमा निक्षेपण गरी विभिन्न पछाडि परेका वर्गमाथि उल्लिखित क्षेत्रहरूमा समावेश गरी मूलप्रवाहमा ल्याउन प्रयास भएको छ । केन्द्रको अधिकारलाई स्थानीय तहसम्म पुर्‍याएर उक्त निकायलाई विकासमा सहभागी गराउँदा विकासमा समावेशिता बढ्छ । यसबाट अपनत्वको भावना विकास भई दिगो विकासमा सहयोग पुग्छ ।

## अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) नेपालको संविधानले कुन कुन नीतिमार्फत पछाडि परेको वर्गलाई संरक्षण गर्ने व्यवस्था गरेको छ ?

(ख) समाजशास्त्रीय अवधारणाअनुसार समावेशिताको परिभाषा लेख्नुहोस् ।

(ग) समावेशिताले समेटेका कुनै चारओटा क्षेत्रहरूको नाम लेख्नुहोस् ।

(घ) राजनीतिक क्षेत्रमा समावेशितालाई समेटिएको कुनै एक उदाहरण दिनुहोस् ।

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) समावेशिताको अर्थ खुल्ने गरी परिचय दिनुहोस् ।

(ख) समावेशिता आवश्यक हुनुका ५ ओटा कारणहरू लेख्नुहोस् ।

(ग) प्रशासनिक र आर्थिक समावेशिताका लागि नेपालमा भएका प्रयासहरू के के हुन् ?

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) समावेशिताको मूल ध्येय राज्य सञ्चालनको हरेक क्षेत्रमा पिछडिएका वर्गको क्षमता र सहभागिता अभिवृद्धि गर्ने हो । यसका लागि नेपालमा भएको संवैधानिक र कानुनी प्रयासको विवेचना गर्नुहोस् ।

(ख) समावेशिताको महत्त्व र सान्दर्भिकताको बारेमा आनो धारणा प्रस्तुत गर्नुहोस् ।

## क्रियाकलाप

१. समावेशिताको सान्दर्भिकताका बारेमा वक्तृत्वकला प्रतियोगिता आयोजना गर्नुहोस् ।

एकाइ
८

# राजनीतिक दल
(Political Parties)

## पाठ १ नेपालको संविधान राजनीतिक दलसम्बन्धी व्यवस्था
(Constitutional Provision of Political Parties in Nepal)

**परिचय**

लोकतन्त्रको सौन्दर्य नै देशमा विभिन्न प्रतिष्पर्धी विचारका राजनीतिक दलको उपस्थिति हो । यिनीहरू जनतासमक्ष आआफ्ना विचारहरू राख्छन्, चुनावमा प्रतिष्पर्धा गर्छन्, विजय हुन्छन् र सरकार चलाउँछन् । सरकारमा नपुग्नेहरू विपक्षीमा बसेर जनताहरूलाई आफ्ना कुरा बुझाउँछन् र अर्को पटकको निर्वाचनमा विजय हुन प्रतिष्पर्धा गर्दछन । राजनीतिक दलहरूले नै जनतालाई बढीभन्दा बढी राजनीतिक क्रियाकलापमा भाग लिने वातावरण बनाइरहेका हुन्छन् । राजनीतिक दलको परिभाषा दिने कार्य कठिन छ । उदारवादी र मार्क्सवादीहरूले फरक फरक तरिकाले राजनीतिक दलको परिभाषा दिने गरेका छन् भने ती विचारधाराबिचमा पनि अलग अलग परिभाषाहरू पाइन्छ ।

Disraeli का अनुसार "Political party is a group of men bonded together to pursue certain principles." अर्थात् कुनै निश्चित सिद्धान्तलाई कार्यान्वयन गर्न खडा भएका व्यक्तिहरूको समूह राजनीतिक दल हो । अमेरिकन विचारमा "Political party is an instrument for capturing power." वा शक्तिप्राप्त गर्न प्रयोग गरिने उपकरण राजनीतिक दल हो । राजनीतिक दल शक्तिप्राप्तिको सङ्घर्षको आधारशिला हो । यसैमा रहेर राजनीतिक दलले जनताको अभिमत प्राप्त गर्दछन् र जनतालाई परिचालन गर्दछन् । साथै चुनावमा प्रतिष्पर्धा गर्ने, स्वार्थहरूलाई एकीकृत गर्ने र सत्ता प्राप्तिपछि शासन सञ्चालन गर्ने प्रयास गर्दछन् ।

परिभाषाहरूमा जे जे उल्लेख भए पनि राजनीतिक दलको मुख्य उद्देश्य केही निश्चित नीति र कार्यक्रमको आधारमा अगाडि बढेर राज्यशक्ति प्राप्त गर्ने हो । यसको मूल उद्देश्यको रूपमा बृहत् समाजसेवा र राष्ट्रसेवालाई पनि लिन सकिन्छ ।

राजनीतिक दलको उद्देश्य बुझ्न यसले गर्ने कार्यहरूले पनि सहयोग गर्दछ । साधारणतया राजनीतिक दलका कार्यहरू यस प्रकार रहेका छन् :

१. राजनीतिक प्रक्रियालाई अगाडि बढाउने
२. शक्ति प्राप्तिका लागि सङ्घर्ष गर्ने
३. जनता र सरकारलाई जोड्ने
४. राजनीतिक नेताहरूको चयन गर्ने

५. जनसमक्ष मुद्दाहरू लाने र समाजका लागि लक्ष्य निर्धारण गर्ने

६. नयाँ विचारहरू ल्याउने

७. समाज कल्याणका कार्यहरू गर्ने

८. राजनीतिक समाजिकीकरण र आधुनिकीकरणको कार्य गर्ने

**१. नेपालको संविधानमा राजनीतिक दल**

नेपालमा वि.सं. २००७ सालमा प्रजातन्त्र स्थापना भएदेखि नै संविधानत: दलहरूलाई स्वीकार गरियो । हुन त राणा शासनकालमै नेपालको पहिलो पार्टी प्रजा परिषद् वि.सं.१९९३ मा स्थापना गरिएको थियो । नेपाली काङ्ग्रेस वि.सं. २००३ मा र नेपाल कम्युनिस्ट पार्टी वि.सं. २००६ सालमा स्थापना भइसकेका थिए । वि.सं. २०१७ साल पुष १ गते दलहरूलाई प्रतिबन्ध लगाएपछि करिब ३० वर्ष दलविहीन व्यवस्था रह्यो । वि.सं. २०४७ सालमा प्रजातन्त्रको पुनर्स्थापनापश्चात् फेरि दलहरू खुला भए । वि.सं. २०५९ सालको शाही कदमले दलहरूलाई व्यवहारत: ओझेलमा पार्‍यो । वि सं २०६२।६३ को दोस्रो जनआन्दोलनपश्चात् वि.सं. २०६३ को अन्तरिम संविधान र वि.सं. २०७२ को संविधान सभाबाट निर्मित संविधानले राष्ट्र निर्माणमा दलहरूको भूमिकालाई अपरिहार्य बनायो । नेपालको संविधानको प्रस्तावनामा नै जनताको प्रतिष्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणालीको व्यवस्था छ । सोही संविधानको मौलिक हक र कर्तव्यअन्तर्गत धारा १७ को स्वतन्त्रताको हकअनुसार प्रत्येक नागरिकलाई राजनीतिक दल तथा सङ्घसंस्था खोल्ने हक प्रदान गरेको छ । विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता पनि मौलिक हकमा समावेश गरिएको छ ।

यसै संविधानको धारा २६९ देखि २७२ सम्म राजनीतिक दलसम्बन्धी व्यवस्था उल्लेख गरेको छ । संविधानमा समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रम भएका व्यक्तिले कानुनबमोजिम दल गठन गर्ने, सञ्चालन गर्ने, जनसमर्थन प्राप्त गर्ने र त्यसका लागि प्रचार प्रसार लगायत अन्य आवश्यक कार्यहरू गर्नसक्ने उल्लेख छ । त्यसका लागि कानुनसम्मत रूपमा निर्वाचन आयोगमा दल दर्ता गर्नुपर्ने छ । यस कार्यका लागि विधान, घोषणापत्रलगायत कागजातहरू पेस गर्नुपर्छ ।

**२. राजनीतिक दलका लागि आवश्यक सर्तहरू**

(क) लोकतान्त्रिक विधान भएको हुनुपर्ने

(ख) पाँच वर्षमा उक्त पार्टीको सङ्घीय र प्रदेश तहको आन्तरिक निर्वाचनमार्फत पदाधिकारी चुनिनुपर्ने

(ग) दलको कार्य समिति समावेशी हुनुपर्ने

यसबाहेक दलको नाम, उद्देश्य, चिह्न, झन्डाले देशमा साम्प्रदायिक खलल पार्ने वा विखण्डित गर्ने ढाँचाको हुन नहुने उल्लेख छ । कानुनबमोजिमका दललाई कुनै हालतमा बन्देज लगाउन नपाइने व्यवस्थाका साथै बहुदलीय प्रणालीलाई पूर्णत: स्वीकार गरिएको छ । निर्वाचनमा भाग लिन सम्पूर्ण कार्यविधि पूरा गरी निर्वाचन

आयोगमा दर्ता गराउनुपर्ने छ । वार्षिक लेखा परीक्षण गराउनुसमेत दलहरूको अनिवार्य कार्यभित्र पर्दछ ।

**नेपालमा राजनीतिक दलहरूको हालको अवस्था**

बहुदलीय व्यवस्थाको स्थापनासँगै दल गठन गर्ने प्रक्रिया तीव्र रूपमा बढेको देखिन्छ । वि.सं. २००७ वि.सं. २०४७ र वि.सं. २०६३ पछिका हरेक राजनीतिक परिवर्तनपछि यो प्रक्रिया अझ बढेको देखिन्छ । कतिपय राजनीतिक दलहरू गठन भए तर स्थायित्व प्राप्त गर्न सकेनन् । नेपाली काङ्ग्रेस, नेकपालगायतका दलहरू करिब ७० वर्षदेखि अस्थित्वमा रहेका छन् । देशको राजनीतिक परिवर्तनको नेतृत्व गरेका छन् । हाल कानुनी रूपमा नै राष्ट्रिय पार्टी हुन् । राष्ट्रिय निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीमा ३ प्रतिशत सदर मत प्राप्त गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट कम्तीमा १ जना प्रतिनिधि सभा सदस्यमा विजयी हुनुपर्ने प्रावधान छ । वि.सं. २०७४ को आम निर्वाचनअनुसार हाल नेपालमा राष्ट्रिय मान्यता प्राप्त दल चारओटा रहेका छन् । तिनीहरू नेपाल कम्युनिष्ट पार्टी (नेकपा) नेपाली काङ्ग्रेस, राष्ट्रिय जनता पार्टी र सङ्घीय समाजवादी पार्टी नेपाल हुन् । राष्ट्रिय मान्यताप्राप्त दल नभए पनि सङ्घीय, प्रदेश वा स्थानीय तहमा आफ्ना उम्मेदवार विजयी गराउन सफल भएका दलहरू राष्ट्रिय जनमोर्चा, राष्ट्रिय प्रजातन्त्र पार्टी नयाँ शक्तिपार्टी नेपाल, नेपाल मजदुर किसान पार्टी, विवेकशील साझा पार्टी, जनता दल, नेपाल परिवार दल रहेका छन् । अन्य कतिपय दलहरू चुनावमा विजयी हुन नसकेका वा चुनावमा भाग नलिएका पनि रहेका छन् । वि.सं. २०७४ सालको आम निर्वाचनअनुसार नेपाल कम्युनिस्ट पार्टी सबैभन्दा ठुलो दल र नेपाली काङ्ग्रेस दोस्रो ठुलो दल रहेको छ । राष्ट्रिय जनता पार्टी तेस्रो र सङ्घीय समाजवादी फोरम नेपाल चौथो स्थानमा रहेका छन् । स्थानीय चुनावमा अलग अलग पार्टीको रूपमा प्रतिष्पर्धा गरेका तत्कालीन नेकपा एमाले र नेकपा माओवादी केन्द्र सङ्घ र प्रदेश सभाको निर्वाचनका लागि मिलेर हाल एउटै पार्टी नेपाल कम्युनिष्ट पार्टी (नेकपा) बनेको छ ।

## अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) नेपालको पहिलो राजनीतिक दल कुन हो ?

(ख) संविधानको कुन धाराले राजनीतिक दलसम्बन्धी व्यवस्था गरेको छ ?

(ग) राजनीतिक दलले आनो दलको पदाधिकारी कति वर्षमा चुन्नुपर्दछ ?

(घ) नेपालमा राष्ट्रिय पार्टी हुन प्राप्त गर्नुपर्ने निर्वाचन परिणाम लेख्नुहोस् ।

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) राजनीतिक दलको परिचय दिनुहोस् ।

(ख) राजनीतिक दलको गठनका लागि आवश्यक सर्तहरू उल्लेख गर्नुहोस् ।

(ग) नेपालमा विद्यमान राजनीतिक दलको सूची बनाउनुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) नेपालको राजनीतिक दलसम्बन्धी संवैधानिक र कानुनी व्यवस्थाको विवेचना गर्नुहोस् ।

(ख) राजनीतिक दलको अर्थ लेख्दै यसका कार्यहरू व्याख्या गर्नुहोस् ।

## क्रियाकलाप

१. आफ्ना जानकार अग्रजसँग सोधी तपाईंको जिल्ला निर्वाचन कार्यालयमा दर्ता भएका दल, चुनाव चिह्न र सङ्घ, प्रदेश र स्थानीय तहमा उक्त दलहरूको अवस्था समेटेर चार्ट बनाई कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।

# पाठ २ लोकतन्त्र र राजनीतिक दल
## (Democracy and Political Parties)

### १. लोकतन्त्रको सुदृढीकरणका लागि राजनीतिक दलको भूमिका




नेपालमा १०४ बर्से जहानियाँ राणाशासनलाई हटाएर वि.सं. २००७ मा प्रजातन्त्र ल्याउन तत्कालीन प्रजापरिषद्, नेपाली काङ्ग्रेस र नेपाल कम्युनिष्ट पार्टीलगायतका दलको उल्लेख्य भूमिका रहेको छ । त्यसरी नै वि.सं. २०४७ को प्रजातन्त्रको पुनस्थापनामा नेपाली काङ्ग्रेस र संयुक्त बाममोर्चालगायतका दलहरूले नेतृत्वदायी भूमिका खेले । उनीहरूको आह्वानलाई स्वीकार गरी विभिन्न तह र तप्काका जनताहरूले राजनीतिक परिवर्तनमा सहयोग गरे । त्यसरी नै तत्कालीन नेकपा माओवादीको वि.सं. २०५२ मा गणतन्त्र स्थापनाका लागि सशस्त्र विद्रोह सुरु भयो । द्वन्द्वका कारण निर्वाचन प्रक्रिया अवरुद्ध हुन पुग्यो । त्यसै क्रममा २०६१ साल पुष १९ मा आफ्नै अध्यक्षतामा राजाले नयाँ मन्त्रिमण्डल गठन गरे । तत्पश्चात् सात दल (नेपाली काङ्ग्रेस, नेपाली काङ्ग्रेस प्रजातान्त्रिक, नेकपा एमाले, संयुक्त जनमोर्चा नेपाल, राष्ट्रिय जनमोर्चा नेपाल, नेपाल मजदुर किसान पार्टी, नेपाल सद्भावना पार्टी र नेकपा माओवादी) ले बाह्र बुँदे समझदारीमार्फत वि.सं.२०६२ मा जनआन्दोलन घोषणा गरे । तत्पश्चात् वि.सं. २०६२ चैत २४ देखि २०६३ वैशाख ११ सम्मको १९ दिने जनआन्दोलन भयो । यसलाई दोस्रो जन आन्दोलन पनि भनिन्छ । यसैबाट नेपालमा लोकतन्त्रको पुनर्स्थापना भयो । त्यसपछि नेपालमा मधेश आन्दोलन र अन्य अधिकार प्राप्तिका आन्दोलन भए । नेपालको अन्तरिम संविधान २०६३ ले संविधान सभामार्फत संविधान निर्माण गर्ने दिशानिर्देश गर्यो । वि.सं. २०६४ मा भएको पहिलो संविधान सभाले संविधान दिन सकेन । वि.सं. २०७० मा भएको दोस्रो संविधान सभाले वि.सं.२०७२ असोज ३ गते देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी गर्‍यो । यसरी देशमा भएका धेरै परिवर्तनहरूमा राजनीतिक दलको महत्त्वपूर्ण भूमिका रहेको छ । सामाजिक परिचालन, सामाजिक परिवर्तन र जनतामा चेतना अभिवृद्धि गर्न राजनीतिक दलहरूले महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

देश राजतन्त्रात्मक व्यवस्थाबाट गणतन्त्रात्मक, एकात्मक राज्यबाट सङ्घीय राज्य भएको छ । धर्म निरपेक्ष र समानुपातिक समावेशी राज्य घोषणा भएको छ । जातीय, लिङ्गीय, क्षेत्रीय र वर्गीय रूपमा पछाडि परेका समुदायलाई राज्यको मूलधारमा समेट्न संवैधानिक पहलहरू भएका छन् । यी उपलब्धिहरू हासिल गर्नमा राजनीतिक दलहरूको भूमिकालाई नकार्न सकिँदैन । राजनीतिक अधिकारका लागि सशस्त्र विद्रोह र

जन आन्दोलनहरू भएका छन् । दलहरूकै पहलमा समावेशी लोकतन्त्रको स्थापना र द्वन्द्व व्यवस्थापन भएको छ ।

आगामी दिनहरूमा राजनीतिक दलहरूको भूमिका अझै बढेको देखिन्छ । संविधान कार्यान्वयनमार्फत सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न र लोकतन्त्रको मर्मलाई आधारभूत तहसम्म पुऱ्याउन सबै दलहरूको महत्त्वपूर्ण भूमिका छ । विपक्षीको भावनालाई कदर गर्ने सत्तापक्ष र गुण तथा दोषको आधारमा सरकारको आलोचना गर्ने विपक्षी लोकतन्त्र सुदृढीकरणका वाहक हुन् । संविधानप्रति असन्तुष्ट र संविधानबाहिरका दलहरूलाई मूलधारमा ल्याउनु प्रमुख दलहरूको जिम्मेवारी पनि हो ।

राजनीतिक दल भनेको एउटा ठुलो सामाजिक जालो हो । यसैमार्फत दलहरू देशका सबै वडाहरूमा पुग्दछन् । दलहरूले त्यसबाट सुशासन, विकास र राष्ट्रिय एकीकरणमा भूमिका खेल्न सक्दछन् । समग्रमा राजनीतिक दलहरूले खेल्ने तल उल्लिखित भूमिकाले लोकतन्त्रलाई सुदृढीकरण गर्न सहयोग गर्छ :

(क) दलहरूमा आन्तरिक लोकतन्त्रको अभ्यास गर्ने

(ख) सुशासनको प्रवर्धनमा दलका विभिन्न संयन्त्रलाई उपयोग गर्ने

(ग) जन परिचालनद्वारा चेतना अभिवृद्धि र विकास निर्माण कार्य गर्ने

(ङ) विभिन्न तहका सरकारको माध्यमबाट लोकतन्त्रलाई आधारभूत तहसम्म संस्थागत गर्ने

(च) राजनीतिक संस्कार र मूल्य मान्यतामा जोड दिई भ्रष्टाचारको विरुद्ध लाग्ने

(छ) स्वच्छ र निष्पक्ष चुनावको वातावरण बनाउन सहयोग गर्ने ।

राजनीतिक दलहरूले राजनीतिक कर्मलाई बृहत समाज सेवाको अवसरका रूपमा स्थापित गर्न सक्नुपर्छ । यसले राजनीतिक दलप्रति जन विश्वास बढ्दछ र व्यवस्थाप्रति जनताको भरोसा कायम हुन्छ ।

## २. राजनीतिक दलका चुनौती

राज्य र दलसँग न्याय, सुरक्षा, सुशासन, विकास निर्माण, अभिभावकत्वको नागरिकहरूले अपेक्षा गर्नु स्वभाविक हो । यसैको सहजताका लागि नै राजनीतिक दल, सरकार, विभिन्न सङ्घ सङ्गठनको आवश्यकता हुन्छ । यसको अलावा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास गर्नु, लोकतन्त्रको प्रतिफललाई जनताको आधारभूत तहसम्म पुऱ्याउनु र यस व्यवस्थालाई जनप्रिय बनाउनु आजको आवश्यकता हो । यसका लागि राजनीतिक दलहरूलाई विभिन्न चुनौतीहरू रहेका छन् ।

राजनीतिक दलहरूभित्र आन्तरिक प्रजातन्त्र मजबुत बनाउने चुनौती रहेको छ । नियुक्ति, छनोटहरूमा व्यक्तिगत स्वार्थ, गुट उपगुट, चाकडी चाप्लुसी, नातावाद कृपावाद आदिबाट जोगिनुपर्ने चुनौती रहेको छ । दलभित्रका क्रियाकलापहरू पारदर्शी बनाउनु आवश्यक छ । युवाहरूको राजनीतिक सहभागिता वृद्धि गर्नुपर्ने चुनौती छ । दलहरूमा हुने फुट पनि एउटा चुनौती हो । यद्यपि हाल दलहरू जुट्ने क्रम पनि जारी छ ।

दलहरूमा सिद्धान्त र व्यवहारको बिचमा तालमेलको चुनौती पनि छ । घोषणापत्रको कार्यान्वयन पनि चुनौतीका रूपमा रहेको छ । क्षेत्रीय, जातीय, लिङ्गीय, वर्गीयलगायतका समावेशीकरण दलभित्र हुन सकेको छैन । सुशासनलाई राजनीतिक दलहरूले व्यवहारमा ल्याउन सकेका छैनन् । दलहरूले कतिपय सन्दर्भमा आचारसंहिता पालना गरेको पाइँदैन । आर्थिक पारदर्शिता, स्वतन्त्र र निष्पक्ष निर्वाचन र भ्रष्टाचार नियन्त्रण जस्ता कार्यहरू राजनीतिक दलको अगाडि चुनौतीका रूपमा रहेका छन् ।

कार्यकाल पूरा नहुँदै सरकार फेरबदल हुनुले सरकारको स्थायित्व कायम गर्ने चुनौती विगतमा देखिएका थिए । राजनीतिक शक्तिहरूको बिचमा समझदारी कायम गर्ने, राजनीतिक संस्कारको विकास गर्ने र दलहरूलाई विधिसम्मत रूपमा चलाउनुपर्ने आवश्यकता छ । दलीय अराजकताबाट बच्ने, निर्वाचनमा मितव्ययिता कायम गर्ने र नैतिक मूल्यमान्यता कायम गर्नुपर्ने आवश्यकता अधिकांश दलहरूमा टड्कारो देखिन्छ ।

अर्कोतिर नेपालको संविधानको घोषणापश्चात् कतिपय दलहरू यसप्रति असन्तुष्ट छन् । यिनीहरूलाई पनि यस संविधानको अपनत्व अनुभव गराउनु पनि आजको चुनौती हो । नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्नु र यसअन्तर्गतका संस्थाहरूलाई बलियो बनाउनु आवश्यक छ । बदलिँदो परिस्थितिमा अन्तर्राष्ट्रिय सम्बन्ध समयसापेक्ष बनाउन पनि दलहरूले ध्यान दिनुपर्छ । संविधानको कार्यान्वयन गर्ने तथा लोकतान्त्रिक, समृद्ध र समाजवाद उन्मुख राष्ट्र बनाउने संविधानको मूल मर्मलाई जनताले अनुभूत गर्नसक्ने बनाउनु सत्तापक्ष र विपक्षी राजनीतिक दलहरूको जिम्मेवारी हो ।

## अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) राजनीतिक दलसँग हुने जनताको कुनै एक अपेक्षा उल्लेख गर्नुहोस् ।

(ख) २००७ सालमा प्रजातन्त्र स्थापनाका लागि भूमिका खेल्ने कुनै दुई दलहरूको नाम लेख्नुहोस् ।

(ग) नेपालको वर्तमान संविधान कहिले जारी भयो ?

(घ) दोस्रो जनआन्दोलन कहिलेदेखि कहिलेसम्म भयो ?

(ङ) नेपालको संविधान सभाको चुनाव कतिपटक र कहिले भयो ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) राजनितिक दलका कुनै पाँच चुनौतीहरूको सूची बनाउनुहोस् ।

(ख) दोस्रो जनआन्दोलन हुनुको कुनै तीनओटा कारणहरू लेख्नुहोस् ।

(ग) लोकतन्त्रको सुदृढीकरणका लागि राजनीतिक दलले खेल्नसक्ने भूमिका उल्लेख गर्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) नेपालमा लोकतन्त्र र मानव अधिकारका लागि राजनीतिक दलले खेलेको महत्त्वपूर्ण भूमिकाका बारेमा ऐतिहासिक तथ्यका आधारमा विवेचना गर्नुहोस् ।

(ख) राजनीतिक दल नै लोकतन्त्रको सौन्दर्य हो । सुदृढ दलहरू लोकतन्त्रका लागि अपरिहार्य छ । त्यसैले दलहरूको सुदृढीकरणका लागि कस्ता कस्ता चुनौतीहरू छन् ? तिनीहरूको सामना गर्न दलहरूले खेल्नुपर्ने भूमिका विश्लेषण गर्नुहोस् ।

## क्रियाकलाप

१. शिक्षकको सहयोगमा तपाईंको समुदायका विभिन्न दलसँग सम्बन्धित व्यक्तिहरूलाई समावेश गरी राजनीतिक दलको भूमिका र चुनौतीका विषयमा अन्तरक्रियात्मक कार्यक्रमको आयोजना गर्नुहोस् ।

एकाइ
५

# परराष्ट्र नीति र अन्तर्राष्ट्रिय सङ्गठनहरू
**(Foreign Policy and International Organizations)**

पाठ १

## सार्कको भूमिका
**(Role of SAARC)**

**परिचय**

**दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन, सार्क (South Asian Association for Regional Cooperation, SAARC)**




८ डिसेम्बर सन् १९८५ मा दक्षिण एसियाका सात राष्ट्रहरूले बङ्गलादेशको राजधानी ढाकामा दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठनको स्थापना गर्ने अन्तर्राष्ट्रिय सन्धिमा हस्ताक्षर गरेपछि यस सङ्गठनको स्थापना भएको हो । संयुक्त राष्ट्रसङ्घको बडापत्रको धारा ५२ बमोजिम स्थापना भएको यस सङ्गठनको सदस्यका रूपमा सातओटा राष्ट्रहरू नेपाल, भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का, भुटान र माल्दिभ्स रहेका थिए । अप्रिल सन् २००७ देखि अफगानिस्तान सार्क राष्ट्रहरूको आठौँ सदस्य राष्ट्रको रूपमा प्रवेश गरेको छ । पर्यवेक्षकको रूपमा अष्ट्रेलिया, चीन, युरोपियन युनियन, इरान, जापान, मौरिसस, म्यानमार, दक्षिण कोरिया, संयुक्त राज्य अमेरिकालगायत राष्ट्रहरूले सम्मेलनहरूमा भाग लिइरहेका छन् । यसको सचिवालय काठमाडौँमा रहेको छ । यसले सन् १९८५ को डिसेम्बर ७ र ८ मा बङ्गलादेशको राजधानी ढाकामा प्रथम सम्मेलन गरेपछि १८ ओटा सम्मेलनहरू सफलतापूर्वक विभिन्न सदस्य राष्ट्रहरूमा सम्पन्न भइसकेका छन् । १८ औँ सम्मेलन नोभेम्बर २६ र २७, सन् २०१४ मा काठमाडौँमा सम्पन्न भएको थियो । १९ औँ सम्मेलन पाकिस्तानको राजधानी इस्लामावादमा सन् २०१६ मा हुने भनिए पनि अझैसम्म हुन सकेको छैन ।

विश्वमा क्षेत्रीय सङ्गठनहरूको गठनबाट यसका सदस्य राष्ट्रहरू लाभान्वित भएको कुरा प्रष्ट नै छ । यसैबिच सार्कका सदस्य राष्ट्रहरूमा क्षेत्रीय सहयोग र पारस्परिक मैत्रीभाव, सामुदायिक आत्मनिर्भरता अभिवृद्धि गर्दै यस क्षेत्रमा शान्ति, सुरक्षा तथा स्थिरताको वातावरण कायम गरी आफ्नो सुरक्षा, सार्वभौमसत्ता र अखण्डताप्रति ढुक्क भई आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रहरूमा विकास गर्नु यसको उद्देश्य रहेको छ ।

### १. ऐतिहासिक पृष्ठभूमि

सार्कको ऐतिहासिक पृष्ठभूमिलाई निम्नलिखित बुँदामा हेर्न सकिन्छ :

(क) सन् १९७७ मा काठमाडौँमा बसेको कोलम्बो आयोजना परामर्शदातृ समितिको बैठकमा तत्कालीन राजा वीरेन्द्रले नेपालको अथाह जलस्रोतको उपयोग गर्न क्षेत्रीय सहयोगको आह्वान गरेबाट क्षेत्रीय

सहयोगको अवधारणामा योगदान पुऱ्यायो ।

(ख) सार्क निर्माणका लागि बङ्गलादेशका तत्कालीन राष्ट्रपति जियाउर रहमानले खेलेको भूमिका महत्त्वपूर्ण थियो । सन् १९८० को मे २ मा ढाकामा सातओटै राष्ट्रका राष्ट्राध्यक्ष तथा सरकार प्रमुखको सम्मेलन भयो ।

(ग) विदेश सचिवस्तरीय र विदेश मन्त्रिस्तरीयसहित विभिन्न बैठक पश्चात् एकीकृत कार्ययोजना (integrated program of action) स्वीकृत गर्न सन् १९८३ अगस्ट १ र २ मा भारतको राजधानी नयाँ दिल्लीमा पुन विदेश मन्त्रीहरूको बैठक बसी सार्कको उद्देश्य र सिद्धान्तमा प्रकाश पार्दै दिल्ली घोषणापत्र जारी गरियो । यसैले सार्कको संस्थागत प्रबन्धका लागि प्राविधिक समिति, कार्यसमिति र स्थायी समिति पनि गठन गरेको थियो ।

(घ) सन् १९८४ को फेब्रुअरी २७ र २८ मा माल्दिभ्सको मालेमा र सन् १९८५ को मे १३ र १४ मा भुटानको थिम्पुमा भएको विदेश मन्त्रिस्तरीय बैठकले सदस्य राष्ट्रका सरकार प्रमुखहरूको पहिलो शिखर सम्मेलनको मिति तय गऱ्यो । यसले घोषणापत्रको तयारी, सङ्गठनात्मक ढाँचा, बडापत्रको मस्यौदा तयार गरेको थियो ।

## २. सार्कका उद्देश्यहरू

सार्क बडापत्रको धारा १ बमोजिम यसका उद्देश्यहरू निम्नलिखित छन् :

(क) दक्षिण एसियाका जनताहरूको कल्याण अभिवृद्धि गरी जनस्तरमा सुधार गर्नु

(ख) यस क्षेत्रको आर्थिक वृद्धि, सामाजिक प्रगति र सांस्कृतिक विकास गर्नु

(ग) यस क्षेत्रका जनताहरूको सामर्थ्यताको पूर्ण सदुपयोग गरी सम्मानित जीवन बिताउने अवसर प्रदान गर्नु

(घ) पारस्परिक सहयोग र सक्रिय सहकार्यमार्फत आर्थिक, सामाजिक, प्राविधिक र वैज्ञानिक क्षेत्रको विकास गर्नु

(ङ) सदस्य राष्ट्रहरूबिच पारस्परिक विश्वास बढाउनु तथा एकअर्काको समस्या बुझ्नमा योगदान पुऱ्याउनु

(च) सामुदायिक हितका विषयहरूमा अन्तर्राष्ट्रिय मञ्चहरूमा सदस्य राष्ट्रहरूबिच सहयोग सुदृढ गर्नु

(छ) अन्य विकासोन्मुख राष्ट्रहरूसँग सहयोग बिस्तार गर्नु

(ज) समान उद्देश्य भएका अन्य अन्तर्राष्ट्रिय र क्षेत्रीय सङ्गठनहरूसँग सहकार्य गर्नु

(झ) सदस्य राष्ट्रहरूको आत्मनिर्भरतालाई अभिवृद्धि गर्नु

माथि उल्लिखित उद्देश्य प्राप्तिका लागि सार्कले सहयोगको क्षेत्र निर्धारण, स्रोत परिचालन, आयोजना कार्यान्वयन, समन्वय र रेखदेख, गोष्ठी, बैठक, कार्यशाला र तालिमको आयोजना, अध्ययन अनुसन्धानलगायतका कार्यहरू गर्दछ ।

**सार्कका सिद्धान्तहरू**

सार्क निम्नलिखित सिद्धान्तमा आधारित छ :

**सार्वभौमिक समानता**

(क) प्रादेशिक अखण्डता

(ख) राष्ट्रिय स्वाधिनता

(ग) शक्तिको अप्रयोग

(घ) अहस्तक्षेप

(ङ) विवादहरूको शान्तिपूर्ण समाधान

(च) असंलग्नता

(छ) क्षेत्रीय सहयोग

(ज) पारस्परिक लाभ

(झ) अप्रतिष्पर्धा

३. **सार्कको सङ्गठनात्मक संरचना**

(क) **राष्ट्राध्यक्ष/सरकार प्रमुखको बैठक (Meeting of Heads of State/ government)**

राष्टाध्यक्ष तथा सरकार प्रमुखहरूको बैठकलाई शिखर सम्मेलनका रूपमा चिनिन्छ । उक्त बैठक सार्कको सर्वोच्च अङ्ग हो । यो बैठक वर्षमा एकपटक र आवश्यकता परे त्यसभन्दा बढी बस्नसक्ने प्रावधान छ । हालसम्म १८ ओटा शिखर सम्मेलनहरू सम्पन्न भइसकेका छन् । मन्त्रिपरिषद्ले गरेका निर्णयलाई अन्तिम रूप दिने पूर्ण अधिकार यसै अङ्गलाई छ ।

(ख) **मन्त्रिपरिषद् ( Council of Ministers)**

यो सार्क सदस्य राष्ट्रहरूको परराष्ट्र मन्त्रीहरूको समूह हो । यसले नीति तर्जुमा, सहयोगका क्षेत्रहरूको खोजी, प्रगति समिक्षालगायत सङ्गठनका सामान्य हितका बारेमा निर्णय गर्दछ ।

(ग) **स्थायी समिति (Standing Committee)**

यसले सहयोगका आयोजना तथा कार्यक्रमहरूको स्वीकृति, समन्वय, रेखदेख तथा स्रोत परिचालन गर्दछ ।

(घ) **प्राविधिक समिति (Technical Committees)**

यसअन्तर्गत प्राविधिक किसिमका कार्यक्रमहरू पर्दछन् । यसअन्तर्गत शिक्षा, स्वास्थ्य, विज्ञान र प्रविधि, कृषि, सञ्चार, पर्यटन, लागुपदार्थ ओसारपसार र महिला विकास समितिसमेत रहने व्यवस्था छ । यसले वित्तीय संस्थाको निर्धारण पनि गर्दछ ।

(ङ) **कार्यक्रिम समिति (Programming Committee)**

यस समितिको बैठक स्थायी समितिको बैठक बस्नुअगाडि बस्ने गर्दछ । यसले स्थायी समितिले तोकेबमोजिम

कार्यहरू गर्दछ । सार्क राष्ट्रका वरिष्ठ अधिकृत रहने यस समितिले सचिवालयको बजेटको जाँचबुझ गर्दछ ।

**(च) कार्यसमिति (Action Committee)**

कार्यसमितिको गठन स्थायी समितिले गर्दछ । कम्तीमा २ राष्ट्रको प्रतिनिधित्व हुनुपर्ने यस समितिको मुख्य काम कार्यक्रमको कार्यान्वयन गर्नु हो ।

**(छ) सार्क सचिवालय (Secretariat)**

सार्क सचिवालय काठमाडौँमा रहेको छ । यसले विभिन्न समिति र कार्यक्रमहरूको कार्यान्वयन, सहयोग र समन्वय तथा सम्पूर्ण प्रशासनिक कार्यहरू गर्दछ । यसको प्रमुखको रूपमा महासचिव हुन्छन् ।




## २. सार्कको भूमिका

सार्कको स्थापनापश्चात्को ३३ वर्षलाई हेर्दा विभिन्न प्रगति र विकास भएको देख्न सकिन्छ । यसलाई उल्लिखित बुँदाहरूमा अध्ययन गरौँ ।

(क) आर्थिक र व्यापार : सार्कले सदस्य राष्ट्रहरूको व्यापारका क्षेत्रहरूको प्राथमिकीकरण गरी स्वतन्त्र व्यापार सम्झौतालाई मूर्तरूप दिएको छ । यसले यस क्षेत्रका राष्ट्रहरूको आर्थिक वृद्धि गरी क्षेत्रीय विकास र सहयोग बढाएको छ । अर्थमन्त्री स्तरीय विभिन्न बैठकमार्फत आर्थिक सहयोगका एजेन्डाहरू पनि अगि बढाइएका छन् ।

(ख) बाह्य सहयोगको अभिवृद्धि : सार्कका पर्यवेक्षक राष्ट्रलगायत अन्य विकसित राष्ट्रहरू तथा अन्तर्राष्ट्रिय सङ्गठनमार्फत विकासका लागि सहयोग अभिवृद्धि भएको छ ।

(ग) जनस्तरको सम्बन्ध : सदस्य राष्ट्रहरूको बिचमा विभिन्न गैरसरकारी संस्थाहरू, छात्रवृत्ति कार्यक्रम, युवा स्वयम्सेवी कार्यक्रममार्फत जनस्तरमा सामाजिक अन्तरसम्बन्ध कायम भएको छ ।

(घ) **सुरक्षा र आतङ्कवाद विरुद्ध कदम :** सार्क राष्ट्रहरूको सामुदायिक सुरक्षाप्रति चासो बढेको छ । साथै आतङ्कवाद विरुद्ध विभिन्न प्रतिबद्धता र हस्ताक्षर कार्यक्रमहरू भएका छन् ।

(ङ) **युवामुखी कार्यक्रम :** विभिन्न वैज्ञानिक अन्वेषण, वातावरण संरक्षण र प्राकृतिक प्रकोप नियन्त्रणका कार्य गर्ने युवाहरूलाई पुरस्कार प्रदान गरिँदै आएको छ ।

(च) **गरिबी निवारण :** यस क्षेत्रका गरिबी निवारण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखेर कार्यहरू गरिएका छन् । यसका लागि सामाजिक परिचालन, शिक्षा, स्वास्थ्यमा जनताका पहुँच, पोषण, मानव विकास कार्यहरू, कृषि विकासका नीति, सुमधुर औद्योगिक सम्बन्धलाई जोड दिइएको छ ।

(छ) **एकीकृत कार्ययोजना (Integrated Programmme of Action) :** विभिन्न १२ ओटा सहयोगका क्षेत्रहरू समेटी प्राविधिक समितिहरू गठन गरिएका छन् । यसअन्तर्गत कृषि, दुरसञ्चार, शिक्षा तथा संस्कृति र खेलकुद, स्वास्थ्य, वातावरण, जनसङ्ख्या र बालबालिका कल्याण, जलवायु विज्ञान, ग्रामीण विकास र पर्यटन, यातायात र विकासमा महिला सहभागितालगायतका क्षेत्रमा समितिले आफ्ना कार्य गर्दै आएका छन् ।

(ज) **सहयोगमा ठोस वृद्धि :** सामुदायिक हित र पारस्परिक लाभका लागि विभिन्न कार्यक्रमहरू जस्तै : विश्वविद्यालय, खाद्य बैङ्क, विकास कोष, टेलिमेडिसिन नेटवर्क, लेखक र साहित्यिक प्रतिष्ठानलगायत अध्ययन केन्द्र, महिला केन्द्र, खेलकुदका माध्यमबाट सहयोग ठोस रूपमा अगि बढेको देखिन्छ ।

## अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) सार्कको स्थापना कहिले भयो ?

(ख) हाल सार्कका सदस्य राष्ट्रहरू कतिओटा छन् ?

(ग) सार्क सचिवालय कहाँ रहेको छ ?

(घ) सार्क सचिवालयको प्रमुखलाई के भनिन्छ ?

(ङ) सार्क सचिवालयका वर्तमान महासचिवको नाम लेख्नुहोस ।

(च) सार्कको एकीकृत कार्ययोजनाअन्तर्गत कतिओटा सहयोग क्षेत्रहरू समेटिएका छन् ?

(छ) सार्क स्थापनाको लागि प्रमुख भुमिका खेल्ने बंगलादेशका राष्ट्रपति को थिए ?

(ज) हालसम्म कतिओटा सार्क शिखर सम्मेलन सम्पन्न भैसकेका छन् ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) सार्कका उद्देश्यहरू सङ्क्षेपमा उल्लेख गर्नुहोस् ।

(ख) सार्कका सिद्धान्तहरूको सूची बनाउनुहोस् ।

(ग) सार्कको सङ्गठनात्मक संरचनाअन्तर्गतका अङ्गहरूको सूची तयार पार्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) सार्कले स्थापना कालदेखि हालसम्म गरेका प्रमुख कार्यहरूको बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

(ख) सार्कको सङ्गठनात्मक संरचनाअन्तर्गत कुन कुन अङ्गहरू छन् ? सङ्क्षेपमा वर्णन गर्नुहोस् ।

## क्रियाकलाप

१. शिक्षकको सहयोगमा विद्यालयमा नमुना सार्क शिखर सम्मेलन आयोजना गर्नुहोस् ।

## पाठ २ युरोपेली सङ्घ, आसियान र बिमस्टेक
### (European Union, ASEAN and BIMSTEC)

### १. युरोपेली सङ्घ (European Union -EU)




युरोपेली सङ्घको स्थापना गर्ने सन्धिमा फ्रान्स, इटाली, तत्कालीन सङ्घीय गणतन्त्र जर्मनी, बेल्जियम, नेदरल्यान्डस् र लक्जेम्बर्गले रोममा २५ मार्च १९५७ मा हस्ताक्षर गरे । यो सन्धि लागु भएपछि १ जनवरी १९५८ मा यस सङ्घको विधिवत उद्घाटन भयो । यसलाई युरोपेली साझा बजार पनि भनिन्छ । यो आर्थिक प्रकृतिको क्षेत्रीय सङ्गठन हो । माथि उल्लिखित राष्ट्रहरूलाई inner six भनियो । पछि डेनमार्क, आयरल्यान्ड, बेलायत, ग्रिस, स्पेन, पोर्चुगल, थप सदस्य बने जसलाई outer six भनियो । यसको स्थापनाको पृष्ठभूमिलाई हेर्दा सन् १९५७ मार्च २५ को रोमसन्धि, सन् १९५७ मा नै स्थापना भएको युरोपियन उर्जा समुदाय र सन् १९५९ मा स्थापित युरोपियन कोइला तथा स्पात समुदाय र युरोपियन आर्थिक समुदायको एकीकृत रूप नै सन् १९९० मा स्थापना भएको युरोपियन समुदाय हो । त्यसको नाम परिवर्तन गरी युरोपियन सङ्घ राखियो । यसको प्रधान कार्यालय बेल्जियमको ब्रसेल्समा रहेको छ । हाल २७ ओटा स्वतन्त्र राष्ट्रहरू यस क्षेत्रको राजनीतिक, आर्थिक र सामाजिक सहयोगका लागि यस सङ्घमा आबद्ध छन् । यसको विधान र कार्यक्रमअनुसार सन् १९९९, जनवरी १ देखि एकल मुद्रा युरो प्रचलनमा आएको छ ।

(क) युरोपेली सङ्घका उद्देश्यहरू : युरोपेली सङ्घ गठनका उद्देश्यहरू निम्नलिखित छन् :

(अ) सदस्य राष्ट्रहरूको आर्थिक विकासमा सहयोग गर्नु

(आ) आर्थिक स्थिरता ल्याउन सहयोग गर्नु

(इ) सदस्य राष्ट्रहरूका जनताको जीवनस्तरमा वृद्धि गर्नु

(ई) आर्थिक नीतिको एकीकरण गरी आपसी सम्बन्ध घनिष्ठ पार्नु ।

(ख) युरोपेली सङ्घका कार्यहरू : उद्देश्य प्राप्तिका लागि सङ्घले निम्नलिखित कार्यहरू गर्दछ :

(अ) सदस्य राष्ट्रहरूबिच एउटै आर्थिक तथा मौद्रिक नीति तयार गर्ने

(आ) सदस्य राष्ट्रहरूबिच पारस्परिक सम्बन्धमा भन्सार महसुल समाप्त पार्ने

(इ) सामानको आयात तथा निर्यातको सङ्ख्यात्मक प्रतिबन्ध घटाउने

(ई) तेस्रो राष्ट्रको मालसामानको सम्बन्धमा एकीकृत भन्सार दर निर्धारण गर्ने

(उ) सदस्य राष्ट्रहरूबिच श्रमिक, सेवा तथा पुँजीको प्रवाहलाई स्वतन्त्र पार्ने

(ऊ) कृषि र यातायातको क्षेत्रमा एकीकृत नीति अपनाउने

(ए) ऋण भुक्तानीसम्बन्धी समस्याको समाधान गर्ने ।

(ग) युरोपेली सङ्घको सङ्गठनात्मक संरचना

यसको सङ्गठनात्मक संरचनाअन्तर्गत निम्नलिखित अङ्गहरू रहेका छन् :

(घ) युरोपियन परिषद् (European council)

यो युरोपियन युनियनको सर्वोच्च अङ्ग हो । यसमा सदस्य राष्ट्रहरूको मन्त्रीस्तरीय प्रतिनिधि हुन्छन् । यसलाई नीति निर्धारण अङ्ग भनिन्छ । निर्णय प्रक्रिया सर्वसम्मति, दुईतिहाइ वा बहुमतमध्येबाट गरिन्छ । भिन्न राष्ट्रहरूको मतको भार फरक फरक रहेको छ ।

(ङ) युरोपेली आयोग (European commission)

एकीकृत युरोपियन समुदायहरूको प्रमुख कार्यकारी अङ्ग रहेको यो आयोग १३ सदस्यीय हुन्छ । यसका सदस्यको नियुक्ति सदस्य राष्ट्रहरूको सर्वसम्मतिबाट हुन्छ । युरोपेली परिषद्ले गर्ने निर्णयहरू युरोपेली आयोगको प्रस्तावको आधारमा हुने गर्दछ । यसले सन्धिहरूको रेखदेख तथा कार्यान्वयनको जाँच गर्दछ । युरोपेली संसद् र युरोपेली परिषद्को लिखत तयार पार्दछ जुन सदस्य राष्ट्रहरूका लागि बाध्यात्मक हुन्छ ।


(च) युरोपेली संसद् (European parliament)

यो एकीकृत युरोपेली समुदायको परामर्शदातृ अङ्ग हो । वर्षको एकपल्ट बस्ने यस संसद्मा हाल ४३४ सदस्यहरू रहेका छन् । यसको कार्य युरोपेली आयोगको क्रियाकलापको जाँच गरी स्वीकृत वा अस्वीकृत गर्नु हो ।

(छ) युरोपेली न्यायालय (European court)

युरोपेली सङ्घको यो एक महत्त्वपूर्ण अङ्ग हो जसमा ११ सदस्य र ३ प्रधान अधिवक्ता ६ वर्षका लागि चुनिन्छन् । प्रत्येक ३ वर्षमा आधा सदस्यहरूको पुन निर्वाचन हुन्छ । तीन वर्षको कार्यकाल हुने गरी एक जना सभापति चुनिन्छन् । सदस्य राष्ट्रहरूको विवादको समाधान गर्ने, नीतिनियम तथा सन्धिहरूको व्याख्या गर्ने कार्य यसले गर्दछ ।

२. दक्षिण पूर्वी एसियाली राष्ट्र सङ्गठन– आसियान (Association of South East Asian Nation- ASEAN)




हरेक स्वतन्त्र राष्ट्रहरू आफ्नो सार्वभौम शक्ति प्रयोग गरेर क्षेत्रीय सन्धिहरू निर्माण र यसैमार्फत अन्तर्राष्ट्रिय सङ्गठनहरू निर्माण गर्न स्वतन्त्र रहेका छन् । आसियान पनि यसैको प्रतिफल हो । ८ अगस्ट सन् १९६७ मा फिलिपिन्स, इन्डोनेसिया, मलेसिया, सिङ्गापुर र थाइल्यान्डका विदेश मन्त्रीहरूले हस्ताक्षर गरेको बैङ्कक घोषणापत्रका आधारमा आसियानको स्थापना भएको हो । यसको प्रधान कार्यालय इन्डोनेसियाको राजधानी जकार्तामा रहेको छ । यस

सङ्गठनमा ब्रुनाइ, भियतनाम, लाओस, म्यानमार र कम्बोडिया सामेल भई हाल १० ओटा सदस्य राष्ट्रहरू रहेका छन् ।

यसको मुख्य उद्देश्य आर्थिक, सांस्कृतिक र प्राविधिक विकासको क्षेत्रमा सदस्य राष्ट्रहरूबिच सहयोग बढाउन तथा क्षेत्रीय शान्ति र स्थिरता कायम गराउने रहेको छ ।

(क) उद्देश्यहरू : संयुक्त राष्ट्रसङ्घको बडापत्रको अधीनमा रहेर आसियान घोषणापत्रअनुसार यसका उद्देश्यहरू निम्नलिखित रहेका छन् :

१. यस क्षेत्रको आर्थिक वृद्धि, सामाजिक प्रगति र सांस्कृतिक विकास

२. न्याय तथा कानुनको शासन र स्थायित्व

३. शान्ति, स्वतन्त्रता र तटस्थता

(ख) सिद्धान्तहरू : दक्षिणपुर्वी एसियाको सौहार्दपूर्ण सहयोग सन्धिअनुसार आसियान निम्नलिखित सिद्धान्तमा आधारित छ :

१. स्वतन्त्रता, सार्वभौमसत्ता, समानता, भौगोलिक अखण्डता र राष्ट्रिय पहिचानका लागि पारस्परिक उत्तर दायित्व

२. बाह्य हस्तक्षेप र दबाबबाट स्वतन्त्र रहन सहयोग

३. राष्ट्रहरूबिचको आन्तरिक मामिलामा अहस्तक्षेप

४. मत भिन्नता र विवादको शान्तिपूर्ण समाधान

५. शक्तिको अप्रयोग

६. प्रभावकारी सहकारिता

सन् २००३ मा महत्त्वपूर्ण उपलब्धिका रूपमा आसियान सम्बद्ध राष्ट्रका नेताहरूले आसियान समुदायको स्थापना गरे जसअन्तर्गत सुरक्षा समुदाय, आर्थिक समुदाय र सामाजिक सांस्कृतिक समुदाय रहेका छन् ।

(ग) आसियानको साङ्गठनिक संरचना : आसियान चार्टरको तेस्रो अध्यायमा यसको साङ्गठनिक संरचना निम्नबमोजिम उल्लेख गरिएको छ :

१. **शिखर सम्मेलन (ASEAN Summit)**

आसियानको निर्णय प्रक्रियाको महत्त्वपूर्ण अङ्ग शिखर सम्मेलन हो । प्रत्येक ५ वर्षमा हुने यस सम्मेलनमा सदस्य राष्ट्रका राष्ट्राध्यक्ष वा प्रमुखहरू सहभागी हुने गर्दछन् ।

२. **विदेश मन्त्रीस्तरीय बैठक (Annual Ministerial Meeting)**

वार्षिक रूपमा सदस्य राष्ट्रका विदेशमन्त्रीहरूको बैठक हुने गर्दछ । यस बैठकलाई उच्च अधिकारीहरूको प्राविधिक समूह र कार्यदलले सहयोग गर्दछ । यस बैठकका क्षेत्रहरू कृषि तथा वन, व्यापार, वातावरण,

वित्त, स्वास्थ्य, सूचना, लगानी, औद्योगिक सम्बन्ध, समाजकल्याण, दुरसञ्चार, अन्तर्राष्ट्रिय अपराध, यातायात, पर्यटन, युवा आदि पर्दछन् ।

### ३. सचिवालय (Secretariat)

प्रशासकीय प्रमुखको रूपमा महासचिव रहने सचिवालय आसियानको प्रमुख प्रशासनिक अङ्ग हो । विदेशमन्त्री स्तरीय बैठकलाई यसले परामर्श दिनुका साथै कार्यक्रम कार्यान्वयनको प्रतिवेदन दिन्छ । वर्णानुक्रमअनुसार सदस्य राष्ट्रबाट ३ वर्षका लागि महासचिव नियुक्त हुन्छन् । आवश्यकताअनुसार विभागीय निर्देशक र कर्मचारीहरू पनि सचिवालयमा रहन्छन् ।

आसियानअन्तर्गत विभिन्न विशिष्टीकृत अङ्गहरू र गैरसरकारी संस्थाहरूको पनि औपचारिक संलग्नता रहेको छ । विशिष्टीकृत अङ्गहरूमा कृषि विकास योजना केन्द्र, आर्थिक व्यवस्थापन केन्द्र, उर्जाका लागि आसियान केन्द्र रहेका छन् ।

### ३. बिम्सटेक (BIMSTEC)

बिम्सटेक भन्नाले बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्सटेक) Bay of Bengal Initiative for Multi-Sectoral Technical and Economic Cooperation (BIMSTEC) हो । यसको स्थापना ६ जुन सन् १९९७ मा थाइल्यान्डको राजधानी बैङ्ककबाट जारी गरिएको "बैङ्कक घोषणापत्र" मार्फत भएको हो । सुरुमा बङ्गलादेश, भारत, श्रीलङ्का र थाइल्यान्ड सदस्य रहेकामा सन् १९९७ डिसेम्बर २२ को मन्त्रीस्तरीय बैठकबाट म्यानमार यसको सदस्य भएको थियो । सन् १९९८ मा नेपाल आमन्त्रित सदस्यका रूपमा रहेकमा सन् २००४ फेब्रुवरीमा थाइल्यान्डमा भएको मन्त्रीस्तरीय बैठकबाट नेपाल र भुटान पूर्ण सदस्य भएको पाइन्छ । यसरी बिम्सटेकमा अहिले दक्षिण एसियाका पाँच राष्ट्र नेपाल, भारत, भुटान, श्रीलङ्का, बङ्गलादेश तथा दक्षिणपुर्वी एसियाका दुई राष्ट्र म्यानमार र थाइल्यान्ड गरी सात राष्ट्र सदस्य रहेका छन् । सुरुमा यसको नाम चार देशको नामको सुरुका अक्षरबाट बिआइएसटी-इसी राखिएको थियो । यसमा म्यानमार, नेपाल र भुटान सदस्य बनेपछि नाम परिवर्तन गरेर बिम्सटेक राखिएको हो । बिम्सटेकको अध्यक्षीय कार्यकाल दुई वर्षको हुने छ । यसको मुख्य सचिवालय सन् २०१४ मा बङ्गलादेशको राजधानी ढाकामा स्थापना गरिएको हो ।

बिम्सटेकका सदस्य राष्ट्रभित्र विश्वको जनसङ्ख्यामध्ये १.५ अरबको बसोबास छ । विश्वको २२ प्रतिशत जनसङ्ख्या यी सात देशमा छ । बिम्सटेक राष्ट्रहरूको कुल गार्हस्थ उत्पादन २७ खर्बभन्दा बढी छ । बिम्सटेकभित्र पछिल्लो पाँच वर्षमा अन्तर्राष्ट्रिय वित्तीय मन्दीका बाबजुद औसत ६.५ प्रतिशत आर्थिक वृद्धिदर रहेको छ । बिम्सटेक सम्प्रभु समानता, क्षेत्रीय अखण्डता, राजनीतिक स्वतन्त्रता, आन्तरिक मामलाहरूमा शून्य

हस्तक्षेप, शान्ति सहअस्तित्व र आपसी लाभको सिद्धान्तको सम्मानमा आधारित छ । बिम्सटेक कुनै क्षेत्रीय वा बहुपक्षीय सङ्गठनको विकल्पका रूपमा स्थापना भएको सङ्गठन होइन ।

**बिम्सटेकका लक्ष्य र क्षेत्र**

यसको मुख्य लक्ष्य बङ्गालको खाडीको किनारा अर्थात तटीय क्षेत्रमा रहेका दक्षिण तथा दक्षिणपुर्वी एसियाली राष्ट्रबिच प्राविधिक र आर्थिक सहयोग आदानप्रदान गर्नु हो । यसको व्यापार, लगानी, प्रविधि, पर्यटन, मानवीय स्रोतको विकास, कृषि, माछापालन, यातायात र सञ्चार, गार्मेन्ट, छालालगायतका क्षेत्र रहेका छन् ।

**४. बिम्सटेकका शिखर सम्मेलन**

(क) पहिलो शिखर सम्मेलन थाईल्यान्डको राजधानी बैङ्ककमा ३१ जुलाइ, सन् २००४ मा भयो । जसमा नेपालबाट प्रधानमन्त्री शेरबहादुर देउवाले भाग लिएका थिए ।

(ख) दोस्रो शिखर सम्मेलन भारतको राजधानी नयाँ दिल्लीमा १३ नोभेम्वर, सन् २००८ मा भयो । जसमा नेपालबाट प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले भाग लिएका थिए ।

(ग) तेस्रो शिखर सम्मेलन म्यानमारको नेपिडमा ४ मार्च, सन् २०१४ भयो । जसमा नेपालबाट प्रधानमन्त्री सुशील कोइरालाले भाग लिएका थिए । नेपाल बिम्सटेकको अध्यक्ष राष्ट्र बनेको थियो ।

(घ) चौथो शिखर सम्मेलन नेपालको राजधानी काठमाडौँमा ३० र ३१ अगस्ट सन् १९१८ मा २ दिन भयो । जसको अध्यक्षता प्रधानमन्त्री खड्गप्रसाद ओलीले गरेका थिए । बिमस्टेकको अध्यक्ष राष्ट्रको सरकार प्रमुखको हैसयितले उनले आगामी अध्यक्षको रूपमा श्रीलङ्काका राष्ट्रपति मैत्रिपाल सिरिसेनलाई पद हस्तान्तरण गरेका थिए ।

**५. बिम्सटेक सदस्य राष्ट्रबिच भएको सम्झौता**

बिम्सटेक सदस्य राष्ट्रबिच निम्न सम्झौतामा हस्ताक्षर भएको छ :

१. सन् २००४ मा बिम्सटेक खुला व्यापार क्षेत्र (Free Trade Area) सम्झौता

२. अन्तर्राष्ट्रिय आतङ्कवाद विरुद्धको सहयोगमा बिम्सटेक सम्मेलन, अन्तर्राष्ट्रिय सङ्गठित अपराध र लागु औषध विरुद्ध सम्झौता (२००९)

३. बिम्सटेक सदस्य राष्ट्रबिचको एसोसिएसनको सम्झौता (२००६) र भारतमा ऊर्जा केन्द्रको स्थापना

४. भारतमा बिम्सटेक मौसम र जलवायु केन्द्रको स्थापनाको एमओए (२०१४)

५. बिम्सटेक स्थायी सचिवालयको स्थापना (२०१४)

६. बिम्सटेक सांस्कृतिक उद्योग आयोगको स्थापना

७. उर्जा आदान प्रदानका लागि विद्युत् लाइन प्रसारणको अन्तरदेशीय मार्गको (बिमस्टेक ग्रिड इन्टर कनेक्सन) सहमति (२०१८) ।

### ६. बिम्सटेकको कार्यक्षेत्र

बिम्सटेकका सदस्य राष्ट्रहरूले १४ ओटा प्राथमिकता क्षेत्रहरू पहिचान गरेका छन् । प्रत्येक क्षेत्रमा कम्तीमा पनि एक सदस्य राष्ट्रले नेतृत्व गरिरहेका छन् ।

| क्र.स. | क्षेत्रहरू | नेतृत्व राष्ट्र | क्र.स. | क्षेत्रहरू | नेतृत्व राष्ट्र |
|---|---|---|---|---|---|
| १ | व्यापार र लगानी | बङ्गलादेश | ८ | प्रति-आतङ्कवाद र अन्तर्राष्ट्रिय अपराध | भारत |
| २ | जलवायु परिवर्तन | बङ्गलादेश | ९ | वातावरण र सङ्कट व्यवस्थापन | भारत |
| ३ | ऊर्जा | म्यानमार | १० | यातायात र सञ्चार | भारत |
| ४ | कृषि | म्यानमार | ११ | भौतिक योजना र ढुवानी | भारत |
| ५ | सूचना तथा प्रविधि | श्रीलङ्का | १२ | जनस्वास्थ्य सेवा | थाइल्यान्ड |
| ६ | सांस्कृतिक सहयोग | भुटान | १३ | माछा पालन | थाइल्यान्ड |
| ७ | गरिबी उन्मुलन | नेपाल | १४ | जनसम्पर्क | थाइल्यान्ड |

## अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) युरोपियन युनियनको स्थापना कहिले भयो ?

(ख) युरोपियन युनियनको संरचनाअन्तर्गतका अङ्गहरू के के हुन् ?

(ग) युरोपियन युनियनको एकल मुद्रालाई के भनिन्छ ?

(घ) आसियानअन्तर्गत हाल कतिओटा राष्ट्रहरू छन् ?

(ङ) ASEAN को पूरा रूप लेख्नुहोस् ।

(च) बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयासलाई के भनिन्छ ?

(छ) BIMSTEC को पूरा रूप लेख्नुहोस् ।

(ज) विम्सटेकको मुख्य सचिवालय कुन देशमा रहेको छ ?

(झ) बिमस्टेकको मुख्य लक्ष्य के हो ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) युरोपियन युनियनका उद्देश्यहरू के के हुन् ?

(ख) युरोपियन युनियनको स्थापनाको पृष्ठभूमि उल्लेख गर्नुहोस् ।

(ग) आसियानका उद्देश्यहरू उल्लेख गर्नुहोस् ।

(घ) आसियानको साङ्गठनिक संरचनाको सङ्क्षेपमा वर्णन गर्नुहोस् ।

(ङ) बिमस्टेकका सदस्य राष्ट्रहरू कुन कुन हुन् ? सूची तयार गर्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) युरोपियन युनियनका कार्यहरूको चर्चा गर्नुहोस् ।

(ख) आसियानको सिद्धान्तको बारेमा उल्लेख गर्नुहोस् ।

(ग) विमस्टेकका सदस्य राष्ट्रहरूबिच भएको सम्झौता उल्लेख गर्नहोस् ।

(घ) बिम्सटेक सदस्य राष्ट्रहरूले पहिचान गरेका कार्यक्षेत्रहरू के के हुन ? त्यसको नेतृत्व कुन र ाष्ट्रले गरेको छ ? उल्लेख गर्नुहोस् ।

## क्रियाकलाप

१. कक्षाका विद्यार्थीहरू तीन समुहमा विभाजित भई युरोपेली सङ्घ, आसियान र बिमस्टेकको नेपालमा योगदानसहित विविध पक्ष समेटी चार्ट पेपरमा देखाउनुहोस् ।

## पाठ ३

# संयुक्त राष्ट्रसङ्घ र यसका अङ्गहरू
## (United Nations and its Organs)

### १. संयुक्त राष्ट्रसङ्घ (United Nation)

सन् १९१४ देखि १९१८ सम्म भएको पहिलो विश्वयुद्ध चलेसँगै युद्धको विभिषिका समाप्त गर्नसक्ने अन्तर्राष्ट्रिय सङ्गठनको निर्माणको प्रयासस्वरूप राष्ट्रसङ्घ (League of Nations) को जन्म भयो । तर यसले शान्ति र सुरक्षा कायम राख्ने प्रमुख उद्देश्यमा आशातीत सफलता प्राप्त गर्न सकेन । विश्वले आखिर सन् १९३९ देखि १९४५ सम्म अर्को ठुलो विनाशकारी युद्ध खेप्नुपऱ्यो । द्वितीय विश्वयुद्धको विध्वंशकारी परिणामले गर्दा सबै राष्ट्रहरूमा अन्तराष्ट्रिय शान्ति र सुरक्षा कायम राख्नका लागि एउटा दरिलो सङ्गठनको आवश्यकता महसुस भयो । फलस्वरूप राष्ट्रहरूले एक नयाँ अन्तर्राष्ट्रिय सङ्गठनको स्थापनाको प्रयास गरे । तदनुसार २४ अक्टोबर १९४५ मा संयुक्त राष्ट्रसङ्घको स्थापना भयो । त्यसैले २४ अक्टोबरलाई विश्वभरी संयुक्त राष्ट्रसङ्घ दिवसका रूपमा मनाइन्छ । संयुक्त राष्ट्रसङ्घको सदस्यता बडापत्रको दायित्व स्वीकार गर्ने र यी दायित्व पूरा गर्न इच्छुक र सक्षम सबै शान्तिप्रिय राष्ट्रहरूले सुरक्षा परिषद्को सिफारिसमा महासभाले नयाँ सदस्य राष्ट्रलाई प्रदान गर्दछ । बडापत्रअन्तर्गत संयुक्त राष्ट्रसङ्घका आधिकारिक भाषाहरू चिनिया, अङ्ग्रेजी, फ्रेन्च, रुसी र स्पेनिस हुन् । अरबी भाषालाई पनि महासभा, सुरक्षा परिषद् र आर्थिक तथा सामाजिक परिषद्को आधिकारिक भाषा भनी थपिएको छ ।

संयुक्त राष्ट्रसङ्घको स्थापनाका लागि निम्नलिखित प्रयासहरू भएका थिए :

१. ग्रिस, बेल्जियम, नर्वे, लग्जेम्बर्ग, चेकोस्लोभाकिया, नेदरल्यान्ड, पोल्यान्ड र युगोस्लाभियाका प्रवासी सरकारहरूका प्रतिनिधि तथा फ्रान्स, बेलायत, क्यानडा, न्युजिल्यान्ड, अस्ट्रेलिया, दक्षिण अफ्रिकाका प्रतिनिधिहरूले १२ जुन १९४१ मा लन्डनको जेम्स दरबारमा शान्ति स्थापनाका लागि ऐक्यबद्धता कायम गरी अगाडि बढ्न अन्तरसम्बन्ध घोषणा (Inter-allied Declaration,1941) मा हस्ताक्षर गरे ।

२. अमेरिकी राष्ट्रपति फ्याङ्कलिन डी. रुजबेल्ट र बेलायतका प्रधानमन्त्री विन्स्टन चर्चिलले एटलान्टिक महासागरमा जहाजमा भेटी नाजीवादलाई अन्त्य गर्ने सङ्कल्प गर्दै १४ अगस्ट १९४१ मा एक लिखतमा हस्ताक्षर गरे जसलाई एटलान्टिक बडापत्र (Atlantic Charter, 1941) भनिन्छ । यसको उद्देश्य समानता, विश्वव्यापी शान्ति, सामुदायिक सहयोगलगायत रहेको थियो ।

३. १ जनवरी १९४२ मा बेलायत, अमेरिका, सोभियत सङ्घ र चीनलगायत २६ राष्ट्रहरूले संयुक्त राष्ट्र शब्दको प्रयोग गर्दै वासिङ्टनमा हस्ताक्षर गरे । यसलाई संयुक्त राष्ट्रको घोषणा (Declaration of United Nations, 1942) भनिन्छ ।

४. शत्रुका विरुद्ध संयुक्त कदम चाल्ने सङ्कल्पसहित समानताको सिद्धान्तमा आधारित विश्वव्यापी

अन्तर्राष्ट्रिय सङ्गठनको स्थापनामा जोड दिँदै ३० अक्टोबर १९४३ मा बेलायत, अमेरिका, सोभियत सङ्घ तथा चीनद्वारा मस्कोमा हस्ताक्षर गरिएको चार राष्ट्र घोषणा गरियो । यसलाई मस्को घोषणा (Moscow Declaration, 1943) भनिन्छ । यसै बर्ष १ डिसेम्बरमा सोभियत सङ्घ, अमेरिका र बेलायतका नेताद्वारा त विश्वव्यापी अन्तर्राष्ट्रिय सङ्गठनको स्थापनामा पुनः जोड दिँदै तेहरानमा हस्ताक्षर गरे । यसलाई तेहरान घोषणा (Tehran Declaration, 1943) भनिन्छ ।

५. संयुक्त राष्ट्रसङ्घको बडापत्रको प्रारम्भिक मस्यौदा तयार गरिएको २१ अगस्टदेखि २८ सेप्टेम्बरसम्म डम्बर्टन ओक्स् अमेरिकामा भएको सम्मेलन महत्त्वपूर्ण छ । यस सम्मेलनमा पहिलो चरणमा सोभियत सङ्घ, अमेरिका र बेलायत तथा दोस्रो चरणमा अमेरिका, बेलायत र चीनले भाग लिएका थिए । यसलाई Dumbarton Oaks Conference, 1944 भनिन्छ ।

६. डम्बर्टन ओक्स सम्मेलनमा समाधान नभएका विषयको समाधान र सङ्गठनको अन्तिम प्रारूप तयार पार्दै ११ फेब्रुअरी १९४५ मा तत्कालीन सोभियत सङ्घको याल्टामा सोभियत सङ्घ, अमेरिका र बेलायतले सम्मेलन गरे । यसलाई Yalta Conference, 1945 भनिन्छ । सोही वर्ष २५ अप्रिल १९४५ मा अमेरिकाको सान फ्रान्सिस्को सहरमा ५१ राष्ट्रको सहभागितामा सम्मेलन भयो र २६ जुनसम्म चलेको उक्त बैठकले संयुक्त राष्ट्रसङ्घ नाम रहने गरी अन्तर्राष्ट्रिय सङ्गठन निर्माण गरे । जुन २६ मै ५० राष्ट्रले संयुक्त राष्ट्रसङ्घको बडापत्रमा हस्ताक्षर गरे । यसरी २६ जुन १९४५ मा संयुक्त राष्ट्रसङ्घको जन्म भयो । चीन, फ्रान्स, सोभियत सङ्घ, बेलायत र अमेरिका तथा अन्य राष्ट्रहरूले अनुमोदन गरेपछि बडापत्रको धारा ११० अनुसार २४ अक्टोबर १९४५ मा बडापत्र लागु भयो र संयुक्त राष्ट्रसङ्घ विधिवत स्थापना भयो ।

**(क) संयुक्त राष्ट्रसङ्घका उद्देश्यहरू**

१. अन्तर्राष्ट्रिय शान्ति तथा सुरक्षा कायम राख्नु

२. राष्ट्रहरूबिच मानिसको समान अधिकार तथा आत्मनिर्णयको सिद्धान्तमा आधारित मैत्रीपूर्ण सम्बन्ध विकास गर्नु

३. अन्तर्राष्ट्रिय आर्थिक, सामाजिक, सांस्कृतिक तथा मानवीय समस्या समाधान गर्न सहयोग गर्नु

४. मौलिक स्वतन्त्रता तथा मानव अधिकारप्रति सम्मानको प्रवर्धन गर्न सहयोग गर्नु

५. साझा उद्देश्य प्राप्तिका लागि राष्ट्रका काम कारवाहीमा सामञ्जस्यता ल्याउन एउटा केन्द्रका रूपमा काम गर्नु ।

**(ख) संयुक्त राष्ट्रसङ्घका सिद्धान्तहरू**

१. सार्वभौमिक समानता

२. दायित्वहरूको सद्भावपूर्वक निर्वाह

३. अन्तर्राष्ट्रिय विवादहरूको शान्तिपूर्ण समाधान

४. राज्यविरुद्ध धम्की वा शक्तिको प्रयोग नगर्ने

५.    सदस्य राष्ट्रद्वारा संयुक्त राष्ट्रसङ्घलाई सहयोग

६.    आन्तरिक क्षेत्राधिकारभित्र अहस्तक्षेप

### (ग) संयुक्त राष्ट्रसङ्घका अङ्गहरू

संयुक्त राष्ट्रसङ्घको बडापत्रले छओटा प्रमुख अङ्गको स्थापना गऱ्यो जसअन्तर्गत महासभा, सुरक्षा परिषद्, आर्थिक तथा सामाजिक परिषद्, जिम्मा जमानी परिषद्, अन्तर्राष्ट्रिय न्यायालय र सचिवालय रहेका छन् । यसभित्र पनि विशिष्टिकृत संस्था, समितिलगायत कार्यक्रम तथा निकायहरू छन् । छओटा अङ्गहरूको सङ्क्षिप्त परिचय तल उल्लेख गरिएको छ :

### (अ) महासभा (General Assembly)

सबै सदस्य राष्ट्रहरूको प्रतिनिधिहरूद्वारा बनेको महासभामा प्रत्येक सदस्य राष्ट्रलाई एक मत दिने अधिकार हुन्छ । निर्णय प्रक्रियाको क्रममा सारवान सवालहरूमा दुई तिहाई र प्रक्रियागत सवालहरूमा सामान्य बहुमतले निर्णय गरिन्छ । सारवान सवालहरू भन्नाले शान्ति सुरक्षा, नयाँ सदस्यहरूको प्रवेश र बजेट पर्दछन् । यसै सभाले विभिन्न समितिहरूका प्रमुखको नियुक्ति गर्दछ । ती समितिहरू सामान्य समिति, निशस्त्रीकरण र अन्तर्राष्ट्रिय सुरक्षा समिति, आर्थिक तथा वित्तीय समिति, सामाजिक तथा मानवीय र सांस्कृतिक समिति, विशेष राजनीति तथा उपनिवेश उन्मुलन समिति, प्रशासकीय तथा बजेटसम्बन्धी समिति र कानुन समिति रहेका छन् । महासभाले एक जना अध्यक्षसहित एक्काइस जना उपाध्यक्ष र माथि उल्लिखित विषय समितिका सभापतिहरू चयन गर्दछ । महासभा संयुक्त राष्ट्रसङ्घको विचार विमर्श गर्ने प्रमुख अङ्ग हो । यसका कर्तव्य तथा अधिकारहरू यस प्रकार छन् :

१.    निशस्त्रीकरण तथा हातहतियार नियमन गर्ने सिद्धान्तलगायत अन्तर्राष्ट्रिय शान्ति सुरक्षाको पालनामा सहयोगको सिद्धान्तबारे विचार विमर्श गर्नु तथा सोसम्बन्धी सिफारिस गर्नु

२.    अन्तर्राष्ट्रिय शान्ति र सुरक्षासम्बन्धी कुनै पनि प्रश्नमाथि छलफल गर्नु र कुनै विवाद वा स्थिति सुरक्षा परिष्‌दमा विचाराधीन रहेको अवस्थामा बाहेक तत्सम्बन्धी सिफारिस गर्नु

३.    माथिको जस्तो अपवादको अवस्थामा बाहेक बडापत्रको अधिकार क्षेत्रभित्र पर्ने अथवा संयुक्त राष्ट्रसङ्घको नीति निर्धारण गर्नु

४.    अन्तर्राष्ट्रिय राजनीतिक सहयोग, अन्तर्राष्ट्रिय कानुनको विकास र संहिताकरण, सबैका लागि मौलिक स्वतन्त्रता र मानव अधिकारको उपभोग र आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा अन्तर्राष्ट्रिय सहयोग प्रवर्धनबारे अध्ययन गरी सिफारिस गर्नु

५.    राष्ट्रहरूबिचको मैत्रीपूर्ण सम्बन्धलाई असर पुऱ्याउन सक्ने कुनै पनि परिस्थिति बारे त्यसको उत्पत्तिको कारण जेसुकै भए पनि शान्तिपूर्ण समाधानका लागि सुझावहरू दिनु

६.    सुरक्षा परिषद् र संयुक्त राष्ट्रसङ्घका अन्य अङ्गबाट प्राप्त प्रतिवेदनमाथि विचार गर्नु

७.    संयुक्त राष्ट्रसङ्घको बजेटमाथि विचार विमर्श गरी यसलाई स्वीकृत गर्नु र सदस्यहरूले तिर्नुपर्ने

सहयोग रकम छुट्याउनु

८. सुरक्षा परिषद्का अस्थायी सदस्य, आर्थिक तथा सामाजिक परिषद्का सदस्य, जिम्मा जमानी परिषद्मा निर्वाचित हुने सदस्य, सुरक्षा परिषद्सँग मिली अन्तर्राष्ट्रिय न्यायालयका न्यायाधिशहरूको चुनाव गर्नु तथा सुरक्षा परिषद्को सिफारिसमा महासचिवको नियुक्ति गर्नु

### (आ) सुरक्षा परिषद् (Security Council)

अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम राख्नु सुरक्षा परिषद्को प्रमुख दायित्व हो जसमा पाँच स्थायी सदस्य र दश अस्थायी सदस्य गरी जम्मा पन्ध्र सदस्य रहन्छन् । चीन, फ्रान्स, रुस, संयुक्त राज्य अमेरिका र बेलायत स्थायी सदस्य हुन् । दश जना अस्थायी सदस्यहरू सदस्य राष्ट्रबाट महासभाको दुई तिहाइबाट निर्वाचित गरिन्छ । अस्थायी सदस्यहरू अफ्रो एसियाबाट ५, ल्याटिन अमेरिकाबाट २, पुर्वी युरोपबाट १ र पश्चिम युरोप र अन्य क्षेत्रबाट २ गरी १० जना हुन्छन् । सुरक्षा परिषद्का पाँचै जना सदस्यहरूलाई निशेषाधिकार (Veto) को हक प्राप्त छ । बडापत्रअनुसार संयुक्त राष्ट्रसङ्घका सबै सदस्य सुरक्षा परिषद्का निर्णयहरू स्वीकार्न तथा लागु गर्न सहमत हुन्छन् । सुरक्षा परिषद्को बैठक प्रत्येक २ हप्तामा बस्ने गर्दछ । वर्णानुक्रम अनुसार हरेक महिना नयाँ राष्ट्रले अध्यक्षता गर्दछन् । प्रत्येक सदस्यहरूमा एकमत र एक प्रतिनिधिको अधिकार रहन्छ । परिषद्का सदस्यले आफ्नो देशसँग सम्बन्धित विषयको कारबाहीमा भाग लिए पनि मतदान गर्न पाउँदैनन् । बडापत्रअनुसार सुरक्षा परिषद्का काम तथा अधिकारहरू यस प्रकार रहेका छन् :

१. संयुक्त राष्ट्रसङ्घको उद्देश्य र सिद्धान्तअनुसार अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम राख्नु

२. अन्तर्राष्ट्रिय फाटो ल्याउने खालका विवाद र स्थितिको अनुसन्धान गर्नु

३. विवाद सुल्झाउने उपाय वा समाधानका सर्तहरूको सिफारिस गर्नु

४. शस्त्रअस्त्र नियन्त्रणका सम्बन्धमा योजना बनाउनु

५. शान्तिप्रति खतरा वा आक्रमणको स्थिति भए नभएको निर्धारण गर्नु र कारबाहीबारे सिफारिस गर्नु

६. आक्रमणकारी विरुद्ध सैनिक कारबाही चलाउनु

७. नयाँ सदस्य राष्ट्रको प्रवेशका लागि सिफारिस गर्नु

८. रणनीतिक क्षेत्रहरूमा संयुक्त राष्ट्रसङ्घका जिम्मा जमानी सम्बन्धि कार्यहरू गर्नु

९. महासचिवको नियुक्तिको लागि महासभालाई सिफारिस गर्नु र महासभासँग मिलेर अन्तर्राष्ट्रिय न्यायालयका न्यायाधिशहरूको चुनाव गर्नु

सुरक्षा परिषद् संयुक्त राष्ट्रसङ्घको कार्यकारी अङ्ग हो । विश्वशान्ति र सुरक्षा कायम राख्न आवश्यकताअनुसार शान्तिपूर्ण तरिका र आदेशात्मक कारबाही गर्दछ । आदेशात्मक कारबाहीअन्तर्गत आर्थिक तथा कुटनीतिक सम्बन्धको विच्छेद र सैनिक कारबाही पर्दछन् । यसको बडापत्र अनुसार सुरक्षा परिषद्को आह्वानमा सबै सदस्य राष्ट्रहरूले सेना र विभिन्न सहायताहरू उपलब्ध गराउनुपर्दछ ।

### (ग) आर्थिक तथा सामाजिक परिषद् (Economic and social council)

बडापत्रअनुसार आर्थिक तथा सामाजिक परिषद्ले विशिष्टिकृत संस्थाहरू र संयुक्त राष्ट्रसङ्घका आर्थिक, सामाजिक र अन्य सम्बन्धित कार्यमा समन्वय गर्दछ । यसमा ५४ सदस्य हुन्छन् र तिनीहरूको पदावधि तीन वर्षको हुन्छ । परिषद्का प्रत्येक सदस्यलाई एक मत दिने अधिकार हुन्छ र साधारण बहुमतका आधारमा निर्णय गरिन्छ । यसको बैठक साधारणतया वर्षको दुइपटक बस्ने गर्छ । यसका काम तथा अधिकारहरू निम्नलिखित छन् :

१. अन्तर्राष्ट्रिय आर्थिक तथा सामाजिक विषयहरूमा छलफल गर्न तथा सदस्य राष्ट्रहरू र संयुक्त राष्ट्रसङ्घीय प्रणालीमा नीतिगत सुझावहरू पेस गर्न केन्द्रीय मञ्चको रूपमा कार्य गर्नु

२. अन्तर्राष्ट्रिय आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, स्वास्थ्य तथा अन्य सम्बन्धित विषयहरूमा अध्ययन गर्नु र प्रतिवेदन तयार पारी सिफारिस गर्नु

३. मानव अधिकार र मौलिक स्वतन्त्रता पालनाप्रतिको सम्मान अभिवृद्धि गर्नु

४. आर्थिक, सामाजिक तथा अन्य क्षेत्रसँग सम्बन्धित प्रमुख अन्तर्राष्ट्रिय सम्मेलनहरूको तयारी तथा आयोजना गर्नु र सो सम्मेलनहरूको अनुगमन गर्नु

५. विशिष्टिकृत संस्थाहरूसँग परामर्श गरेर वा तिनलाई सुझाव दिएर र महासभालाई सिफारिस गरेर ती संस्थाका गतिविधि समन्वय गर्नु

६. विकासका लागि अन्तर्राष्ट्रिय सहयोग प्रवर्धन गर्न र कामका लागि प्राथमिकता निर्धारण गर्नु

यसले विश्वलाई अभावबाट मुक्ति दिलाउने कार्यका लागि विभिन्न समिति र आयोगहरू रहेका छन् । आयोगअन्तर्गत यातायात तथा सञ्चार आयोग, जनसङ्ख्या आयोग, महिलासम्बन्धी आयोग, अन्तर्राष्ट्रिय वस्तुव्यापार आयोग, वित्त आयोग, तथ्याङ्क आयोग, लागुऔषधसम्बन्धी आयोग रहेका छन् । विशेष स्थायी समितिहरूमा गैरसरकारी संस्थाहरूसित सम्बन्धित समिति, अन्तर्सरकारी संस्थाहरूसित सम्झौता गर्ने समिति, पुनरावलोकन र मूल्याङ्कन समिति, विकास योजनासम्बन्धी समिति, कार्यक्रम र योजनासम्बन्धी समिति, प्राकृतिक स्रोतसम्बन्धी समिति, विकासका लागि विज्ञान तथा प्रविधिसम्बन्धी समिति, गृहनिर्माण तथा योजनासम्बन्धी समिति, अपराध निवारण नियन्त्रणसम्बन्धी समिति रहेका छन् । यस परिषद्भित्र केही विशिष्टिकृत निकायहरू विश्वमा कार्यरत छन्, जस्तै :

अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO)

विश्व स्वास्थ्य सङ्गठन (WHO)

खाद्य तथा कृषि सङ्गठन (FAO)

संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (UNESCO)

विश्व जलवायु सङ्गठन (WMO)

पुनर्निर्माण र विकासका लागि अन्तर्राष्ट्रिय बैङ्क (IBRD)

अन्तर्राष्ट्रिय विकास संस्था (IDA)

अन्तर्राष्ट्रिय वित्त निगम (IFC)

अन्तर्राष्ट्रिय मुद्राकोष (IMF)

अन्तर्राष्ट्रिय व्यापार सङ्गठन (ITO)

अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (ICAO)

अन्तर्राष्ट्रिय दुरसञ्चार सङ्घ (ITU)

विश्व हुलाक सङ्घ (UPU)

अन्तर्राष्ट्रिय आणविक उर्जा नियोग (IAEA) आदि रहेका छन् ।

**(इ) जिम्मा जमानी परिषद् (Trustiship council)**

जिम्मा जमानी परिषद्को स्थापना बडापत्रअनुसार सन् १९४५ मा भएको हो । बडापत्रले जिम्मा जमानीअन्तर्गत रहेका भूभागका जनताको राजनीतिक, आर्थिक, सामाजिक र शैक्षिक विकासबारे प्रशासन चलाउने अधिकारीद्वारा प्रस्तुत प्रतिवेदनउपर छानबिन र छलफल गर्ने अधिकार जिम्मा जमानी परिषद्लाई प्रदान गरेको छ । त्यस्तै उक्त प्रदेशहरूबाट प्राप्त उजुरीहरूको छानबिन गर्ने र ती क्षेत्रमा विशेष नियोगहरू पठाउने अधिकार पनि यस परिषद्लाई रहेको छ । यसका सदस्यहरू सुरक्षा परिषद्का पाँच स्थायी सदस्यहरू हुने व्यवस्था छ । यसको प्रमुख काम उपनिवेशबाट स्वतन्त्र भएका र स्वतन्त्र भईकन पनि शासन व्यवस्थामा कमजोर राष्ट्रहरूलाई शासन सञ्चालनमा योग्य र सक्षम बनाउने रहेको छ । यसका कार्यहरू यस प्रकार रहेका छन् :

१. प्रशासक अधिकारीले पेस गरेका प्रतिवेदनहरूमा विचार गर्नु

२. बिन्तीपत्रहरू स्वीकार गर्नु र सम्बन्धित प्रशासक अधिकारीसँग परामर्श गरी तिनको जाँच गर्नु

३. जिम्मा जमानी प्रदेशहरूको समय समयमा निरीक्षण गर्नु

४. जिम्मा जमानी क्षेत्रको राजनीतिक, सामाजिक, आर्थिक तथा शैक्षिक उत्थानका लागि प्रश्नावली तयार गर्नु

**(ई) अन्तर्राष्ट्रिय न्यायालय (International Court of justice)**

नेदरल्यान्डको हेगमा अवस्थित अन्तर्राष्ट्रिय न्यायालय संयुक्त राष्ट्रसङ्घको प्रमुख न्यायिक अङ्ग हो । उक्त न्यायालयमा १५ जना न्यायाधीश रहन्छन् र तिनीहरूको पदावधि ९ वर्षको हुन्छ । त्यसमध्ये ५ जना न्यायाधीशहरू ५ स्थायी सदस्य राष्ट्रबाट र बाँकी १० जना सबै महादेश समेट्ने गरी नियुक्त हुन्छन् । सुरक्षा परिषद्को सिफारिसमा महासभाबाट न्यायाधीशहरू नियुक्त हुन्छन् भने न्यायाधीशमध्येबाट प्रमुख न्यायाधीश छानिन्छन् । अन्तर्राष्ट्रिय न्यायालयको आधिकारिक भाषा अङ्ग्रेजी र फ्रेन्च हो । यसका कार्यहरू निम्नलिखित रहेका छन् :

१. अन्तर्राष्ट्रिय विवादको छिनोफानो गर्नु

२. राष्ट्रसङ्घ र यसका निकायहरूलाई कानुनी राय प्रदान गर्नु

३. सन्धि सम्झौताको अर्थ प्रष्ट पार्नु

४. कानुनको व्याख्या गर्नु

(उ) **सचिवालय (Secretariat)**

सचिवालयले सङ्गठनका विविध दैनिक कार्य सम्पादन गर्छ । यो संयुक्त राष्ट्रसङ्घको प्रमुख प्रशासनिक अङ्ग हो । यसमा प्रमुखको रूपमा महासचिव हुन्छन् तथा आवश्यक सङ्ख्यामा अन्य कर्मचारीहरू हुन्छन् । महासचिवको नियुक्ति सुरक्षा परिषद्को सिफारिसमा महासभाद्वारा ५ वर्षको अवधिको लागि गरिन्छ । आवश्यकताअनुसार एक कार्यकाल थप गर्न सकिने व्यवस्था छ । सचिवालयमा विशेषज्ञ र प्राविधिकहरू पनि रहन्छन् । यसको प्रधान कार्यालय न्युयोर्कमा छ । सचिवायलका कार्यहरू देहायबमोजिम छन् :

१. शान्ति कायम राख्नेसम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्नु

२. विश्वव्यापी महत्त्वका विषयमा अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गर्नु

३. प्रतिवेदनहरूको प्रकाशन र वितरण गर्नु

४. अन्तर्राष्ट्रिय विवादमा मध्यस्थता गर्नु

५. मानव अधिकार, निशस्त्रीकरण, विकास आदि विषयमा अध्ययन गर्नु

६. विश्वका सञ्चार जगतलाई राष्ट्रसङ्घका गतिविधि बारेमा जानकारी गराउनु

## अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) संयुक्त राष्ट्रसङ्घ दिवश कहिले मनाइन्छ ?

(ख) बडापत्रअन्तर्गत संयुक्त राष्ट्रसङ्घका आधिकारिक भाषाहरू कतिओटा छन ?

(ग) संयुक्त राष्ट्रसङ्घका अङ्गहरू कतिओटा छन् ?

(घ) सचिवालय भनेको के हो ?

(ङ) महासभा भनेको के हो ?

(च) संयुक्त राष्ट्रसङ्घको विशिष्टीकृत निकाय भन्नाले के बुझिन्छ ?

(छ) संयुक्त राष्ट्रसङ्घका वर्तमान महासचिव को हुन् ?

(ज) सुरक्षा परिषद्को सदस्यहरूको सङ्ख्या वितरणको व्यवस्था के छ ?

(झ) संयुक्त राष्ट्रसङ्घका अङ्गमध्ये हाल कुन अङ्गको महत्त्व घटेको छ ?

(ञ) **Veto** भनेको के हो ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) संयुक्त राष्ट्रसङ्घको स्थापनाको ऐतिहासिक घटना क्रम सङ्क्षेपमा लेख्नुहोस् ।

(ख) संयुक्त राष्ट्रसङ्घको अङ्गहरूको नाम लेख्नुहोस् ।

(ग) संयुक्त राष्ट्रसङ्घको विशिष्टिकृत संस्थाको नाम लेख्नुहोस् ।

(घ) महासभाको काम कर्तव्य के के हुन् ?

(ङ) सुरक्षा परिषद्को मुख्य मुख्य कार्यहरू छुट्याउनुहोस् ।

(च) आर्थिक तथा सामाजिक परिषद्को कार्य लेख्नुहोस् ।

(छ) अन्तर्राष्ट्रिय न्यायालयको गठन प्रक्रिया र कार्यहरू लेख्नुहोस् ।

(ज) सचिवालयले गर्ने कार्यहरूको सूची बनाउनुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) संयुक्त राष्ट्रसङ्घको अङ्गहरूको सङ्क्षिप्त विवरण दिँदै तिनीहरूको प्रमुख कार्यहरू उल्लेख गर्नुहोस् ।

(ख) नेपालमा कार्यरत संयुक्त राष्ट्रसङ्घको विशिष्टिकृत संस्थाहरूको सूची बनाई कुनै पाँच ओटा संस्थाले नेपालमा खेलेको भूमिका लेख्नुहोस् र तिनीहरूको गतिविधिलाई प्रभावकारी बनाउन के गर्नुपर्ला, सुझाव दिनुहोस् ।

(ग) निषाधिकार (Veto) भनेको के हो ? संयुक्त राष्ट्रसङ्घका सुरक्षा परिषद्का स्थायी सदस्यलाई मात्रै Veto प्राप्त छ, के वर्तमान सन्दर्भमा यो उचित होला ? आफ्नो राय प्रस्तुत गर्नुहोस् ।

## क्रियाकलाप

१. समूह बनाई संयुक्त राष्ट्रसङ्घका अङ्गहरूका बारेमा सङ्क्षिप्तमा चार्ट पेपरमा तयार गरी प्रस्तुत गर्दै कक्षामा छलफल गर्नुहोस् ।

# पाठ ४ अन्तर्राष्ट्रिय शान्ति स्थापनामा नेपालको भूमिका
## (Role of Nepal in Establishment of International Peace)




सन् १९५५ डिसेम्बर १४ तारिकमा नेपालले संयुक्त राष्ट्रसङ्घको सदस्यता प्राप्त गरेदेखि नै सक्रिय र महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । संयुक्त राष्ट्रसङ्घको सदस्यतासँगै नेपालले एक सार्वभौम सत्ता सम्पन्न र स्वतन्त्र राष्ट्रको रूपमा अन्तर्राष्ट्रिय जगत्मा मान्यता पायो । संयुक्त राष्ट्रसङ्घको सदस्यता पाएपछि एकातिर देशको आर्थिक र सामाजिक विकासमा महत्त्वपूर्ण सहयोग र सहायता पाएको छ भने अर्कोतिर अन्तर्राष्ट्रिय जगतमा शान्ति कायम गर्ने कार्यमा पनि भूमिका खेलेको छ । आपसी समानता, भाइचारा, तथा प्रगतिका लागि शान्तिको आवश्यकता भएको कुरा नेपालले महसुस गर्दै विश्वसामु नेपाललाई शान्तिक्षेत्र घोषणा गरियोस् भन्ने प्रस्ताव राखेको थियो । यसलाई ७९ राष्ट्रले समर्थन गरेका थिए । नेपालले जातिभेद, रङ्गभेद र उपनिवेशवादको उन्मुलनका लागि सधैं आवाज बुलन्द गरेको छ । राष्ट्रबिचको दमन, युद्ध र अमानवीय व्यवहार विरुद्ध दह्रो खुट्टा टेकेको छ । यसै परिप्रेक्षमा नेपालले संयुक्त राष्ट्रसङ्घको विभिन्न पदहरूमा रहेर जिम्मेवारी बहन गर्ने कार्यमा पनि अवसर प्राप्त गरेको छ । नेपालले अन्तर्राष्ट्रिय शान्तिमा खेलेको भूमिकालाई तलका बुँदाहरूबाट हेर्न सकिन्छ :

१. सन् १९५८ मा संयुक्त राष्ट्रसङ्घको महासभामा उपाध्यक्ष चुनिनु, सन् १९६६ मा रङ्गभेद विरुद्धको विशेष समितिको प्रतिवेदनमा नेपालले भूमिका खेल्नु, सन् १९६७ मा रङ्गभेद विरुद्धको समितिको उपाध्यक्ष हुनु, सन् १९६९-१९७० र १९८८-१९८९ मा सुरक्षा परिषद्को अस्थायी सदस्यमा चुनिनु र संयुक्त राष्ट्रसङ्घको तत्कालीन महासचिव ड्याग हामर्सोल्डको मृत्युको अनुसन्धान समितिमा तत्कालीन संयुक्त राष्ट्रसङ्घको राजदुत ऋषिकेश शाह अध्यक्ष हुनुलगायत महत्त्वपूर्ण जिम्मेवारी नेपाललाई प्राप्त भएको छ ।

२. हंगेरी सङ्कट (सन् १९५६), कङ्गो समस्या (सन् १९६०), साइप्रस समस्या (सन् १९६२) मा आफ्नो स्पष्ट अडानका साथ शान्ति कायमका लागि जोड दियो । इरान अमेरिकी विवादको शान्तिपूर्ण निरूपण, लेवनानमाथि इजरायली हमलाको निन्दा गऱ्यो । विवादको शान्तिपूर्ण र कुटनीतिक प्रयासमा हल गर्नुपर्ने कुरामा जोड दियो ।

३. संयुक्त राष्ट्रसङ्घको आह्वानमा शान्ति कायम गर्ने शान्तिसेना पठाउने कार्यमा नेपालले महत्त्वपूर्ण भूमिका खेल्यो ।

४. नयाँ अन्तर्राष्ट्रिय अर्थव्यवस्थामार्फत धनी र गरिबको खाडल पुरी शान्ति कायम गर्नुपर्ने कुरामा जोड दियो ।

५. राष्ट्रहरूको बिचमा मालिक र दासको परम्परा हटाउनुपर्ने, बढ्दो हातहतियारको बिरोध गर्दै निशस्त्रीकरणमा जोड दिदै आएको छ ।

६. संयुक्त राष्ट्रसङ्घलाई अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्ने र आर्थिक सहयोग र विकास गर्ने संस्थाको रूपमा अगाडि बढाउनुपर्ने कुरामा जोड दिदै आएको छ ।

७. संयुक्त राष्ट्रसङ्घभित्र रहेका भूपरिवेष्ठित राष्ट्रहरूको हक र हित संरक्षण एवम् संवर्धनमा सधैँ प्रवक्ताको रूपमा नेपाल रहेको छ ।

८. आणविक हतियारको प्रशारण रोक्ने, त्यसको परीक्षण बन्द गर्ने तथा विश्व निशस्त्रीकरण सम्मेलनको समेत आह्वान गरेर नेपालले आफ्नो शान्तिप्रियता प्रदर्शन गरेको छ ।

नेपालले विश्व शान्तिका लागि विभिन्न तनावग्रस्त क्षेत्रमा नेपाली सेना पठाउँदै आएको छ जसमा कङ्गोको गृहयुद्ध, अरब इजरायल युद्ध, लेबनानको युद्ध, बेलग्रेड सङ्घर्ष, फोक्ल्याड युद्ध र पूर्वी टिमोरको लडाईं आदि रहेका छन् । विश्व शान्तिका लागि राष्ट्रसङ्घको बडापत्रमा असंलग्नताको सिद्धान्त अनुरूप परराष्ट्र नीति अवलम्बन गर्ने नेपालले विश्व शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्नमा जोड दिएको छ ।

## अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) नेपालले संयुक्त राष्ट्रसङ्घको सदस्यता कहिले प्राप्त गर्‍यो ?

(ख) नेपालको शान्ति क्षेत्रको प्रस्तावलाई कति राष्ट्रले समर्थन गरेका थिए ?

(ग) नेपाल संयुक्त राष्ट्रसङ्घको महासभाको उपाध्यक्ष कहिले चुनियो ?

(घ) नेपालले अन्तर्राष्ट्रिय विवादलाई समाधान गर्न कुन कुरामा जोड दिँदैं आएको छ ? पाठको आधारमा लेख्नुहोस् ।

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) संयुक्त राष्ट्रसङ्घमा नेपालले गरेको योगदानको चर्चा गर्नुहोस् ।

(ख) संयुक्त राष्ट्रसङ्घको आह्वानमा शान्ति कायम गर्न नेपालले शान्ति सेना पठाउने कार्य गरेको छ, तपाईंलाई यो कस्तो लाग्छ ? आफ्नो धारणा लेख्नुहोस् ।

३. **तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) अन्तर्राष्ट्रिय शान्ति स्थापनामा नेपालले गरेका विभिन्न गतिविधिहरू उल्लेख गर्दै यसले अन्तर्राष्ट्रिय समुदायमा पारेको प्रभावको समीक्षा गर्नुहोस् ।

## क्रियाकलाप

१. शान्ति सेनामा रहेर कार्य गरेको समुदायको कुनै व्यक्तिसँग संवाद गरी उनका अनुभवलाई कक्षामा छलफल गर्नुहोस् ।

एकाइ
१०

# प्रयोगात्मक कार्य

## पाठ १ समुदायमा मानव अधिकारको अवस्था

आफू बसेको समूदायमा नागरिकका मानव अधिकारसँग सम्बन्धित के कस्ता कार्यहरू भएका छन् त्यसको अध्ययन गर्नुहोस् । मानव अधिकार अध्ययन गर्नका लागि निम्न कुरा हेर्नुपर्ने हुन्छ,

१. **सामाजिक अधिकार**
   (क) आपसी सद्भाव
   (ख) विवाह गर्ने वा घरजम गर्ने
   (ग) शान्तसँग बस्न पाउनु
   (घ) शोषण गर्न नपाउने
   (ङ) शिक्षा तथा स्वास्थ्यको अधिकार
   (च) परिवारप्रतिको दायित्वको अधिकार
   (छ) सामाजिक सुरक्षाको अधिकार

२. **सांस्कृतिक अधिकार**
   (क) चाडपर्व मनाउने अधिकार
   (ख) स्वतन्त्र धार्मिक अधिकार
   (ग) मातृभाषामा शिक्षा लिने अधिकार
   (घ) रीतिरिवाजअनुसार विवाह, व्रतबन्ध गर्न पाउने अधिकार
   (ङ) आफन्तको मृत्युपछिको अन्तिम संस्कार गर्न पाउने अधिकार
   (च) परम्पराअनुसार वेशभूषा ग्रहण गर्न पाउने अधिकार

३. **आर्थिक अधिकार**
   (क) स्रोत साधन बाँडफाँडमा समान अवसर
   (ख) रोजगारीमा समान अवसर
   (ग) योग्यताको अवसर
   (घ) समान ज्यालाको अधिकार

४. **नागरिक अधिकार**
   (क) व्यक्तिको बाँच्न पाउने अधिकार

(ख) स्वतन्त्रपूर्वक जिउने अधिकार

(ग) सुरक्षित हुने अधिकार

(घ) यातनाबाट स्वतन्त्र

(ङ) अभावबाट मुक्ति

५. **राजनीतिक अधिकार**

(क) सरकारका सहभागि हुने अधिकार

(ख) चुनावमा भाग लिने अधिकार

(ग) शान्तिपूर्ण रूपमा भेला हुने स्वतन्त्रता

(घ) सूचना प्राप्त गर्ने अधिकार

(ङ) मतदान गर्ने अधिकार

(च) विचार अभिव्यक्त गर्न पाउने अधिकार

यस अध्ययनबाट विद्यार्थीहरूले मानव अधिकार भनेको के हो भन्ने कुरामा स्पष्ट हुनुपर्दछ ।

१. **कक्षाकोठामा गरिने क्रियाकलापहरू**

(क) **अभिप्रेरणा :** कक्षाकोठामा समुदायमा मानव अधिकारको अवस्थाको बारेमा अध्ययन गर्न लागेको कुरा स्पष्ट हुँदै विद्यार्थीहरूलाई आफ्नो समुदायभित्र मानव अधिकारको अवस्थासम्बन्धी निम्न प्रश्नहरूको उत्तर खोज्न लगाउनुहोस् ।

१. मानव अधिकार भनेको के हो ?

२. तपाईंको समुदायमा सामाजिक अधिकारको अवस्था कस्तो छ ? बताउनुहोस् ।

३. आर्थिक अधिकार भित्र के कस्ता अधिकार पर्दछन् ? उल्लेख गर्नुहोस् ।

४. तपाईंको समुदायमा धार्मिक सद्भाव राख्दै कसरी चाडपर्व मनाउने गरिएको छ ।

५. समुदायमा व्यक्तिले राजनीतिक अधिकारहरूको उपभोग कसरी गर्दछन् ?

६. **समुदायमा व्यक्तिका के कस्ता नागरिक अधिकारहरू हुन्छन् ?**

विद्यार्थीहरूबाट प्राप्त सबै बिचारहरू उनीहरूलाई नै कालो/सेतो पाटीमा टिप्न लगाई ती बिचारहरू बुदाँगत रूपमा कापीमा टिप्नुहोस् ।

(ख) **समूह कार्य :** ४-५ जना विद्यार्थीहरू पर्ने गरी कक्षाकोठामा विद्यार्थीहरूको समूह बनाउनुहोस् । प्रत्येक समूहलाई आफ्नो कापीमा लेखिएका बुदाँहरूलाई मानव अधिकारका क्षेत्रअनुसार छुट्याई व्यवस्थित रूपमा आफ्नो कापीमा पुनर्लेखन गर्न लगाउनुहोस् । विद्यार्थीहरू अलमलिएको ठाँउमा स्पष्ट पारी सहजता प्रदान गर्न प्रत्येक समूहमा पुग्नुहोस् । विद्यार्थीबाट टोली नेता छनोट गरी समूहले तयार गरेको निष्कर्ष कक्षाकोठामा प्रस्तुत गर्न लगाउनुहोस् । त्यसमा आफ्नो सुझावसहित निष्कर्ष दिनुहोस् ।

२. प्रयोगात्मक क्रियाकलाप : यस क्रियाकलाप विद्यार्थीहरूले विद्यालयनजिकको समुदाय, आफ्नो घर, आफू बसेको समूदायमा गएर त्यहाको वास्तविक अवस्था अवलोकन गरी स्थलगत भ्रमणको माध्यमबाट पनि गर्न सकिन्छ ।

(क) स्थलगत भ्रमण गर्दा सामजिक, सांस्कृतिक, आर्थिक, नागरिक तथा राजनीतिक अधिकारहरूको बारेमा अध्ययन गर्नुपर्ने कुरामा स्पष्ट हुनुहोस् ।

(ख) शिक्षकको सहयोगमा स्थलगत भ्रमणको क्रमममा तथ्यगत कुराहरू सङ्कलन गर्नका लागि प्रश्न तथा फारमहरूको निर्माण गर्नुहोस् ।

(ग) विद्यालय नजिकैको समुदायको भ्रमण गर्नुहोस् र अन्तरक्रिया तथा छलफलको साथै प्रश्नोत्तर को माध्यमबाट मानव अधिकारसम्बन्धी बुँदाहरू टिप्नुहोस् ।

(घ) समुदायबाट विद्यालयमा फर्केपछि समूदायको अध्ययनबाट मानव अधिकारसम्बन्धी आफूले टिपोट गरेका बुदाँहरू कक्षाकोठामा पालैपालो प्रस्तुत गर्नुहोस् । यसक्रममा कालो/सेतो पाटीमा मुख्य मुख्य कुराहरू टिप्न लगाउनुहोस् ।

(ङ) पाठ्यपुस्तकको कुन पाठमा मानव अधिकारको बारेमा लेखिएको विषयवस्तु, समुदायबाट मानव अधिकारसम्बन्धी सङ्कलन गरेको तथ्य र मानव अधिकारको विश्वव्यापी अवधारणा तथा नेपालमा मानव अधिकारसँग सम्बन्धित तथ्यहरूको तुलनात्मक अध्ययन गर्नुहोस् ।

(च) समुदायबाट सङ्कलन गरेको तथ्यगत कुरा र पाठ्यपुस्तकबाट सिकेका सैद्धान्तिक कुराहरूको विश्लेषण गरी प्रतिवेदन तयार गर्नुहोस् ।

(छ) विद्यार्थीहरूले तयार गरेको प्रतिवेदन शिक्षकले मूल्याङ्कन गर्नुपर्ने र पृष्ठपोषण दिनुपर्ने कुरामा सचेत रहनुहोस् ।

## मानव अधिकार


मानव अधिकारको विश्वव्यापी घोषणापत्रलाई मानव अधिकारको क्षेत्रमा सबै समुदाय तथा राष्ट्रको साझा उपलब्धि र न्यूनतम मापदण्डका रूपमा स्वीकार गरिएको छ । घोषणापत्रमा “सबै मानिस स्वतन्त्र रूपमा जन्मिएका हुन्छन, सबैको मर्यादा र अधिकार समान हुन्छ” भनिएको छ । मानव अधिकार व्यक्तिका लागि स्वतन्त्र, न्याय, समाजको स्थायित्व र समग्र मानव समुदायको विकाससँग सम्बन्धित हुन्छ । नेपालले मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय तथा क्षेत्रीय दस्तवेजको पक्षमा उभिएको छ । व्यक्तिको नैसर्गिक मानव अधिकारको संरक्षण र सम्वर्धन गर्न विभिन्न नागरिक तथा राजनीतिक अधिकारका साथै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका विषयवस्तुलाई नेपालको संविधानको धारा १६ देखि ४६ सम्म मौलिक हकको व्यवस्था गर्दै ३१ ओटा मौलिक हकको प्रत्याभूति गरी उपचार समेतको व्यवस्था गरेको छ । संविधानले समावेशी लोकतन्त्रलाई आत्मसात गर्दै पिछडिएका र सीमान्तकृत समुदायको न्यायोचित विकासका लागि विभिन्न व्यवस्थासमेत गरेको छ ।

समुदायमा विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, रीतिरिवाज, धनी गरिबको सामुदायिक बसोबासमा रहने वर्ग समुदायको समुह हो । समुदायका सवै मानिसहरूले एकअर्काको सम्मान गर्नुपर्दछ । मान्छेको जात, धर्म, सम्प्रदाय, राष्ट्रियता, उमेर, लिङ्ग, राजनीतिक विचार, ज्ञान, अपाङ्ता, लैङ्गिक झुकाव, लैङ्गिक परिचयको सम्मान आदि समुदायमा वस्ने मानिसहरूले मानव अधिकारसम्बन्धी ज्ञान हासिल गरेको हुनु पर्दछ । मानिस स्वतन्त्र जन्मन्छ र समान मर्यादाको अधिकार राख्दछ भन्ने भाव समुदायमा रहने मानिसहरूमा हुनुपर्दछ । समुदायमा वस्ने मानिसले एक अर्काको सम्मान र सम्बर्धनका लागि मिलेर बस्नुपर्दछ ।

## पाठ २ शासन सञ्चालन प्रक्रिया

विश्वका हरेक संविधानले शासन व्यवस्थाको मार्गनिर्देशन गरेको हुन्छ । नेपालको शासन व्यवस्था सङ्घीय शासन व्यवस्था हो । नेपालको संविधानले देशलाई सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन किसिमको शासकीय तहहरूमा विभाजन गरेको छ । सङ्घीय व्यवस्थाअनुसार तीनओटै तहमा आमनिर्वाचनबाट छनोट भएका जन प्रतिनिधिमार्फत शासन सञ्चालन गर्ने व्यवस्था गरिएको छ ।

नेपालमा शासन सञ्चालन कसरी हुन्छ भन्ने सम्बन्धमा प्रयोगात्मक कार्य गर्नका लागि निम्न कुराहरू अध्ययन गर्नुपर्दछ ।




माथिका सरकारका अङ्गबाट नेपालको शासन सञ्चालन प्रक्रियाका लागि गरिने कार्यहरूको अध्ययन गर्न समूह कार्य गर्ने ।

समूह कार्यका लागि विद्यार्थीले निम्न कार्यहरू गर्नुपर्दछ :

१. कक्षाकोठामा भएका विद्यार्थीहरू तीन समूहमा विभाजन हुनुहोस् ।

२. पहिलो समूहले सङ्घ, दोस्रो समूहले प्रदेश र तेस्रो समूहले स्थानीय निकायको शासन सञ्चालन प्रक्रियाको बारेमा अध्ययन गर्नुहोस् ।

३. यसको लागि प्रत्येक समूहले कम्तिमा १/१ ओटा वर्तमान नेपालको संविधान सङ्कलन गरी प्रयोग गर्नुहोस् ।

४. समूहमा छलफल गरी प्रस्तुत गर्ने समय तोकिदिनुपर्दछ ।

५. समूहलाई तोकिएको तहको शासन सञ्चालनसम्बन्धी कुरा नेपालको संविधानमा खोज्नुहोस् र बुदाँगत रूपमा सबै विद्यार्थीहरूले कापीमा टिप्नुहोस् ।

६. कापीमा टिपेका बुँदालाई समूहमा छलफल गरी निचोड निकाल्नुहोस् ।

७. प्रत्येक समूहले ठुलो चार्ट पेपर र मार्कर प्रयोग गरी समूहले निकालेको निचोड सफा र शुद्धसँग चार्टपेपरमा तयार पार्नुहोस् ।

८. समूहले तयार गरेको चार्ट पेपर सबैले देख्ने ठाँउमा टाँसी समूहको एक/एक जनालाई प्रस्तुत गर्न

लगाउनुहोस् ।

९. प्रत्येक समूहले प्रस्तुत गरेपछि त्यसमाथि कक्षामा छलफल गर्ने र त्यसका सबल पक्ष र सुधार गर्नुपर्ने पक्षमा सुझावसहित निष्कर्ष निकाल्नुहोस ।

१०. अन्तमा शिक्षकले छुटेका कुरा थप्न लगाई पृष्ठपोषणसहित निष्कर्ष दिनुहोस् ।

**नेपालको शासन सञ्चालन प्रक्रिया**

विश्वका हरेक संविधानले शासन व्यवस्थाको मार्गनिर्देशन गरेको हुन्छ । नेपालको शासन व्यवस्था सङ्घीय शासन व्यवस्था हो । सङ्घीय व्यवस्थामा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन किसिमको शासकीय तहहरूमा विभाजन गरिएको छ । संविधानले तीनओटै तहमा आमनिर्वाचनबाट छनोट भएका जन प्रतिनिधिमार्फत शासन सञ्चालन गर्ने व्यवस्था गरेको छ । सङ्घीय तहमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका गरी सरकारका तीन अङ्गहरू हुन्छन् । कार्यपालिकाको काम मन्त्रिपरिषद्बाट, व्यवस्थापिकाको काम संसद्बाट र न्यायपालिकाको काम अदालतबाट हुन्छ । सरकारका तीन अङ्गहरूलाई कार्यान्वयन गर्ने निकाय भनेका संसद्, मन्त्रिपरिषद् र अदालतहरू हुन् । सरकारका निकायमा काम गर्ने आधिकारिक व्यक्तिहरूमा क्रमश सभासदहरू, मन्त्रिहरू र न्यायाधीशहरू हुन् । त्यस्तै सरकार सञ्चालन गर्ने अङ्गका प्रमुखहरूमा व्यवस्थापिकाको सभामुख, कार्यपालिकाको प्रधानमन्त्री र न्यायपालिकाको प्रधानन्यायाधीश हुन्छन् । निर्वाचित जनप्रतिनिधिहरू व्यवस्थापिकाको संसद सदस्य हुन्छन् । व्यवस्थापिकाबाट राष्ट्राध्यक्षको निर्वाचन हुन्छ भने संसद्मा बहुमत ल्याउने राजनीतिक दलको नेताले सरकार प्रमुख भई शासन सञ्चालन गर्दछन् । व्यवस्थापिकाबाट कार्यपालिकाको जन्म हुन्छ भने व्यवस्थापिकाले कानुनहरू बनाउने काम गर्दछ भने कार्यपालिकाले कानुनलाई कार्यान्वय गराउछ । सरकारले न्यायलयका न्यायाधीशहरूको नियुक्ति गर्दछ । न्यायपालिकाबाट कार्यपालिकाको रूपमा काम गर्ने सरकरको काम कारवाहीलाई संविधानको मर्म र भावनाअनुसार व्याख्या र विश्लेषण गर्ने काम अदालतहरूबाट हुन्छ । संविधान र कानुनको गम्भीर उलङ्घन गरेको, कार्य क्षमताको अभाव वा खराब आचरण भएको वा इमान्दारीपूर्वक आनो पदीय कर्तव्यको पालन नगरेमा वा आचार संहिताको गम्भीर उल्लङ्घन गरेको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेका आधारमा नेपालको प्रधानन्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषदका सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारीहरूलाई व्यवस्थापिकाले महाभियोग लगाउन सक्दछ । सरकारको कामकारवाही प्रति व्यवस्थापिकामा सभासदहरूले अविश्वासको प्रस्ताव पेस भएमा सरकार विघटन हुने अवस्था सिर्जना हुन सक्ने भएकाले व्यवस्थापिकामा अविश्वासको प्रस्ताव उपर छलफल हुनु अगि नै संसद विघटन गर्न सक्ने अधिकार सरकारमा रहेको छ । यसरी उपर्युक्त विधि र प्रक्रियाबाट नेपालको शासन सञ्चालन प्रक्रियामा शक्तिको पृथकीकरण र शक्ति सन्तुलनको माध्यमले शासन सञ्चालन प्रक्रिया अगि बढिरहेको छ ।

# पाठ ३ समसामयिक विषयवस्तु

तपाईंको टोल छिमेकमा घटेका कुनै एक घटनाको अध्ययन गरी मामला अध्ययन (Case Study) गर्नुहोस् । उदाहरणका लागि घटनाहरू निम्न हुन सक्छन् :

(क) बाल हिंसा

(ख) महिला हिंसा

(ग) राजनीतिक दलको क्रियाकलाप

(घ) धार्मिक, लैङ्गिक, आर्थिक रूपले भेदभाव

(ङ) विकास निर्माणमा सहभागिता

माथिको शीर्षक उदाहरण मात्र हो यसभन्दा अन्य शीर्षकहरू पनि हुन सक्छन् । मामला अध्ययनमा तपाईंले अध्ययनको लागि छानेको विषय किन छानियो, त्यसको पृष्ठभूमि (घटना कहाँ, कहिले, कसरी घटेको हो), अवस्थाको विषयवस्तु (घटना अध्ययनका क्रममा पाइएको सान्दर्भिक रोचक विवरण, तथ्याङ्क, फोटो, संवाद, अवस्था वा प्रसङ्ग), समाधानका लागि छनोट गरिएका विकल्प, घटनामा देखिएका प्रश्न जस्ता बुँदाहरू समावेश गर्नुपर्दछ ।

१. **मामला अध्ययनमा विद्यार्थीले गर्नुपर्ने क्रियाकलापहरू**

(क) मामला अध्ययनका लागि विषयसँग सम्बन्धित उपयुक्त शीर्षकको छनोट गर्नुपर्दछ ।

(ख) शीर्षक छनोटपश्चात् उद्देश्य निर्धारण गर्ने । उद्देश्य व्यवहारिक हुनुपर्दछ र यसले समग्र घटनालाई समेट्न सक्ने हुनुपर्दछ ।

(ग) मामला अध्ययनका लागि अवलोकन, छलफल, अन्तरक्रिया, प्रश्नोत्तर, अभिलेख अध्ययन जस्ता विधिहरूमध्ये कुन विधिको प्रयोग गर्ने भनी स्पष्ट हुनुपर्दछ ।

(घ) घटनाका तथ्य, तथ्याङ्क, सूचना सङ्कलन साधन निर्माण गर्नुपर्दछ ।

(ङ) सङ्कलन भएका तथ्य, तथ्याङ्क, सूचनाहरूको प्रशोधन गरी घटनासँग सम्बन्धित आवश्यक तथ्य, तथ्याङ्क, सूचनाहरूका अधारमा प्रतिवेदन तयार गर्नुपर्दछ ।

२. **प्रयोगात्मक कार्यका लागि शिक्षकले गर्नुपर्ने कार्यहरू**

(क) शिक्षकले विद्यार्थीहरूलाई कुनै एक शीर्षक छनोट गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीहरूले छनोट गरेका शीर्षकहरू अभिलेख गरी राख्नुहोस् ।

(ग) विद्यार्थीहरूलाई अध्ययनको उद्देश्य निर्धारण गर्न लगाउनुहोस् ।

(घ) उद्देश्य परिपूर्ति हुने खालको तथ्य, तथ्याङ्क, सूचनाहरू सङ्कलन गर्ने विधिहरू छनोट गर्न

लगाउनुहोस् र त्यसका लागि चाहिने प्रश्नावली, फारम, नोट टिपोट जस्ता साधनहरू तयार गर्न लगाउनुहोस् ।

(ङ) विद्यार्थीहरूलाई समय तोकी निश्चित क्षेत्रभित्र घटेका घटनाहरूको तथ्य, तथ्याङ्क र सूचनाहरू सङ्कलन गरी ल्याउन लगाउनुहोस् ।

(च) तोकिएको समय समाप्त भएपछि विद्यार्थीहरूले सङ्कलन गरेर ल्याएको तथ्य, तथ्याङ्क र सूचनाहरूलाई विश्लेषण गरी सूचीकृत गर्न लगाउनुहोस् ।

(छ) सूचीकृत गरिएको तथ्य, तथ्याङ्क र सूचनाको आधारमा प्रतिवेदन तयार गर्न लगाउने । प्रतिवेदन तयार गर्दा शीर्षक, घटनाको पृष्ठभूमि, उद्देश्य, अध्ययनको क्षेत्र, अध्ययन विधि तथा साधन, तथ्य तथ्याङ्कको वर्णन र निष्कर्ष जस्ता बुँदाहरू समावेश गरी प्रतिवेदन तयार गर्न लगाउनुहोस् ।

(ज) विद्यार्थीहरूले तयार गरेको प्रतिवेदन मूल्याङ्कन गरी पृष्ठपोषण दिनुहोस् ।

यसरी नागरिक शास्त्र विषयसँग सम्बन्धित कुनै समसामयिक विषयवस्तुलाई समेटेर मामला अध्ययन गर्दा विद्यार्थीहरूमा खोजमूलक अध्ययन गर्ने बानीको विकास हुन्छ । जसबाट विद्यार्थीहरूको ज्ञान, सिप र दक्षताको विकास भई सिकाइ प्रभावकारी हुन गई दिगो रहन्छ ।

## पाठ ४ स्थानीय सङ्घ संस्थाहरूबाट भएका योगदान

स्थानीय सङ्घ संस्थाहरूले समुदायमा गरेको कार्यहरूको अध्ययन गर्ने, जस्तै : स्थानीय सङ्घ संस्थाहरूले समुदायमा गर्ने कामका केही उदाहरण निम्नानुसार छन् :

१. विपन्न महिलाका लागि निशुल्क कानुनी सेवा
२. सिप तथा नेतृत्व विकासका कार्यक्रमहरू
३. बाल अधिकार
४. महिला अधिकार
५. चेतना र सामाजिक जागरण

माथिका शीर्षकहरू उदाहरणका लागि मात्र हुन । स्थानीय सङ्घ संस्था भन्नाले महिला समूह, आमा समूह, सामुदायिक वन उपभोक्ता समूह, सामुदायिक अध्ययन केन्द्र, गाउँ उपभोक्ता समूह, सहकारी, सरकारी तथा गैरसरकारी सङ्घ संस्थालगायतका संस्थाहरूले समुदायमा पुऱ्याएको योगदानलाई अध्ययन गरी शैक्षिक सामग्री तयार गर्ने ।

१. **प्रयोगात्मक कार्यका लागि विद्यार्थीले गर्नुपर्ने क्रियाकलापहरू**
   (क) शैक्षिक सामग्री तयार गर्नका लागि विद्यार्थीहरूले विद्यालय रहेको गाँउपालिका वा नगरपालिकाभित्र स्थानीय सङ्घ संस्थाहरू के के छन् र तिनले कुन कुन क्षेत्रमा काम गरेका छन् पहिचान गर्नुहोस ।
   (ख) सम्भव भएसम्म आफ्नो टोल छिमेकमा भएका अलग अलग संस्थाहरूको बारेमा जानकारीमूलक स्रोत सामाग्री र सुचनाहरू सङ्कलन गर्नुहोस् ।
   (ग) स्थानीय सङ्घ संस्थाहरूले पुऱ्याएको योगदानहरू सङ्कलन गर्नको लागि कुन विधि प्रयोग गर्ने भनी निर्धारण गर्नुहोस् र त्यसका लागि आवश्यक पर्ने फारम वा प्रश्नवली तयार गर्नुहोस् ।

२. **प्रयोगात्मक कार्यको लागि शिक्षकले गर्नुपर्ने कार्यहरू**
   (क) विद्यार्थीहरूलाई समूहमा विभाजन गर्नुहोस् र समूहको टोली नेता छनोट गर्न लगाउनुहोस् ।
   (ख) सम्भव भएसम्म अलग अलग समूहलाई अलग अलग सङ्घ संस्थाको अध्ययन गर्न पठाउनुहोस् ।
   (ग) कुन संस्थामा कुन समूह, कहिले जाने र को कोसँग सम्पर्क गर्ने, के कुराको अध्ययन गर्ने भन्ने कुरा पहिले नै संस्थालाई जानकारी गराउन लगाउनुहोस् ।
   (घ) निर्धारित समयमा तोकिएको सङ्घ संस्थामा गई संस्थाको उद्देश्य र संस्थाले समुदायमा गरेको उल्लेखनीय काम र समुदायमा आएको परिवर्तन अध्ययन गर्न लगाउनुहोस् ।
   (ङ) विद्यालय फर्केपछि सङ्घसंस्थाबाट प्राप्त तथ्य तथ्याङ्कहरूलाई समूहमा विश्लेषण गरी

सूचीकृत गर्न लगाई सबै विद्यार्थीहरूलाई कापीमा टिप्न लगाउनुहोस् ।

७. सवै समूहले सूचीकृत गरेका बुँदाहरू कक्षाकोठामा प्रस्तुत गर्न लगाई विद्यार्थीहरूले प्रस्तुत गरेका बुँदाहरूमाथि छलफल गरी शिक्षकले दिएको सुझावसहित संस्थाले समुदायमा गरेको उल्लेखनीय कामको निष्कर्ष निकाल्न लगाउने ।

८. सङ्घ संस्थाहरूले समुदायमा पुऱ्याएको योगदानहरूलाई समूहमा छलफल गरी निकालिएको उल्लेखनीय कार्यहरूलाई ठुलो चार्ट पेपरमा लेख्न लगाउनुहोस् । चार्ट पेपरमा लेख्दा कक्षा, विषय, अध्ययनको उद्देश्य, मिति, संस्थाको नाम, ठेगाना, संस्थाको स्थापना, संस्थाको उद्देश्य, कार्य क्षेत्रहरू र समुदायमा पुऱ्याएको उल्लेखनीय योगदानहरू बुँदागत रूपमा सफा र स्पष्ट बुझिने गरी लेखी अन्तमा समूहमा संलग्न भएका विद्यार्थीहरूको नाम लेख्न लगाउनुहोस् ।

९. यसरी तयार भएको चार्ट पेपर कक्षाकोठामा सबैले पढ्न सक्ने ठाँउमा टाँस्न लगाई सबै समूहका विद्यार्थीहरूलाई मुख्य मुख्य बुदाँहरू कापीमा टिप्न लगाउनुहोस् ।

१०. यसरी सङ्घ संस्थाले समूदायमा पुऱ्याएको योगदानहरूका सम्बन्धमा अध्यापन गराउनका लागि शैक्षिक सामग्री तयार गर्न सकिन्छ ।

माथि उल्लिखित प्रयोगात्मक कार्यका लागि शिक्षकले विद्यार्थीहरूलाई सल्लाह, सुझाव र निर्देशन दिई सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्छ भने विद्यार्थीहरूले सक्रिय रूपमा सहभागी भई जिम्मेवारीपूर्वक कार्य गर्नुपर्दछ । जसले विद्यार्थीहरूमा अगुवा भई काम गर्न सकिन्छ भन्ने आत्माविश्वास बढाउँछ ।

# पाठ ५

## परियोजना कार्य

परियोजना कार्य सबै विद्यार्थीहरूलाई सक्रिय बनाई सबैको सहभागितामा गरिने उद्देश्यमूलक क्रियाकलाप हो । विद्यार्थीहरूको समूहमा वा व्यक्तिगत रूपमा गरिने कुनै काम, समस्या तथा मुद्दामा स्पष्ट भई योजनाका साथ कार्य गरी ठोस परिणाम निकाल्ने कार्यलाई परियोजना कार्य भनिन्छ । यसमा शिक्षकले विद्यार्थीहरूलाई परियोजना कार्य किन गर्ने ? यसबाट के सिक्न सकिन्छ ? यसको उद्देश्य के हो ? यसबाट के प्रतिफल प्राप्त हुन्छ ? यो कार्य कसरी गर्ने ? के कस्ता स्रोत सामाग्रीहरू प्रयोग गर्ने र कहाँबाट प्राप्त गर्ने ? कहिले गर्ने ? को को मिलेर गर्ने ? जस्ता कुराहरू स्पष्ट पार्नुपर्ने हुन्छ । यसमा शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्दछ भने विद्यार्थीहरूको नेतृत्व र जिम्मेवारीमा काम सम्पन्न गर्नुपर्दछ । यसमा विद्यार्थीहरूले परियोजना छनोट गर्ने, उद्देश्य निर्धारण गर्ने, योजना बनाउने परियोजना कार्य सञ्चालन गर्ने, प्रतिवेदन तयार गर्ने र प्रस्तुतीकरण गर्ने र परियोजनाको लेखाजोखा गर्ने कार्यमा प्रत्यक्ष संलग्न हुने हुँदा सिकाइ प्रभावकारी हुन्छ । परियोजना कार्यमा समय धेरै लाग्ने र खर्च बढी हुने हुन्छ ।

परियोजना कार्य व्यक्तिगत र सामूहिक गरी २ किसिमको हुन्छ । व्यक्तिगत परियोजना कार्य कुनै समस्या तथा मुद्दामा केन्द्रित रहेर विद्यार्थी एक्लैले खोज विधिबाट अध्ययन गर्ने कार्य हो । सामूहिक परियोजना कार्य एकभन्दा बढी विद्यार्थी मिलेर सम्पन्न गरिने कार्य हो । जस्तै गाँउपालिका तथा नगरपालिकाको मत सर्वेक्षण, निर्वाचन जस्ता कार्यहरूमा अभिनय, असल नागरिकको अधिकार तथा कर्तव्य, महिला तथा बालबालिका हिंसा जस्ता विषयवस्तुमा नाटक प्रदर्शन गर्न सकिन्छ ।

**परियोजना कार्य** (उदाहरणका लागि)

१. तपाईंको समुदायमा भएका असल नागरिकहरूको गुणहरूको सूची तयार गर्नुहोस् र ती नागरिकहरूले असल नागरिकको मूल्यमान्यता अवलम्बन गरेका छन् छैनन् तुलनात्मक अध्ययन गर्नुहोस् ।

२. लोकतन्त्रको सुदृढकरणमाा राजनीतिक दलको भूमिका सम्बन्धमा समीक्षात्मक नोट तयार गर्नुहोस् ।

परियोजना कार्य गर्दा विभिन्न चरणहरू चरणहरू अपनाउनुपर्ने हुन्छ । जुन निम्न छन् :

**१. शीर्षक छनोट**

परियोजना कार्य 'गरेर सिक्ने सिद्धान्त' मा आधारित छ । यसैले परियोजना कार्यको विषय छनोट गर्दा सन्तुलित रूपमा मानसिक तथा शारीरीक रूपले बढीभन्दा बढी सक्रिय सहभागी हुने किसिमको र विद्यार्थीहरूका लागि जीवनोपयोगी र व्यावहारिक हुनपर्दछ । नागरिक शास्त्र विषयमा परियोजना कार्य गर्दा विद्यार्थीहरूलाई पाठसँग सम्बन्धित विषय समेट्ने किसिमको शीर्षक छनोट गर्न लगाउनुपर्दछ, जस्तैः नागरिकको अधिकार

र कर्तव्य, स्थानीय निकायको न्याय समितिको भूमिका वा स्थानीय निकायमा न्यायसम्बन्धी देखिएका समस्या पहिचान, मतदाता नामावलीको सङ्कलन, आफू बसेको टोल छिमेकमा स्वतन्त्रता तथा समानताको अवस्थाको अध्ययन जस्ता शीर्षकहरू चयन गर्न सकिन्छ ।

### २. योजना तयार गर्ने

परियोजना कार्य गर्नुपूर्व शिक्षक र विद्यार्थी दुवै मिली योजना तयार गर्नुपर्दछ । योजनामा शीर्षक, उद्देश्य, प्रतिफल, आवश्यक स्रोत समाग्री, तथ्याङ्कको स्रोत, तथ्याङ्क सङ्कलन विधि वा कार्यविधि (के के गर्ने, कसरी गर्ने, को को मिलेर गर्ने, कहिले गर्ने र कस्ता कस्ता स्रोत तथा समाग्री कहाँबाट जुटाउने) स्पष्ट हुनुपर्दछ ।

### ३. परियोजना कार्य सञ्चालन

यस चरणमा परियोजना कार्यको प्रकृति हेरी विभिन्न क्रियाकलापहरूमा विद्यार्थीहरू संलग्न हुनुपर्दछ । जस्तै छलफल गर्ने, सूची तयार गर्ने, अन्तरक्रिया गर्ने, स्रोत सामग्री सङ्कलन गर्ने, मुख्य बुदा टिपोट गर्ने, पोष्टर पम्पलेट बनाउने, नमुना सामग्री निर्माण गर्ने, नाटक गर्ने, अभिनय गर्ने, गाँउपालिका तथा नगरपालिकाको भ्रमण गर्ने जस्ता कार्यहरू गर्नुपर्ने हुन्छ । त्यसका लागि शिक्षकले विद्यार्थीहरूको इच्छा र चाहनाअनुसारको कार्य गर्ने जिम्मेवारी तोक्नुपर्दछ र विद्यार्थीहरूले तोकिएको कार्यमा सक्रिय भई जिम्मेवारीपूर्वक कार्य गर्नुपर्दछ ।

### ४. प्रतिवेदन तयार

परियोजना कार्य सम्पन्न भएपछि शिक्षकले विद्यार्थीहरूलाई प्रतिवेदन तयार गर्न सहयोग गर्नुपर्दछ । विद्यार्थीहरूले प्रतिवेदन तयार गर्दा उद्देश्य अनुरूप प्रतिफल प्राप्त भयो/भएन, प्रयोग गरेका स्रोत सामाग्री उपयुक्त थिए/थिएनन्, रणनीति सान्दर्भिक थिए/थिएनन, परियोजना कार्यबाट सिकेको ज्ञान, सिप, दक्षता र त्यसको व्यवहारिक जीवनमा प्रयोग कसरी गर्न सकिन्छ भन्ने कुराहरूलाई समेटेर प्रतिवेदन तयार गर्नुपर्दछ । यसरी तयार भएको प्रतिवेदन कक्षाकोठामा प्रस्तुत गर्नुपर्दछ ।

### ५. लेखाजोखा तथा मूल्याङ्कन

शिक्षक र विद्यार्थी दुवै मिली परियोजना कार्यको प्रक्रिया तथा परिणाम वा प्रतिफलको लेखाजोखा तथा मूल्याङ्कन गर्नुपर्दछ । यसले आगामी परियोजना कार्य गर्न मार्गनिर्देशन गर्दछ ।

परियोजना कार्य गर्दा शिक्षकले नागरिक शास्त्र विषयले अपेक्षा गरेको सिकाइ उपलब्धि हासिल गर्न सक्ने हुनुपर्दछ भन्ने कुरामा ध्यान पुऱ्याउनुपर्दछ । सोहीअनुरूप विद्यार्थीहरूलाई परियोजना कार्यमा सहभागी गराउनुपर्ने हुन्छ ।

# पाठ ६ अवलोकन र प्रतिवेदन

## १. अवलोकन

अवलोकन सूचना, तथ्य तथा तथ्याङ्क सङ्कलन गर्ने एउटा विधि हो । कुनै विषयमा केन्द्रित रहेर गरिने खोजमूलक कार्यका लागि प्रत्यक्ष रूपमा नजिकबाट कुनै घटना र क्रियाकलाप हेरेर वा त्यस्ता घटना र क्रियाकलापमा सहभागी भएर त्यससम्बन्धी सूचना तथा जानकारीहरू सङ्कलन गर्नुलाई अवलोकन भनिन्छ । यस प्रयोगात्मक कार्यका लागि विद्यार्थीहरूलाई प्राकृतिक दृश्यावलोकन, राष्ट्रिय धरोहर, विद्यालय नजिकको वडा कार्यालयको भ्रमण गराउने र वडा कार्यालयहरूमा दिनभर हुने कार्यको अवलोकन गर्न लगाउन सकिन्छ । अवलोकनका क्रममा निम्न कुराहरू हेर्ने र त्यहाँको गतिविधिहरू टिपोट गर्नुपर्दछ :

(क) वडा कार्यालयको भौतिक अवस्था (कार्य कक्षको व्यवस्थापन, फर्निचरको अवस्था, शौचालयको अवस्था, सरसफाइ, मैदान जस्ता कुराहरू)

(ख) सूचना प्रवाह (सूचना बोर्ड, नागरिक बडापत्र, हेल्पडेक्स)

(ग) जनप्रतिनिधि तथा कर्मचारीको उपस्थिति

(घ) वडा कार्यलयको कामको प्रकृति

(ङ) सेवाग्राहीले लिएर आउने कामको प्रकृति

(च) जनप्रतिनिधि र कर्मचारीको व्यवहार

(छ) सेवाग्राहीहरूको व्यवहार

(ज) सेवा प्रवाहको अवस्था

(झ) अभिलेख व्यवस्थापनको अवस्था

माथिका कुराहरू उदाहरणको रूपमा प्रस्तुत गरिएको हो र यीबाहेक वडा कार्यालयमा हुने अन्य गतिविधिहरूको पनि अवलोकन गरी सूचना तथा जानकारी लिन सकिन्छ । यसका लागि शिक्षकले विद्यार्थीहरूलाई ४-५ जनाको समूह बनाउनुपर्दछ र प्रत्येक समूहलाई अलग अलग कार्यको अवलोकन गर्न लगाउनुपर्दछ ।

वडा कार्यलयको अवलोकन गर्न जानुपूर्व विद्यार्थीहरू निम्न कुरामा सचेत हुनुपर्दछ :

१. विद्यार्थीहरू वडा कार्यालयमा गएर अवलोकन गर्दा अनुशासित भई गर्ने
२. बोल्दा शिष्ट सभ्य र आदरपूर्वक बोल्ने
३. आफ्नो समूहलाई तोकिएको जिम्मेवारीमा केन्द्रित रही अवलोकन गर्ने
४. गहन र शूक्ष्म रूपमा अवलोकन गरी तथ्य तथा सूचनाहरू कापीमा बुदाँगत रूपमा टिप्ने
५. कुनै अभिलेख अध्ययन गरी सकेपछि सम्बन्धित ठाँउमा व्यवस्थित रूपले राख्ने
६. अवलोकनका क्रममा प्राप्त महत्त्वपूर्ण स्रोत सामग्रीहरू सङ्कलन गर्ने

२. **प्रतिवेदन**

विभिन्न विधिबाट सङ्कलित तथ्य, तथ्याङ्क र सूचनाको आधारमा तयार गरिने लिखित दस्तावेजलाई प्रतिवेदन भनिन्छ । विद्यार्थीहरूले अवलोकनबाट सङ्कलित तथ्य, तथ्याङ्क, घटना र सूचनामूलक जानकारीहरूको प्रशोधन गरी सूचीकृत गर्ने र सोको आधारमा प्रतिवेदन तयार गर्नुपर्दछ । प्रतिवेदन तयार गर्दा निम्न बुँदाहरू समावेश गर्नुपर्दछ ।

(क) **शीर्षक** : अवलोकन गरेको विषयवस्तुलाई समेट्ने किसिमको हुनुपर्दछ ।

(ख) **परिचय** : यसमा के कुराको अध्ययन गर्न खोजिएको हो । अध्ययनबाट प्राप्त निष्कर्षलाई कसरी व्यवस्थित गर्ने भन्ने कुराको व्याख्या गर्नुपर्दछ । नजिकका धरोहर, धार्मिकस्थलको अवलोकनबाट प्राप्त तथ्याङ्क वा वडा कार्यालयबाट केकस्ता काम कारवाही हुँदा रहेछन् भन्ने कुरा एक छोटो अनुच्छेदमा लेख्नुपर्दछ ।

(ग) **उद्देश्य** : वडा कार्यालयको अवलोकनबाट प्राप्त तथ्यको आधारमा वडा कार्यालयहरूमा हुने कार्यको वास्तविक अवस्था, कार्यमा देखिएका समस्या र समाधानको विषयमा केन्द्रित रहेर उद्देश्य निर्धारण गर्नुपर्दछ ।

(घ) **विधि** : सूचना, तथ्य तथा तथ्याङ्क सङ्कलन गर्नका लागि प्रयोग गरेका विधिहरू उल्लेख गर्नुपर्दछ ।

(ङ) **तथ्यहरूको वर्णन** : यस खण्ड प्रतिवेदनको महत्त्वपूर्ण खण्ड हो । यस खण्डमा वडा कार्यलयको अवलोकनबाट प्राप्त प्रशोधित सूचना, तथ्य तथा तथ्याङ्कको व्यवस्थित रूपमा व्याख्या विश्लेषण गरेर वर्णनात्मक तथा तुलनात्मक रूपमा लेख्नुपर्दछ । अन्य क्षेत्र राष्ट्रिय धरोहर वा दृश्यावलोकनको अवलोकन पछि प्राप्त तथ्याङ्कलाई उल्लेख गर्नुपर्दछ । यसरी लेख्दा आवश्यकताअनुसार उपशीर्षक दिई तालिका, विभिन्न ग्राफ तथा चित्रहरूसमेत राख्नुपर्दछ ।

(च) **निष्कर्ष** : प्रतिवेदनको सारांशलाई अनुच्छेदमा प्रस्तुत गर्नुपर्दछ । सारांश खिच्दा उद्देश्यमा केन्द्रित रहनुपर्दछ । प्राप्त गरेका तथ्यहरूमा आधारित भई यसलाई सुझावसहित लेख्नुपर्दछ ।

कुनै ठाउँ वा वडा कार्यालयमा हुने काम कारवाहीहरूको शूक्ष्म र गहन रूपमा अवलोकन विधिबाट सङ्कलित सूचना, तथ्य तथा तथ्याङ्कको प्रशोधन गरे त्यसलाई व्यवस्थित र सिलसिलेवार रूपमा लिपिबद्ध गरी सबै विद्यार्थीहरूलाई प्रतिवेदन तयार गर्न लगाउनुपर्दछ । विद्यार्थीहरूले आफ्नो समूहमा सङ्कलन गरेको तथ्य, तथ्याङ्क तथा सूचनाहरूलाई आधार मानेर प्रतिवेदन तयार गर्नुपर्दछ । यसरी तयार भएको प्रतिवेदन कक्षाकोठामा प्रस्तुत गर्न लगाउनुपर्दछ ।

३. **मूल्याङ्कन तथा पृष्ठपोषण**

शिक्षकले प्रतिवेदनको मूल्याङ्कन गरी त्यसमा भएका राम्रा पक्ष र सुधार गर्नुपर्ने पक्षहरूलाई समेटेर पृष्ठपोषण दिनुपर्दछ ।

शिक्षकले विद्यार्थीहरूलाई वडा कार्यलयको काम कर्तव्य र अधिकारको बारेमा पूर्व जानकारी गराई अवलोकन गर्न पठाउँदा प्रभावकारी हुन्छ ।